# नेपालको इतिहासमा रहेका
## भ्रम तथा निराकरण
### प्राचीन, मध्य र आधुनिक काल

भरतमणि जङ्गम

प्रकाशक

शब्दयात्रा प्रकाशन अक्षरधाम,
बनेपा, काभ्रे
(प्रकाशनपुष्प : १४९)

संस्करण : प्रथम सर्वाधिकार : कृतिकारमा
प्रकाशनकाल : १० मङ्सिर २०७७ प्रकाशनप्रति :
१००० मात्र अक्षराङ्कन : गीता अधिकारी र सङ्गीता
केसी शुद्धीकरण : हरि मञ्जुश्री मुद्रण :
सनातन प्रेस बानेश्वर, काठमाडौँ, ९८५११५६३४४ ।
मूल्य : रु. ५००।-

ISBN : 9 789937 653169

# लेखकीय

नेपालको प्राचीन इतिहास स्पष्ट नलेखिएको र लेखिए पनि गलत व्याख्या भएका कारण कतिपय घटना र विवरण तथ्यपरक नरहेका हुँदा पूर्ण विश्वास गर्ने ठाउँ रहेको छैन । विभिन्न समयमा घटेका घटना र परिवर्तित समयलाई पनि अनुमानकै भरमा व्याख्या-विश्लेषण गर्ने चलन चलेको देखियो । समय-काल, भौतिक पूर्वाधार र भूगोलले प्रस्ट्याएको विषयवस्तुलाई पनि बेवास्ता गरी गरिएको किटानी कथ्य र व्याख्या गरिएको विवरणलाई पत्याउने अवस्था रहेन । नेपालको इतिहासमा देखिएका गोपालवंशीय, किराँतवंशीय र लिच्छविवंशीय शासकहरूका बारेमा केवल लिच्छविवंशको मात्र इतिहासले चित्रण गरेको पाइएको छ । गोपाल र किराँतवंशीय शासन-व्यवस्थाको कला, संस्कृति, धर्म र सभ्यताका बारेमा अनभिज्ञ रहे पनि लिच्छविकालीन कला, संस्कृति, धर्म र सभ्यताको भने हामीलाई पूर्ण रूपल जानकारी हुन आएको छ । लिच्छविकालीन नेपालको समाज विकासशील, सभ्य र सुसंस्कृत रहेको देखिन्छ ।

नेपालको इतिहासका बारेमा जान्नुपर्दा लिखित वा अलिखित वंशावली, नेपाल माहात्म्यको विवरण र जनजनमा चलेको श्रुतिका रूपमा बाँचेका तथ्यलाई नै पूर्व-इतिहासका रूपमा स्वीकार गर्नुपर्ने अवस्था आएको छ । उदाहरणका लागि गोपाल राजवंशावलीलाई लिन सकिन्छ । गोपाल राजवंशावलीमा लेखिएका तथ्य र दिएका विवरणलाई अक्षरशः विश्वास गर्ने अवस्था छैन । कारण पाँच-सात सय वर्षपूर्वको शासन र घटनालाई उल्लेख गरेर पूर्वको इतिहास बनाउन खोजेको प्रतीत हुन्छ । त्यस वंशावलीलाई काट्ने वा अप्रमाणित हो भन्न सक्ने हामीसँग ठोस प्रमाण नहुँदा पनि सो वंशावलीमा लेखिएका कुरालाई अमान्य गर्न सक्ने अवस्था पनि हामीसँग छैन । त्यसैले नेपालको प्राचीन इतिहास मिथकका रूपमा तयार भएको हो कि ? यकिन छैन ।

इतिहासले प्रमाण जुटाएको हुन्छ, सत्यताको जगमा उभिएको हुन्छ र भविष्यको समाजलाई सुसूचित गर्न सक्षम भएको हुनुपर्छ । तर

नेपालको इतिहासमा भने धेरै शासन-व्यवस्था, घटित घटनाहरू अलिखित रूपमा नै भएको हामीले पायौ । धेरै पछि वि. सं. १९३७ मा श्री ३ वीर शमशेरको शासनकालमा मात्र इतिहासको खोजी र अन्वेषण भएको देखियो । इतिहासविद् तथा अन्वेषक पण्डित भगवान्लाल, जो भारतीय हुन्, ले नेपालको इतिहासको खोजी गरी पन्ध्रवटा अभिलेख प्रकाशित गर्ने काम गरे । इतिहासको खोजी गर्ने पं. भगवान्लाल नै प्रथम व्यक्ति हुन्, जसले नेपालको इतिहासलाई प्रामाणिक रूपमा अध्ययन सुरु गरेको देखियो । त्यसको ६ वर्षपछि बेलायतका विद्वान् प्राध्यापक सेसिल बेन्डाले अरू थप चार थान अभिलेखलाई उजागर गरे । त्यसपछि फ्रान्सका विद्वान् प्राध्यापक सिल्भाँ लेभीले वि. सं. १९६५ मा एक्काइस थान लिच्छविकालीन अभिलेखको व्याख्या गरी प्रकाशित गरे, जतिखेर नेपालको शासनमा श्री ३ चन्द्र शमशेरको शासन चलेको थियो । यसरी राणाकालीन समयको तीस वर्षमा करिब बयालीस स्थानका अभिलेखको अध्ययन पूरा भएको देखिन्छ । अर्थात् नेपालको इतिहासको खोजी विदेशी विद्वानबाट भएको रहेछ , जो एक सय बयालीस वर्ष मात्र भएको देखियो । यस क्षेत्रमा नेपाली विज्ञहरू किन तयार भएनन् भन्ने जिज्ञासा अनुत्तरित छ ।

विदेशीहरूले अध्ययन समाप्त गरेको तीस-चालीस वर्षपछि मात्र स्वदेशी विद्वानहरू यस क्षेत्रमा सलबलाएको देखियो । इतिहास अध्ययनको विषय हो, यसलाई प्रामाणिक रूपमा देखाउनुपर्छ भन्ने उद्देश्यका साथ श्री बाबुराम आचार्य अग्रसर भए । त्यसै गरी श्री नयराज पन्त पनि यस क्षेत्रमा खुलेर लागे । त्यसपछि योगी नरहरिनाथ र पं. बुद्धिसागर पराजुलीहरूको अग्रसरतामा वि. सं. २००० मा 'संस्कृत सन्देश' नामक इतिहासप्रधान मासिक पत्रिका प्रकाशित हुन थाल्यो । त्यसैताका पं. नयराज पन्तको नेतृत्वमा इतिहास संशोधन गर्ने काम सुरु भयो, जसमा धनवज्र वज्राचार्य, ज्ञानमणि नेपालजस्ता विद्वान्हरू संलग्न हुँदै गए ।

श्री ५ महेन्द्रको यसतर्फ चाख बढेको हुँदा नेपालको इतिहासको खोजी, अध्ययन, अनुसन्धान तथा प्रकाशन कार्यले गति प्राप्त गरेको देखियो । पं. नयराज पन्तको नेतृत्वमा संशोधन मण्डल खडा भयो । स्वदेशी र विदेशीले गरेको इतिहासको अध्ययनमा भएका त्रुटि एवं कमजोरीलाई संशोधन गर्दै सही-सत्य इतिहास निर्माणमा संशोधन

मण्डल जुटेको देखियो । अभिलेखसङ्ग्रह र पूर्णिमा नामक इतिहासप्रधान पत्रिकामार्फत नेपालको इतिहासको अध्ययन सुरु भयो । गौतमवज्र वज्राचार्य र हेमराज शाक्यजस्ता इतिहासका अन्वेषकहरू यस क्षेत्रमा देखापर्न थाले ।

यसैबीच त्रिभुवन विश्वविद्यालयअन्तर्गत नेपाल अध्ययन संस्थानको स्थापना भयो । यो अध्ययन संस्थानले नेपालको इतिहासको आधिकारिक अध्ययन-अध्यापन गर्ने-गराउने काम सुरु गरेपछि नेपाल र विदेशका विद्वान्हरूले नेपालको इतिहासलाई विधिवत अध्ययन गर्न सुरु गरेको पाइयो । काठमाडौँ उपत्यकाका अतिरिक्त गोर्खा, टिस्टुङ, चित्लाङ, लेले, साँगा, बनेपा, खोपासी र अन्य स्थानमा पनि स्थलगत अध्ययन गरी त्यहाँ पाइएका अभिलेखहरूलाई यथोचित व्याख्या गर्ने काम सुरु भयो । लामो समयदेखि उपेक्षित यो क्षेत्रमा रहेका अभिलेखहरू माटो र पानीले खिइने नै भए । कति अभिलेख तत्कालीन समाजका सदस्यहरूको अनभिज्ञताका कारणले माटोमुनि पुरिने, खोलाले बगाउने र टुटफुट भएर खण्डित हुने आदि भएको पनि देखियो भन्ने कुरा अध्ययन संस्थानको प्रकाशित अभिलेखले देखाएको छ । यसरी इतिहासको वास्तविक अध्यापन गर्ने काम आजभन्दा साठी वर्षपहिले मात्र सुरु भएको देखिन्छ ।

नेपालको इतिहासलाई देखाउने, निर्माण गर्ने, स्थापना गर्ने र प्रमाणित रूपमा प्रस्तरमा कुँदन्े कार्य लिच्छविकालमा नै सुरु भएको हो । लिच्छवि राजा मानदेवको समय, सम्वत् ३८६ ज्यष्ठ शे ुक्ल प्रतिपदा भनिएको चाँगुनारायण मन्दिरको पश्चिमतर्फ रहेको शिलालेख वि. सं. ७६२ को हो भन्ने अनुमान गरिएको छ । सो शिलालेखमा राजा मानदेवको स्तुति गरिएको पद्यमा उन्नाइस श्लोक प्रस्तरको खम्बामा कुँदिएका छन्, जसलाई प्रथम शिलालेखका रूपमा इतिहासविदहरूले् स्वीकार गरेका छन् । देशी-विदेशीले प्राचीन इतिहासको अध्ययन, अनुसन्धान र अन्वेषण सुरु गरे पनि नेपालको प्राचीन र मध्यकालीन इतिहासमा धेरै नै भ्रम रहेको पनि देखिन आयो ।

सत्य र प्रामाणिक विवरण नै इतिहास हो । यदि इतिहासमा असत्य र अप्रमाणित व्यहोरा उल्लेख भएका छन् भने त्यो इतिहास भनिए पनि इतिहास हुन सक्तैन । लिच्छविकाल, मल्लकाल र शाहकालका इतिहास अध्ययन गर्दा प्राचीन काल, मध्यकाल र आधुनिक कालका इतिहासका केही अंश त्रुटिपूर्ण भएको देखिएपछि त्यस सम्बन्धमा अध्ययन गर्ने काम सुरु भयो । साथै, कलम चलाउँदै औँल्याउने कार्य पनि

भयो । तर इतिहासका अध्येता र अनुसन्धाताहरूको पनि नेपालमा बलियो गुट तयार भएको मैले पाएँ । कारण मैले जे-जति अध्ययनबाट पत्ता लगाएँ, सो विवरणलाई प्रकाशित गरेँ । ती मेरा खोजपूर्ण लेखहरूलाई गुटवाला अन्वेषकहरूले स्वीकार गर्न नसकेजस्तो लागेपछि मलाई यस क्षेत्रको गहिरिएर अध्ययन गर्ने रुचि बढ्दै गयो । परिणामस्वरूप यो सानो 'नेपालको इतिहासमा रहेका : भ्रम तथा निवारण' नामक पुस्तक लेख्ने आँट गरेँ ।

यो सानो पुस्तकमा नेपालको इतिहासको विभिन्न कालखण्डमा घटित घटना, स्थान विषयकमा आएका परिवर्तन, शासकहरूको प्रतिस्पर्धात्मक कार्यशैली, प्रमाणको अपव्याख्या, अनुसन्धानको विधिको परित्याग गरी गरिएको व्याख्या र विद्वान्हरूको अध्ययनविधिले उब्जाएको नतिजाले नेपालको इतिहासको धेरै कालखण्डमा घटेको घटनामा भ्रम सिजना भएको देखियो । टड्कारै देखिने त्यस्ता भ्रमहरूलाई मूकदर्शक भएर स्वीकार गर्ने अवस्था पनि रहेन ।

अनुसन्धान चलिरहने प्रक्रिया हो । त्यसैले मैले दिएका प्रमाण वा यस पुस्तकभित्रका दृष्टान्त अधुरो र अपूर्ण पनि हुन सक्छ । त्यसका लागि वर्तमानमा यस क्षेत्रमा क्रियाशील रहेका र भविष्यमा आउने अनुसन्धाताहरूलाई यस पुस्तकमा रहका कमी -कमजोरीलाई औँल्याई सशोधन गर्नुहुन पनि अनुरोध गर्दछु ।

**– भरतमणि जङ्गम**

सम्पर्क : जङ्गम निवास, बानेश्वर, काठमाडौँ www.jangam.com.np
www.anticorruption.org.np Email: bharat.jangam@gmail.com
01-4470488 , 01-4781488

# प्रकाशकीय

कालजयी व्यक्तित्व भरत (भरतमणि) जङ्गमका मूलत: दुई पक्ष छन् । पहिलो – उहाँ सनातन वैदिक हिन्दू नीतिचेतनालाई विश्वमानव-समाजमा पुनर्स्थापना गरेर विश्वभर भ्रष्टाचारमुक्त सुशासन कायम गराउन प्रयत्नशील हुनुहुन्छ । दोस्रो – उहाँ नेपालका विविध क्षेत्रका विसङ्गतिलाई सुसङ्गत स्वरूप दिन प्रयत्नशील हुनुहुन्छ । पहिलो पक्षले उहाँको अन्तर्राष्ट्रिय चिन्तनलाई र दोस्रो पक्षले उहाँको राष्ट्रिय चिन्तनलाई प्रतिबिम्बित र प्रतिनिधित्व गर्दछ । उहाँको व्यक्तित्वमा देखापरेका विभिन्न आयामहरूचाहिँ उहाँका यिनै दुई पक्षका उपपक्षहरू हुन् ।

दोस्रो पक्षका उपपक्षहरूमध्ये प्राचीन नेपालको इतिहासलेखनमा देखिएका अपुष्ट, अव्याख्येय, अतार्किक र असान्दर्भिक विषयलाई पुष्टि गर्ने, व्याख्या गर्ने, तर्कसम्मत बनाउने, सान्दर्भिकता प्रदान गर्ने र अपव्याख्या भएका प्रसङ्गलाई सही व्याख्या गरेर इतिहासलेखनलाई प्रामाणिक स्वरूप दिने लेखहरू उहाँले लेख्नुभएको थियो । ती लेखहरू विभिन्न प्रकाशनमा प्रकाशित थिए । तिनलाई एकै ठाउँमा स्थान दिएर केही नयाँ सामग्री पनि राख्न सके प्राचीन नेपालको इतिहासलेखनमा देखापरेका भ्रमहरूको निवारण गर्न सकिने चर्चा दुई-तीन वर्षपहिलेदेखि नै उहाँसँग भइरहेको थियो । त्यही चर्चाको फलस्वरूप उहाँको अथक सक्रियतामा शब्दयात्रा प्रकाशनले यस पुस्तकको प्रकाशक बन्ने सौभाग्य प्राप्त गरेको हो । अनुसन्धानको अन्त्य कहिल्यै हुँदैन । यसपछिका अनुसन्धानहरूबाट यस पुस्तकले पुष्टि गर्न खोजेका तथ्यहरूभन्दा पृथक् निष्कर्ष निकाल्न पनि सक्छन् । हालसम्मको पछिल्लो अनुसन्धान यही नै भएकाले त्यस्तो स्थिति नआएसम्मका लागि प्राचीन नेपालको इतिहासमा देखापरेका केही भ्रमहरूको अन्तिम निराकरण यही नै हो भनेर स्वीकार गर्नुपर्ने हुन्छ ।

इतिहास र पुरातत्त्व क्षेत्रका अध्येताहरूका लागि गहकिलो सन्दर्भ-सामग्री प्रस्तुत गर्नुभएकोमा अन्वेषक भरतमणि जङ्गमप्रति नेपालको बौद्धिक समाज कृतार्थ बनेको छ । यस पुस्तकको प्रकाशकत्व ग्रहण गर्ने अवसर दिनुभएकोमा यो संस्था पनि उहाँप्रति आभार व्यक्त गर्दछ ।

**– हरि मञ्जुश्री**

अध्यक्ष : शब्दयात्रा प्रकाशन

# विषयक्रम


१. भिँद्यो महाभारतकालीन भीमसेन होइनन् १

२. चाँगुनारायणको नाउँ दोलाशिखर स्वामी होइन ३३

३. अंशुवर्माको राजधानी सहर हंसगृह ५०

४. शैवदेवता अनन्तलिङ्गेश्वर ६४

५. श्री डोलेश्वर महादेव : परिवर्तित नाउँ ७८

६. बानेश्वर महादेवको सङ्क्षिप्त परिचय ९४

७. प्रकाशेश्वर प्राचीन पर्यटकीय क्षेत्र १०५

८. वागेश्वर महादेव एक परिचय ११२

९. हलिपट शिवध्वजा हो, नागनागिनी होइन १२६

१०. प्राचीन वर्षामापन यन्त्र तालोदम्फो १३२

११. भक्तपुर वागेश्वरीको सरस्वतीस्थान १३८

१२. धनेश्वर महादेव र त्यसको ऐतिहासिक पृष्ठभूमि १४३

१३. धार्मिक र सांस्कृतिक विकासमा जङ्गम जातिको भूमिका १७७

१४. सम्बन्धित चित्रावली २४१

# भिँद्यो महाभारतकालीन भीमसेन होइनन्

व्यापारी पेसामा लाग्ने नेवार समुदायले मान्ने र पूजा गर्ने ‘भीमसेन देवता’ को हुन् र यसको उत्पत्ति र विकासको क्रम कहाँ कसरी सुरु भयो, कुन अवस्थामा रहेको छ भन्ने बारेमा यस लेखमा विस्तार गर्न लागिएको छ । नेवार समुदायले हाल मान्य देवता ‘भीमसेन’ महाभारतकालीन पञ्चपाण्डवमध्येका माहिला भाइ भीमसेन हुन् वा अन्य कुनै देवता हुन् भन्ने पनि विशेष खोजीको विषय भएको हुँदा यसतर्फ निम्नानुसार विचार गर्नुपर्ने देखिन्छ ।

नेवार समुदायमा विशेष व्यापार कार्यमा संलग्न हुँदै उपत्यका छाडेकाहरू जहाँ-जहाँ जुन बस्तीमा पुगेर स्थापित भएका छन्, त्यहाँ- त्यहाँ आफ्ना इष्टदेवताका रूपमा भीमसेनलाई स्थापित गरेर त्यस देवताको पूजाआजा सञ्चालन गरेको पाइएको छ । उपत्यकाबाहिर पूर्वमा चैनपुर, भोजपुर, ओखलढुङ्गा, रामेछाप, धुलिखेल, पनौती र बनेपा, त्यस्तै पश्चिममा डोटी, पाल्पा, बागलुङ, पोखरा, गोर्खा, बन्दिपुर र नुवाकोटमा तथा तराईमा धरान, वीरगन्ज, हेटौँडा, नारायणघाट र बुटवलमा समेत भीमसेन देवता स्थापना गरी पूजाआजा चलाउँदै आएको देखिन्छ । नेवारको बाहुल्य भएको व्यापारिक नगरमा पर्वते, मधेसी र मारवाडीहरूले समेत आ-आफ्ना पसलमा भीमसेन देवताको तस्बिर राखी त्यसलाई पूजा गरेको देखिन्छ । यसबाट स्पष्ट हुन्छ कि भीमसेन देवतालाई नेपाली समाजमा व्यापार प्रवर्द्धन गर्ने देवताका रूपमा स्वीकार गरिएको छ । अर्थात् ऋद्धि-सिद्धि अथवा शुभ-लाभको प्रतीकका रूपमा भीमसेनले मान्यता प्राप्त गरेको पाइन्छ ।

यस्ता ऋद्धिसिद्धिदाता भीमसेनको कहाँ, कसरी, कुन विकासक्रमले यसरी नेवार समुदायले इष्टदेवताका रूपमा अपनाएर के कुन आधारमा परिवर्तित हुँदै यो अवस्थामा पुग्यो भन्नेतर्फ विचार गर्दा वा खोज गर्दा हामी नेपालको पूर्व २ नं. दोलखा जिल्लास्थित सदरमुकाम चरिकोटबाट पूर्वतर्फ रहेको दोलखाको भीमेश्वर ज्योतिर्लिङ्गमा गएर विशेष रूपमा जान्नु र बुझ्नुपर्ने हुन्छ । किनभने भीमसेन देवताको मूल थलो भीमेश्वर शिवलिङ्ग नै हो । दोलखाको भीमेश्वर ज्योतिर्लिङ्गलाई नै जनबोलीमा दोलखा भीमसेन भन्ने गरिएको छ । भीमेश्वर महादेव भए पनि वर्तमान स्थानलाई दोलखा

भीमसेन भन्ने गरिन्छ र वास्तवमा भीमसेन देवताको कथाको सुरुवात पनि त्यही भीमेश्वर महादेवबाट नै हुन्छ ।

भीमेश्वर ज्योतिर्लिङ्गको पौराणिक कथन : यी भीमेश्वर पाशुपत क्षेत्रमा रहेका चौँसठ्ठी ज्योतिर्लिङ्गमध्येका एक ज्योतिर्लिङ्ग हुन् । यही भीमेश्वर महादेवको लिङ्गलाई स्वयम्भूलिङ्ग भनिन्छ । यो भीमेश्वर महादेव कुशेश्वर शिवालयबाट उत्तरतर्फको ताम्रचूड पर्वतमा रहेको छ । यस पहाडको दक्षिणतर्फ तामाकोसी र सुनकोसीको त्रिवेणी छ । या पवित्र त्रिवेणीमा स्नान गरेर भीमेश्वर ज्योतिर्लिङ्गको दर्शन गर्नाले पूर्वजन्मको पापबाट मुक्ति पाइन्छ भन्ने विश्वास छ । यसै प्रसङ्गमा नेपाल माहात्म्य र हिमवतखण्डमा भीमेश्वर महादेवलाई अभय तथा कल्याणको स्रोतका रूपमा विश्लेषण गरिएको छ । भीमेश्वरको माहात्म्यमा एकजना रुद्र शर्मा नाम गरेका ब्राह्मणले मोक्ष प्राप्त गरेको कथा उल्लेख भएको छ । माथि उल्लिखित कथन हिमवतखण्डको ९१ औँ अध्यायमा वर्णन गरिएको छ ।

त्यस्तै शिवपुराणको कोटिरुद्रसंहिताको अध्याय २१ मा भीमेश्वर महादेवका बारेमा वर्णन गरिएको छ । भनिएको छ – कौशिकी तटमा कामरूपनरेशले भगवान् शिवको आराधना गर्न पार्थिव लिङ्ग बनाई पूजा गरी शिवको आह्वान गरेको अवस्थामा भीमकाया भएको भीम नामका राक्षसले कामरूपनरेशले पार्थिव लिङ्गको पूजा-अर्चना गरेको शङ्का गर्दै त्यस पूजा-अनुष्ठानमा विघ्न खडा गरी यज्ञकार्य विध्वंश गर्न आक्रमण गर्दै भने – 'यो क्षेत्रमा मबाहेक अरू कुनै पनि देवीदेवताको पूजन हुन सक्तैन ।'

राक्षसको यस्तो हुङ्कार सुनेपछि नरेशका साथै ब्राह्मण र ऋषिहरू त्राही-त्राही भई भगवान् शिवको पुकारा गरे । त्यसै बखत त्यहाँ पूजित पार्थिव लिङ्गबाट शङ्कर भगवान् उत्पन्न भई भक्तजनको रक्षा गर्न पिनाक धनु उठाई ती भीम नामक राक्षसलाई बध गर्न आक्रमण गर्नुभयो । धनुबाट निस्केको ज्वालाले ती राक्षसहरू एकैपटक खरानीमा परिवर्तित भए । त्यस पार्थिव लिङ्गबाट प्रकट हुनुभएका शङ्कर भगवान्ले भन्नुभयो –
'जब-जब तिमीहरूलाई विपद आइलाग्छ, तब-तब म आएर तिमीहरूको रक्षा गर्नेछु । अब तिमीहरूले मलाई भीमाशङ्करको नाउँले पुकार्नू र भीमेश्वर भनी पूजा-अर्चना गर्नू' भनी अलप भए । त्यसपछि ऋषि र ब्राह्मणहरू आफ्ना-आफ्ना आश्रममा गए ।

यी माथि वर्णित दुई कथन पौराणिक हुन् । पुराणमा वर्णित यस कुरालाई इतिहासले शत-प्रतिशत स्वीकार नगरे पनि आध्यात्मिक क्षेत्रमा भने पुराणमा

वर्णित विषयलाई सिधै पन्छाउन मिल्दैन । पुराणको कथन, धार्मिक आस्था, मान्यता र प्रचलनलाई मिलाएर तथ्यमा पुग्नुपर्छ। त्यसैले आध्यात्मिक क्षेत्रमा पुराणलाई आधार मान्नु नै पर्छ ।

कालान्तरमा त्यस भीमेश्वर लिङ्गलाई भावलिङ्गका रूपमा स्वीकार गर्दै त्यसै शिलालाई विभिन्न देवताका रूपमा पूजन आदि कार्य सुरु गरिएको पाइन्छ । कुनै पनि देवदेवीहरूको मन्दिरमा कुनै पनि व्यवस्था र पूजापद्धति एकरूपमा चलेको पाइँदैन । समयचक्रले परिवर्तनलाई अनिवार्य गर्छ र समाजले स्वीकार गर्न सक्ने र गर्ने प्रचलन मात्र परिवर्तित रूपमा चलेको हुन्छ। यस क्रममा ऐतिहासिक, सामाजिक र समाजका अगुवाले गरेअनुसार परिवर्तन भइरहन्छ। दोलखा नगरको प्राचीन नाउँ अभयपुर थियो, तर अहिले त्यो नाउँ लोप भएर दोलखा मात्र कायम रहेको छ । त्यस्तै भीमेश्वर ज्योतिर्लिङ्गको नाउँ दोलखा भीमसेन रहन गएको छ ।

यस मन्दिरको परिसरमा विभिन्न देवदेवीहरूको स्थापना भएको देखिए पनि भीमेश्वर शिलाको मूर्ति भएको स्थानमा छत भएको मन्दिरको निर्माण गरिएको छैन । शिवलिङ्गको चारैतिर तामाको खम्बा राखी त्यसमाथि चतुष्कोण बनाई सुनको गजुर स्थापना गरिएको छ। त्यसको बीचमा तामाको जलधाराबाट नित्य जलधारा लगाई रुद्रीपाठ, नित्यपूजा र आरती हुने व्यवस्था छ । भीमेश्वरको दर्शन र पूजाबाट सन्तानप्राप्ति, पराक्रमवृद्धि, सङ्कटमोचन र गरेको व्यापारमा लाभ हुने जनविश्वास भएको हुँदा भिन्नाभिन्नै सांस्कृतिक मान्यता बोकेका जातजातिले आफ्नै संस्कृतिअनुसार पूजा-अर्चना गर्न छुट दिएका कारण त्यस भीमेश्वर महादेवको शिलामा बलि दिएर पनि पूजा गर्ने प्रचलन चलेको छ, जबकि कुनै पनि शिवलिङ्गलाई बलि दिएर पूजा गर्न मिल्दैन । यदि बलि दिएर नै पूजन गर्ने हो भने शिवले भैरवरूप धारण गरेपछि मात्र बलि दिने
व्यवस्था छ । त्यसैले शिवमन्दिरहरूमा शिवलिङ्गमा होइन, छुट्टै भैरवको स्थापना गरी बलि दिनुपर्दछ। तर भीमेश्वर महादेवमा भने बलि दिने प्रथा आफैँमा अनौठो छ ।

यहाँ बलि दिने बेलामा रातो र सेतो कपडाले मूल लिङ्गलाई ढाकेर सो कपडा पछाडि रहेको चूडामणि (लिङ्गो) मा बेरिन्छ। त्यसपछि मात्र बलि दिने चलन छ । यसबाट यो बुझिन्छ कि चूडामणि लिङ्गोले बलि स्वीकार गरेको प्रतीत हुन्छ । अर्थात् मूल लिङ्ग र चूडामणि लिङ्गको योगबाट भीमभैरवको उत्पत्ति गराई भैरवका रूपमा बलि दिने प्रचलन चलेको देखिन्छ । त्यस्तै

पशुपतिनाथ (काठमाडौँ) मा पनि मन्दिरको दक्षिणतर्फ रहेको कीर्तिमुख भैरवबाट धागो तानी मूल लिङ्गमा जोडी (योग मिलाई) बलि दिने चलन अद्यावधि चलेको छ। तान्त्रिक विधिद्वारा महादेवलाई भैरवका रूपमा परिवर्तन गर्ने विधि धेरै अरू शिवालयहरूमा पनि प्रचलनमा रहेको देखिन्छ।

चूडामणि : यो काठको चार पाटा मिलेको लिङ्गो भीमेश्वरको मूल लिङ्गको पूर्वतर्फ गाडिएको छ। सो लिङ्गोको लम्बाइ २१ हातको हुनुपर्छ र ५ हात जमिनभित्र गाडिन्छ, बाँकी १६ हात लिङ्गोका रूपमा दर्शनीय हुन्छ। माथिल्लो भागमा श्रीयन्त्रका रूपमा पुजिन्छ। चूडामणि नै यस भीमेश्वर शिलाको संरक्षकका रूपमा खडा भएको देखिन्छ।

निर्मल : निर्मल अर्थात् पवित्र र शुद्ध भन्ने बुझिन्छ। भीमेश्वर लिङ्गका पछाडिबाट आएको जलकुण्ड बायाँतर्फ जोडिएको छ। यो पवित्र जलकुण्डमा हात डुबाएर शपथ लिने चलन छ। सत्य र असत्यको तुरुन्त निर्णय हुने हुँदा यो निर्मल कुण्डलाई न्यायकेन्द्रका रूपमा स्वीकार गरिएको छ। यो कुण्डमा कालिन्चोक भगवतीबाट जल आएको भन्ने जनविश्वास छ, जबकि कालिन्चोक भगवती भीमेश्वर मन्दिरबाट करिब ६ कोस उत्तरमा पर्दछ।

किंवदन्ती : परापूर्वकालमा बाह्रजना भरिया नुन लिनका लागि भोटतर्फ लाग्दा वनजङ्गलको बाटोमा रहेको स्थानमा त्रिकोण आकारको ढुङ्गा देखेपछि यहीँ चुलो बनाई भात पकाऊँ भनेर अर्को दुई ढुङ्गा खोजी चुलो बनाई भात पकाएछन्। त्यो त्रिकोण आकारको चम्कोतर्फको भात काँचै रहेको पाएपछि पन्यूले धेरैपटक चलाउँदा पनि भात नपाकेपछि ती भरियाहरूले रिसले त्यो त्रिकोण शिलामा पन्यूले प्रहार गरेछन्। त्यो प्रहारबाट त्यो शिलाबाट रगत र दूधमिश्रित तरल पदार्थ निस्किएपछि डराएर ती भरियाहरू आफ्नो गन्तव्यतर्फ लागेछन्। केही टाढा पुगेपछि दायाँ टाउकोमा घाउ भएको र त्यसबाट रगत बगेको एक साधुलाई भेटेछन्। भरियाहरूको प्रश्नको उत्तरमा ती साधुले भनेछन् – 'यो चोट तिमीहरूबाट भएको हो। अब तिमीहरूले त्यो त्रिकोण शिलालाई भीमेश्वर महादेवका रूपमा मानेर मन्दिर बनाई पूजा गर।' ती साधुको आज्ञाअनुसार त्यस त्रिकोणात्मक शिलालाई भीमेश्वर महादेवका रूपमा मानी मन्दिर बनाई पूजन गर्न थालेपछि ती भरियाहरूलाई अति नै फाइदा पुगेको हुँदा त्यस समयमा भोटमा नुन लिन जाने सबै व्यापारी र भरियाहरूले ती देवतालाई दर्शन, पूजा-अर्चना गरेपछि लाभ हुने भएको अनुभव गरे। त्यसै बखतदेखि भीमेश्वर महादेवले पूजा लिन थालेका हुन्।

यो किंवदन्तीले सयौँ वर्षसम्म भोटतर्फका व्यापारीहरूलाई अति नै आकर्षण गरेको देखियो ।

किंवदन्ती र यथार्थ जेसुकै भए तापनि यो क्षेत्र भोट जाने मूल ढोकाका रूपमा स्थापित हुँदै गयो । यहाँबाट तीनपाटन हुँदै सिन्धुलीमाढी निस्कन सजिलो बाटो सावित भएको छ भने काठमाडौँ उपत्यकाबाट बनेपा (भोट) हुँदै दोलालघाट अनि भोटेकोसीको तीरबाट उक्लिएर दोलखा पुग्ने सरल बाटो कायम भएपछि भोटको व्यापारमा संलग्न हुने उपत्यकाका नेवार व्यापारिक समुदायको व्यापारिक केन्द्रका रूपमा स्थापित भयो । दोलखाबाट लामाबगर, तामाकोसीको तीर हुँदै भोटको टिग्री क्षेत्र पुग्ने मूल बाटो नै कायम भयो । भारतीय र चिनियाँ यात्रीले पनि यस बाटोबाट चीन र भारतको यात्रा गरेको इतिहासले बताएको छ । विश्वप्रसिद्ध चिनियाँ यात्री (बौद्धमार्गी) यसै बाटो गरी सातौँ शताब्दीमा भारततर्फ गएका हुन् । त्यस्तै चौधौँ शताब्दीमा दिल्लीका सुल्तान गयासुद्दीन तुगलकका सेनापति बङ्गालका सहिबुद्दीन मोहम्मदले यही बाटो गरी उपत्यका प्रवेश गरेका थिए । त्यसै गरी कर्णाटक वंशका छैटौँ सन्तान हरिसिंहदेव मल्ल पनि सिम्रौनगढबाट यही बाटो आउँदा तीनपाटनमा रोग लागी मृत्यु भएको थियो । यसबाट के स्पष्ट हुन्छ भने भोट, मधेस र उपत्यका (नेपाल) आउने-जाने मूल बाटो दोलखा हो भन्ने प्रमाणित हुन आउँछ ।

दोलखा नगरको संरचना : यो बस्ती नेवार व्यापारी भोट जान-आउन थालेपछि केन्द्रका रूपमा स्थापित भएको प्रस्ट देखिन्छ । यो बस्ती लिच्छविकालमा नै गढका

रूपमा बस्ती विस्तार भएको सोझै अनुमान गर्न सकिन्छ । यद्यपि यस स्थानमा लिच्छविकालीन कुनै शिलालेख पाइएको छैन । सातौँ शताब्दीतिर तिब्बतबाट हिमाल छिचोली कुती हुँदै तामाकोसी झर्ने बाटोबाट उपत्यका (नेपाल) मैदान क्षेत्र (भारत) मा वाणिज्य मार्ग खुल्यो । तिब्बतको बाटोका लागि मध्यभागमा पर्ने दोलखा यात्रुहरूको आराम गर्ने र सामान भण्डारण गर्ने स्थानमा विकसित हुँदै गयो । उपत्यकाका नेवार व्यापारीहरूले त्यस थलोलाई व्यापारिक केन्द्रका रूपमा विस्तार गर्न केही नेवार समुदाय त्यहीँ बसोवास गर्न थाले । भनिन्छ त्यो दोलखा सात सय नेवारको बस्ती हो । यहाँ शैव मतावलम्बी श्रेष्ठ, प्रधान, राजभण्डारी, अमात्य, मास्के र जोशीहरू पसे अनि बसे भने बौद्धमार्गीमा वज्राचार्य, शाक्य, उदास र तुलाधरहरू पनि पुगे । शैवमतको बाहुल्य रहेको हुँदा भीमेश्वर महादेव नै यस क्षेत्रका मूल

देवता कहलाए । दोलखा नगरको वरपर थामी, तामाङ र सेर्पाहरूको बाहुल्य भएको हुँदा दोलखाली नेवारको भाषा छिमेकी थामी, तामाङ र सेर्पाको हेलमेल र बोलचालले गर्दा उपत्यकाबाट गएका नेवारहरूको नेवारी बोलीमा विकृति पैदा भई एउटा भिन्नै भाषाका रूपमा 'दोलखे भाषा' स्थापित हुन पुग्यो । कोही- कोही दोलखाली नेवारहरू भन्छन् – दालखे भाषा उपत्यकाका नेवारको माउभाषा हो । तर यो होइन । किनभने दोलखा नगरको संरचना नै उपत्यकाका नेवार समुदायको बस्तीबाट भएको हो ।

प्रमाणका रूपमा लिन सकिन्छ – काठमाडौँ उपत्यकामा जति जात्राहरू चल्छन, ती सबै जात्राहरू दोलखामा चल्ने गरेका छन् । जस्तै भक्तपुरमा मात्र चल्ने बिस्केटजात्रा र गाईजात्रा त्यहाँ चल्छ । कान्तिपुरमा चल्ने इन्द्रजात्रा र कुमारीजात्रा चल्छ । त्यस्तै ललितपुरमा मात्र चल्ने मच्छिन्द्रजात्रा पनि त्यहाँ चल्दैछ । शैवमतअन्तर्गतका दसैँ, तिहार, सिठी र म्हपूजा पनि त्यहाँ चल्छन् ।

यद्यपि काठमाडौँ उपत्यकामा नै कान्तिपुरमा बिस्केटजात्रा चल्दैन । भक्तपुरमा मच्छिन्द्रजात्रा चल्दैन । कान्तिपुरमा चल्ने इन्द्रजात्रा ललितपुर र भक्तपुरमा चल्दैन । यसरी उपत्यकाका अनि नजिकका नगरहरूमा त एक नगरमा चल्ने जात्रा अर्कोमा चल्दैन, तर दोलखामा भने उपत्यकामा चल्ने सबै धर्म र संस्कृतिले अँगालेका जात्रापर्व चल्ने-चलाउने काम भएको देखिन्छ । स्मरण रहोस् – दोलखा नगरमा डङ्गोल, महर्जन र ज्यापूको बसोबास देखिँदैन । त्यहाँ खेतीयोग्य जमिनको अभावमा ती खेतीप्रिय जाति त्यहाँ टिक्न नसकेको हुन सक्छ ।

दोलखा नगर एक नेवार समुदायको बस्ती देखिए तापनि मिश्रित धर्मको पुञ्जका रूपमा दोलखा नगर स्थापित भएको देखिन्छ । शैव, बौद्ध र शाक्त सम्प्रदायका सबै किसिमका देवीदेवताहरूले बाहुल्य जगाएका छन् । देवीकोट : नगरको पूर्व क्षेत्रमा त्रिपुरासुन्दरीको मन्दिर छ । त्यसलाई देवीकोट भनिन्छ । त्यहाँ जोशी जातिले पूजा गर्दै आएका छन् । पुजारीबाहेक मन्दिरको गर्भगृहमा अरू जाति पस्न निषेध गरिएको छ । यी देवीलाई शक्तिशाली देवीका रूपमा मान्ने गरिन्छ ।

विष्णु मन्दिर : लिस्ती बजारमा शिवमन्दिरकै छेउमा विष्णुको मन्दिर छ । हाल यो

मन्दिरको शिलालेख मात्र देखिन्छ । ने. सं. ६८१ (वि. सं. १६२६) लेखिएको शिलालेखले भन्छ – तत्कालीन प्रशासक रूपनारायणले स्थापना गरेका हुन् । हाल पूजा हुँदैन ।

गणेश मन्दिर : नगरको तल्लो भागमा गणेशको मन्दिर छ । त्यहाँका नेवार जातिले इही, व्रतबन्ध र अन्य धार्मिक कार्य गर्दा त्यही गणेशमा गई पूजा गर्छन् । बौद्ध र शैव दुवै सम्प्रदायले पूजा गर्ने गणेशस्थान हो यो ।
बालकुमारीस्थान :

टुङ्गलटोलदेखि दक्षिणतिर बालकुमारीको स्थान छ, जहाँ बौद्धमार्गी वज्राचार्य र शैवमार्गी कर्माचार्यले पूजन गर्छन् । तन्त्रबलले देवतालाई यहाँ नियन्त्रण गरी स्थापना गरिएको भन्ने भनाइ छ ।

पशुपति मन्दिर : पिङ्गलटोलमा पशुपतिमन्दिर छ । यो मन्दिरमा चतुर्मुखी लिङ्ग स्थापित छ । मन्दिरभित्रै गौरी (पार्वती) र नारायणको मूर्ति पनि स्थापित भएको देखिन्छ ।

सरस्वती मन्दिर :

राजकुलसँग दोकलुङ्गाटोलमा सरस्वतीको सानो मन्दिर छ । त्यसभित्र सरस्वतीका अतिरिक्त नारायणको मूर्ति पनि छ ।

श्यामसुन्दर मन्दिर :

श्यामसुन्दरटोलमा एक सुन्दर विष्णुको मूर्ति रहेको मन्दिर छ । त्यहाँ अनेक किसिमका विष्णुमूर्तिहरू स्थापित भएका छन् ।

नारायणस्थान : तीनधाराबाट पूर्वतर्फ एक नारायणस्थान नामक मन्दिर छ । यस मन्दिरभित्र उमामहेश्वरलगायत चार मूर्तिहरू छन् । त्यस मन्दिरमा सुत्केरी हुन गाह्रो भयो भने तेल चढाउने प्रचलन अद्यावधि छ । तेलको धाराको आधारमा छोरा वा छोरी हुने निर्णय पनि गर्ने चलन छ । त्यस मन्दिरमा जनैपूर्णिमाका दिन यज्ञ गर्ने र त्यो यज्ञ समाप्त भएपछि लाखे (देवता ?) आएर यज्ञस्थल कुल्चने चलन छ । यो चलनले देवासुर व्यवहार स्थापित गरेको प्रतीत हुन्छ । यस मन्दिरको अग्रभागमा डबली छ, जहाँ अवसरअनुसारको नृत्य प्रदर्शन गरिन्छ ।

तलेजु मन्दिर :

राजकुलको दक्षिणतर्फ तलेजुको मन्दिर रहेको छ । त्यहाँ नित्य पूजा हुन्छ, तर त्यस मन्दिरमा स्थानीयहरूको त्यति आकर्षण देखिँदैन । कुनै मल्लवंशीय राजाले यो मन्दिर स्थापना गरेको हुनुपर्छ भन्ने अनुमान गर्न सकिन्छ ।

हरिसिद्धिको मन्दिर : यहाँ हरिसिद्धिको मन्दिरका अतिरिक्त नाट्येश्वरको मूर्ति पनि छ,

तर मर्मत-सम्भार नहुँदा सबै देवीदेवताको मन्दिर लोपोन्मुख देखिन्छ ।

धर्मधातु चैत्य : लिस्तीटोलमा धर्मधातु चैत्य (बुद्धस्तुप) रहेको छ । यो बुद्धस्तुप तत्कालीन प्रशासक जयनारायणदेव (ने. सं. ६६९) मा बनाएको देखिन्छ । यो स्तुपमा चक्राकार सुनको गजुर रहेको छ । विभिन्न मुद्राका बुद्धमूर्तिहरू चारैतिर रहेका छन् । बौद्धधर्मका लागि यो मुख्य तीर्थस्थल रहेको देखिन्छ ।

वज्रयोगिनी : बजारमाथि पश्चिमतर्फ वज्रयोगिनीको स्थान छ । यो स्थानलाई जोगिनद्यो भनिन्छ । सङ्कट पर्दा सङ्कटमोचनका लागि यहाँ पूजा गर्ने चलन छ ।

दीपङ्कर बुद्ध :

श्यामसुन्दर टोलको नजिकै दीपङ्कर बुद्धमूर्ति रहेको छ । अभिलेख नभएको यो मूर्ति कलात्मक छ ।

बौद्ध चैत्य : सिम्भुटोलमा बौद्ध चैत्य छ । यो चैत्य काठमाडौँको स्वयम्भू चैत्यसँग मिल्दोजुल्दो देखिन्छ । यस क्षेत्रमा रहेका तीन चैत्यहरू जीर्ण अवस्थामा रहेका छन् ।

मच्छिन्द्रनाथ : मच्छिन्द्रनाथको मन्दिर नरहे पनि मच्छिन्द्रनाथको जात्रा चलाउने परम्परा थियो । हाल सो जात्रा बन्द भएको छ । मोटरको बाटो जोडिएपछि त्यस भेगका धेरै मान्छेहरू काठमाडौँ उपत्यकातिर आकर्षित हुन थालेपछि धेरै जात्राहरू रोकिन गएका छन् ।

उपत्यकाका आदिवासी नेवार समुदाय सभ्य, सुसंस्कृत र धर्मपरायण भएकाले मुलुकको कुनै पनि स्थानमा बसाइँसराइ हुँदा परिवार र समुदाय सँगसँगै चलेका रीतिस्थिति, संस्कृति, सभ्यता र मानिएको धर्म पनि जाने भएकाले दोलखा एक यस्तो नमुनाको नगर निर्माण भयो, जहाँ काठमाडौँ उपत्यकाभित्रका पाटन, चापागाउँ, लेले, थैव, हरिसिद्धि, बुङमती, कीर्तिपुर,

टोखा, काठमाडौँ, साँखु, ठिमी र भादगाउँ आदि पुराना नगरका सबै मूर्त र अमूर्त सम्पदा भएको देखियो । सनातनी हिन्दू, शाक्त र समन्वयात्मक बौद्ध (वज्रयान) सम्प्रदायद्वारा मिलिजुली निर्माण भएको दोलखालाई नेपालका अन्य नगरभन्दा फरक एक मौलिक नगरका रूपमा स्वीकार गर्नुपर्छ ।

यस्तो अनुपम एवं मौलिक नगरको मूल मन्दिरमा रहेका देवमूर्तिहरूलाई समयको परिवर्तित अवस्था र समाजमा रहेका व्यक्ति-व्यक्तिमा छाएको भ्रमका कारणले अर्थको अनर्थ लागेको प्रस्ट देखियो ।

मूल मन्दिरको रहस्य : मन्दिरमा रहेको मूल शिलाका अतिरिक्त (त्रिकोण आकारको) दायाँ र बायाँ पनि ससाना शिला छन ् । यी तीनै शिला पश्चिमतर्फ अभिमुख भएका छन् । त्यो पाञ्चायन भगवान् शिवको परिवार हो । मूल शिला शिवशक्तिको (महादेव र पार्वतीको) हो भने दाहिनेतर्फका गणेश र बायाँतर्फका कुमार हुन् । कुमारको छेउमा भएको (गङ्गा) निर्मल हो । अर्थात ् त्यस स्थानमा रहेका १. शिव, २. पार्वती, ३. गङ्गा, ४. गणेश, र ५. कुमार हुन् ।

यो रहस्यलाई नबुझी गणेशलाई कुन्ती र कुमारलाई द्रौपदी भनी पुजिन थालियो । यो स्थानमा कुन्ती र द्रौपदी आएर जोडिएको ललितपुरका राजा श्रीनिवास मल्ल र कान्तिपुरका राजा प्रताप मल्लले आआफ्ना नगरमा भीमसेनको मन्दिर स्थापना गरेपछि मात्र हो । यसअघि गणेश र कुमारकै रूपमा मान्यता प्राप्त थियो ती दायाँ र बायाँ रहेका शिलाको ।

श्रीको पूजाविधि : भीमेश्वरमा विभिन्न किसिमबाट पूजा गरिने व्यवस्था भएको

पाइन्छ । प्राचीन कालमा कसरी पूजा गरिन्थ्यो, त्यो कुरा कतै लेखिएका देखिएको छैन र श्रुतिबाट समेत त्यसको ज्ञान पाइएको छैन । पूजा खण्डित भएको वा परिवर्तित भएको पनि कुनै प्रमाण भेट्टाइएको छैन । वर्तमान समयमा भने बिहान ४ वजे अर्थात् ब्राह्ममुहूर्त हुनुअगावैदेखि पूजाको कार्यक्रम सुरु हुने गर्छ । बिहान ब्राह्ममुहूर्तमा आह्वान पूजा, जसलाई निमन्त्रणापूजा पनि भनिन्छ, बाट पूजा आरम्भ हुन्छ । त्यसपछि बिहान १० बजेसम्म देवीका रूपमा बलि दिएर पूजा गर्ने चलन छ । बलि दिने कार्य सकिएपछि सफा गरेर मध्याह्नसम्म महादेवका रूपमा रुद्री आदि गरी भीमेश्वर शिवलिङ्गको पूजा गरिन्छ । अपराह्न १:३० बजे मध्याह्नपूजा गरिन्छ । त्यसपछि यो राजपूजाकै अवसरमा भीमेश्वर शिवलाई विभिन्न गरगहनाले

सिँगारपटार गरिन्छ। जस्तै : नागसहितको मुकुट, हृदयफूल, सेतो स्फटिकको माला, पद्मासन, सुनको त्रिनेत्र, मुण्डमाला आदि गरगहनाले शृङ्गार गरिन्छ। राजपूजा गरेपछि अन्य पूजा गर्न मिल्दैन। त्यसपछि ढोका बन्द गरिन्छ र साँझको आरतीलाई मात्र मन्दिर खुल्छ। यसरी दैनिक पूजाका साथै हरेक चतुर्दशीका दिन विशेष पूजा हुने व्यवस्था मिलाइएको छ। यसका अतिरिक्त दसैँ, अक्षयतृतीया, शिवरात्रिमा पूजा हुने गर्दछ।

भीमेश्वर महादेवस्थानमा चलेको पूजाविधिको दैनिकी हेर्दा महाभारतकालीन भीमसेनको पूजा हुने व्यवस्था मिलाइएको देखिँदैन, यद्यपि मन्दिरलाई भीमसेनको मन्दिर भनेर भनिन्छ। यदि साँच्चै नै भीमसेनको मन्दिर भएको भए द्रौपदी, युधिष्ठिर र अर्जुनसमेतलाई त्यहाँ पूजा गर्ने व्यवस्था मिल्न सक्नुपर्थ्यो। त्यस्तो कुनै किसिमको पूजा हुने देखिँदैन। शुद्ध शिवशक्तिको पूजा-अर्चना हुने व्यवस्था भएको प्रस्ट देखिन्छ। भीमेश्वर अर्धनारीश्वरका रूपमा भैरव र भद्रकालीको स्वरूपलाई एकात्मक रूपमा स्वीकार गरी पूजा गर्ने परम्परा चल्दै आएको देखिन्छ।

ऐतिहासिक प्रमाण : दोलखामा रहेको भीमेश्वर मन्दिरमा प्राचीन इतिहासको कुनै अभिलेख र ठोस प्रमाण भेटिँदैन। नेपाल सम्वत् ५८० मा नारायण देवता स्थापना गर्दा श्री ३ भीमेश्वरको पाउमा भनिएको अभिलेख नै सबैभन्दा पुरानो अभिलेख भएको मान्नुपर्ने भएबाट भीमेश्वर महादेवको उत्पत्ति र विकासको इतिहास बुझ्न किंवदन्तीलाई स्वीकार गरी वर्तमानको भौतिक परिवेश र चलिआएको चलनलाई मध्यनजर गरी विश्लेषण र व्याख्या गर्नुपर्ने हाम्रो बाध्यता छ। शाहवंशीय राजा गीर्वाणयुद्धविक्रम शाह तथा राजा रणबहादुर शाहका ताम्रपत्रबाट पनि प्राचीन इतिहासको मात्र उल्लेख भएको छैन, ती राजाहरूले श्रीको पूजा चलाउन गुठी राखेको र पुजारी समुदायको कार्य विभाजन गरेको मात्र उल्लेख भएको हुँदा ने. सं. ५८० भन्दा पहिलेको कुरा यथार्थतालाई प्रामाणिक दस्तावेज नभएको अवस्था देखिएकाले त्यसभन्दा अगाडिको ऐतिहासिक प्रमाण जुटाउन सकिने अवस्था छैन।

दोलखा भीमसेनको उत्पत्ति सम्बन्धमा अनेक किसिमका कुराहरू जनमानसमा छोडिएका छन्। सुनिने श्रुति र भनिने कथाले समाजका विकृत मनस्थिति बोकका वर्ग तथा समुदायलाई धर्म-पाप, ठीक-बेठीक र विश्वास-अविश्वासको पाठ मात्र सिकाएको हुन्छ, ताकि गहिरिएर सोच्न नसकोस्, स्थिति नै पल्टने गरी परिवर्तन गर्न नसकोस् भनी समाजका अगुवाहरूले अनेक सूत्रहरूलाई प्रयोगमा ल्याएका हुन्छन्। त्यस्ता मिथक जानेर वा

नजानेर पनि प्रचलनमा आइरहेका हुन्छन् । यो समाज- विकासका क्रममा आउने बाध्यात्मक स्थिति हो । हो, यही तथ्य र प्रविधिको आडमा भीमेश्वर महादेवको अध्ययन सूत्रपात भएको छ, यहाँ यस्तो अध्ययनबाट निस्कने परिणामले तथ्य निर्क्योल गरिदिन्छ । यो समयको वरदान पनि हो, जसलाई हामीले चाहँदा वा नचाहँदा पनि स्वीकार गर्नुपर्छ ।

दोलखा भीमसेन : दोलखा भीमसेन भनेर कसरी नाउँ रहन गयो त भनी विचार गर्नुपर्दा प्रथमतः हामीले स्थलगत अध्ययन गर्नुपर्ने हुन्छ, दोस्रो परम्परागत रीतिस्थिति, चलेको संस्कृति र तेस्रो लिखित प्रमाणका आधारमा निर्णय दिनुपर्ने हुन्छ । स्थलगत अध्ययन गर्दा मूल रूपमा भीमेश्वर महादेवको शिला देखिन्छ । साथै, त्यस मन्दिर परिसरमा भएका अन्य देवदेवीहरूका मूर्तिले पनि महाभारतकालीन भीमसेनको मूर्ति भएको पाइँदैन । दोस्रो रीति, चलन र पूजाको संस्कृतिले पनि भीमसेनको उपस्थिति देखाउँदैन । तेस्रो कुनै त्यस्तो प्रमाण भेटिएको छैन । यस्तो स्थितिमा कसरी भीमेश्वर महादेवलाई दोलखा भीमसेन भनियो भन्नेतर्फ विचार गर्दा भाषागत त्रुटिका आधारमा भएको हो कि भन्ने लागेको छ ।

भीमेश्वरलाई कसरी भीमसेन भनेर भनियो भन्नेतर्फ विचार गर्दा 'भिन्द्यो' शब्दले नै 'भीमसेन' शब्द उत्पत्ति गर्‍यो भन्ने अनुमान गर्न सकिन्छ । नेवारी भाषामा 'भिँ' को अर्थ असल वा शुभ भन्ने बुझाउँछ भने 'द्यो' को अर्थ देवता भन्ने बुझाउँछ । अर्थात् 'भिँद्यो' को अर्थ शुभमङ्गल प्रदान गर्ने देवता भन्ने जनाउँछ । भीमेश्वर कल्याण, समृद्धि प्रदान गर्ने देवता भएका हुँदा बोल्न सजिलो होस् भनी भीमेश्वरलाई 'भिँ' ले सम्बोधन गर्दा देवताको नाउँ पनि हुने असलको अर्थ पनि लाग्ने भएकाले जनबोलीमा 'भिँ' सजिलै उत्रियो, साथै शिवजी अथवा शिवलिङ्गलाई 'सिँ' भन्ने नेवारी बोलीले गर्दा भीमेश्वरलाई जनबोलीमा 'भिँसिँ' भन्न थालियो । उदाहरणका लागि हामी लिन सक्छौँ, जस्तै नेवारी बोलीमा शिवरात्रिलाई सिलाचह्रे, भक्तपुरको डोलेश्वर महादेवलाई सिपारे महाद्यो र गोसाइँकुण्ड स्थललाई सिलु भनिन्छ । फेरि दोलखाली नेवार बोली अन्य स्थानको भन्दा बेग्लै र भिन्नै उच्चारणमा बोलिने हुँदा भीमेश्वरलाई 'भिँसिँ' अर्थात् 'भिमसिन' अर्थात् 'भीमसेन' भन्न थालेपछि महाभारतकालीन पञ्चपाण्डवका माहिँला भाइ भीमसेनको शुद्ध नाउँ उच्चारण हुन पुग्यो भन्ने अनुमान गर्न सकिन्छ ।

महाभारतकालीन भीमसेन : महाभारतकालीन पञ्चपाण्डवका बारेमा विभिन्न ठाउँमा अनेक कुरा लेखिएको भए तापनि ती पाँच भाइमा

कसैले पनि देवताको पद धारण गरेको कहीँ कतै उल्लेख भएको पाइँदन । द्वापरयुगको अन्तमा मञ्चन भएको महाभारतको कथा सबै हिन्दूहरूले पढने र सुन्ने पौराणिक दस्तावेज हो । सो मूल दस्तावेजमा पाण्डवलाई साधारण मानवका रूपमा नै प्रस्तुत गरिएको छ ।

महाभारतमा पञ्चपाण्डवमा अर्जुनलाई नायकका रूपमा प्रस्तुत गरिएको छ भने युधिष्ठिरलाई सत्यवादी व्यक्तिका रूपमा व्याख्या गरिएको छ । त्यस कथामा अर्जुन र युधिष्ठिरको तहभन्दा एक तहमुनि मात्र भीमसेनको स्थान कायम गरिएको देखिन्छ । नारायणका रूपमा श्रीकृष्ण र नरका रूपमा अर्जुनले संवाद गरेको कुरा गीतामा उल्लेख भएको हामी पाउँछौँ । कुनै पनि दृष्टिले पञ्चपाण्डवका माहिँला भाइ यी भीमसेनलाई देवताका रूपमा वर्णन गरिएको छैन । युधिष्ठिर सत्यवादी र धर्मपरायण, अर्जुन बुद्धि र युद्धकौशलले पूर्ण र भीमसेन बल र आवेशको प्रतीकका रूपमा महाभारतका पुराणमा प्रस्तुत भएका हुँदा भीमसेनलाई कुनै पनि स्थितिमा देवताका रूपमा वरण गर्न सकिने अवस्था देखिँदैन । साथै अन्य हिन्दू समुदायले पनि पञ्चपाण्डवलाई देवताका रूपमा मान्यता दिएको देखिँदैन । तर पनि नेवार समुदायले के-कुन कारण र परिणामका आधारमा भीमसेनलाई देवताका रूपमा मान्यता दिएका हुन् त भन्ने गम्भीर प्रश्न हाम्रा सामु उपस्थित भएको छ ।

काठमाडौँ उपत्यकामा भीमसेनको प्रवेश : प्राचीन कालदेखि नै काठमाडौँ उपत्यकाका नेवार समुदायले उत्तरतर्फको बजार ल्हासामा व्यापार गर्ने गर्दथे । तिब्बतको व्यापारमा संलग्न व्यापारीहरूका विभिन्न व्यापारिक नाकामध्ये दोलखा हुँदै नदीको किनारैकिनार तिब्बत पुग्ने मुख्य नाका थियो । दोलखा नाम नराम्रो भएकाले केही समय दोलखालाई अभयपुर भनेर पनि चिनाउने कोसिस गरियो । तर जनबोलीमा दोलखा नै कायम रह्यो । भीमेश्वरको दर्शन गरेर बाटो लागेपछि व्यापारमा बढोत्तरी हुन थालेपछि भीमेश्वरको नाउँ नै 'भिँद्यो' रहन गयो अर्थात् 'शुभ-लाभ' का देवता भनी चिनिन थाल्यो । नेवारी र पर्वते बोलीको मिश्रणले 'भिँद्यो' लाई सम्बोधन गर्दा पर्वते जनजिब्रोले सहजता पाएको पञ्चपाण्डवका माहिँला भाइ भीमसेन नै सबैका लागि स्वीकार्य भयो, त्यसपछि दोलखा भीमसेन भनेर भन्ने गरियो । भिँसिँ – लाभदायक महादेव, भिँद्यो – असल गर्ने देवता, भिँ – असल, सि – महादेव । यसरी भिँसिँ नै जनबोलीमा भीमसेन भन्न थालियो । दोलखाबाट काठमाडौँ उपत्यकामा प्रवेश गर्नुभन्दा दुई-तीन सय वर्षअगावै भीमसेनको

नाउँ प्रचलनमा आएको अनुमान गर्न सकिन्छ । अर्थात् भीमेश्वरलाई तेह्रौं-चौधौं शताब्दीदेखि नै भीमसेन शब्दले सम्बोधित भएको देखियो, जस्तो भक्तपुरको प्राचीन नाउँ 'खोपृङ' बाट 'ख्वप' भयो ।

त्यस्तै, शुभ-लाभको प्रतिमूर्ति दोलखा भीमसनकै नाउँमा भक्तपुर नगरमा स्थायी बसोबास भएका दुरसिंह र वरसिंह नाउँ गरेका दुई भाइ व्यापारीले लिङ्गस्वरूप भीमेश्वरलाई दोलखाबाट ल्याएर नगरबाहिर स्थापना गरी राजाज्ञा लिने कोसिस गर्न थाले । राजाज्ञाविना नगर क्षेत्रभित्र कुनै देवीदेवताको स्थापना हुन सक्तैनथ्यो । त्यस बखत भक्तपुर राज्यका राजा जगत्प्रकाश मल्ल (ने. सं. ७६३ – ७९३) थिए । राजाज्ञा पाउनुअगावै ती व्यापारी भाइहरूले दोलखाबाट ल्याएको शिलालाई हालको भिसिँखेलमा स्थापना गरे । त्यस स्थापित शिलालाई परदेशी भीमसेन भनिन थालियो । पछि राजकीय स्वीकृति पाएपछि नगरको माथिल्लो भाग तचपालटोल अर्थात् दत्तात्रयको प्राङ्गणमा भव्य मन्दिर बनाई भीमसेन नाउँको शिलालाई स्थापना गरियो र त्यस शिलाको ठीक दक्षिणमा गणेशको मूर्ति पनि राखियो । तर शिलाले मात्र भीमसेन प्रमाणित गर्न र जनसमुदायलाई बुझाउन गाह्रो भएको हुँदा भीमसेनको मूर्ति बनाउने निर्णय भयो । त्यस्तो मूर्ति बनाउँदा अस्थायी रूपमा बनाउनेसमेत निर्णय भएको हुँदा चिउरा, मासलगायत अन्य अन्न मिश्रण गरी भैरवको आकृतिमा मूर्ति निर्माण गरियो । दाहिने हातमा गदा बोकाइयो भने बायाँ हातबाट अभय मुद्रा प्रदर्शित गराइयो, अर्थात् भीमसेन नामको भैरव बनाइयो । किनभने भैरवले सदा अभय मुद्रा प्रदर्शित गर्ने गरेको हामीले देखेका छौं । दोलखाबाट ल्याएर स्थापित शिलालाई छोपिने गरी मानव कदको मूर्ति तयार गरियो । स्मरण रहोस्, भक्तपुरको सो भैरव मूर्तिलाई समय-समयमा नवनिर्माण गरी स्थापित गरिन्छ । किनभने त्यो अन्नको मिश्रणबाट बनेको मूर्ति भएको हुँदा त्यसको जीवन पचासदेखि साठी वर्षको हुन्छ भन्ने विज्ञहरूको भनाइ छ । हाल सो मूर्ति जीर्ण अवस्थामा भएको टड्कारो देख्न सकिन्छ ।

भक्तपुर तचपाल टोलमा रहेको पूर्व अभिमुख यी भीमसेनको मन्दिरको पूर्वतर्फ डबली छ र त्यसै डबलीमा भीमसेनको बाहनका रूपमा ढलोटले निर्मित सिंह भीमसेनको समानान्तर हुने गरी ढुङ्गाको खम्बामा राखिएको छ । सिंहको बाहन राख्नुको अर्थ 'शिव-शक्ति' को प्रतीक मानिएको देखिन्छ । यसरी सर्वप्रथम दोलखाको भीमेश्वरलाई भीमसेनको नाउँमा काठमाडौं उपत्यकामा प्रवेश गराइएको देखिन्छ । मन्दिरको रेखदेख र पूजाआजाका

लागि शैवमतका अनुयायी कापालिक सम्प्रदायका कपालीहरूलाई जिम्मा दिएको देखिन्छ ।

कान्तिपुर राज्यमा स्थापित भीमसेन : भीमसेनको मन्दिर जनस्तरबाट भक्तपुर राज्यमा स्थापित भएको कुरा कान्तिपुरका राजा प्रताप मल्ललाई थाहा भएपछि उनले राजकीय स्तरमा नै भीमसेन मन्दिर स्थापनाको कार्य सुरु गराए । कान्तिपुर नगरको दक्षिण सीमा, जसलाई आजभोलि भीमसेनस्थान भनिन्छ, त्यहाँ अन्य तीनतले मन्दिर निर्माण गरी भक्तपुरको मन्दिरको सजावटभन्दा बेग्लै किसिमबाट मन्दिरको गर्भभित्र मूर्तिहरू निर्माण गराई भीमसेनको मन्दिर नेपाल सम्वत् ७७५ मा स्थापना भयो । त्यस मन्दिरमा राजा प्रताप मल्लले ने. सं. ७७५ मा राखिएको अभिलेखमा सबैभन्दा पहिले 'ॐ श्री ३ शिवस्वरूप भीमसेन नमः' भनी अभिलेखको व्यहोरा सुरु भएको देखिन्छ । यो राजा प्रताप मल्लको संशयका कारण भीमसेनलाई शिवस्वरूप मानिएको छ तर दोलखा र भक्तपुरमा भीमसन नै भनिएका कारण तिनीहरूलाई हाँक दिँदै भीमभैरव भनेर लेख्न भने सकेनन्, तर भीमभैरव नभने पनि शिवस्वरूप भीमसेन भन्नेबित्तिकै भीमभैरवको नाउँ सम्बोधन गरेको प्रतीत भएको छ ।

विद्वान् तथा कविहृदयका राजा प्रताप मल्लले बडो बुद्धिमानीपूर्वक मूर्ति निर्माण गर्न लगाएका छन् । एउटा क्रोध र अर्को शान्त मुद्राका दुई भीमसेनका मूर्ति छन् भने बीचमा शक्तिमूर्तिका रूपमा नारीमूर्तिलाई स्थापित गरिएको छ । त्यसभन्दा पूर्वतर्फको दुई छेउमाससाना दुई मूर्ति निर्माण गरिएका छन् । मन्दिरको गर्भगृहमा जम्मा पाँच मूर्ति छन् । यी मूर्तिहरूलाई विभिन्न व्याख्या गरी अर्थ्याउने गरिन्छ । भनिन्छ यी युधिष्ठिरबाहेकको पाण्डवका मूर्तिहरू हुन् । शक्तिका दायाँ-बायाँ क्रोध र शान्त भैरव हुन्, यी दुई मूर्ति अर्जुन र भीमसेनका हुन् आदि भनिने गरिन्छ । त्यस्तै, नकुल र सहदेव भनिने दुई छेउका मूर्तिहरूलाई ढुसी आजु, ढुसी अजिमा भनिन्छ । ढुसी आजु र अजिमालाई नागको आकृति बनाई चढाएर पूजा गर्नाले र चढाएको तेल घरमा लगी दुखेको कम्मरमा लगाउनाले ढाड र कम्मरको दुखाइ निको हुन्छ भन्ने जनविश्वासका कारण ती आजु-अजिमालाई दुःख-दर्दमोचनका रूपमा पूजा-अर्चना गर्ने चलन चलेको छ । यस मन्दिरको रेखदेख र पूजाआजा ज्यापू जातका महर्जनहरूले गर्ने गरेका छन् भने रेखदेख, निर्देशन र नियन्त्रण भने मल्लवंशका मल्लहरूले नै आजसम्म गरिआएका छन् ।

यस भीमसेन मन्दिरमा रहेका देवताहरूलाई माघ शुक्ल एकादशी अर्थात् भीमा एकादशीका दिन निराहार राखिन्छ भने भोलिपल्ट द्वादशीका दिन नगरका भक्तजनहरू भीमसेनको दर्शनका लागि आउने प्रचलन छ । यसै भीमा एकादशीका दिन महाभारतकालीन भीमसेनलाई धौम्य ऋषिले भीमा एकादशीको माहात्म्य सुनाएको कुरा पद्मपुराणको ६/२३९/२८ मा उल्लेख भएको छ । भीमसेन र भीमा एकादशीको तालमेल नमिले पनि विद्वान् राजा प्रताप मल्लले आफ्नै निर्णयमा एकादशी र द्वादशीका दिन विशष पर्वको व्यवस्था गरी जनविश्वास जित्न खोजेको अनुभव हुन्े छ । ललितपुर राज्यमा भीमसेन : भक्तपुर र काठमाडौँमा दोलखा भीमसेनको स्थापना भएपछि ललितपुर राज्यका राजा श्रीनिवास मल्ल (ने. सं. ७७७ – ८०५) लाई हीनताबोध हुनु स्वाभाविक थियो । त्यसताका उपत्यकाका तीन राज्यका राजाहरूमा आपसी द्वन्द्व र त्यसबाट उत्पन्न हुने प्रतिस्पर्द्धाको कार्यले राज्य, जनता र राजकीय मर्यादा नै खतरामा पुग्ने गर्दथ्यो । एउटा राजाले गरेको कार्य अर्काका लागि सह्य हुन सक्तैनथ्यो । हीनताबोधको मनस्थितिले कहिल्यै सही निर्णय लिन सक्तैन भनेजस्तो राजा श्रीनिवास मल्लले ललितपुरमा भीमसेन स्थापना गर्दा दुःशासनबधको घटना चित्रित हुने किसिमबाट भीमसेनको निर्माण गर्न लगाई स्थापना गरे, जबकि भक्तपुर र काठमाडौँको भीमसेनले अभयमुद्रा प्रदर्शन गरेको मूर्ति निर्माण गर्न लगाई स्थापना गराएका थिए भने श्रीनिवास मल्लले ती दुवै राज्यको अवधारणाभन्दा बेग्लै किसिमबाट मूर्ति निर्माण गराई प्रचारमा ल्याए । तर विडम्बना, राजा श्रीनिवास मल्लले निर्माण गरे-गराएको मूर्ति नै उपत्यकाबाहिरका नेवार समुदायमा प्रख्यात हुन पुग्यो । दुःशासनबधको भीमसेनमूर्ति सर्वत्र स्वीकार भएपछि चित्रकारहरूले पछि भीमसेनको शक्तिपरीक्षाको शीर्षकमा भीमसेनलाई सर्वशक्तिमान् देवताका रूपमा परिचय लगाउने अनेक किसिमका काल्पनिक चित्रहरू रचना हुन थाले । जस्तै काखीमा सिंहजस्तो बलवान् जन्तुलाई च्यापी घोडाजस्तो जन्तुलाई हातले उठाई हात्ती र बाघजस्ता जनावरलाई दुई खुट्टाले च्यापी शक्ति प्रदर्शन हुने किसिमका चित्रहरू रचना हुन थाले । यद्यपि महाभारतकालीन भीमसेन मानवकदका मानवीय गुणयुक्त तर बलवान् व्यक्ति थिए, तर श्रीनिवास मल्लको समयमा कल्पना गरिएका रौद्ररूप भने पक्कै थिएनन् भन्ने यकिन हुन्छ ।

विक्रमको १७४० पछि ललितपुर राज्यको पाटन नगरमा जति पनि प्रस्तर मूर्ति निर्माण भए, ती सबै नै राजा श्रीनिवास मल्लको कल्पनाबाट

निर्मित भीमसेनका मूर्तिहरू बनी नेपालका अन्य स्थानमा पुगे । त्यसैले बनेपा, धुलिखेल, रामेछाप, ओखलढुङ्गा, भोजपुर र चैनपुरमा समेत स्थापित भीमसेन मूर्तिलाई हेर्दा त्यस्तै देखिन्छ । साथै, पश्चिम डोटीसम्म पनि त्यस्तै मूर्ति स्थापित भएको देखिन्छ । यसबाट के बुझिन्छ भने नेपाल राज्यमा स्थापित भीमसेन मूर्तिमा ललितपुर राज्यले अग्रणी भूमिका निर्वाह गरेको स्पष्ट देखिन्छ ।

मूर्तिरचनाको सन्दर्भ :

दोलखा भीमसेन भीमेश्वर भए पनि काठमाडौं उपत्यकामा भीमसेनको नाउँमा प्रवेश गरेका हुँदा सबैमा महाभारतकालीन भीमसेनले नै प्रभाव पारेको हुँदा भीमसेनको मूर्ति कस्तो हुनुपर्छ भन्ने विचार मन्थन हुँदा भक्तपुर राज्यले लिएको अवधारणाभन्दा काठमाडौं राज्यले बेग्लै मूर्ति निर्माण गरेको देखेपछि ललितपुर राज्यले ती दुईभन्दा बेग्लै मूर्ति निर्माणका लागि मूर्तिकारलाई प्रतिस्पर्द्धा नै गराए । तर कसैले पनि प्रस्तुत गरेको मूर्ति स्वीकार्य नभएको हुँदा राजा नराम्रोसँग क्रोधित भए । सोही क्रोधका क्रममा मूर्तिकारलाई भुइँमा लडाई एक हातले गर्धन समाई अर्को हातले प्रहार गर्न लाग्दा मूर्तिकारले अनायास बोलेछ – 'बुझेँ-बुझेँ । अब म मूर्ति बनाउँछु । एकपटकसम्म क्षमा पाऊँ महाराज !' भनेपछि त्यस मूर्तिकारलाई मूर्ति बनाउने मौका प्रदान भएछ । हो, त्यही घटनाको प्रतिक्रियास्वरूप दुःशासनको वध गरेको मूर्ति बनाएपछि राजा खुसी भएर त्यस मूर्तिकारलाई पुरस्कार दिएछन् । यस घटनालाई इतिहासकारले श्रीनिवास मल्ल र योगेन्द्र मल्ल दुवैलाई आफ्नो लेखनीमा उल्लेख गरेका छन्, तर अभिलेख समय ने. सं. ८०१ मा भएको हुँदा राजा श्रीनिवास मल्लले नै गरेको परिकल्पनाअनुसार मूर्ति निर्माण भएको हो भन्नुपर्छ । यसरी श्रीनिवास मल्लले यो कार्यलाई स्थायित्व प्रदान गर्न प्रत्येक वर्ष भाद्र कृष्ण नवमीका दिन भीमसेन जात्रा चलाउने प्रचलन पनि चलाए । ललितपुरमा भीमेश्वर प्रवेश गरेपछि भीमसेनका रूपमा नयाँ कीर्तिमान कायम भयो ।

यद्यपि पाटन नगरमा चार स्थानमा भीमसेन स्थापना भएका छन, ् त्यसमा मङ्गलबजार राजप्रासाद परिसरमा रहेको भीमसेन मन्दिर नै प्रमुख देखिन्छ । राजा श्रीनिवास मल्लले दशकौँ अगाडि भीमसेन स्थापना गरे पनि वर्तमानको विशाल तीनतले मन्दिर भने ने. सं. ८०१ मार्ग शुक्ल षष्ठीका दिन 'ॐ श्री ३ भीमसेनाय नमः' भनी महाभारतकालीन भीमसेनलाई नै समर्पण गरी मन्दिर निर्माण गरेको देखिन्छ । यो मन्दिरमा रहेको मूर्तिभन्दा

बेग्लै चित्रकार समुदायले स्थापना गरेको पाटन सुन्धाराको भीमसेनमूर्ति, अवाले समुदायले स्थापना गरेको च्यासलटोलको मन्दिर र अर्को निराकार भीमसेनलाई हेर्दा र विचार गर्दा राजप्रासाद परिसरमा रहेको भीमसेनले नै प्रमुखता ग्रहण गरेको प्रतीत हुन्छ । काठमाडौँ उपत्यकामा भीमसेन प्रवेश गर्नुपूर्व दोलखा भीमसेनलाई दोलखाको वरपरका क्षेत्रमा बसोबास गर्ने सबै जातजातिले मान्ने गरेको पाइन्छ । प्रमुख रूपमा नेपाल-तिब्बतमा व्यापार गर्ने व्यापारीले मानेको देखिन्छ । पछि उपत्यका प्रवेश गरेपछि भने नेवार समुदाय, जो व्यापारमा संलग्न छन्, तिनीहरूका देवताका रूपमा मान्यता प्राप्त गरेको देखिन्छ । समयका दृष्टिले विचार गर्दा ने. सं. ७६५ देखि ने. सं. ८०५ अर्थात् विक्रम सम्वत्को १७०२ देखि १७४२ अथार्त् लगभग ४० वर्षभित्र भीमसेनले उपत्यका र अन्य नेवार बस्तीमा ख्याति पाएको अनुमान गर्न सकिन्छ । त्यसभन्दा अगाडि भीमसेन व्यापारका देवता हुन् भन्ने जानकारी थिएन, मात्र असल र भलो गर्ने देवताका रूपमा मान्यता प्राप्त थियो ।

श्रीनिवास मल्लको समयका भगीरथ भैया : ललितपुरका राजा श्रीनिवास मल्लको मन्त्रीका रूपमा काम गर्ने भगीरथ भैया नाम गरेका मान्छे कहाँका थिए ? तिनी नेवार थिए वा गैरनेवार थिए ? यो प्रश्नको उत्तर इतिहासले दिएको छैन । तर तिनी अति नै शक्तिशाली व्यक्ति थिए भन्ने अभिलेखले देखाएको छ । 'भगीरथ' नामका पछाडि 'भैया' जोडिएकाले तिनी तराई वा मधेस मूलका हुन् भन्ने अनुमान गर्न सकिन्छ । तिनकै सक्रियतामा ख्यातिप्राप्त राजा सिद्धिनरसिंह मल्ललाई अपदस्थ गरी श्रीनिवास मल्लले राज्यारोहण गरेको बुझिन्छ । त्यसपछि ललितपुर राज्यमा भगीरथ भैया नै शक्तिशाली व्यक्ति भएको देखिन्छ । यिनको बठयाइँ र शासकीय कार्यमा प्रवेश गरी राजकी्        य शक्ति सञ्चय गरेको देख्ता यिनी मधेस भेगका कायस्थ हुन सक्ने अनुमान गर्न सकिन्छ । यिनले नेवार समुदायको हितभन्दा बढी नवीन सिद्धान्तलाई परिचय गराउने कार्य गरेको देखिन्छ । यिनले भिंद्योलाई महाभारतकालीन भीमसेनमा परिणत गरी नेवारी संस्कृतिलाई नयाँ किसिमबाट प्रस्तुत गर्न पाएको पनि देखियो ।

भगीरथ भैयाले चाहेका भए सनातनी परम्पराका भीमभैरवलाई पनि परिचय गराउन सक्थे । वास्तवमा गर्नुपर्ने त्यही थियो । किनभने भीमसेनका साथसाथमा गणेशजीलाई पनि नेवार समुदायले स्वीकार गरेका नै छन् । भीमभैरव र गणेश शैवदेवता हुन् । तर भगीरथ भैयाले देवताको कोटीमा

आउनै नसक्ने महाभारतका पाण्डवमध्येमा पनि दोस्रो पङ्क्तिका भीमसेनलाई देवतुल्य बनाउने र नेवारको इष्टदेवताको रूप स्थापित गराउने उनको हठी विचारले मूर्त रूप लियो । त्यस्तो भ्रमपूर्ण निर्णयले पनि नेवार समुदायको अभिन्न रूपमा स्थापित हुँदा नेवारी संस्कृति नै कायम गर्न सफल भयो ।

भीमसेनले देवताको रूप धारण गरेको करिब ३५० वर्ष मात्र भयो । अब यो भ्रम मेटिएर सबै भीमसेन 'भिँद्यो' बन्ने निश्चित छ। भगीरथ भैयाले ललितपुर मङ्गलबजारमा भीमसेनको विशाल मन्दिर स्थापना गरी दुःशासन बधको मूर्ति स्थापना गरेपछि मात्र भीमसेनको प्रभाव नेवार समुदायमा बढ्न थालेको हो । त्यस बखत भगीरथ भैया कति शक्तिशाली थिए भन्ने कुरा डा. जनार्दनराज लामिछानेद्वारा लिखित 'नेपालको प्रशासनिक संस्कृति' को पृष्ठ ११८ र ११९ मा देखिन्छ, जो परिशिष्ट – १ मा दिइएको छ ।

माथि उल्लिखित 'नेपालको प्रशासनिक संस्कृति' पुस्तकको पृष्ठ ५१४ मा भगीरथ भैयाका भाइ पनि राजकीय शक्तिमा भएको उल्लेख छ, जो यसप्रकार वर्णन गरिएको छ ।

"ने. सं. ७८९ को पाटन मङ्गलबजारको अभिलेखमा श्रीनिवासका मन्त्री भगीरथ भैया भारोले विश्वेश्वरको स्थापना गरी देवल बनाई गुठी राखेको अभिलेखमा 'भगीरथ भैया भारोसन भ्रता भागी भारोस' भनी भगीरथ भैयाको भाइलाई पनि भारो भनिएको छ।" यसरी भगीरथ भैयाको भैया मात्र होइन, उनका अन्य परिवारका सदस्य पनि तत्कालीन राजा श्रीनिवास मल्लको मुख्य भारदार भएको देखिन्छ ।

महाभारतकालीन भीमसेन नै नेवार समुदायका मूल देवता हुन् भनी प्रमाणित गर्न दोलखा भीमेश्वर मूल मन्दिरमा रहेका गणेश र कुमारलाई क्रमशः कुन्ती र द्रौपदी हुन् भनेर चिनारी गराउने काम मात्र भएन, भीमसेनलाई पूजा गर्नुपर्ने विधिविधान तयार गरी भीमसेनले जङ्गलमा फेला पारेकी हिडिम्बासमेतलाई देवीतुल्य पूजन गर्नुपर्ने गरे- गराएको प्रस्ट देखियो । (यो सनातन धर्ममाथि बेदखल थिया ।)

त्यस समयमा कान्तिपुरमा राजा प्रताप मल्ल थिए भने भक्तपुरमा राजा जगत्प्रकाश मल्ल थिए । यी तीन राजाहरूले राजकाजमा मात्र होइन, सांस्कृतिक परिवर्तन गर्ने कार्यमा पनि तीव्र प्रतिस्पर्धा गर्दथे । उदाहरणका लागि 'गाईजात्रा पर्व' लाई लिन सकिन्छ । एकै दिन हुने पर्वजात्रा पनि तीन प्रकारले प्रस्तुत भएका छन् । एकले गरेको निर्णयलाई अर्कोले पृथक्

किसिमबाट प्रस्तुत गर्ने प्रतिस्पर्धात्मक कार्यले गर्दा नेवार समुदायको संस्कृतिमाथि राजा श्रीनिवास मल्लको हस्तक्षेपले मूर्त रूप लिएको देखियो ।

भिंसिंद्यो भलो गर्ने देवता :

त्यस बखत जसरी पनि महाभारतकालीन भीमसेनलाई नै देवता प्रमाणित गर्न राजा श्रीनिवास मल्ल तथा उनका भाइभारदार पूर्ण रूपमा लागेको तथ्य निम्नानुसार दिइएको छ । यसलाई एकपटक विचार गरौं ।

१. भक्तपुरका राजा यक्ष मल्ल शक्तिमा रहेका बखत दोलखाको बलियो प्रशासकका रूपमा कीर्ति सिंह (ने. सं. ५७४, वि. सं. १५१०) देखिन्छन् । त्यसअघि कुनै शासक, प्रशासक र जिम्मेवार व्यक्तिको नाउँ कतै उल्लेख भएको पाइँदैन । यक्ष मल्लको समयपछि उद्धवदेव र नन्ददेव सामन्त शासकका रूपमा देखापर्छन् । यसै समयमा भिंसिंद्योलाई सजिलो उच्चारणका लागि भीमसेन द्यो अर्थात् भीमसेन देवता भनिन थालियो । जनबोलीमा 'भिंसीदेउ' बाँच्यो, लिखतमा वा भक्तपुर, ललितपुर र कान्तिपुरका शासकमाझ 'भीमसेन देवता' भन्ने प्रचारित हुन थालेको देखिन्छ ।

२. गदा हातमा लिने भीमभैरवका रूपमा व्याख्या हुँदै गएको भीमेश्वरलाई महाभारतकालीन भीमसेन नै हो भनी प्रमाणित गर्न राजा श्रीनिवास मल्लको समयमा पाटन नगरमा बस्ने शिल्पकार र चित्रकारहरूलाई अभियानकै रूपमा मूर्ति बनाउन र चित्र बनाउन लगाएर भिंद्योलाई भीमसेनका रूपमा प्रचारित गरेको र गर्न जोड दिएको देखिन्छ ।

३. सिंह बाहन माता गौरीको हो । भीमेश्वर लिङ्ग गौरीशङ्कर हिमालको काखमा रहेको गौरीशङ्करको संयुक्त रूप हो । तर भीमसेनको बाहनका रूपमा सिंहको प्रयोगले प्रश्नलाई जीवित तुल्याएको छ ।

४. काठमाडौं उपत्यकाका नेवारहरू व्यापारका लागि नेपालभर फैलिएका छन् । ती सबैले भिंद्योका साथै गणेशमूर्ति पनि लगेका छन् र अनुकूलअनुसार भिंद्यो र गणेश सँगै स्थापना गरेका छन् । भिंद्यो र गणेश शैवदेवता हुन् ।

५. जनबोलीमा भिंद्यो कायम रहेको, बाहिरी प्रचारमा भीमसेन भनिए पनि भीमेश्वर महादेवलाई महादेवकै रूपमा वर्णन गरिएको नेपाल सम्वत् ६८८ को भीमेश्वर भण्डारको अभिलेख परिशिष्ट – ३ मा प्रस्तुत गर्दछु । (स्रोत : दोलखाको ऐतिहासिक रूपरेखा, पृष्ठ ९८ र ९९)

जात्रापर्व : दोलखा भीमसेन भनेर प्रचारित भीमेश्वर महादेवको दोलखामा वर्षभरि विभिन्न चाडपर्वमा पूजा र जात्रा लाग्ने गर्दछ । काठमाडौँ उपत्यकामा चल्ने हरेक जात्राहरूलाई पनि दोलखामा भित्र्याइएका छन् भने त्यहाँ सबै हिन्दूले स्वीकार गरेका वर्षभरिका तिथि, जस्तै : अष्टमी, नवमी, एकादशी, प्रदोष, चतुर्दशी, औँसी र पूर्णिमाका अतिरिक्त शिवरात्रि, दसैँ जस्ता दिनहरूमा साना-ठूला पर्व तथा जात्रा चलाउने चलन चलेका छन् । उपत्यकाभित्र भीमसेन प्रवेश गरेपछि तीनै सरहमा जात्रा-मेला त लाग्छन्, तर एकरूपता भने छैन । किनभने भीमसेनलाई देवता मानेपछि आफ्नो-आफ्नो किसिमबाट व्याख्या गरी रीतिस्थिति बसालिए । जस्तो : भक्तपुरमा धान्यपूर्णिमाका दिन भीमसेनलाई नासमना टोलमा ल्याई नगरको तल्लो भागमा बसोबास गर्ने नागरिकलाई दर्शन दिने नाउँमा मेला लाग्ने गरेको छ । त्यस्तै, काठमाडौँमा भने माघ शुक्ल एकादशीका दिन भीमसेनलाई निराहार राखी दोस्रो दिन द्वादशीका दिन नगरवासीहरू भीमसेनको दर्शन गर्न आउने प्रचलन चलाइएको छ । साथै, यही किसिमको जात्रा पशुपति देउपाटनमा पनि चल्ने गरेको छ । यसै गरी ललितपुरमा भने भाद्र नवमीका दिन दोलखा भीमसेनको जात्रा भनी मङ्गलबजार मन्दिरका भीमसेनलाई रथमा राखी नगर परिक्रमा गराई जात्रा गराउने चलन चलेको छ ।

यसरी चलेका जात्राका आधारमा भीमसेनका बारेमा अध्ययन गर्न सकिने अवस्था छैन । जुन शासकलाई जसरी मूर्ति निर्माण गर्न मन लाग्यो, त्यसरी मूर्ति निर्माण गराएको देखिन्छ भने जात्रापर्व चलाउँदा पनि आफूखुसी ढङ्गबाट चलाएको देखिन्छ । यति सानो क्षेत्रमा फैलिएको
स्थानमा समेत रीतिस्थिति र चाडवाडमा एकरूपता नहुनु र तालमेल नमिल्नु आफैँमा असहज स्थिति हो । यस्तो किसिमलाई सहज रूपमा स्वीकार गर्न नसकिने अवस्था भएकाले नै यसमाथि गम्भीर प्रश्न खडा भएको हो ।

यसरी ने. सं. ८०१ मा भीमसेनको मन्दिर निर्माण गरी जात्रासमेत चलाएपछि भीमसेन देवता नै हुन् भनेर प्रशंसा गर्नु पनि त्यस समयका शासक-प्रशासकको जिम्मेवारी हुन आउँछ । त्यसैअनुसार भीमसेन पूजाविधि

पनि लेखाई प्रचार-प्रसार गरेको देखिन्छ। ॐ भीमसेनाय द्रौपदीसहिताय नमः । ॐ कुन्तीपुत्राय हिडिम्बासहिताय नमः ॥

आगच्छ पाण्डव श्रेष्ठ भीमराज महामते । पीठे
स्मिन्नधिष्ठाय सान्निध्यं कृपा कुरु ॥

किमवहिरि राजेन्द्र कैलाश शिखहासिनम् । सिन्दूर
तिलकं दृष्ट्वा कोटी सूर्य समप्रभ ॥

भीमानन महातेजोः सन्देहं कामदंप्रभुम् । गदाधरं
महाकामं शत्रुणां मानखण्डतम् ॥

अरण्ये वासिनौ चैव वरधानौ विशेषतः । भमाग्निर्हन्मते
तेषांनतेषा अपदंक्वचित ॥

नमस्ते भीमराजन्य दुष्ट किचक मरिणे ।
पथि मङ्गल दान्त्रैव उत्तरा गिरिवासिने ॥

यसरी पूजा ध्यानको मन्त्र तयार गरी भीमसेन स्तोत्र बनाइएको छ, जो परिशिष्ट – २ मा दिइएको छ ।

माथि उल्लेख भएका मन्त्र, ध्यान र स्तोत्र उल्लेख गरी भक्तपुरनिवासी दैवज्ञ कृष्णराज जोशीले खोपृङ अङ्क २३ वर्ष २५ को पृष्ठ ९०-९४ मा 'भीमसेनको दुर्लभ पूजापाठविधि' शीर्षकमा लेख प्रकाशित भएको छ । लेखकलाई यो सम्बन्धमा जिज्ञासा राख्ता उहाँले भन्नुभयो – 'भीमसेनको पूजनविधि रुद्रयामल तन्त्रको पूर्वखण्डमा उल्लेख भएको छ। जे जहाँ उल्लेख भएको भए पनि यस लेखसँग सरोकार राख्ने भएकाले यसको खोज गरिएको हो । साँच्चै नै यो अनुसन्धानको विषय हो । भीमभैरव : देवाधिदेव महादेव पूजनविधिमा रुद्राभिषेक एक मुख्य हो, साथै शिवपूजनमा रुद्राभिषेक विधि वैदिक हो । यो विधि गरिने रुद्रीपाठमा भीमस्वरूप भनी महादेवको वर्णन गरिएको पाइन्छ । शैवमतका शिखर शिवजीका अनेक रूपमध्ये रौद्ररूपलाई भैरवका रूपमा वर्णन गरिएको पाइएको छ । साथै, भैरवकी स्त्री शक्तिलाई भैरवी भनिन्छ । त्यही भैरवी शक्तिलाई देवीको रौद्ररूप मानिन्छ ।

शाक्त मतावलम्बीहरू भैरवीलाई दसमहाविद्यामा गणना गर्दछन् । त्यसैले पनि भीमेश्वर शिलालाई बिहान भैरवीको अर्थात् भद्रकालीका रूपमा पूजन गर्छन् भने मध्यदिनमा महादेवको पूजा गरी अपराह्न भैरव- भैरवी

संयुक्त शक्तिको राजपूजा गरी दुवै शक्तिलाई सन्तुलित रूपमा समन्वय गर्दै शान्त पार्ने काम भइआएको देखिन्छ । त्यसैले पनि भीमेश्वरको मन्दिरमा बाहनका रूपमा सिंहलाई स्थापित गरिएको पाइएको छ ।

महादेव शिवका अष्टादश रुद्रमा रौद्र भैरव भनी उल्लेख भएको पाइन्छ । त्यस्तै, भक्तपुर नगरमा अष्टभैरवमा भीषण भैरवको स्थापना भएको देखिन्छ । कीर्तिपुरको बागभैरवमा स्थापित ने. सं. ७०७ को अभिलेखमा भीमभैरव भनी उल्लेख गरिएको पाइएको छ। त्यस्तै ने. सं. ७३० को दोलखा भीमेश्वर महादवको छतको सुवर्णपत्रमा भीमायणेश्वरलाई सुनको गजुर, तोरण र कलश चढाएको कुरा उल्लेख भएको छ । काठमाडौं भीमसेनस्थानको भीमसेनको मन्दिरमा रहेको ने. सं. ७७५ को अभिलेखमा पनि 'ॐ श्री ३ शिवरूप भीमसेनाय नमः' भनेबाट शिवकै रौद्ररूप भैरवलाई भीमसेन नाउँ दिएर भैरवलाई मानेको स्पष्ट प्रतीत हुन्छ ।

मन्दिरअगाडि बाहनको शक्तिको प्रतीक सिंहलाई स्थापना गरी भैरव-भैरवीको परिकल्पना गरी भीमसेनको स्थापना भएको देखिन्छ । साथै यहाँ पनि भक्तपुरको भीमसेनमूर्तिले जस्तै अभयमुद्रा प्रदर्शन गरेबाट अभयदान प्रदान गर्ने शिवस्वरूप भैरव मात्र हुन सक्ने भएको हुँदा भीमसेन भनिएका नेवार समुदायका देवता भीमसेन नभएर भैरव र भैरवीको संयुक्त स्वरूप अभयदाता भीमभैरव हुन् भन्ने प्रमाणित हुन आउँछ ।

निम्न आधार र कारणले भीमसेन देवता होइनन् :

१. महाभारतकालीन भीमसेनको तहलाई कथामा वर्णित आधारमा अर्जुन र युधिष्ठिरभन्दा कम महत्त्व दिएका कारणले भीमसेन देवताका रूपमा गणना हुन सक्ने अवस्था देखिँदैन ।

२. महाभारत नाउँले नै भारतवर्षको इतिहासलाई उजागर गरेको हुँदा भारतको कुनै पनि स्थान र त्यहाँ बसोबास गर्ने हिन्दू समुदायले भीमसेनलाई देवताका रूपमा पूजा गरिएको देखिएको छैन ।

३. कथामा वर्णित विषयतर्फ विचार गर्दा पनि कुन्तीले वायुलाई आह्वान गरी भीमसेन प्राप्त गरेकी हुँदा महादेवसँग कुनै पनि किसिमबाट सम्बन्ध स्थापित देखिँदैन ।

४. बुद्धिको भन्दा बलको प्रयोग गर्ने भीमसेनलाई बढी खाने र खाना बनाउन रुचाउने व्यक्तिका रूपमा महाभारत कथामा प्रस्तुत गरिएको छ ।

५. कथाअनुसार आवश र रिसमा आएर दुःशासन र कीचकवध गरिएको वर्णनद्वारा अनुमान गर्न सकिन्छ कि भीमसेनमा मानवीय स्वभाव नै विद्यमान भएको स्पष्ट देखिन्छ ।

६. हिडिम्बा (राक्षस स्त्री) सँग भीमसेनको सम्बन्धबाट घटोत्कचको जन्मबाट पनि भीमसेनमा भरिपूर्ण मानवीय गुण देखिन्छ ।

७. महाभारतको 'स्वर्गारोहण पर्व' मा वर्णित तथ्यअनुसार श्री केदारनाथजीको दर्शन नपाएका कारणले गर्दा स्वर्ग नपुग्दै भीमसेनको मृत्यु भएको भनिएको छ ।

माथिका प्रमाण र आधारमा भीमसेन महाभारत कथाका एक बलवान् पात्र मात्र हुन् र अन्य मानवसरहका मात्र हुन् भन्ने प्रमाणित गरेको छ । दोलखाली नेवार तथा पर्वते समुदायको बोलीको अशुद्ध उच्चारण र जानकारीको अभावका कारणले गर्दा भीमेश्वर महादेवको नाम नै भीमसेन भनी भनिन थालेको कारण र तथ्य नै पत्ता नलगाई भीमसेन शब्दलाई मान्यता दिएको देखिन्छ । साथै क्रमशः भक्तपुर, कान्तिपुर र ललितपुरका राज्यशक्ति जिम्मा लिएका व्यक्तिहरूले आफूखुसी व्याख्या गर्दै निर्णय गरेका कारणले गर्दा भिँद्यो नाउँधारी असल र कल्याणकारी देवताको नाउँ भीमसेनमा परिवर्तन गरेको मिलेको देखिएन ।

दोलखा भीमसेन भनिएका देवता भीमभैरव-भैरवीको एकात्मक रूप हो :

१. भीमेश्वरमा दैनिक नित्य पूजा शिव-शक्तिको बेग्लाबेग्लै पूजा भई अन्तमा संयुक्त राजपूजा गर्ने प्रचलन चलेको देखिन्छ ।

२. भीमसेनको अर्थ पञ्चपाण्डव हो । भीमसेनको पूजा हुँदा पाँच पाण्डवको पूजा गरिएन भने अपुरो हुन्छ, त्यसैले त्यस्तो महाभारतकालीन ती भीमसेनको दोलखामा पूजा भएको कुनै परम्परा देखिँदैन । भीमसेनलाई प्रसन्न गर्न बढीभन्दा बढी खानाको व्यवस्था गर्नुपर्ने हुन्छ । त्यस्तो किसिमको व्यवस्थातर्फ चलेको देखिएन । बिहान देवी, मध्याह्नमा शिवको पूजा गर्ने व्यवस्था देखियो ।

३. तेह्रौँ-चौधौँ शताब्दीदेखि भीमसेन नाम प्रचलनमा आए पनि दोलखा मन्दिरमा भीमसेन (राजा श्रीनिवास मल्लको समयमा चलेको मूर्ति) को मूर्ति नदेखिनुले स्पष्ट हुन्छ कि दोलखाका भीमसेनको मूर्तिको परिकल्पना गरिएको थिएन ।

४. भक्तपुरमा स्थापित अस्थायी भीमसेनको मूर्तिको जगमा शिवलिङ्ग हुनु, दायाँतर्फ गणेशजीको मूर्ति हुनु र भीमसेनको मूर्तिले अभयमुद्रा प्रदर्शित गर्नु ।

५. काठमाडौँमा स्थपित मूर्तिमा अभयमुद्रा प्रदर्शित हुनु र ने. सं. ७७५ को शिलालेखमा 'ॐ श्री ३ शिवरूप भीमसेनाय नमः' भनेर शिवरूप स्वीकार गरिएको छ । अर्थात् स्थापित दुई मूर्तिमा शान्त शिव र रौद्र शिवको प्रतीकका रूपमा मूर्ति स्थापना गरिनु ।

६. सबै भीमसेन मन्दिरमा बाहनका रूपमा 'सिंह' स्थापित छ, जो देवीको बाहन हो ।

७. बलि दिने चलनले गर्दा यी देवता भैरव नै भएको यकिन हुन्छ ।

८. प्रायः भीमसेन मन्दिरको जिम्मा शैवमतका कपालीहरूलाई दिइएको छ । उपत्यकाका सबै भैरव मन्दिरसँग कपाली सम्प्रदायको प्रत्यक्ष सरोकार देखिन्छ ।

उपसंहार : दोलखास्थित भीमेश्वर महादेवको मन्दिर नै भीमसेन देवताको उत्पत्तिको स्थान हो भन्ने कुरा माथिका प्रकरण-प्रकरणमा उल्लिखित प्रमाण र आधारले पुष्टि गरेको छ । भीमेश्वर महादेव र महादेवीका रूपमा परापूर्वकालदेखि पूजिँदै आएका भीमेश्वर महादेवको जनबोलीको उच्चारण हुँदा भीमसेन हुन गएका कारणले देवस्थलको नाउँ दोलखा भीमसेन रहन गएको देखियो । यो तेह्रौँ-चौधौँ शताब्दीमा मात्र नामकरण भएको भन्ने अनुमान गर्न सकिन्छ । दुई-तीन सय वर्षसम्म भीमसेन भनेपछि त्यहाँबाट अन्यत्र लगी स्थापना गर्दा पनि भीमसेन नै भनिए पनि मूल शब्द 'भिँद्यो' भने परिवर्तित नभईकन नै सरुवा हुँदै गएको देखियो । तर शब्दमा एकरूपता आए पनि मूर्तिमा भने कल्पना र अनुमानले काम गरेको हुँदा मूर्तिमा परिवर्तन भएको पाइयो । अन्तमा ललितपुरका राजा श्रीनिवास मल्लले परिकल्पना गरेको मूर्ति बढी प्रचारित र स्थापित हुनुमा मूर्ति निर्माणको काम पाटनमा हुने भएका कारणले हो भन्ने पनि अनुमान गर्न सकिन्छ । मूर्ति जस्तो भए पनि जनआस्थाको कुरा मूल विषय हो । भिँद्योले नेवार समुदायका व्यापारी वर्गलाई लाभ नै प्रदान गरेको हुँदा भिँद्यो पूजनीय देवता नै हुन् ।

भिँद्यो भन्ने नेवार समुदायका देवता महाभारतकालीन भीमसेन

होइनन्, बरू यिनी भैरव र भैरवीको अर्थात् भैरव र भद्रकालीको संयुक्त शक्तिरूप भीमभैरव हुन्। यसका बारेमा अझ विस्तृत अध्ययन-अनुसन्धानको बाटो खुलेको छ र पूर्ण रूपले अनुसन्धान गरेर अझ स्पष्ट पार्नुपर्ने अवस्था देखिएको छ।

●

## परिशिष्ट – १
## राजा श्रीनिवास मल्लका मन्त्री भगीरथ भैयाको शक्ति

श्रीमाणिग्लाधिपति महाराजाधिराज श्रीश्रीजयश्रीनिवास मल्लदेव प्रभु ठाकुलसन स्व नगरं छगुल जुयाव नेपालेश्वर जुयाव विजयराज्य याङ विज्याक, थथिं अवसरस श्री ३ भीमसेन भट्टारकस ... ... स एव ठाकुलसन मन्त्री भगीरथ भैया भारो व संमत याङन आज्ञा प्रसन्न जुस्य, थ्व देवल दयक विज्याक जुरो ॥

(श्रीमाणिग्ल (ललितपुर) का मालिक, महाराजाधिराज, श्रीश्रीजय श्री निवास मल्लदेव प्रभु ठाकुरले तीन सहर एक भएका (परस्पर मिलेर बसेका) हुनाले नेपालेश्वर भईकन राज्य गरिरहनुभएको अवसरमा उहाँ राजाले मन्त्री भगीरथ भैया भारदारको सल्लाह लिएर प्रसन्नतापूर्वक अह्राउनुभई श्री ३ भीमसेन देवताको यो देवल बनाउन लगाउनुभएको हो।)

श्रीनिवास मल्लको यसरी प्रभाव बढनुमा भगीरथ भैयाको पनि हात् थियो। यस कुराको झलक भगीरथ भैयाको विश्वेश्वर मन्दिरको अभिलेखबाट पाइन्छ। वि. सं. १७२६ मा मुगल बादशाह औरङ्गजेबले काशीको विश्वनाथको मन्दिर भत्काइदिएका थिए। नेपालीहरू पनि बराबर काशी गई विश्वनाथको दर्शन-पूजन गर्ने हुनाले काशीको विश्वनाथ मन्दिर भत्काएको खबरले यहाँका धर्मप्राण नेपाली जनताहरूमा पनि खलबली मच्चिनु स्वाभाविक थियो। यसै हुँदा भगीरथ भैयाले यसको ८ वर्षपछि ललितपुर मङ्गलबजारमा एउटा ठूलो मन्दिर बनाई विश्वनाथको स्थापना गरेका थिए। काशीका विश्वनाथ नष्ट पारिएका हुनाले अब ललितपुरका प्रजाले यहीँ विश्वनाथको दर्शन-पूजन गर्न पाऊन् भन्ने अभिप्राय भगीरथ भैयाको देखिन्छ। विश्वेश्वर मन्दिरमा रहेको सो शिलालेखको भगीरथ भैयासम्बन्धी विवरणका अलिकति अंशको अनुवाद यस प्रकारको छ – कीर्ति फैलिएका, तेजिला, विद्वान, दानी नेपालका

राजाहरूमा श्रेष्ठ ‸ श्रीश्रीश्रीनिवास मल्ल राजा ललितपुरमा हुनुहुन्छ । ठूला राजा उहाँका असल, ठूला मन्त्री भगीरथ छन् । उनले अरू राजाहरूलाई वशमा पारेका छन् । उनलाई अरू राजाहरूले असल हात्ती दिएका थिए । धर्मात्मा ती भगीरथले असल दिनमा ब्राह्मणहरूलाई पूजा गरेर श्रीश्रीश्रीनिवास प्रभुको निगाहले विश्वेश्वरको स्थापना गरे । उहिलेका भगीरथले महादेवकहाँबाट पृथ्वीमा गङ्गाजी ल्याएका थिए । अहिलेका यी भगीरथले पुण्यभूमि काशीबाट भयङ्कर यवन (मुसलमान – औरङ्गजेब) देखि उद्विग्न भएजस्ता विश्वनाथ महादेवलाई ललितपुरमा ल्याए क्यार ! श्रीश्रीश्रीनिवास प्रभुको निगाहले के पो पाइँदैन र ?

## परिशिष्ट – २
## भीमसेनस्तोत्र

ॐ भीमसेनो महाकायः सर्वकामफलप्रदः
युधिष्ठिरानुजः कीर्तिः कुन्तीपुत्रः कपिध्वजः ॥१॥
कीचकारिर्महाशूरो मार्तसेवाहिते रतः ।
द्रोपदीप्राणभर्ता च दुर्योधनविनाशकः ॥२॥
दुःशासनप्राणहर्ता युद्धेन दारुणेन च ।
सौगन्धिकाहरः कामी जरासन्धप्रणाशकः ॥३॥
फाल्गुनस्याग्रजो श्रीमान् वायुजो द्रौपदीप्रियः ।
पातालपुगामी च दुर्जनप्राणघातकः ॥४॥
मरुद्यज्ञस्वर्णहारी गन्धर्वगणमर्दकः । वसुदेवप्रियो
भोगी वासुदेवप्रियः सदा ॥५॥ कुरुवंशप्रणष्टा च
मदोन्मतगजै समः । हनूमंतोद्रनुजो धर्मो
धार्मिको धार्मिकप्रियः ॥६॥
एकादशी तिथेः कर्ता सुपरुरः सञ्जयप्रियः ।
पाण्डुवंशसमुद्भूतः सोमवंशप्रतिष्ठितः ॥७॥
व्यासप्रियो मांसभोजी भारतो भारनाशकः ।
जरासन्धने योद्धा चगदायुद्धविशारदः ॥८॥
पारावारविहारी च परिस्वजनरक्षकः ॥९॥ विषभुग्
विषयी शायी हिडिम्बेशो वृकोदरः । बहुभुग्
वारुणी भोक्ता विराटपालनः सुधीः ॥१०॥
खम्भखड्गप्रियाधारः शन्तनोः कुलनन्दन ।

चन्द्रवंशसमुद्भूतः पाण्डुपुत्रवरः सुधीः ॥११॥
मरुत्पुत्रो दोणशिष्यो जयद्रथविरक्षकः । वैष्णवो
वैष्णवप्राणो हस्तिनापुररक्षकः ॥१२॥ धीरात्मा
धर्यधारी च धनदो धरणीपतिः ै।
गान्धारीपुत्रहन्ता च कौन्तेयो गुरुनायकः ॥१३॥
वृहदयोद्धा गदापाणिर्धृतराष्ट्रसुतासितः ।
बलभद्रप्रियश्छात्रः सात्यकी गुरुरग्रजः ॥१४॥
कामाङ्गना सदा प्रीतिः कुमारहृदयस्थितः ।
गण्डाशी महिषाशी च गङ्गाजलसमादृतः ॥१५॥
घृताशी गव्यप्राशी च धुष्टद्युम्नश्च रोमधूः ।
चनुर्मुखश्चतुर्वेदश्चारुचित्रकलेवरः ॥१६॥ जनार्दनो
जनानन्दो जनेशो जनरक्षकः ।
शतशत्रुविनिर्हन्ता नन्दनो नन्दनैः समः ॥१७॥
ज्ञानेशो ज्ञानदाता च ज्ञानगम्यः पुरातनः ।
सौवर्णगौरदेशश्च पीताम्बरसुपाण्डुरः ॥
अश्वेमेध मखकर्ता सार्वभौम विशारद ॥ १८॥

इति रुद्रयामलोक्त भीमसेनस्तोत्रम् ॥

## परिशिष्ट – २ (क)

'माणिग्लाधिपति महाराजाधिराज श्रीश्रीजयश्रीनिवास मल्लदेव प्रभु ठाकुलसन स्वनगरं छगुल जुयाव नेपालेश्वर जुयाव विजयराज्य याङविजाक' भन्ने उल्लेख भएबाट उतिखेर नेपाल उपत्यकामा राजा श्रीनिवास मल्लको प्रभाव फैलिएको र उनले 'नेपालेश्वर' भएर शासन चलाएको देखिएकाले यस शिलापत्रको विशेषता रहेको देखिन्छ । उदाहरणका लागि उक्त शिलापत्रको अनुवाद यहाँ दिइएको छ –

श्री ३ भीमसेनलाई नमस्कार छ । जसले आफ्नै बाहुबलले युद्धमा दुःशासनलाई मार्नुभयो, भयङ्कर गदाले हिर्काएर अधम दुर्योधनलाई मार्नुभयो, जसले साह्रै बलिया कामातुर किचकलाई रातको समयमा सिध्याउनुभयो, शत्रुका लागि भयङ्कर रूप लिने त्यस्ता भगवान् भीमसेनको सेवा गर्छु । नाना नृत्यकलाहरू जान्ने, कामदेवजस्तै सुन्दर, वीणाको ताल र मादलको तालमा गीत गाउन सिपालु, सङ्गीतविद्याका खानी, सूर्यजस्तै तेजिला, प्रतापले

शत्रुलाई सखाप पारेका राजा श्रीनिवास मल्ल नेपाल देशको ललितपुरमा घुमफिर गरिरहनुभएको छ । इन्द्रका छोरा जयन्तजस्तै श्रीनिवास मल्लका छोरा कामदेवसमानका सूर्यजस्तै तेज भएका राजा योगनरेन्द्र मल्ल सुहाइरहनुभएको छ । राजाहरूका मुख्य श्रीनिवास मल्लले भगीरथसँग सल्लाह गरेर साह्रै राम्रो यो भीमसेनको मन्दिरलाई बनाउनुभयो । नेपाल सम्वत ् ८०१ मार्ग महिना शुक्लपक्ष षष्ठी तिथि बुधबारका दिन होमको विधिविधान गरेर यो भीमसेनको मन्दिरमा सुवर्णकलशहरू स्थापना गर्नुभयो । हरिवंशले श्लोकहरू बनाउनुभयो । अनुसूची – ३

यो अभिलेख ने. सं. ६८८ (वि. सं. १६२४) को हो, जो 'दोलखाको ऐतिहासिक रूपरेखा' मा पृष्ठ नं. ९८, ९९ मा प्रकाशित छ । यो अभिलेखमा पूरा शिवमहिमा उल्लेख भएको छ । तर यसपछिका अभिलेखको भने प्रायः भीमसेनको नाउँ उल्लेख गरिएको पाइन्छ ।

भीमेश्वर भण्डारको अभिलेख

दोलखाको प्रसिद्ध भीमेश्वरको मन्दिरसँगै भण्डारघर रहेको छ । सो भण्डारमा भीमेश्वरका गहना, भाँडाकुँडाका साथसाथै केही ताम्रपत्र, सुवर्णपत्रहरू पनि रहेका छन् । तिनमध्ये एउटा सुवर्णपत्रमा अभिलेख कुँदिएको छ । यहाँ सम्वत् ६८८ छ ।

१. नमः शिवाय ॥ गात्रं शितं शितं च हसितं हस्ते कपारं शितं, खट्वांगञ्च शितं शितं च वृषभं कर्ण्णस्थितं कुण्डलं । गङ्गास्फेणसितं

२. शितं च मुदितं चन्द्रः शितं मूद्धनी । एवं सर्व्व शितं च महिमा पायः जयः संकर ॥ स्वस्ति श्रीमत्श्रीश्रीदोलखास्थानाधिपति श्री-

३. श्रीश्रीभीमेश्वरचरणप्रसेवीत, वंशानुवंश, पात्राधिपात्र, निःशाकरकिरन प्रभाश्वर, सोमवंशा—वतार, महाराजाधि-

४. राज, श्रीश्रीजितादेव, तथा श्रीश्रीरायदेव, श्रीश्रीजयनारायणदेव, श्रीश्रीवासुदेव भगिने (य) श्रीगुसयसिंह, पुत्र श्री-

५. भागुजु, श्रीसम्वरसिंहदेव, थ्वते ह्नसथा प्रमुख राजत्व समोश्चयन श्रीश्रीश्रीदेवरं, दर्शन भ्काय आदेन छु कार्ज

६. भ्कास्यनों, चखोनथं, प्रजा संज थंमि आदिनयाके जाथ्वं केथ्वं चतिबाहिकन, समस्तं तोरता जुरो, राज अंसन ह्लायम-

७. दो, लिथें ह्नथें थ्व अथि गररपं, सुना कारं, ओत्ह्ययाके पंचमहापातक राक श्री ३ महादेवस निग्रह जुरो ॥ ॥

८. सम्वत् ६८८ पौषमासे शुक्लपक्षे पूर्ण्णमास्यां तिथौ आद्रानक्षत्रे व्रह्मयोगे अंगार वारसरे, थ्व कुन्हु श्री ३ देवरं महादेव-

९. स थ्व स्वर्ण साहासन ताया जुरो । थ्वतेया पून्यन खड्गसिद्धिरस्तु स्वर्गफलप्राप्तमस्तु, लिखित देवदाश ॥ शुभ ॥

अनुवाद – महादेवलाई नमस्कार । शरीर सेतो, हाँसो सेतो, हातमा लिएका खप्पर र खट्वाङ्ग सेता, साँढे सेतो, कानमा लाएको कुण्डल सेतो, गङ्गाको फिँज सेतो, खुसी सेतो, शिरमा रहेको चन्द्रमा पनि सेतो नै छन् । यसरी जसका सबै कुरा सेता छन्, ठूलो महिमा भएका ती शङ्करको जय होस् । कल्याण होस् । श्रीश्रीश्रीदोलखाका अधिपति श्री ३ भीमेश्वरका पाउको सेवा गर्ने, कुलपरम्पराबाट आएका, पात्रहरूमध्ये ठूला पात्र भएका, चन्द्रमाको किरणजस्तै चम्किला, सोमवंशी महाराजाधिराज श्रीश्रीजितादेव, श्रीश्रीरायदेव, श्रीश्रीजयनारायणदेव, श्रीश्रीवासुदेव, भानिज श्रीगुसयसिंह,
छोरा श्रीभागुजु, श्रीसमरसिंहदेव यी सातजना प्रमुख राजाहरूको समूह श्री ३ देवताको दर्शन गर्न जानु आदि कुनै काजविशेषले बाहिर जाँदा … प्रजा, संज (भोटे) थामी आदिसँग 'जाथ्वं', 'केथ्वं' यी रकमबाहेक अरू सबै रकम माफी गरियो । राजाले लिने दस्तुर लाउन पाइँदैन । जसले पछि यसको ख्याल नराखी दस्तुर उठाउलान्, तिनलाई पञ्चमहापातक
लागोस् । श्री ३ महादेवको निग्रह होस् । ने. सं. ६८८ (वि. सं. १६२४) पौष शुक्ल पूर्णिमा आर्द्रा नक्षत्र, ब्रह्मयोग, मङ्गलबारका दिन श्री ३ महादेवकहाँ यो सुनको सनदपत्र टाँसी राखियो । यस पुण्यले खड्गसिद्धि होस्, स्वर्गफलको प्राप्ति होस ् । लेखक देवदास । शुभ होस् ।

सन्दर्भसूची :

१. जङ्गम, भरतमणि, खोपृङ, अङ्क १८ वर्ष २०, भक्तपुर विकास सहयोग सङ्घ्
२. वज्राचार्य, धनव्रज, लिच्छविकालीन बस्ती, पूर्णिमा १८, संशोधन मण्डल, काठमाडौँ, २०२५
३. वज्राचार्य, धनवज्र, लिच्छविकालका अभिलेख, नेपाल तथा एसियाली अध्ययन संस्थान, त्रि. वि.
४. वज्राचार्य, धनवज्र, मध्यकालीन अभिलेख, नेपाल तथा एसियाली अध्ययन संस्थान, त्रि. वि.

५. खनाल, मोहनप्रसाद, नेपालका केही मल्लकालीन अभिलेख, काठमाडौँ, २०२९
६. वज्राचार्य, धनवज्र, दोलखाको ऐतिहासिक रूपरेखा
७. दैवज्ञ, कृष्णराज, खोपृङ, अङ्क २३ वर्ष २५ (२०७३), भ. स. वि. सङ्घ
८. लामिछाने, डा. जनार्दनराज, नेपालको प्रशासनिक संस्कृति (२०७४), विमला लामिछाने

# चाँगुनारायणको नाउँ दोलाशिखर स्वामी होइन

नेपालको इतिहासका बारेमा खोज हुन थालेको करिब एक सय पचास वर्ष मात्र हुन लाग्यो । यसबीचमा धेरै लुकेका, छायाँमा परेका, विलय हुन खोजेका मूर्त र अमूर्त सम्पदाहरूको अध्ययन-अनुसन्धान गरी अभिलेख राख्ने काम भयो । धेरै तथ्य, विषय, घटना र सम्पदाहरूले अभिलेखीकरण हुने अवसर पनि पाए । विदेशी अनुसन्धाताबाट सुरु भएको कार्य पछि स्वदेशकै विद्वान्हरू इतिहासप्रकाशमा सम्मिलित हुँदै गए । राजा महेन्द्रको समयमा इतिहास संशोधन मण्डल गठन भयो । त्यसै गरी त्रिभुवन विश्वविद्यालयमा एसियाली अध्ययन तथा अनसन्धान केन्द्रको स्थापना भयो । त्यसपछिका दिनहरूमा यस विषयमा चाख राख्ने, अध्ययन गर्न रुचाउने, इतिहासको खोज गर्ने र व्याख्या गर्ने व्यक्ति, समूह र संस्थाहरू संलग्न हुँदै गएको पाइयो । यसबाट बितेको समयका धेरै सत्यतथ्य विषयहरू उजागर भइरहेका छन्, साथै पछि भविष्यसम्म पनि हुँदै रहनेछन् ।

भनिन्छ इतिहासलाई छायाँमा पार्न सकिन्छ, तर नभेटिने गरी दबाउन सकिँदैन । कुनै पनि विषय वा वस्तुलाई इतिहासमा स्थापित हुन समय लाग्छ । त्यो समयको पर्खाइमा ती विषय वा वस्तु बसेका हुन्छन् । समय आएपछि आफैँ प्रकाशमा आउँछन् । यो कटु सत्य हो । मेरो जिज्ञासा, चाँगुनारायण कतै अन्यायमा त परेका छैनन् ? प्रायः धेरै इतिहासकार, अन्वेषक र अनुसन्धाताले चाँगुनारायणलाई ‘दोलाशिखर स्वामी’ को सङ्ज्ञा दिएका छन् । यसको समाधान अति आवश्यक सम्झेर यसको महत्त्वपूर्ण पक्षलाई एकपटक हेरौँ ।

१) पशुपतिनाथको मन्दिरको समकालीन देखिने चाँगुनारायणको मन्दिरको निर्माण समय कुन हो ?

२) मानदेवको समय (सं. ३८६) कुन सम्वत् हो ? भेटिएको शिलापत्रमा लेखिएको विवरण यथार्थ विवरण हो वा काल्पनिक काव्य हो ?

३) चारनारायण नामकरण हुँदाका बखत चाँगु कुन अस्तित्वमा थिए ?

४) गरुडनारायणको मूर्ति स्थापित चाँगु कसरी दोलाशिखरमा परिवर्तित भए ?

यी माथिका चार जिज्ञासाको समाधानका लागि आजभन्दा बाह्र वर्षपहिले 'चाँगुनारायणको नाउँ दोलाशिखर स्वामी होइन' भन्ने शीर्षकमा खोपृङ अङ्क १४ वर्ष १६ (२०६४) मा लेख छापिएर सार्वजनिक हुँदा पनि यस विषयमा कुनै पनि इतिहासविद्ले सरोकार ग्रहण गरेको देखिएन । त्यसैले यो लेखलाई जस्ताको तस्तै प्रकाशित गर्ने अनुमति चाहन्छु ।

इतिहासको कुनै पनि राम्रो वा नराम्रो घटनाको उपज वर्तमान भएर हाम्रा सामु खडा भएको हुन्छ । भूतकालमा बितेका घटना र अवस्था मानवोचित भएको खण्डमा हाम्रो वर्तमान स्वस्थ, शान्तिमय र समृद्ध बनेको हुन्छ भने मानवोचित व्यवहार र घटनाको विपरीत भए वर्तमान पनि अनिश्चित, भयावह र दु:खग्रस्त बन्न पुग्छ । वर्तमानको अवस्थालाई न्याय प्रदान गर्ने कडी भूतकालको कार्यपद्धति वा घटनामा निर्भर हुन्छ । त्यसैले इतिहासको सही तथा तथ्य जानकारीले मात्र वर्तमानको अवस्थाको मूल्याङ्कन हुन्छ भने भविष्यको कार्ययोजनाको तर्जुमा पनि त्यसैमा निर्भर गर्दछ । त्यसैले इतिहासको सही र तथ्य खोज हुनुपर्ने कारण पनि मानव-सभ्यताको विकासका लागि अपरिहार्य तत्त्व बनेको छ । नेपालको इतिहासको खोजी आजभन्दा करिब सय वर्षअगाडि मात्र सुरु भएको हो, जबकि नेपालको अस्तित्व भने पाँच हजार वर्ष पुरानो देखिन्छ । महाभारतकालमै चिनिएको नेपाल भूखण्डको ऐतिहासिक तथ्ययुक्त सामग्रीको अभावमा त्यस बखतको वास्तविक चिनारी दिन पनि इतिहास सक्षम देखिँदैन । ऐतिहासिक प्रमाण र आधारको कुरा गर्नुपर्दा कोसी र गण्डकीजस्ता नदीको विवरण 'भागवत महापुराण' मा उल्लेख भएका छन् भने हिमाल, कैलाश र पशुपति ज्योतिर्लिङ्गको विवरण त्यसभन्दा पनि पहिले नै परिचित भएका देखिन्छन् । तर पनि नेपालको इतिहासको प्राचीनतालाई लिनुपर्दा इस्वीको केही शताब्दीअघिलाई मात्र मान्नुपर्ने भएको छ । किनभने नेपालमा शासन गर्ने

शासकको इतिहासबाट मात्र इतिहास प्रारम्भ हुने हुँदा किरातवंश र लिच्छविवंशको शासनकाललाई नै 'प्राचीन' भनी सङ्ज्ञा प्रदान गरिएको छ ।

अब नेपालको प्राचीन इतिहासलाई प्रमाणका आधारमा व्याख्या गर्नुपर्दा इस्वी सम्वत् ४६४ देखि मात्र हामी प्रमाण जुटाई व्याख्या गर्न सक्छौं । नेपाल उपत्यकाको चाँगुनारायणको प्राङ्गणमा भएको लिच्छविवंशीय राजा मानदेवकालीन शिलालेखबाट[1] हामी प्रमाण जुटाउन सक्छौं । त्यसपछिका लिच्छविकालीन राजाहरूले साना वा ठूला लिखत- प्रमाणहरू छाडेर गएका कारण हामीलाई इतिहासको तथ्यसँग अवगत हुन सजिलो भएको छ ।

नेपालको प्राचीन इतिहासको सत्यता र तथ्यताको पूर्णतः व्याख्या भइसकेको छैन । प्राप्त अभिलेख र सामग्रीका आधारमा इतिहासविद्हरूले जेजति अनुसन्धान कार्य गरेका छन् र सामग्री र प्रमाणका आधारमा व्याख्या भएको छ, त्यो पनि कम उपलब्धि होइन । तर धेरै राम्रो कार्य भएर पनि केही निर्णय र व्याख्यामा प्रश्न उठाउने ठाउँ छन् । त्यसमध्ये यस लेखमा चाँगुनारायणलाई 'दोलाशिखर स्वामी' नामकरण गरिएको बारेमा केही तथ्यगत विश्लेषण गर्न चाहन्छु ।

इतिहासविद् धनवज्र बज्राचार्यलगायत धेरैजसो इतिहासका ज्ञाताहरूले लिच्छविकालीन समयमा चाँगुनारायणलाई दोलाशिखर स्वामी भनिन्थ्यो[2] भनी किटानका साथ भनेका छन् । त्यसपछिका इतिहासविद्ले पनि चाँगुनारायणका बारेमा लेख्नुपर्दा दोलाशिखर स्वामी नै भनेर लेख्ने र भन्ने गरेका हुँदा यसबारेमा गम्भीर रूपमा अनुसन्धान गर्नुपर्ने देखिएकाले यससम्बन्धी यो सानो लेख प्रस्तुत गरेको हुँ ।

सर्वप्रथम 'स्वामी' भन्नाले कुन वर्ग र सम्प्रदायलाई बुझाउँछ र 'स्वामी' को वास्तविक अर्थ के हो भन्नेतर्फ विचार गर्नु जरुरी छ । पौराणिक युगका 'कार्तिकेय स्वामी' भन्नाले देवाधिदेव महादेवका गङ्गातर्फका पुत्र कुमारलाई बुझाउँछ । कुमार शिवजीकै छोरा भएका हुँदा उनी वैष्णवमतका

---

[1] धनवज्र वज्राचार्य : लिच्छविकालका अभिलेख, पृष्ठ १०

[2] ऐ. ऐ. पृष्ठ १८ मा भनिएको छ – "अंशुवर्माको हाँडीगाउँको अभिलेखमा नेपालका प्रसिद्ध देवताले पाउने भाग नियत गर्दा विशिष्ट देवतामध्ये सबभन्दा पहिले पशुपतिको र अनि दोलाशिखर स्वामी = चाँगुनारायणको उल्लेख आएको छ ।"

हुन् कि भन्ने विवाद नै उठ्न सक्तैन । पछि धर्मप्रचारका क्रममा जब शैवमत भारतवर्षमा विस्तारित हुन थाल्यो, त्यस बखतका शैवमतका प्रचाराधिकारीहरूले 'स्वामी' र 'महास्वामी' शब्दलाई नामको अगाडि वा पछाडि विशेषणका रूपमा जोडेर शैवमतको परिचय दिन थालेका हुन् । त्यसैले 'स्वामी' शब्दले शैवमतसँग स्पष्ट सम्बन्ध कायम गरेको छ ।

लिच्छविकालीन स्वामीहरूको उल्लेख भएको अभिलेख देखिन्छ । लिच्छविकालीन स्वामीहरूलाई विचार गर्दा निम्नलिखित स्वामीहरू प्रमाणका रूपमा अभिलेखमा इङ्गित भएको पाइन्छ – (१) दोलाशिखर स्वामी[3], (२) लोकपाल स्वामी[4], (३) नारायण स्वामी[3], (४) वामन स्वामी[4] ।

[3] लिच्छविकालीन अभिलेखको व्याख्या गर्ने सबै इतिहासविद्हरूले दोलाशिखर स्वामीलाई चाँगुनारायण मानेका छन् ।

[4] धनवज्र वज्राचार्यको 'लिच्छविकालका अभिलेख' को पृष्ठ ४८६ देखि ४८९ सम्म यिनका बारे उल्लेख भएको छ । उनले लेखेका छन् – "त्यसताका वैष्णवदेवतालाई स्वामी' भन्ने चलन थियो । अंशुवर्माको हाँडीगाउँको अभिलेखमा चाँगुनारायणलाई 'दोलाशिखर स्वामी' भनिएको छ । केवलपुरको अभिलेखमा (इचङ्गुनारायणलाई) 'नारायण स्वामी' भनिएको छ । ... यहाँ

---

[3] धनवज्र वज्राचार्यको 'लिच्छविकालका अभिलेख' को पृष्ठ ४१४ देखि ४१८ सम्म यिनका बारे उल्लेख छ । उनले व्याख्या गर्दै भनेका छन् – "केवलपुरमा अहिले कुनै नारायण छैन । यसकारण यहाँ उल्लिखित नारायण कहाँका हुन् भन्ने प्रश्न स्वभावतः उठ्छ ।" यसो भन्दाभन्दै व्याख्यामा यो अभिलेखमा उल्लिखित 'नारायण स्वामी' इचङ्गुनारायण हुन् भनी किटानसाथ भनिएको छ । इचङ्गुनारायण र केवलपुरको दूरी ६ कोसभन्दा बढी छ । हिँडेर जाँदा एक दिन पूरा हिँड्नुपर्छ । तर केवलपुरमा प्राप्त जिष्णु गुप्तको अभिलेखलाई यसरी जोड्न मिल्ने थिएन ।

[4] धनवज्र वज्राचार्यको 'लिच्छविकालका अभिलेख' को पृष्ठ १६८ र १६९ मा साँखु दुगाहिटीको वामदेवको अभिलेख सङ्ख्या ३७ – "अभिलेखमा 'भट्टारक महाराजश्री वामनदेवस्य (साग्रं वर्ष शतं) सभाज्ञापयतः' भन्ने व्यहोरा परेको हुनाले यो अभिलेख कुनै दुनियादारले राखेको देखिन्छ ।" यस अभिलेखमा राजाको नाउँ पनि 'वामनदेव' भनिएको र जग्गाको कुत ठेकिएका देवता वा

उल्लिखित 'लोकपाल स्वामी' वैष्णवदेवता हुन् भन्ने निश्चय हुन्छ ।" तर यो तथ्य ठीक होइन भन्नेबारमा विभिन्न लेखबाट स्पष्ट भइसकेको छ ।

यी उल्लिखित चार स्वामीहरू देवताका रूपमा प्रतिष्ठापित भएको शिलालेखबाट देखिन्छ । प्राचीन इतिहासका व्याख्याताहरूले दोलाशिखर स्वामीलाई स्पष्ट रूपले चाँगुनारायण भनेको र त्यसैका आधारमा अनन्तलिङ्गेश्वर शिवलिङ्ग परिसरमा रहेको शिलापत्र, जसको शिरोभागमा बसाहा अङ्कित छ, मा 'लोकपाल स्वामी' उल्लेख भएको छ । अनन्तलिङ्गेश्वरलाई दोलाशिखर स्वामीको प्रमाण लिई वैष्णवदेवता भनिएको सत्य होइन । अनन्तलिङ्गेश्वर शैवदेवता हुन् ।[7]

त्यस्तै लिच्छविकालका ध्रुवदेव तथा जिष्णु गुप्तको धादिङ जिल्लाको केवलपुरमा रहेको शिलालेखमा उल्लेख भएका 'नारायण स्वामी' लाई काठमाडौँ उपत्यकाको पश्चिमी भागमा रहेका इचङ्गुनारायण हुन सक्ने अनुमान गरी व्याख्या गरिएको पाइन्छ, जबकि इचङ्गुनारायण र केवलपुरको दूरी ६ कोसको छ । एउटा साधारण मान्छेलाई निर्दिष्ट स्थानमा पुग्न करिब एक दिनको पैदलयात्रा गर्नुपर्छ । यति लामो दूरी भएको स्थान कसरी इचङगुनारायणमा् जुटन् पुग्यो, आश्चर्यको कुरो भएकै छ । 'नारायण' नाम हुनेबित्तिकै वैष्णवमतको भन्न मिल्दैन । धादिङ जिल्लामा रहेको केवलपुरको शिलालेख रहेको स्थानको नाउँ 'बसाहाडाँडो' भनिन्छ भने शिलालखको शिरोभागमा बसाहा नै अङ्कित रहेको छ । शिलालेखमा 'शतद्वयन्नुप्नुन्ने भगवन्ना नारायणस्वामिनो भवद्भिरेव कारणपूजादि प्रवर्तनार्थ' [8] भनिएको हुँदा 'नुप्नुन्न' नामक बस्तीमा बसोवास गर्ने दुई सय घर (परिवार) ले नारायण स्वामीको पूजा गर्नुपर्ने व्यहोरा उल्लेख भएको छ । तर नारायण स्वामी वैष्णव वा शैवदेवता भनी भनिएको छैन । केवलपुरको शिलालेख भएको स्थानको नाउँ 'बसाहाडाँडो' भएको र शिलालेखको शिरोभागमा बसाहा नै अङ्कित भएको हुँदा लिच्छविकालको केवलपुरमा रहेको ध्रुवदेव तथा जिष्णु गुप्तको अभिलेखबाट नारायण स्वामी वैष्णवदेवता नभएर शवदेवता भएको बलियो अनुमान गर्न सकिन्छ । त्यसैले इतिहासविद् धनवज्र वज्राचार्यले

व्यक्ति पनि वामन स्वामी भएका हुँदा यस अभिलेखले प्राचीन इतिहासको लिच्छविकालका राजहरूको क्रमप्रति प्रश्न उठाएको छ ।

[7] भरतमणि जङ्गम : अनन्तलिङ्गेश्वर महादेव वैष्णवदेवता होइनन, खोपृङ, वर्ष ‌्
११, पृष्ठ ४३ – ४६

[8] धनवज्र वज्राचार्य : 'लिच्छविकालका अभिलेख' को पृष्ठ ४१४ र ४१५

केवलपुरको ध्रुवदेव तथा जिष्णु गुप्तको अभिलेख रहेको ठाउँबाट करिब ६ कोस पूर्वतर्फ दूरीमा रहेको इचङ्गुनारायणसँग जोडी गरिएको व्याख्या मिल्न आएको देखिएन ।

साँखुमा पाइएको एउटा शिलालेखमा वामन स्वामीको उल्लेख भएको पाइन्छ । त्यस अभिलेखमा वामनदेव भन्ने राजाले सम्वत् ४६० मा वामन स्वामीका लागि केही जग्गा गुठी राखेको उल्लेख भएको छ ।[5] लिच्छविकालमा वामनदेवको नाम उल्लेख भएको पाइँदैन । तर त्यस अभिलेखमा उल्लेख भएका वामन स्वामी विष्णुदेवताको वामन अवतार भएको व्यहोरा प्राचीन इतिहासविदले ‌् अनुमान गरेको मिलेको छैन । वामनदेव राजा भएका र वामन स्वामीका लागि गुठी राखिएको व्याख्या भएको हुँदा यसमा अरू विस्तृत अनुसन्धानको आवश्यकता भएको देखिन्छ । केवल 'वामन स्वामी' भन्ने नामका आधारमा वामन अवतार भन्न मिल्दैन ।

यसै गरी (५) वराह स्वामी, (६) विजय स्वामिनी, (७) विन्दु स्वामी, (८) कुमार स्वामी, (९) खुडु स्वामी, (१०) तल स्वामी, (११) मधुसूदन स्वामी, (१२) राम स्वामी, (१३) वार्त स्वामी आदि धेरै स्वामीहरू लिच्छविकालको अभिलेखमा उल्लेख भएका छन ‌् । यी माथि उल्लेख भएका सबै स्वामीहरू कुनै व्यक्तिको पद भएको या कुनै पदीय विशेषण भएको देखिन्छ । जस्तै 'वराह स्वामी' लाई पशुपति छत्रचण्डेश्वरको अभिलेखमा देवताका रूपमा उल्लेख गरिएको पाइँदैन । शिलालेखको समय जिष्णु गुप्तको भएको र छत्रचण्डेश्वर शैवदेवताको स्तुति गर्दै गुठी
राखेको देखिन्छ । यस अभिलेखमा पाशुपत सम्प्रदाय (शैव) आचार्यको सङ्घलाई र 'वराह स्वामी उपसोम' समेतले आयस्ता पाउने उल्लेख भएको देखिन्छ । त्यति मात्र होइन, अभिलेखको अन्तमा वराह स्वामीले काम

---

[5] धनवज्र वज्राचार्य : 'लिच्छविकालका अभिलेख' को पृष्ठ १६८ र १६९

लगाउनुपर्ने व्यहोरा पनि उल्लेख हुँदा अभिलेखमा उल्लेख भएको कारणले पनि वराह स्वामी वैष्णवदेवता होइनन् ।[6]

विजय स्वामिनीले पलान्चोक भगवतीको स्थापना गरेको देखिन्छ । अभिलेखमा स्वामिनीको परिचय सम्राट गृहपतिकी पत्नी भनी उल्लेख भएको हुँदा यी स्वामिनी पनि व्यक्ति नै देखिइन् ।[7] तल स्वामीका बारेमा विचार गर्दा तल स्वामी एक जिम्मेवार पदाधिकारी भएको प्रमाणित हुन्छ । लिच्छविकालमा ग्राम, तल र द्रङ्ग गरी बस्तीहरूलाई विभक्त गरिएको थियो । तल भन्नाले ग्रामभन्दा ठूलो र द्रङ्ग (सहर) भन्दा सानो भन्ने जनाउँदछ । खोपासीको शिवदेव तथा अंशुवर्माको सम्वत् ५२० को अभिलेखमा तल स्वामीको उल्लेख भएको छ र 'लिच्छविकालको अभिलेख' को पृष्ठ ९४ मा व्याख्या गर्दा पनि तल स्वामी प्रशासनिक निकायको पद भएको व्यहोरा उल्लेख भएको छ ।[8] स्वामी वार्त पनि त्यस बखतका एक सम्पन्न व्यक्ति भएको पशुपति देउपाटनको सम्वत् ४८७ को अभिलेखले प्रमाणित गरेको छ ।[9] त्यसै गरी विन्दु स्वामी र राम स्वामी यी दुवै बलाध्यक्ष अर्थात् त्यस बखतका सेनापति भएको अभिलेखले प्रमाणित गरेको छ[10] भने मधुसूदन स्वामी नरेन्द्रदेवको देउपाटन कसाईटोलमा भएको अभिलेखले 'पञ्चालिका समानाधिकारी अर्थात् पञ्चालीका सदस्यको नियुक्त गरिएको' उल्लेख छ ।[11] चाँगुको मूल ढोकानजिकै जलहरीमा अभिलेख छ, जसमा कुमार स्वामी नाम गरेका कुनै भक्तले देवता स्थापना गरेको व्यहोरा उल्लेख भएको छ ।[12]

---

[6] धनवज्र वज्राचार्य : 'लच्छविकालका अभिलेख' को पृष्ठ ४२६ र ४२७ । यस अभिलेखको अनुवाद र व्याख्यामा वराह स्वामीलाई वैष्णवदेवता लेखिएको छ । यो मिलेको छैन भन्ने देखिन्छ ।

[7] धनवज्र वज्राचार्य : 'लिच्छविकालका अभिलेख' को पृष्ठ ६७

[8] धनवज्र वज्राचार्य : 'लिच्छविकालका अभिलेख' को पृष्ठ १९४ देखि १९७ तथा २४७, २७५

[9] धनवज्र वज्राचार्य : 'लिच्छविकालका अभिलेख' को पृष्ठ १९४ र १९५

[10] धनवज्र वज्राचार्य : 'लिच्छविकालका अभिलेख' को पृष्ठ २१५ – २१७ र ४७२

[11] धनवज्र वज्राचार्य : 'लिच्छविकालका अभिलेख' को पृष्ठ ४७४ – ४७६

[12] धनवज्र वज्राचार्य : 'लिच्छविकालका अभिलेख' को पृष्ठ ५९५

खुडु स्वामीका बारेमा विचार गर्दा खुडु स्वामी देवता नभएर व्यक्ति नै भएको अभिलेखमा स्पष्ट देखिन्छ । किनभने सम्वत् ४६७ लेखिएको रामदेवको पालाको अभिलेखमा नाथेश्वर (शिव भगवान्) लाई वार्षिक २८ मानिका कुत आउने जग्गा राखिएको छ भने खुडु स्वामीलाई २ मानिका दान दिइएको व्यहोरा उल्लेख भएको छ । त्यसैले खुडु स्वामी त्यही शिवलिङ्गलाई हेरचाह र पूजा गर्ने स्वामी हुन सक्ने बलियो अनुमान गर्न सकिन्छ । तर त्यस अभिलेखको व्याख्याका क्रममा 'लिच्छविकालको अभिलेख' को पृष्ठ १७६ मा भने द्विविधायुक्त प्रस्तुतिका साथ इतिहास तथा पुरातत्त्वको नीति तथा सिद्धान्तविपरीत व्याख्या गरिएको छ । व्याख्यामा भनिएको छ – "भानमती भन्ने आइमाईले 'नाथेश्वर' को पूजाआजाका लागि केही जग्गा गुठी राखिदिएको कुरा यस अभिलेखमा परेको छ । साथै 'खुडु स्वामी' भन्ने देवताका लागि पनि २ मानिका छट्ट्याइएको कुरा यसमा परेको छ । वैष्णव सम्प्रदायका देवतालाई 'स्वामी' भन्ने चलन थियो । चाँगुनारायणलाई 'दोलाशिखर स्वामी', वामन अवतार विष्णुलाई 'वामन स्वामी', इचङ्गुनारायणलाई 'नारायण स्वामी' आदि भनिएको पाइन्छ । यसकारण 'खुडु स्वामी' वैष्णव सम्प्रदायका देवता हुन् कि भन्ने देखिन्छ । यसरी भानमतीले शैव र वैष्णव सम्प्रदायका देवतालाई एकैचोटि गुठी राखेको यसबाट देखिन्छ । लिच्छविकालमा जनतामा धार्मिक उदारता रहेको थियो भन्ने उदाहरण यसले प्रस्तुत गरेको छ । अथवा 'खुडु स्वामी' पुजारीको नाम पनि हुन
सक्छ । विन्दु स्वामी आदि व्यक्तिका नाम पनि त्यस बेला लेखिएका छन् ।"[13] उपर्युक्त भनाइले लिच्छविकालको इतिहासमा प्रश्न खडा भएको स्पष्ट देखिन्छ । एउटै अनुच्छेदमा 'स्वामी' का तीन अर्थ लगाएर इतिहासविदद्वारा व्याख्या भइदिँदा द्विविधा सिर्जना हुन पुगेको छ । त्यसैले स्वामी भन्नेबित्तिकै देवता हुँदैनन् र स्वामीको पद वैष्णव देवताको वा वैष्णव सम्प्रदायको एकलौटी विशेषण हाइन भन्ने कुरा बुझ्ने कोसिस गरिएको भए यस किसिमको द्विविधायुक्त प्रस्तुति हुन सक्तैनथ्यो ।

[13] धनवज्र वज्राचार्य : 'लिच्छविकालका अभिलेख' को पृष्ठ १७६

प्रायः सबैजसो इतिहासविदहरूले ॣ चाँगुनारायणलाई दोलाशिखर स्वामी नाम दिएका छन्, तर दोलाशिखर स्वामीका बारेमा विस्तृत अध्ययन भएको चाहिँ छैन । तर पनि दोलाशिखर स्वामी कसरी र कहाँबाट सुरु भयो त भनी विचार गर्दा सुरुमा मानदेवको चाँगुनारायणमा भएको अभिलेखको पहिलो श्लोकको अन्तिम हरफमा '(दो) लाद्रौ' शब्दलाई 'दोलाशिखर' अर्थ लगाई अंशुवर्माको हाँडीगाउँको अभिलेखमा उल्लेख भएको 'दोलाशिखर स्वामिनः पु ६ प २'[14] लाई चाँगुनारायण नै हुनुपर्दछ भनी अनुमान गरी चाँगुनारायणलाई दोलाशिखर स्वामी नामकरण गरिएको देखिन्छ । चाँगुनारायणको नाम दोलाशिखर स्वामी नै थियो भने यसअघिका र पछिका शिलालेखहरूमा पनि चाँगुनारायणलाई किटानका साथ दोलाशिखर स्वामी भनेर उल्लेख हुनुपर्ने थियो । साथै, नेपालको इतिहासको प्रामाणिकताका लागि जेठो वंशावली अर्थात् 'गोपाल राजवंशावली' मा पनि दोलाशिखर स्वामीको नाम उल्लेख हुनुपर्दथ्यो । 'गोपाल राजवंशावली' को २० (क) मा 'राजा श्री हरित्तवर्मा ४६ तेन हि चतु शिखर प्रदेशे भगवत् विष्णु महरकस्य देवालय सम्पूर्णम् वृत्तवानितुम्' [15] भनिएको छ । राजा हरिदत्त वर्माले उपत्यकाका चारैतर्फका डाँडामा चार नारायण स्थापना गरी जुन-जुन स्थानमा नारायण देवता स्थापना गरे, त्यही-त्यही नाम दिएको देखिन्छ । 'गुँ' को अर्थ डाँडामा रहेको वन हो । त्यसैले चाँगु, इचङ्गु, विशङ्खु र शिखरनारायण नामकरण भएका हुन् ।

लिच्छविकालका प्राप्त अभिलेखमा 'दोलाशिखर स्वामी' भनी स्पष्ट जम्मा ३ थान अभिलेखमा मात्र उल्लेख गरिएको पाइन्छ । प्राप्त अन्य अभिलेखहरूमा 'दोलाशिखर', 'डोलाञ्चल, 'डोलागिरी', 'दोलापर्वत', 'चारुपर्वत', 'पूर्वशिखर', 'शिखर', 'शिखरेश्वर' र 'दोलाशिखरवासी' आदि उल्लेख भएको पाइन्छ । तर धेरै अभिलेखको अनुवाद गर्दा वा व्याख्या गर्दा मात्र इतिहासका व्याख्याकारहरूले मात्र दोलाशिखर स्वामी भनी भनिदिएको पाइन्छ । अब 'दोलाशिखर स्वामी' भनी स्पष्ट लेखिएका अभिलेखहरूका बारेमा विचार गरौं ।

---

[14] धनवज्र वज्राचार्य : 'लिच्छविकालका अभिलेख' को पृष्ठ ३२०

[15] कुलचन्द्र कोइराला : 'वैष्णव-सम्प्रदाय र नारायणमन्दिर' को पृष्ठ ५६

१. हाँडीगाउँको अंशुवर्माको अभिलेखमा खर्चको बाँडफाँड गरिएको छ। घर, खेत आदिबाट प्राप्त हुने 'श्रावणिका' (श्रावण महिनामा असुल हुने तिरो) को रकम खर्चका लागि बाँडिएको देखिन्छ । त्यसरी खर्च पठाउँदा पशुपतिका अगाडि भगवान् भनिएको र दोलाशिखर स्वामीका अगाडि भगवान् नभनिएको अवस्था छ । त्यस अभिलेखमा देवालय, विहारका साथै गुठीका सदस्य, कामदार र ब्राह्मणहरूसमेतले खर्च पाउने व्यवस्था भएको देखिन्छ ।[16] त्यस अभिलेखअनुसार देवताले मात्र खर्च पाएका होइनन् ।

२. बनेपाको शिवदेव तथा अंशुवर्माको अभिलेखको नवौँ हरफमा 'शिखरस्वामिना' लाई 'लिच्छविकालका अभिलेख' को सङ्ख्या ५९ मा प्रकाशित अभिलेखमा 'दोलाशिखरस्वामिनः' भनी प्रकाशित भएको छ । यसरी शिखर स्वामीको अधीन हुने गरी गाउँ प्रदान भएको देखिन्छ । बनेपामा रहेको गाउँको उपभोग गर्ने 'शिखर स्वामी' कुनै अर्कै शिखरमा बस्ने स्वामी हुन सक्छन् ।[17]

३. चाँगुनारायणको मन्दिरचोकको पूर्वतर्फ डबलीमा रहेको सम्वत् १७३ को एउटा अभिलेख 'चाँगुनारायणका ऐतिहासिक सामग्री' पुस्तकको सङ्ख्या ८ मा प्रकाशित भएको छ ।[18] यो अभिलेखमा सुरुमै 'ॐ आसीद्दोलाशिरा', चौथो हरफमा 'दोलाशिखरस्वामिन द्वारोत्तर प्रदेश भुक्ती' भनिएको छ भने पाँचौँ हरफमा 'श्रीयं समुदित विष्णु भट्टारक' भनी उल्लेख भएको हुँदा चाँगुनारायण नै दोलाशिखर स्वामी भनेर प्रामाणिक रूपमा यो अभिलेखलाई व्याख्या गर्न त्यति सजिलो देखिँदैन । किनभने 'विष्णु भट्टारक' भन्ने शब्दले दोलाशिखर स्वामीलाई अलग गराउँछ । पहिलो हरफको 'दोलाशिखर', चौथो हरफको 'दोलाशिर स्वामी' र पाँचौँ हरफको 'विष्णु भट्टारक' लाई विचार गरेर मात्र यो अभिलेखको व्याख्या हुन सक्छ । यो अभिलेखको पूर्ण पाठ नभएको हुँदा यसलाई बलियो प्रमाणका रूपमा स्वीकार गर्न मिल्दैन ।

---

[16] धनवज्र वज्राचार्य : 'लिच्छविकालका अभिलेख' को पृष्ठ ३२० र ३२१

[17] धनवज्र वज्राचार्य : 'लिच्छविकालका अभिलेख' को पृष्ठ २४० र २४१

[18] मोहनप्रसाद खनाल : 'चाँगुनारायणका ऐतिहासिक सामग्री' को पृष्ठ १५०

त्यसैले माथि उल्लेख भएका तीनै अभिलखले चाँगुनारायणलाई दोलाशिखर स्वामी भनी स्पष्ट भन्न सकेका छैनन् । मोहनप्रसाद खनालद्वारा सङ्कलित तथा लिखित 'चाँगुनारायणका ऐतिहासिक सामग्री' नामक ग्रन्थमा विभिन्न साना-ठूला अभिलेख गरी ३५७ थान अभिलेखका उतार प्रकाशित भएका छन् । ती अभिलेखमा प्रायः गरुडनारायण भनी लेखिएका छन् । त्यसैले चाँगुनारायण गरुडनारायण नै हुन् ।

मानदेवको अभिलेख : अब मानदेवको सम्वत् ३८६ को चाँगुनारायणमा रहेको अभिलेखका बारेमा विचार गरौँ । इतिहासविद्हरूले त्यसै शिलालेखलाई प्रमाण दिई 'दोलाशिखर स्वामी' को अनुमान गरेका हुन् । यहाँ बुझ्नुपर्ने कुरो के हो भने लिच्छविकालको प्रथम अभिलेख हुने सौभाग्य पाएको चाँगुनारायणमा रहेको अभिलेख त्यस बखतका कुनै विद्वान् कविले लिच्छविराजा मानदेवको वीरगाथा गाएको काव्यको लेखोट मात्र हो अर्थात् त्यस बखतका मानदेव कस्ता थिए, कति प्रभावशाली थिए वा उनले आफ्नो जीवनलाई कसरी सञ्चालन गरेका थिए, राज्यको सीमा कति फैलाए र के विचारका थिए भन्ने खालको काव्यात्मक जीवनचरित्र कुँदिएको अभिलेख हो । उन्नाइस श्लोकमा लेखिएको उक्त अभिलेखको कुनै पनि श्लोकमा दोलाशिखर स्वामी वा चाँगुनारायणको नाउँ उल्लेख गरी काव्यरचनामा स्पष्ट पारेको देखिँदैन ।

यसरी हुँदै नभएको र लेखिँदै नलेखिएको कुरालाई इतिहासविद् तथा व्याख्याताहरूले पहिलो श्लोकको चार हरफमा चाँगुनारायणको व्याख्या गरिएको अनुमान गरेका छन्, जुन पूर्णतया काल्पनिक देखिन्छ । वास्तवमा राजा मानदेव कस्ता थिए भन्नेबारेमा नै काव्य केन्द्रित रहेको हुँदा शार्दूलबिक्रीडित छन्दको पहिलो श्लोकमा नै मानदेवका बारेमा कविले भनेका छन् – "... ... वत्साङ्कित दीप्त चारुविपु ... ... प्लोद्वृत्त वक्षःस्थलः । ... ... वक्षस्तन पद्मबाहु ... ... सम्यक्प्रवृद्धोत्सवः ॥ ... ... लोक्यभ्रमयन्त्रवर्तिति ... व्यास—न्नित्योव्ययः । ... लाद्रौ निवसञ्जयत्यनि ... षैरभ्यर्चमानो हरिः ॥१॥" अर्थात् मानदेव श्रीवत्स अङ्कित झलमल्ल भएका, राम्रो, फराकिलो, बाटुलो, उच्च घेरा भएको पुष्ट र शोभायुक्त छाती भएका, कमलजस्ता सफा र राम्रा हात भएका, आनन्दस्वरूप सबै लोकको कलपुर्जा घुमाउन सक्ने, कर्तव्यमा सधैँ व्यस्त रहने, सबैको मनमा बास गर्ने, सबैका पूजनीय देवता (हरि) समानका हुनुहुन्छ ।

यसरी मानदेवको व्यक्तित्वका बारेमा पहिलो श्लोकमा दर्साइएको बाँकी अठार श्लोकमा पनि राजा मानदेवका बारेमा दर्साइएको छ । बाँकी अठार श्लोकमा पनि राजा मानदेवकै बारेमा मात्र भनिएको छ, जसबारे गरिएको इतिहासविदको व्याख्यासँग मेरो पूर्ण सहमति छ । त्यसैले यो ्प्रथम श्लोकको चौथो हरफमा 'दो' अनुमान गरिएर व्याख्याले अर्कै मोड लिएको देखिन्छ । 'दोलाद्रौ' को कुनै अर्थ लाग्दैन, तर पनि 'दोलाशिखर' भनिएको व्याख्या मिलेको देखिएन ।

अंशुवर्माको अभिलेख : चाँगुनारायणको मूल मूर्ति गरुडासन नारायणको मूर्ति जीर्ण भएको हुँदा सम्वत् ३१ अर्थात् वि. सं. ६६४ मा लिच्छवराजा अंशुवर्माले जीर्ण मूर्तिलाई पहिलेजस्तै गरी भगवान्को कवच बनाएको उल्लेख भएको छ ।[19] यी नारायण हाँडीगाउँको अभिलेखमा उल्लेख भएका दोलाशिखर स्वामी भएका भए अंशुवर्माले दोलाशिखर स्वामीको कवच जीर्णोद्धार गरेको भन्नुपर्दथ्यो । स्मरण रहोस्, जसले जसलाई सम्बोधन गर्दा जुन शब्द प्रयोग गरेको हुन्छ, त्यसले त्यही शब्द प्रयोग गरेर सम्बोधन गर्ने गर्छ । यो मान्छेको प्राकृतिक स्वभाव हो । त्यसैले हाँडीगाउँको अभिलेखमा अंशुवर्माले 'दोलाशिखर स्वामी पु. ६' भनी उल्लेख गरेका दोलाशिखर स्वामी चाँगुनारायण नै भएका भए यस अभिलेखमा पनि सोही उल्लेख हुनपर्ने हो । तर गरुडनारायणको कवच-मूर्ति जीर्णोद्धार गरेको अभिलेखमा दोलाशिखर स्वामी भनी उल्लेख नगरिएबाट स्पष्ट हुन्छ – चाँगुनारायण दोलाशिखर स्वामी होइनन ् ।

जिष्णु गुप्तको अभिलेख : चाँगुनारायणको मन्दिरभित्र भुइँमा राखिछाडेको एउटा शिलापत्रमा धाराको पानी बन्द भएको र त्यसलाई जिष्णु गुप्तले जीर्णोद्धार गरेको व्यहोरा उल्लेख भएको छ । धाराको पानी बन्द भएपछि शिलापत्र संरक्षण गर्ने क्रममा शिलापत्रलाई मन्दिरभित्र भण्डारन गरिएको छ । यस अभिलेखको तेस्रो हरफमा उल्लिखित 'दोलासुरेन्द्रक्षितिधर शिखराध्यासिनः' भन्ने श्लोकलाई गलत अनुवाद गरी दोलाशिखर स्वामी प्रमाणित गर्न खोजिएको छ ।[20] यो शिला रहेको धाराको पानी टाढा (धेरै टाढा) बाट ल्याइएको व्यहोरा शिलालेखमा उल्लेख भएको छ । त्यो धाराको

---

[19] मोहनप्रसाद खनाल : 'चाँगुनारायणका ऐतिहासिक सामग्री' को पृष्ठ १४६

[20] धनवज्र वज्राचार्य : 'लिच्छविकालका अभिलेख' को पृष्ठ ४५२ र ४५३

पानी कतै डोलापर्वतको शिखर, जहाँ हाल महादेवपोखरी छ, बाट ल्याइएको त होइन ? यो अर्कै अनुसन्धानको विषय देखिएको छ । कारण, शिलालेखमा 'उँचो-निचो, अप्ठ्यारो, अड्याङमड्याङ भएको बाटोबाट पानीलाई जतनपूर्वक ल्याएको' भनिएको छ । त्यसैले पानी पर्वतको शिखरबाट नै ल्याइएको देखिन्छ ।

दोलाशिखर :

'लिच्छविकालका अभिलेख' मा 'दोलाशिखर' भनी केही अभिलेखहरूमा उल्लेख भएका छन् । तर व्याख्याताहरूले त्यसमा 'स्वामी' जोडी चाँगुनारायण नै दोलाशिखर स्वामी हुन् भन्न खोजेका छन् । लिच्छविकालमा वनदुर्गको सीमा छुट्याउने क्रममा 'दोलाशिखर' लेखिएका अभिलेखहरूमा मुख्यतः चाँगुनारायणको परिसरमा अंशुवर्माको सम्वत् नभएको अभिलेख[21] मा वनदुर्गको किल्ला उल्लेख भएको छ, जसमा सीमा तोकिँदा 'पश्चिमबाट दक्षिणतर्फ अभिमुख हुँदै दोलाशिखरबाट मोडिएको' भनिएको छ । यो वनदुर्गको सीमालाई विचार गर्दा भक्तपुर सहरको दक्षिणतर्फको शिखरलाई औँल्याउँछ । त्यस्तै दोलाशिखर उल्लेख भएको च्यासटोलको जयदेवको अभिलेख[22] मा 'लोप्तिपञ्चालिबातिकायाः पश्चिमोत्तरङ्गत्वा दोलाशिखर' भनिएबाट पनि चाँगुनारायण रहेको डाँडोलाई नभनी अन्य स्थानको उल्लेख भएको देखिन्छ । यद्यपि चाँगुनारायणको भण्डारभित्र र बाहिर चोकपरिसरमा रहेका अभिलेखहरूमा 'दोलाशिखर' को उल्लेख भएको पाइन्छ, तर त्यहाँ कहीँ पनि 'दोलाशिखर स्वामी' भनी उल्लेख भएको देखिँदैन ।

इतिहासका अन्वेषक मोहनप्रसाद खनालद्वारा लिखित 'चाँगुनारायणका ऐतिहासिक सामग्री' नामक ग्रन्थमा चाँगुनारायणको भण्डारभित्र र बाहिरसमेत रहेका साना-ठूला गरी लिच्छविकालका राजा मानदेवदेखि हालको शाहकालका राजा महेन्द्रवीरविक्रम शाहसम्मका जम्मा ३५७ थान अभिलेखका प्रतिलिपि प्रकाशित भएका छन् । त्यहाँ प्रकाशित अभिलेखमा सबैभन्दा बढी सङ्ख्यामा चाँगुनारायणलाई गरुडनारायण भनिएको छ । चाँगुनारायण दोलाशिखर स्वामी नै हुन् भने ३५७ अभिलेखमध्ये कमसेकम पनि ५० प्रतिशत अभिलेखमा दोलाशिखर स्वामी उल्लेख हुनुपर्ने थियो । चाँगुनारायणमा भएको अभिलेखमा चाँगुनारायणलाई किटानसाथ

---

[21] धनवज्र वज्राचार्य : 'लिच्छविकालका अभिलेख' को पृष्ठ ५३३ – ५३५

[22] धनवज्र वज्राचार्य : 'लिच्छविकालका अभिलेख' को पृष्ठ ५४०

दोलाशिखर स्वामी भनी कहीँ कतै कुनै अभिलेखमा लेखिएको पाइएन । त्यसैले चाँगुनारायण दोलाशिखर स्वामी होइनन् भन्ने प्रमाणित हुन आएको छ ।

हाल स्वदेशी तथा विदेशी इतिहासविद्हरूले चाँगुनारायणलाई दोलाशिखर स्वामी भनेर किटानका साथ भन्ने गरेका छन् । वास्तवमा चाँगुनारायण वैष्णवदेवता हुन्, दोलाशिखर स्वामी शैव सम्प्रदायका अनुयायी मात्र हुन् ।[23] किनभने अनन्तलिङ्गेश्वर स्पष्ट रूपमा शैवदेवता हुन् र त्यहाँ रहेको नरेन्द्रदेवको अभिलेखको शिरोभागमा पनि बसाहा चिह्न अङ्कित भएको स्पष्ट देख्तादेख्तै 'लिच्छविकालका अभिलेख' नामक ग्रन्थको पृष्ठ ४८९ मा व्याख्याता धनवज्र वज्राचार्यले यसरी व्याख्या गर्नुभएको छ – "त्यसताका वैष्णवदेवतालाई 'स्वामी' भन्ने चलन थियो । अंशुवर्माको हाँडीगाउँको अभिलेखमा चाँगुनारायणलाई दोलाशिखर स्वामी भनिएको छ । केवलपुरको अभिलेखमा (इचङ्गुनारायणलाई) नारायण स्वामी भनिएको छ । साँखु दुगाहिटीको अभिलेखमा वामन स्वामीको उल्लेख भएको छ । यस आधारमा विचार गर्दा यहाँ उल्लिखित लोकपाल स्वामी वैष्णवदेवता हुन् भन्ने निश्चय हुन्छ ।" यो निर्णय र व्याख्यामा उल्लेख भएका नारायण स्वामी, वामन स्वामी र लोकपाल स्वामीका सम्बन्धमा यसै लेखमा उल्लेख भएकाले धनवज्र वज्राचार्यको उपर्युक्त निर्णयले इतिहासको अपव्याख्या भएको देखिन आएको छ ।

चाँगुनारायणको मन्दिरभित्र भण्डारन भएका र बाहिर रहेका अभिलेखहरूमध्ये केही अभिलेखहरूमा दोलाशिखर, शिखरेश्वर, पूर्वशिखर, दोलापर्वत, चारुपर्वत, दोलागिरि र दोलाञ्चल आदि शब्दहरू प्रयोग भएका देखिन्छन् । मन्दिर परिसरभित्र ख्यातिप्राप्त किलेश्वर महादेव पनि रहेका छन् । सम्वत् ६१५ मा लेखिएको राजा रत्न मल्लसमेतको सम्झौताको स्वर्णपदकमा गरुडनारायण (वैष्णवदेवता) र किलेश्वर (शैवदेवता) दुवैलाई साक्षी राखी अभिलेख प्रकाशित भएको छ ।[24] यो अभिलेखमा दुवै देवताको ख्याति तथा प्रभाव बराबर देखिन्छ । 'चाँगुनारायणका ऐतिहासिक सामग्री' ग्रन्थमा प्रकाशित सङ्ख्या १५० को

[23] हरि मञ्जुश्री : 'भरत जङ्गम विचार र दृष्टिकोण' को पृष्ठ २८

[24] मोहनप्रसाद खनाल : 'चाँगुनारायणका ऐतिहासिक सामग्री' को पृष्ठ १९५ – १९८

अभिलेखमा किलेश्वर महादेवलाई गुठी राखेको अभिलेखमा दोलागिरि पर्वतको चौकिल्ला यसरी लेखिएको छ – 'बागमत्यायां पूर्वभागे कौशिकायां पश्चिमभागे श्रीगङ्गादेव्यायां उत्तरभागे दोलागिरिपर्वते गरुडनारायण भट्टारक चम्पापुर नगरे श्री किलेश्वर स्वयम्भू चैत्र स्थाने यद्वैव पुन्ये भूमौः' । यसबाट के बुझिन्छ भने बागमतीको पूर्व, गङ्गानदीको उत्तर र कोसी नदीको पश्चिमतर्फको पर्वतको नाउँ दोलागिरी पर्वत हो । नारायण र महादेव रहेको स्थानको नाउँ चम्पापुर हो । मल्लकालीन अरू धेरै अभिलेखहरूमा यही चौहद्दी कायम भएको देखिएको हुँदा कोसी नदीबाट पश्चिम, रोसी नदीबाट उत्तर र बागमती नदीबाट पूर्वमा रहेको स्थानलाई दोलाञ्चल अर्थात् दोलागिरि पर्वतमाला भनिएको हो कि भन्ने अनुमान गर्न सकिन्छ । उपत्यकाको दक्षिणतर्फको शिखर फूलचोकीबाट सुरु हुने रोसीलाई नै गङ्गाको रूप मानी पनौतीको त्रिवेणीमा कुम्भमेला लाग्ने चलन चलेको हो भन्ने पनि अनुसन्धानको घेरामा पसेको छ । इन्द्रावती नदी र भोटेकोसीको सङ्गमस्थललाई दोलालघाट किन भनियो भन्नेबारेमा जिज्ञासा उठ्नु पनि स्वाभाविक हुन आएको छ ।

माथि उल्लिखित विश्लेषण र प्रमाणका आधारमा चाँगुनारायण ( वैष्णवदेवता) दोलाशिखर स्वामी नभएको देखिन्छ । इतिहासविद् र अन्वेषकले हाँडीगाउँको अंशुवर्माको अभिलेखमा दोलाशिखर स्वामीलाई खर्च तोकिएको आधारमा गरेको अनुमान मिल्न आएको देखिएन । अब प्रश्न उठछ् – लिच्छविकालका अभिलेखमा ठाउँठाउँमा दोलाशिखर
स्वामीको उल्लेख भएको हुँदा उनी कुनै सन्त पुरुष हुन् वा कुनै शैवदेवता हुन्, त्यसतर्फ विचार गर्नुपर्ने भएको छ । यसतर्फ विचार गर्नुपूर्व यसको शब्दार्थ खोजौं ।

दोला + शिखर + स्वामी = दोलाशिखर स्वामी । (१) 'दोला' ले दोलाञ्चल पर्वतलाई बुझाउँछ । (२) 'शिखर' ले त्यस पर्वतको सबभन्दा उँचो भाग भन्ने बुझाउँछ । (३) 'स्वामी' को अर्थ हो स्व + आमिन = स्वामिन अर्थात् स्वामी । अर्थात् जसले आफ्नो शरीर र आत्मालाई राम्ररी चिन्न सक्छ, त्यो नै स्वामी हो । यसबाट 'दोलाशिखर स्वामी' भन्नाले दोलाञ्चल पर्वतको शिखरमा बस्ने कुनै सन्त पुरुषलाई बुझाउँछ । तपस्याका लागि यस्ता महात्माहरूले आफूलाई नाउँबाट परिचय गराउन नचाहेपछि त्यसरी स्थानविशेषमा उनीहरूको नामकरण हुन जान्छ । जस्तै खप्तडमा तपस्या गरेर बस्ने भएकाले 'खप्तड बाबा' भनियो, शिवपुरीमा तपस्या गर्ने

सन्तको नाउँ 'शिवपुरी स्वामी' वा 'शिवपुरी बाबा' भएको प्रमाण हामीले पाएका छौं ।

स्वामी शैवमतका अथार्त् शैव सम्प्रदायका व्यक्तिहरू हुन् भन्ने कुरा माथि उल्लिखित प्रमाणले पुष्टि गरेको छ । वीरशैव मतका आचार्यहरूलाई स्वामी र मूलपीठका पट्टाधिकारी शिवाचार्यलाई महास्वामी भनिन्छ ।[25] शैवमतका अन्य धर्मावलम्बीहरूलाई पनि स्वामी उपाधिले विभूषित गरिन्छ । नेपाल राष्ट्रका इष्टदेव पशुपतिनाथमा पूजा गर्नेहरू स्वामी पद धारण गर्ने व्यक्तिहरू थिए भन्ने कुरा थाहा हुन्छ । यसै सन्दर्भमा रत्न मल्लदेखि जगज्जय मल्लसम्म पशुपतिनाथमा स्वामीहरू नै मुख्य पुजारीका रूपमा काम गर्दथे ।[26]

त्यसैले स्वामीको अर्थ आफ्नो आत्मालाई चिनेका आत्मज्ञानीको नाउँ हो भन्ने स्पष्ट हुन आएको छ ।  आत्मज्ञानी केवल सनातनी मात्र हुने कुरा सनातनदेखि चलिआएको विधि-व्यवहार, चलन र मान्यताले देखाएको छ । त्यसैले स्वामी वैष्णव सम्प्रदायको मात्र हो भनी नेपाली इतिहासको क्षेत्रमा व्याख्या, विश्लेषण र किटानी गरिएको व्यहोरा बिलकुलै मिलेको छैन ।

अब प्रश्न आउँछ – दोलाशिखर भनेका के र को हुन् ? यसका बारेमा विचार गर्नु जरुरी छ । यस लेखको मूल उद्देश्य हो लिच्छविकालमा उल्लेख भएका दोलाशिखर स्वामी चाँगुनारायण होइनन् । तर को हुन् भन्नेबारे अनुसन्धान र निर्णय गर्नेतर्फ इतिहासका विज्ञ, अनुसन्धाता र अन्वेषकहरू लाग्नु जरुरी देखिएको छ । ती अनुसन्धाताका लागि निम्न प्रमाण र परिवेशका आधारमा खोज र चिन्तन गर्न पनि अनुरोध गर्दछु –

---

25 हरि मञ्जुश्री : 'कालजयी व्यक्तित्व भरत जङ्गम', पृष्ठ ८७५ । यस पृष्ठमा काशीपीठाधीश श्री १००८ जगत्गुरु डा. चन्द्रशेखर शिवाचार्य महास्वामीको आशीर्वचन प्रकाशित छ ।

26 कुलचन्द्र कोइराला : 'नेपालका आराध्यदेव भगवान् श्रीपशुपतिनाथ', पृष्ठ ५३३ । वंशावलीको कथनअनुसार प्राप्त पशुपतिका पुजारीको तालिका निम्नानुसार छ – (१) रामेश्वरानन्द स्वामी - राजा रत्न मल्ल, (२) नित्यानन्द स्वामी - राजा शिवसिंह मल्ल, (३) ज्ञानानन्द स्वामी - राजा प्रताप मल्ल, (४) विमलानन्द स्वामी - राजा नृपेन्द्र मल्ल, (५) राघवानन्द स्वामी - राजा भूपालेन्द्र तथा भास्कर मल्ल, (६) कपिलानन्द स्वामी ।

१. धेरैवटा अभिलेखहरूमा दोलाशिखर, शिखरेश्वर र पूर्वशिखर भन्ने समेत उल्लेख भएकाले हिमवतखण्डमा ् उल्लेख भएको रत्नचूड पर्वतको शिखर अर्थात् हाल महादेवपोखरी भएको शिखर नै दोलाशिखर हुन सक्छ । कारण, पर्वतमालाको उच्चतम विन्दु नै शिखर हो ।

२. दोलाञ्चल पर्वतको चौहद्दीका दृष्टिले हाल भक्तपुर जिल्लाको उत्तर, पूर्व र दक्षिणको 'यु सेप' घुमाउरो पर्वतमालालाई दोलापर्वत भनिएकाले

डोलेश्वर स्थानलाई नै कुनै बेला दोलाशिखर भनिएको त होइन ? शब्दस्वर बाँचेका आधारमा विचार गर्नुपर्दा दोलालघाट, दोलागिरि पर्वत, दोलाञ्चल र डोलेश्वरलाई हामी पन्छाउन सक्तैनौं । चाँगुनारायण क्षेत्र एक किल्लाका रूपमा पनि परिचित भएको हुँदा चाँगु क्षेत्र अर्थात ् मन्दिरभित्र वा बाहिर रहेका कुनै पनि ऐतिहासिक सामग्रीहरूलाई त्यसै क्षेत्रका मात्र हुन ् भन्न मिल्दैन । कारण, अन्य क्षेत्रमा असुरक्षित मूर्ति वा अभिलेख त्यहाँ भण्डारन भएका पनि हुन सक्छन् । जस्तै कृष्णस्थापनाको उल्लेख भएको अभिलेख गणेशमूर्तिमा भेटिएको छ भने वैष्णव देवताको मन्दिरभित्र शिवमुखलिङ्ग भेटिएको छ ।[27] त्यसैले चाँगुनारायण क्षेत्रमा भेटिएका सबै सामग्रीको प्रमाण चाँगुनारायणका मात्र होइनन ् भन्ने बुझ्न सक्नुपर्छ ।

यसरी हामीले बुझ्न सक्यौं र अनुसन्धानलाई सतही रूपमा मात्र व्याख्या नगरेर गहिराइमा पुगी अनुसन्धान र अन्वेषण गर्‍यौं भने हाँडीगाउँको अंशुवर्माको अभिलेखमा उल्लेख भएका दोलाशिखर स्वामी को हुन् र तिनको अस्तित्व कहिलेसम्म कायम भयो भन्ने कुराको हामीलाई यथेष्ट जानकारी हुनेछ । साथै इतिहासका सत्य र तथ्य विषयहरू भविष्यका सन्तानहरूलाई हामी जानकारी दिन सक्नेछौं ।

# अंशुवर्माको राजधानी सहर हंसगृह

लिच्छविकालीन राजा अंशुवर्माको नाउँ नेपालको लिच्छविकालीन इतिहासमा स्वर्ण अक्षरले लेखिएको छ । उनकै समयमा बुद्धधर्म तिब्बत गएको हो । छोरी भृकुटीलाई तिब्बतका तत्कालीन शासक स्रङचङ गम्पोलाई विवाह गरिदिएर नेपाल र तिब्बतको मैत्रीपूर्ण सम्बन्ध कायम गरेका थिए

[27] मोहनप्रसाद खनाल : 'चाँगुनारायणका ऐतिहासिक सामग्री'

अंशुवर्माले । भृकुटीकै कारण बुद्धधर्मले तिब्बत र चीन प्रवेश गरेको इतिहासले बताएको छ। यो सम्बन्धबाट नेपालको कला, संस्कृति र सभ्यताले एसियाको मूल क्षेत्र नै प्रभावित गर्न समर्थ भएको थियो। अंशुवर्माले बनाएको कैलाशकुट भवनको व्याख्या चिनियाँ यात्री हुयेन साङले आफ्नो यात्रालेखनमा लेखेका छन्, जो विश्वविख्यात छ । त्यस्तो विश्वविख्यात कैलाशकुट भवन रहेको हंसगृह द्रङ (हंसगृह नाम गरेको सहर) कहाँ थियो भन्ने यकिन लिखत प्रमाण नभएको अवस्था भए पनि त्यस समयका अनेक अभिलेख र हाल देखिने भौतिक संरचना र पुरातात्त्विक अवशेषबाट अनुमान गर्न सकिने भएको हुँदा यो लेखकको वि. सं. २०५७ सालमा 'अंशुवर्माको राजधानी सहर हंसगृह' नामक लेख रोलम्ब, मिलेनियम इस्यू, भोलम २०, नं. १७२, जनवरी – जून २000 मा प्रकाशित भएको थियो । त्यस लेखमा लिच्छविकालीन हंसगृह नै हालको हाँडीगाउँ हो भनेर किटानसाथ लेखिएको छ । यो २० वर्षको अवधिमा नेपालमा भएका दर्जनौं इतिहासका ज्ञाता तथा अन्वेषकहरूले यो लेखका बारेमा त्यति टिप्पणी गरेको पाइएन । मात्र मित्र प्रा. डा. पुरुषोत्तमलोचन श्रेष्ठले भने हंसगृहलाई हाँडीगाउँमा छ भनेको मिलेको छैन भनेका छन्, जो अनुसन्धानका लागि उपयुक्त ठहर गरी 'कालजयी व्यक्तित्व भरत जङ्गम' (२०६३) मा 'अनुसन्धानात्मक साहचर्य' शीर्षकको लेखको एक अंश तल परिशिष्ट १ मा दिइएको छ । तर अरू विद्वान् मित्रहरूले हंसगृह द्रङका बारेमा केही लेखेका छैनन् ।

हंसगृह द्रङका बारेमा अंशुवर्मापूर्वका कुनै अभिलेखमा उल्लेख भएको देखिँदैन । जुन ठाउँमा हंसगृह द्रङ थियो, त्यसै स्थानमा मानेश्वरी देवी छन् । मानदेवका बाबु धर्मदेवका पालादेखि नै लिच्छविकालीन
राजधानी हंसगृह द्रङ भएको पूर्ण अनुमान गर्न सकिन्छ। मानदेवका समयमा हंसगृह द्रङको किन उल्लख भएन भन्ने जिज्ञासा हुन सक्छ। मानदेवकालीन सं. ३८६ को चाँगुनारायणमा रहेको शिलालेखमा केवल मानदेव राजाको गुणगान, प्रशस्ति र व्यक्तित्वको मात्र काव्यात्मक वर्णन गरिएको हुँदा त्यसमा लेखिएका विवरणलाई प्रमाणमा लिई व्याख्या गर्न सकिन्छ । तर अन्य अभिलेखजस्तो शतप्रतिशत स्वीकार गर्न सकिँदैन । किनभने कविहृदयले लेखेको काव्यलाई त्यस्तै दृष्टिकोणले व्याख्या गर्नुपर्छ। धर्मदेव – मानदेवको राजधानी उल्लेख भएको अन्य अभिलेख नपाइएको र मानेश्वरी, नारायणहिटी, नक्साल र नारायण मन्दिर वरपर नै रहेका हुँदा र वर्तमानको

भूगोललाई समेत विचार गर्दा वर्तमानको हाँडीगाउँ नै प्राचीन हंसगृह हो भनेर ठोकुवा गर्न सकिन्छ । मात्र अन्वेषण गर्ने इच्छाशक्ति हुनुपर्‍यो ।

इतिहासको खोज गर्ने संस्कृति मन्त्रालय र पुरातत्त्व विभाग छ, अन्वेषकहरू छन् । हंसगृह द्रङ, जहाँ विश्वविख्यात कैलाशकुट भवन थियो, त्यसको अस्तित्वलाई समाप्त गर्न मिल्दैन । जसरी वा जुनसुकै अवस्थामा पनि यो प्राचीन सहरको खोजी गर्नुपर्छ भन्ने मेरो अनुरोध छ । लिच्छविकालको समाप्तिसँगसँगै यो राजधानी नगर उपेक्षित हुन गयो । पूर्वमल्लकालका राजा आनन्ददेवजस्ता राजाहरूले नेपालमण्डलको राजधानी भादगाउँ सारेपछि हाँडीगाउँ छायामा पर्न गयो । भूगोलको दृष्टिले विचार गर्दा राणाकालीन अतिक्रमण क्षेत्र भीमशमशेरको दरबार क्षेत्र (हाल बालमन्दिर, बृहस्पति स्कुल, नेपाल टेलिकमको भवन आदि) र सत्यशमशेरको दरबार क्षेत्र (हाल भाटभटेनी, बाँकी दरबारको अवशेष, अख्तियारको कार्यालयदेखि गहनापोखरीसम्म) नै प्राचीन हंसगृह द्रङ हुन सक्ने बलियो सम्भावना छ । यसतर्फ सरकारको ध्यान जाओस् भन्ने पनि अनुरोध छ । प्राचीन धरोहरलाई कायम राख्ने दायित्वबाट हामी पन्छिनु हुँदैन । पुरातत्त्व विभाग र जनस्तरबाट यस क्षेत्रको उत्खनन गरी अन्वेषण र अनुसन्धान सुरु गर्नुपर्नेछ । यसको तयारीका लागि मैले बीस वर्षअगाडि लेखेको लेख 'अंशुवर्माको राजधानी हंसगृह' जस्ताको तस्तै प्रकाशित गर्ने अनुमति चाहन्छु ।

लिच्छविकालीन नेपालका बारेमा शोध-अनुसन्धान कार्य जारी छ । मानदेवको चाँगुनारायणको शिलालेखले सुरु गरेको जानकारीलाई अंशुवर्मा र नरेन्द्रदेवका शिलालेखहरूले लिच्छविकालका धेरै तथ्यलाई उजागर गरेका छन् । तर पनि त्यस कालका धेरै महत्त्वपूर्ण स्थान र विषय र घटना अनिर्णित अवस्थामा रहेका छन् । यसको मूल कारण हो लामो समयको अन्तरालपछि मात्र खोज तथा शोधकार्य सुरु भएको र प्राप्त भएको अभिलेखको पनि अज्ञानका कारण गलत र द्विविधापूर्ण व्याख्या भएबाट इतिहासविद् र इतिहासका विद्यार्थी दुवै अन्योलमा परेका छन् । यस सन्दर्भमा विचार गर्न धेरै अभिलेखहरू हाम्रा सामु भए पनि यो पटक मैले अनन्तलिङ्गेश्वरको नरेन्द्रदेवको अभिलेखलाई लिएको छु । अनन्तलिङ्गेश्वरमा प्राप्त अभिलेखका अक्षररू टुटेफुटेर धेरै भाग पढ्न नसकिने अवस्थामा भए पनि जति र जुन अवस्थामा प्राप्त छ, त्यसैलाई विचार गर्नुपर्ने हुन्छ र अन्य

स्थानमा अभिलेखलाई मिलान गरी पुष्टि गर्नुपर्ने हुन्छ । अनन्तलिङ्गेश्वर अभिलेख, अन्य अभिलेख र अभिलेखको
व्याख्याका आधारमा निम्न जिज्ञासा उब्जिएका छन् –

१. हंसगृह नामक सभ्य र सुसंस्कृत सहर कहाँ थियो ?
२. लोकपाल स्वामी शैवदेवता थिए वा वैष्णवदेवता थिए ?
३. दोलाशिखर स्वामी भनिएका देवता चाँगुनारायण हुन् वा अरू कुनै ?

यसको समाधानतर्फ विचार गर्दा अहिलेसम्म इतिहासविद्, अन्वेषक र निर्णायकहरूले गरेका व्याख्या र निर्णय यकिन नभएको महसुस भएको छ । यसका लागि दुई पुस्तक अगाडि सारेको छु – लिच्छविकालीन इतिहासका निर्णायक श्री धनवज्र वज्राचार्यको 'लिच्छविकालका अभिलेख' र इतिहासविद् श्री हरिराम जोशीको 'नेपालको प्राचीन अभिलेख' । अनन्तलिङ्गेश्वरको अभिलेखका बारेमा यी दुवै पुस्तकमा मतान्तर भेटियो । वरिष्ठ इतिहासविद्द्वय श्री धनव्रज वज्राचार्य र श्री हरिराम जोशीले अनन्तलिङ्गेश्वरमा प्राप्त अभिलेखको निम्नानुसार व्याख्या गर्नुभएको छ ।

श्री धनव्रज वज्राचार्य :

'लिच्छविकालको अभिलेख' (२०३० साल आषाढमा प्रकाशित) को पृष्ठ ४८५ देखि ४९८ जम्मा ५ पृष्ठमा अनन्तलिङ्गेश्वरमा प्राप्त अभिलेखका बारेमा विस्तृत व्याख्या गरिएको छ । व्याख्याअनुसार विषयलाई विभाजित गरेर सङक्षेपमा तल दिएको छु् –

१. भक्तपुर सूर्यविनायकदेखि दक्षिण र लुभू सहरदेखि उत्तरतर्फ अनन्तलिङ्गेश्वरको मन्दिर छ र त्यसैको वरपर अर्थात् नजिकै प्राचीन कालमा एक हंसगृह द्रङ नामक सभ्य र सुसंस्कृत सहर थियो । सहरमा ब्राह्मणदेखि चाण्डालसम्मको बसोबास थियो । त्यहाँ गोयुद्ध सञ्चालन हुन्थ्यो र वराहजात्रा पनि सञ्चालन हुन्थ्यो । त्यस्तो सुन्दर एवं विकसित सहर कालान्तरमा मासियो तथा उजाडियो । हाल त्यो हंसगृह द्रङ नामक सहर त्यस भेगमा छैन ।
२. लोकपाल स्वामी वैष्णवदेवता हुन् । कार्तिक शुक्ल द्वादशीका दिन प्रतिष्ठापन गरिएको र लिच्छविराजाहरू नारायणभक्त भएका कारण र

अन्तमा स्वामी लेखिएका कारणले पनि अभिलेखमा उल्लिखित लोकपाल स्वामी वैष्णवदेवता हुन् ।

३. चाँगुनारायणलाई लिच्छविकालमा दोलाशिखर स्वामी भनिन्थ्यो । दोला अर्थात् पिङजस्तो डाँडो भएको र त्यसै डाँडाको माथि मन्दिर भएका कारण दोलाशिखर स्वामी भनिएको चाँगुनारायण नै हो ।

श्री हरिराम जोशी : यसै अभिलेखलाई 'नेपालको प्राचीन अभिलेख' (२०३० साल फागुनमा प्रकाशित) को पृष्ठ ४८१ देखि ४८८ सम्म ८ पृष्ठमा यसको व्याख्या गरिएको छ । व्याख्याअनुसार विषयलाई विभाजित गरेर सङ्क्षेपमा तल दिएको छु –

१. यो स्थानमा शिवमन्दिर हुनुपर्ने अनुमान गरिएको छ । हंसगृह द्रङ कहाँ थियो भन्ने बारेमा यस पुस्तकमा उल्लेख भएको छैन । हंसगृह द्रङस्थित भगवान् लोकपाल स्वामीको पूजाआजा, विधिविधान सञ्चालन गर्ने कुलपतिको व्यवस्था भएको उल्लेख छ । साथै मन्दिरमा दासदासीको व्यवस्था भएकोलाई पनि विस्तृत व्याख्या गरिएको छ ।

२. लोकपाल स्वामी शैवदेवता हुन् भनेर अनेक उदाहरण दिएर यकिनसाथ भनिएको छ ।

३. दोलाशिखर स्वामीका बारेमा यस अभिलेखको व्याख्यामा उल्लेख भएको छैन ।

यी दुवै विद्वान्को व्याख्यामा विवाद उत्पन्न भएको हुँदा एकपटक मूल अभिलेखलाई हेरौं ।

मूल पाठ :

१. ॐ स्वस्ति कैलासश्रृङ्गाभान्नयोत्सवकारिणः कैलाशकूटभवनात्

२. रम्याज्जगति विस्रुतात् । राज्ञां
मणिर्लिच्छविवंशजानां योभूद्‌गुणैस्सर्वजनातिगण्यैः

३. शक्तित्रयापूरितमण्डलश्रीः शशीव संलक्ष्यतरो नृपाणम् स विनयनयप-

४. राक्रमालङ्कृतमूर्तिर्भगवत्पशुपतिभट्टारकपादानुगृहीतो
वप्पपादानुध्यातो भ-

५. ट्टारकमहाराजाधिराजश्रीनरेन्द्रदेवः कुशली नेपालसीमान्तः पातिनः सर्वाधिकाराधिकृ-
६. तान् वर्तमानान् भविष्यतश्च समाज्ञापयति विदितमस्तु भवतां हंसगृहद्रङ्गस्य ... पश्चिमको-
७. ... ग्रामसहितस्य चाटभटाप्रवेशः शरीरकोट्टोभयानेकमर्यादोपपन्नः कश्चित्प्रसा-
८. दशासनपट्टकोभुत्स च पूर्वराजविभ्रमतो नष्टोधुनास्माभिश्चिरन्तनव्यवस्थानुपाल-
९. नजातादरै (:) स एव प्रसादश्चिरस्थितये शिलापट्टकाभिलेख्येन प्रसादीकृतोत्र
१०. च मर्यादा कुलपतिना देया कार्तिकशुक्लैकादश्याम्मागंसस्कारार्थन्त-
११. ण्डुलमानिका ४ द्वादश्याम्भगवतो लोकपालस्वामिनः प्रतिष्ठादिने तत्रै-
१२. व ब्राह्मणजनस्य शान्त्युदकम्पणानां पुराणम् २५ द्रङ्गसीमाभ्यन्तरस्था-
१३. नाम्ब्राह्मणप्रमुखानाम्माचाण्डालेभ्यो घृताशनसमितादिभोजनम् आनर-
१४. स्तम्भानमेकैकस्य संस्थापनार्थम् तण्डुलमानिका ५४ गोयुद्धपताकावस्तु-
१५. पुराण २५ क्रियाकरणम्भगवतो लोकपालस्वामिनः पावनार्थन्धान्यमनिकाः
१६. ४० देवस्थापकस्य भुक्तिधान्यमानिका ... दकभुक्तिका-धान्यमानिकाः
१७. २४ देवभृत्यानान्दशानामेकतो भुक्तिकाधान्यमनिका १४० दासीनां विंशती-
१८. नामेकतो मानिकाशतत्रयं षष्टयुत्तर ... त ... मानिकाशतद्वयं चत्वारिंशद्मा
१९. निकाधिकं भासक्षेत्रेणैव ... ... च यत्पूरणीयं मानिका- २०.
शतं त्रिंशदुत्तरं तत्कुलपते ... ... ग्देवभृत्यानाम्पुरण १२०
२१. दासीनामपुराण ८० मृत्तिका ... ... का ५ पणपुरण ६०
२२. अङ्गनशोधनार्थन्तण्डुलमा ... ... शोधनार्थङ्कोङ्कोग्रामपाञ्चा- २३.
लिकानान्तण्डुलमानिका ... ... १ माधशुक्लद्वादश्याम्

२४. द्रङ्गसीमाभ्यन्तरस्थानानं ... ... यथाग्रयफा- २५.
ल्गुनमासेन क्षेत्रमणि ... ... ज्येष्ठशुक्लैकाद- २६.
श्यांवराहयात्रायां सीमाभ्यन्तर ... ...
२७. सीनान्तण्डुलमानिका ... ...
२८. मण्या तन्धि ... ...
२९. अर्चनानिमित्तम् ... ...
३०. काः १२ इन्द्रो ... ...
३१. यजभवन ... ...
३२. दक्षिण ... ...
३३. ... ...
३४. ... ...
३५. पालनीयं ... ...
३६. ... ...
३७. पूर्वराजप्र ... ... पालनपरैरेव ... ...
३८. शास्त्रानुशी ... यतः पूर्वदत्तां द्विजातिभ्यो य(त्नाद्रक्ष) यधिष्ठिर
३९. महींमहीभुजाश्रेष्ठ दानाच्छेयोनुमालनमिति संवत् ८० ... ४०.
कषद्विवादशम्यामदतकश्चात्र श्रीयुवराज ... देवेति यो अभिलेखलाई निम्नानुसार विभाजन गरी विचार गर्नुपर्छ –

१. अभिलेखको शिर भागमा साँढे अङ्कित भएको छ ।
२. प्रथम नौ पङ्क्तिमा राजाको प्रशस्ति र शिला लेख्नुपर्ने कारण उल्लेख भएका छन् ।
३. दसौँ र एघारौँ पङ्क्तिमा लोकपाल स्वामीको प्रतिष्ठा र कुलपतिको कार्य उल्लेख हुन सुरु भएका छन् ।
४. बाह्रौँ पङ्क्तिदेखि छत्तीसौँ पङ्क्तिसम्म खर्चको बाँडफाँड गरिएका छन् ।
५. अन्तिमका चार पङ्क्तिमा पछिका अधिकारीलाई कर्तव्यबोध गराइएका छन् ।

उक्त विभाजनलाई यसरी विचार गरौँ –

१. अभिलेखको शिरोभागमा साँढे अङ्कित भएको हुँदा कर्ता शैवमतका भएका र अभिलेखमा उल्लिखित लोकपाल स्वामी शैवदेवता नै हुनुपर्ने बलियो प्रमाण प्रस्तुत भएको छ ।

२. प्रथम नौ पङ्क्तिमा उल्लेख भएको प्रशस्तिमा पनि कर्ता शैवमतका नै भएको स्पष्ट छ । 'हंसगृह द्रङ्गस्य' का पछाडि अक्षर टुट भएको र 'पशिचमको' र 'ग्रामसहितस्य' का बीचमा पनि अक्षर टुट भए तापनि हंसगृह अनन्तलिङ्गेश्वरको
छेउछाउमा थियो भन्न मिल्ने देखिँदैन । माथिका दुई स्थानमध्ये एक स्थानको टुटेको अक्षरमा 'ली' अनुमान गर्दा हंसगृह द्रङको र त्यसभन्दा पशिचम कोलीग्रामसमेतको भन्ने अर्थ आउँछ । त्यसैले यस शिलालेखमा उल्लेख भएको हंसगृह द्रङ त्यस स्थानमा नभएर अन्यत्रै भएको सङ्केत मिल्छ । अभिलेखमा स्पष्ट भनिएको छ – विभिन्न स्थानमा स्थापित देवालयहरू र निशिचत भएका व्यवस्थाहरू पुनर्जीवित गराउन यस्ता शिलालेखहरू कुँद्ने काम भएका छन् ।

३. अभिलेख अनन्तलिङ्गेश्वर महादेव मन्दिरकै परिसरमा अवस्थित भएको हुँदा लोकपाल स्वामी भनिने अनन्तलिङ्गेश्वर नै हुन् भन्ने निश्चय गर्न सकिन्छ । साथै पूर्वतर्फ फर्किएको मन्दिर विकट डाँडामा भएको हुँदा र बाटोको सुविधा नहुँदा यात्रुहरूलाई सुविधा पुगोस् भनेर कुलपतिलाई बाटो बनाउने जिम्मा दिइएको देखिन्छ ।

४. खर्चको बाँडफाँड गर्दा कुलपतिका तर्फबाट गर्नुपर्ने खर्च निश्चित गरिएको देखिन्छ । ब्राह्मणलगायत चाण्डालसम्मलाई घृताशनसमितादि भोजन गराउने उल्लेख छ । (यो चलन आजसम्म पनि चलेको छ । भक्तपुर जङ्गम मठबाट प्रत्येक वर्ष भाद्र पूर्णिमाका दिन दूध, घिउ र चामलको खिर बनाएर ब्राह्मणदेखि शूद्रसम्मलाई खुवाउने गरिएको छ ।) साथै गोयुद्धपताका लाने र वराहयात्रामा भाग लिने पनि उल्लेख छ । अभिलेखको खर्चलाई विचार गर्दा केवल यी कार्यका लागि खर्च छुट्याइएको हो, जो तत्कालीन कुलपतिको जिम्मामा सुम्पिएका थिए । थानकोटको भीमार्जुनदेव र विष्णुगुप्तको अभिलेखमा गोयुद्धको खर्चका लागि जग्गा छुट्याइएको व्यहोरा उल्लेख छ । तर गोयुद्ध भने थानकोटमा नभई दक्षिण कोलीग्राममा हुने भन्ने उल्लेख भएबाट उक्त अनन्तलिङ्गेश्वरको अभिलेखमा उल्लिखित

गोयुद्धपताका पनि त्यहाँ नभएर अन्यत्रै हुने रहेछ भन्ने अनुमान गर्न सकिन्छ ।

५. अभिलेखको अन्तिमका चार पङक्तिमा पछिका अधिकारीलाई कर्तव्यबोध गराइएको हुँदा यो अभिलेख व्यवस्थित नीति-नियमलाई निरन्तरता दिने क्रममा स्थापित भएको देखिन्छ ।

माथि उब्जिएका तीन जिज्ञासा १. हंसगृह द्रङ, २. लोकपाल स्वामी, ३. दोलाशिखर स्वामीमध्ये दोस्रो लोकपाल स्वामीका बारेमा विस्तृत व्याख्या गर्नुपर्ने वा पुनर्विचार गर्नुपर्ने अवस्था आएन । विद्वान् हरिराम जोशीले किटानसाथ शैवदेवता भन्नुभएको र वर्तमानमा पनि शैवदेवता अनन्तलिङ्गेश्वर नै रहेको हुँदा यसतर्फ फेरि तर्क-वितर्क गर्नुपर्ने मैले देखिनँ । तेस्रो दोलाशिखर स्वामी सम्बन्धमा विचार गर्नलाई यो अनन्तलिङ्गेश्वरको अभिलेखमा जोडेर हेर्न मिल्ने भएकाले यस सम्बन्धमा पनि यस लेखमा उल्लेख गर्नुपर्ने आवश्यकता देखिएन ।

चाँगुनारायणलाई दोलाशिखर स्वामी भनी नामकरण गरेको मिलेन कि भन्ने जिज्ञासाका साथ यसै लेखकले लेखेकको लेख खोपृङ वर्ष ९, २०५७ मा प्रकाशित छ । उपत्यकाको पूर्व-दक्षिण सीमाको डाँडा अर्थात् साँगा भन्ज्याङको दक्षिणतर्फबाट सुरु भई लुभू लामाटारसम्म फैलिएको शिखरको नाउँ डोलडाँडो हो, जुन डाँडाको उत्तर र दक्षिण दिशातर्फ धेरै धाँजा फाटिएका डोलहरू निर्मित छन्, जुन पर्वतमालाले सिपाडोलजस्ता डोल नै डोल पैदा गरेका छन् । यस पर्वतमालामा अनन्तलिङ्गेश्वर महादेव मात्र होइन, डोलेश्वर महादेव पनि अवस्थित छन् । सबैभन्दा महत्त्वपूर्ण के हो भने भारत हिमाञ्चलका केदारनाथकै रूपमा डोलेश्वर महादेव देखिन्छन् । डोलेश्वर महादेवको स्थापनाकालको अहिलेसम्म ठोस ऐतिहासिक प्रमाण फेला नपरे पनि ने. सं. ८२८ मा भूपतीन्द्र मल्लले
स्तुति गरी स्वर्णकलश चढाएको अभिलेखबाट अनुमान गर्न सकिन्छ कि लिच्छविकालमा डोलेश्वर महादेवको महत्ता कम थिएन । यसका बारेमा अन्य विद्वान्हरूले पनि विचार गर्ने नै छन् भन्नेमा आशान्वित छु ।

हंसगृह द्रङ : यस दृष्टिकोणबाट विचार गर्दा हंसगृह द्रङ उपत्यकाको केन्द्रभागमा रहेको हुनुपर्छ । किनभने त्यहाँ वराहजात्राका अतिरिक्त गोयुद्ध मेला चलाउनुपर्छ । त्यस बखतका उपत्यकाका मुख्य द्रङहरूमध्ये हंसगृह दङ प्रमुख भएको तथ्य अभिलेखले बताएको छ । त्यसैले यो हालको हाँडीगाउँ नै त्यस बखतको हंसगृह द्रङ भएको अनुमान गर्न सकिन्छ । इलाकाको

फैलावट र जिम्मेवारीका दृष्टिले त्यस बखतका द्रङहरूलाई क्रमशः यसरी राखेर हेर्न सकिन्छ – १. हंसगृह द्रङ, २. शिताटीका द्रङ, ३. थतुरी द्रङ, ४. दक्षिण कोलिग्राम द्रङ, ५. युपग्राम द्रङ, ६. लेम्वन्ती द्रङ, ७. माखोप्रिङ द्रङ ।

१. हंसगृह द्रङ (हाँडीगाउँ) :

यो सहर राजधानीका रूपमा विकसित भएको बुझिन्छ । उपत्यकाको मध्य भागमा अवस्थित यो ठाउँ टम्म मिलेको, आवश्यकताअनुसारको उचाइमा रहेको छ । पूर्वतर्फ पशुपतिको जङ्गल र गोयुद्धका लागि लायक गौचर (हालको एयरपोर्ट) छ भने मानेश्वर र वराह अर्थात् धूम्रवराह (साथै चण्डोलमा वराहको मूर्ति हालै फेला परेको समाचार छ) आदि देवताहरू वरपर नजिकै छन् । कोलिग्रामले चर्चेको इलाकाभन्दा पूर्व, माखोप्रिङले चर्चेको इलाकाभन्दा पश्चिम, युपग्रामले चर्चेको इलाकाभन्दा उत्तर र थतुरी द्रङले चर्चेको इलाकाभन्दा दक्षिण यसको इलाका फैलिएको अनुमान गर्न सकिन्छ । यसअनुसार हालको ठिमी, गाम्चा हुँदै अनन्तलिङ्गेश्वरसम्म यसको प्रशासनिक इलाका फैलिएको थियो होला भन्ने अनुमान गर्न मिलेको छ । पुरानो मानगृह बस्तीकै छेउमा अंशुवर्माले हंसगृह नामक बस्ती बसाई आफ्नो सुन्दर कैलाशकुट भवन त्यहीँ बनाएर राजकाज गरेको अनुमान प्रतीत हुन्छ ।

२. शिताटीका द्रङ (सितापाइला) : चन्द्रागिरी पर्वतमालादेखि भिउढुङ्गा हुँदै बालाजु र स्वयम्भूसम्म फैलिएको उपत्यकाको दोस्रो द्रङका रूपमा शिताटीका द्रङले फैलिने मौका पाएको लिच्छविकालीन अभिलेखले प्रमाणित गरेको छ ।

३. थतुरी द्रङ : यो उपत्यकाको उत्तरतर्फ शिवपुरी पर्वतमालाको फेदीको बस्तीमा
प्रशासनिक इलाका कायम भएको देखिन्छ ।

४. दक्षिण कोलिग्राम द्रङ (कान्तिपुर) : यो द्रङको इलाका निश्चित भएको देखिँदैन । यस ग्राममा गोयुद्ध सञ्चालन हुने कुरा उल्लेख भएको हुँदा यसका विशेष महत्त्व थियो ।

५. युपग्राम द्रङ (येल अर्थात् ललितपुर) : यसको सीमा उल्लेख नभए पनि पूर्वमा लुभू र दक्षिणमा बुङमती
यसैको क्षेत्रभित्र रहेको अनुमान हुन्छ ।

६. लेम्वन्ती द्रङ (लेले) : यसको इलाका दक्षिणतर्फ धेरै टाढासम्म फैलिएको अनुमान गर्न सकिन्छ । उपत्यकाबाट बाहिर जाने मूल द्वारका रूपमा रहेको यो लेम्वन्ती द्रङको विशेष महत्त्व थियो ।

७. माखोप्रिङ द्रङ (ख्वप अर्थात् भक्तपुर) : यसको इलाका र क्षेत्र अरू द्रङभन्दा सानो र सीमित थियो भन्ने
अनुमान गर्न सकिन्छ ।

माथि उल्लेख भएअनुसार हंसगृह द्रङ उपत्यकाको प्रमुख र सबैभन्दा बढी इलाकामा फैलिएको देखिन्छ । हंसगृह नै कालान्तरमा गएर हाँडीगाउँ भएको प्रमाणलाई यसरी हेर्न सकिन्छ – जस्तै : हंसगृह – हंसग्राम – हंसगाउँ – हाँडीगाउँ ।

त्यस बखतका सबै ग्राम तथा द्रङहरूले आफ्नो नाउँको मूल अक्षर वा मूल स्वरलाई कायम नै राखिआएका हुँदा हंसगृह द्रङ नै हाँडीगाउँ भएको अनुमान गर्न सकिएको हो । यसका अतिरिक्त निम्न प्रमाणका आधारमा पनि हंसगृह नामक मुख्य बस्ती हाँडीगाउँमा रहेको अनुमान गर्न सकिन्छ –

१. हाँडीगाउँमा अंशुवर्मा नामाङ्कित इँटाहरू र अन्य लिच्छविकालका वस्तुहरू फेला परेको समाचार समय-समयमा प्रकाशित भइरहेका छन् । (नक्सालको दूरसञ्चार संस्थानको भवनको जग खन्दा अंशुवर्माको पालाका इँटा निस्किएका थिए ।)
२. साना-ठूला गरी लिच्छविकालका अभिलेख त्यही भेगमा पाइएका थिए र हालसम्म पनि पाइँदैछन् ।
३. त्यहाँ चलेको जात्रा उपत्यकाका अन्यत्र मल्लकालमा विकसित जात्राभन्दा बेग्लै अस्तित्व कायम राखेर चलिरहेको छ ।
४. गहना पाइने सत्यतालाई अहिले पनि गहनापोखरीले कायम राखेको छ ।

यी माथि प्रकरण-प्रकरणमा उल्लिखित कारण र प्रमाणका आधारमा हाँडीगाउँलाई लिच्छविकालीन राजधानी सहर हंसगृह द्रङ्ग हो भनी अनुमान

गरिएको हो । अंशुवर्माजस्ता सुयोग्य व्यक्तिका बारेमा चिनियाँ यात्री हुयेन साङले समेत मुक्त कण्ठले प्रशंसा गरेका छन् । अंशुवर्माले निर्माण गरेको कैलाशकुट भवनका बारेमा पनि हुयेन साङले बयान गरेका छन् । हामीले पनि दत्तचित्त भएर वा लगाएर अपूर्ण इतिहासलाई पूर्णतातर्फ लाने कोसिस गर्नुपर्नेछ ।

अब विचार गरौँ हंसगृह द्रङका बारेमा । अभिलेखमा उल्लिखित हंसगृह द्रङको स्थान निश्चित हुनुपर्ने आवश्यकता देखिएको छ । कारण इतिहासविद् धनवज्रजीको व्याख्याअनुसारको पृष्ठ १५ मा प्राचीनतासँग जुटेका तथ्यहरू उजाड भयो भनी भनिएको छ । यदि त्यस्तो स्थापित बस्ती उजाड भए पनि त्यसको केही न केही अवशेष त फेला पर्नुपर्ने हो । त्यस भेगमा त्यस्तो सहर विकसित भएको कुनै चिह्न वा त्यस्तो अनुमान गर्न मिल्ने कुनै भौतिक वस्तु फेला परेको छैन । भौगोलिक र वातावरणीय दृष्टिकोणले पनि त्यहाँ हंसगृह द्रङ नामक विकसित सहर नरहेको र नभएको स्पष्ट अनुमान गर्न सकिन्छ । स्मरण रहोस् – लिच्छविकालका साना-ठूला मन्दिरहरू अझैसम्म छँदैछन् । त्यति मात्र होइन, ससाना ढुङ्गामा कुँदिएका अभिलेखहरू सुरक्षित राख्ने उपत्यकाको भौगोलिक वातावरणले हंसगृह द्रङ नामक सहरलाई पृथ्वीको गर्भभित्र पारिसक्यो भन्न मिल्दैन । त्यसैले स्पष्ट छ – त्यो हंसगृह द्रङ नामक
सहर त्यस भेगमा थिएन, जहाँ त्यो नाउँ उल्लिखित अभिलेख प्राप्त भयो । धनवज्रजीको व्याख्याअनुसार 'अनन्तलिङ्गेश्वरमा लिच्छविकालमा हंसगृह नामको प्रसिद्ध बस्ती थियो । व्यापारको केन्द्रका रूपमा यो बस्ती विकसित भएको हुँदा द्रङ कहलाएको थियो । ब्राह्मणलगायत चाण्डालसम्मका विभिन्न जातका मानिसहरूको बसोबास यहाँ थियो । ... लिच्छविकालमा विकसित बस्ती हंसगृह द्रङ कारणवश पछि उजाड भयो । अहिले यस भेगमा विशेष बस्ती छैन ।' कसरी यति विशाल बस्ती उजाडियो, इतिहास अनुत्तरित रहनु ठीक होइन ।

अभिलेखमा वराहजात्राको उल्लेख भएको छ । त्यसैले यहाँ वराह मन्दिर हुनु जरुरी थियो । गोयुद्ध पताकाको उल्लेख छ । त्यहाँ गोयुद्ध सञ्चालन गराउन सकिने विशाल मैदान हुनुपर्‍यो । साथै सहर व्यापारको केन्द्रका रूपमा भएको हुँदा बाटोघाटोको सुविधाका साथै अरू बस्ती अन्य ससाना ग्रामहरू) ले घेरिएको हुनुपर्‍यो, अर्थात् सहर केन्द्रमा हुनुपर्‍यो आदि । त्यसैले हंसगृह द्रङजस्तो सभ्य र सुसंस्कृत सहर भक्तपुर अनन्तलिङ्गेश्वरको

छेउछाउमा नभई उपत्यकाको केन्द्र मानिन सक्ने स्थानमा थियो भन्ने अनुमान गर्न सकिन्छ ।

अहिलेसम्म प्राप्त लिच्छविकालीन अभिलेखमा हंसगृहको जम्मा दुई ठाउँमा मात्र उल्लेख भएको देखिन्छ । प्रथमतः अंशुवर्माको सम्वत् ३२ को हाँडीगाउँको शिलालेखमा हंसगृहदेवस्य पु ३ प १ भनी हंसगृहका देवताहरूलाई खर्च तोकिएको छ । दोस्रो करिब आधा शताब्दीपछि नरेन्द्रदेवको समयमा अनन्तलिङ्गेश्वरमा उल्लेख भएको छ । करिब आधा शताब्दीको अन्तरालमा हंसगृह भन्ने सानो बस्ती हंसगृह द्रङमा परिणत भएको देखिन्छ ।

हंसगृह द्रङ कहाँ थियो, यसतर्फ विचार गर्नुभन्दा पहिले द्रङका बारेमा विचार गरौँ । किटानसाथ द्रङको अर्थ शब्दकोशमा नखुले पनि विभिन्न विद्वानको व्याख्याअनुसार द्रङ एउटा विकसित बस्ती हो, जसले ्‌ प्रशासनिक अधिकार पाएको हुन्छ । यसमा मेरो पनि सहमति छ । तर कस्तो सहर भने विभिन्न ससाना गाउँहरूलाई अधिन गर्ने एउटा निश्चित सीमा निर्धारण भएको इलाका नै सञ्चालन गर्ने अख्तियारी पाएको बस्तीलाई द्रङ जनाउँछ । यस हिसाबले विचार गर्दा द्रङ एउटा इलाकायुक्त बस्ती हो । त्यस बखतका प्राप्त अभिलेखलाई हेर्दा अंशुवमाको शासनकालका द्रङहरूको सीमा र पछिका द्रङहरूको सीमा परिवर्तित भइरहे । यति मात्र होइन, बस्ती र इलाकाले द्रङको हैसियत प्राप्त गर्ने र गुमाउने कार्य पनि जारी रह्यो । यो तथ्यलाई लिच्छविकालीन प्राप्त अभिलेखलाई तुलनात्मक रूपमा विचार गर्दा यथेष्ट प्रमाण भेटिन्छन् ।

उदाहरणका रूपमा उपत्यकाको ऐतिहासिक नगर भक्तपुरलाई लिन सकिन्छ । वर्तमान भक्तपुरको नाउँ ख्वप हो । यस बस्तीलाई लिच्छविकालमा विभिन्न किसिमबाट सम्बोधन गरिएको छ, जस्तै : खृपुङग्राम, खुलप्रिङग्राम, खोप्रिङग्राम, माखोदलु र माखोप्रिङ द्रङ आदि । यसरी शब्द मात्र परिवर्तन भएका होइनन् कि समयअनुसार प्रशासनिक अधिकार पनि परिवर्तन भए र सीमा र इलाका फेरबदल भइरहे ।

त्यसैले जति पनि लिच्छविकालका बस्तीहरू थिए वा गाउँ र सहरहरू थिए, ती सबैजसो बस्ती उजाडिएका वा मासिएका छैनन् । कुनै न कुनै रूपमा आफ्नो अस्तित्वलाई जोगाइरहेका छन्, जस्तै : कुर्पासीग्राम खोपासी, एतङग्राम यङबहाल (पाटन), कोलिग्राम कान्तिपुर, लप्रिङग्राम लुभू, पाँगु

पाँगा, चुस्टुङग्राम टिस्टुङ, नुपुनग्राम नैकाप, सत्वौमालम्बा सतुङ्गल, शितातीग्राम सितापाइला, थसम्पिम थानकोट, थम्बुग्राम थैव, दुप्रङ दुवाकोट, लेम्बन्तीग्राम लेले र बुगायुमीग्राम बुङमती आदि । यी माथिका उदाहरणले के स्पष्ट गरेको छ भने लिच्छविकालका प्रायः सबै बस्ती वर्तमानमा पनि अस्तित्वमै रहेका छन् । त्यसैले हंसगृह द्रङ नामक विशाल व्यापारिक बस्ती उजाडिने कुनै प्रश्नै आउँदैन । अभिलेखमा उल्लिखित हंसगृह द्रङ थियो वा थिएन ? थियो भने कहाँ थियो ? अनन्तलिङ्गेश्वरको अभिलेखले धेरै विषयलाई औंल्याएको छ र खोजका लागि सामग्री उपलब्ध गराएको तथ्यले पनि यसतर्फ अनुसन्धान सुरु गरेर लिच्छविकालको अन्धकारले छोपेको इतिहासको पाटोलाई उजागर गरेको छ । साथै, यस्ता लुकेछिपेर रहेका तथ्यलाई इतिहासका मर्मज्ञ तथा ज्ञाताहरूले जनसमक्ष स्पष्ट पार्न सक्नुपर्छ । एक अन्वेषकले गरेको भूलको अन्य अन्वेषक मूकदर्शक भएर हेर्न मिल्दैन । त्यसैले सत्य र तथ्यलाई उजागर गर्नु नै अनुसन्धाताका कर्तव्य हो ।

●

## परिशिष्ट – १

## प्रा. डा. पुरुषोत्तमलोचन श्रेष्ठको 'अनुसन्धानात्मक साहचर्य' लेखको हंसगृहसम्बन्धी लेखको अंश

भरत दाइ र पुरुषोत्तम भाइका बीचमा पछिल्लो कालमा आएर विशेष गरी 'हंसगृह द्रङ', 'लोकपाल स्वामी' र 'दोलाशिखर स्वामी' का बारेमा अनेक तर्क-वितर्क र प्रयोग पनि चल्न थाल्यो, चलिरहेकै छ । यसको सुरुवात भरत दाइको 'अंशुवर्माको राजधानी सहर हंसगृह' (ROLAMBA, Millennium issue, Vol. 20, No. 1 & 2, Jan - June 2000) बाट भयो भने अहिलेसम्म पनि सिध्याउन नसकिएको मेरो 'अनन्तलिङ्गेश्वरको नरेन्द्रदेवको अभिलेखमा पुरातात्त्विक अन्वेषण' नै रहेको छ । जहाँसम्म अनन्तलिङ्गेश्वरको नरेन्द्रदेवको अभिलेखमा आएका 'लोकपाल स्वामी' को कुरा छ, इतिहासकार धनवज्र वज्राचार्यले 'लिच्छविकालका अभिलेख' मा यसलाई वैष्णवदेवता मानी चार नारायणमध्ये एक रहेछन् भन्ने अनुमानसमेत लाएका छन् । सोही कुरालाई अन्य विद्वान् लेखकहरूले अनुसरण गर्दै आएका छन् । तर अर्का इतिहासकार संस्कृतिशिरोमणि हरिराम

जोशीले 'नेपालको प्राचीन अभिलेख' मा शैवदेवता भनेका छन् । यसबारेमा हाम्रो मतचाहिँ एउटै छ, अर्थात् हंसगृहका लोकपाल स्वामी शैवदेवता नै हुन् । तर भरत दाइ ! तपाईंलाई थाहै छ, हंसगृह र दोलाशिखर स्वामीका बारेमा तपाईंको र मेरो ऱ्याङठ्याङ पटक्कै मिल्दैन । किनकि अनन्तलिङ्गेश्वर भेगको हंसगृह द्रङलाई तपाईंले जबर्जस्ती हाँडीगाउँमा तानेर लगी अंशुवर्माको राजधानी सहर नै बनाइदिनुभएको छ । तपाईंले प्रस्तुत गर्नुभएको उदाहरण-आधार 'हंसगृह – हंसग्राम – हंसगाउँ – हाँडीगाउँ' भाषाविज्ञानका दृष्टिले समेत तर्कहीन छ ।

सन्दर्भसूची :
१. रोलम्ब, मिलेनियम इस्यू, भोलम २०, न. १ र २, जनवरी – जून २०००
२. जङ्गम, भरतमणि, खोपृङ, अङ्क १५ वर्ष १७, भ. स. वि. सङ्घ
३. हरि मञ्जुश्री, सं. कालजयी व्यक्तित्व भरत जङ्गम (२०६३)

# शैवदेवता अनन्तलिङ्गेश्वर

भक्तपुर जिल्लाको दक्षिण भागमा रहेको गुन्डू गाउँको नैऋत्य कोणमा पूर्व फर्केको डाँडाको बीच भागमा अनन्तलिङ्गेश्वर महादेवको मन्दिर छ । यो मन्दिर एकान्त स्थानमा बीच जङ्गलमा छ । मन्दिरको बनोटलाई मात्र विचार गर्दा गुम्बज शैलीमा निर्मित सो मन्दिर नयाँजस्तो प्रतीत हुन्छ । तर सो मन्दिरमा प्रयोग भएका प्राचीनकालका काठपात र खम्बाहरूलाई हेर्दा र मन्दिर परिसरलाई नियाल्दा मन्दिरको निर्माण प्राचीन कालमा नै भएको अनुमान गर्न सकिन्छ । केही दशक अघिसम्म मन्दिरको उत्तरतर्फ एउटा भव्य भवन थियो, जहाँ त्यस मन्दिरमा पूजा गर्ने पुजारीहरू बसोवास गर्दथे । हाल त्यो भवनको जग मात्र देख्न सकिन्छ । भनिन्छ विक्रम सम्वत् १९९० मा आएको महाभूकम्पबाट प्राचीन मन्दिर भत्किएको र पछि त्यस मन्दिरलाई गुम्बज शैलीमा बनाएको हो ।[28] हाल त्यस शिवालयको परिसरमा कञ्चन पानी भएको कुवा, पुरिएको अवस्थामा एउटा इनार र सानो पानीको कुण्ड छ । ससाना शिवलिङ्गहरू वरपर छरिएर रहेका छन् भने गणेश, सरस्वती

---

[28] फेरि २०७२ सालको भूकम्पले क्षति गरेपछि २०७६ सालमा हालको मन्दिर निर्माण भएको हो । हालको दुईतले छाने मन्दिर १९९० सालको भूकम्पअघिकै शैलीमा तयार भएको छ ।

तथा नारायणका मूर्तिहरू भित्तामा टाँसिएका छन् । काठमाडौँ हनुमानढोकाको नजिकै रहेको कालभैरवको दुरुस्त आकृति भएको तर सानो मूर्ति पनि शिवालय परिसरको एक कुनामा रहेको छ । त्यस महादेवस्थानमा जान तीनतर्फबाट ढुङ्गाले चिनेको बाटो भए पनि काल-परिस्थिति र समय-समयमा जीर्णोद्धार नभएका कारणले गर्दा ती ढुङ्गाका खुडकिलाहरू अव्यवस्थित छन् । तर पूर्वतर्फको ढुङ्गाको सिँढी अहिलेसम्म पनि लामो उकालो बाटो भने ठिकै अवस्थामा भएको देखिन्छ ।[29]

अनन्तलिङ्गेश्वर महादेवस्थान जाने पूर्वतर्फको ढुङ्गाको सिँढी समाप्त हुनेबित्तिकै दुवैतर्फ माटोमा गाडिएको अवस्थामा दुइटा शिलापत्रमा लिच्छविकालीन अक्षर अङ्कित अभिलेख देखिन्छन् । तर ती अभिलेखका धेरै अक्षर साबुत छैनन् र पानी र माटोले खाएर बडो मुस्किलले मात्र पाठ गर्न सकिने अवस्थामा देखिन्छन् । त्यो अभिलेखलाई संशोधन मण्डलले पहिलोपल्ट 'अभिलेखसङ्ग्रह' पहिलो भागमा प्रकाशित गरेर सार्वजनिक गरेको थियो ।[30]

अनन्तलिङ्गेश्वरको अभिलेखमा लोकपाल स्वामीको उल्लेख भएको छ । लिच्छविकालीन प्रभावशाली राजा नरेन्द्रदेवको सो अभिलेखमा लोकपाल स्वामी उल्लेख भएकोमा इतिहासविद् धनवज्र वज्राचार्य र डा. जगदीशचन्द्र रेग्मीलगायत केही विद्वान् तथा अन्वेषकहरूले लोकपाल स्वामी वैष्णवदेवता हुन् भनेर किटानसाथ भनेका छन्, जो यथार्थमा लोकपाल स्वामी शैवदेवता हुन् र त्यस अभिलेखमा उल्लिखित लोकपाल
स्वामी अनन्तलिङ्गेश्वर नै हुन् भन्ने निम्न प्रमाण र आधारले प्रमाणित गर्न सकिन्छ –

१. सो अभिलेख जहाँ खडा भएर रहेको छ, सो स्थानका मूल देवता वैष्णवदेवता नभएर शैवदेवता हुन् । अनन्तलिङ्ग अर्थात् शिवलिङ्ग स्थापित मन्दिरको परिसरमा अभिलेख छ ।

---

[29] हाल सो मूल खुड्किलाको मार्ग चौडा बनाउने काम जारी छ । निर्माण पूरा भएपछि सो बाटो सुगम हुने निश्चित छ ।

[30] नेपाल र एसियाली अनुसन्धान केन्द्रद्वारा प्रकाशित धनवज्र वज्राचार्यद्वारा लिखित 'लिच्छविकालका अभिलेख' नामक पुस्तकको 'अनन्तलिङ्गेश्वरको नरेन्द्रदेवको अभिलेख' शीर्षकमा प्रकाशित शिलापत्रको मूल पाठ, अनुवाद र व्याख्यासमेत परिशिष्ट १ मा दिइएको छ ।

२. अभिलेखको शिरोभागमा साँढे अङ्कित छ, जो शिवका बाहन अर्थात् शिवस्वरूपलाई स्थापित गर्न सङ्केत गरिएको हो ।

३. अभिलेख स्थापना गर्ने राजा नरेन्द्रदेव व्यक्तिगत रूपमा शिव-उपासक शैवमतका राजा थिए भन्नेमा कुनै विवाद छैन । 'परममाहेश्वर' उपाधि धारण गर्ने पहिलो राजाका रूपमा परिचित लिच्छविकालका राजा नरेन्द्रदेवले धेरै शिवालयहरूमा यस्ता अभिलेखहरू स्थापित गरेका छन् । शैवमतमा विशेष आस्था भएका राजाले स्थापित अभिलेखमा उल्लेख गरेको लोकपाल स्वामी अर्थात् लोकका मालिक शिव मात्र हुन सक्छन्, वैष्णवदेवता हुन सक्तैनन् ।

४. त्यस बखत माहेश्वर र वीरशैव सम्प्रदायका बीच पारस्परिक सम्बन्ध थियो भन्ने बारेमा धेरै प्रमाणहरू फेला परेका छन् ।[35] अनन्तलिङ्गेश्वर शिवालयका पुजारी वीरशैव मतका जङ्गमहरू हुन् र सो मन्दिर भक्तपुर टौमढी टोलस्थित जङ्गम मठबाट सञ्चालित छ । जङ्गम मठमा मठाधीशलाई मल्लकालमा 'रावल' को उपाधिले पुकारिन्थ्यो भने लिच्छविकालमा 'कुलपति' भन्ने उपाधिले सम्मानित गरिएको थियो । उक्त नरेन्द्रदेवको अभिलेखमा पनि कुलपति उल्लेख भएको छ । अभिलेखमा त्यस बखतको आमदानी-खर्चको बाँडफाँड गरी सो खर्च कुलपतिले गर्नुपर्ने व्यहोरा उल्लेख भएको छ । यसबाट स्पष्ट हुन्छ कि लिच्छविकालका राजा नरेन्द्रदेवका पालामा नेपालमा वीरशैव मत लोकप्रिय थियो र त्यसैको बाहुल्य थियो भन्ने पनि देखिन्छ ।

५. अनन्तलिङ्गेश्वरको अभिलेख भनेर चिनिने उक्त शिलालेख स्थानान्तरित भएर त्यहाँ रहेको भन्ने कुरा संशोधन मण्डलले भन्न सकेको छैन र अभिलेखसङग्रहमा पहिलोपटक अभिलेख छापिँदा पनि त्यस्तो कुनै स्थानान्तरण भएको कुरा उल्लेख भएको छैन । त्यसैले सो माथि उल्लिखित लिच्छवि राजा नरेन्द्रदेवको अभिलेख प्राचीन कालदेखि नै त्यहीँ थियो भन्ने कुरा पनि माथिको प्रमाणले पुष्टि गरेको छ । त्यसैले यो अभिलेख स्थानान्तरण भएको नभई त्यसै स्थानमा स्थापित भएको हो भनी यकिनका साथ भन्न सकिन्छ ।

[35] डा. पुरुषोत्तमलोचन श्रेष्ठ, खोपृङ, वर्ष ८, २०५६, पृष्ठ ३ मा यसरी भनिएको छ – लिच्छविकालमा, विशेष गरी नरेन्द्रदेवको पालामा माहेश्वर सम्प्रदाय निकै लोकप्रिय रहेको बुझिन्छ । यस अभिलेखमा पनि ललितमाहेश्वरको उल्लेख भएकाले त्यसताका भक्तपुरमा त्यस सम्प्रदायका अनुयायीहरू थिए भन्ने कुरा थाहा हुन्छ । 'लडितमहेश्वर' को उल्लेख देउपाटनको अंशुवर्माको अभिलेखमा भइसकेको छ । सो अभिलेखमा उनकी भान्जी भाग्यदेवीले लडितमहेश्वर स्थापना गरेको कुरा परेको छ । यस सम्प्रदायका अनुयायीहरू पनि वीरशैवहरूझैँ शिवलाई पञ्चतत्त्वका प्रतिपादक मान्दछन् ।

उपर्युक्त कथनानुसार धनवज्र वज्राचार्यको 'लिच्छविकालको अभिलेख' को पृष्ठ ४८५ देखि ४८९ सम्म लोकपाल स्वामीलाई वैष्णवदेवता भनी गरिएको व्याख्या गलत सावित भएको देखिन्छ । इतिहासको तथ्यलाई राम्ररी नकेलाई अथवा अभिलेख रहेको स्थानको भ्रमण नै नगरी कोठामा बसेर अनुमान वा व्याख्या गर्दा इतिहासको वास्तविक तथ्य छायामा पर्न जान्छ भन्ने कुरा उपर्युक्त कथनले सावित गरेको छ । लोकपाल स्वामी वैष्णवदेवता हुन् भन्ने इतिहासविद्हरूको भनाइले गर्दा प्राचीन इतिहासका धेरै तथ्यहरू अझै पनि स्पष्ट हुन सकेका छैनन् ।

लोकपालको अर्थ हो लोकको रक्षा गर्ने र स्वामीको अर्थ हो मालिक अर्थात् लोकलाई पालन गर्ने मालिक । शब्दकोशले स्वामीको अर्थ नायक, ईश्वर, प्रभु, पति र मालिक भनेर व्याख्या गरेको छ । हुन पनि स्वामी आदर र अभिभावकसूचक साझा शब्द हो । वैष्णव र शैव सम्प्रदायका नायकहरूलाई स्वामी घोषित गर्ने प्रचलन सनातनदेखि नै चलिआएको छ । त्यसैले लोकपाल स्वामी वैष्णवदेवता हुन् भनी किटान गर्दा चाँगुनारायण दोलाशिखर स्वामी भनी नामकरण हुन पुगेका छन् । दोलाशिखर स्वामी, यो छुट्टै अनुसन्धानको विषय हो । यदि स्वामी शब्दले वैष्णवदेवता जनाउँदैन भने दोलाशिखर स्वामीमा पनि प्रश्न लाग्छ । किनभने स्पष्ट चाँगुनारायणलाई दोलाशिखर स्वामी भनिएको छ । त्यसैले प्राचीन इतिहासमा रहेको अन्योलको वातावरणलाई स्वच्छता ल्याउन अनुसन्धानले बल प्रदान गर्नेछ ।

लोकपाल स्वामीले निश्चित रूपमा वैष्णवदेवतालाई मात्र बुझाउँदैन । जुन सम्प्रदायका व्यक्तिले यसको प्रयोग गरेका हुन्छन्, उनैका इष्टदेवताका रूपमा यो शब्द प्रयोग भएको मान्नुपर्छ । यदि लिच्छवि राजा नरेन्द्रदेव वैष्णव मतका अनुयायी भएका भए यो लोकपाल स्वामीले वैष्णवदेवतालाई जनाउँदथ्यो । तर लिच्छविकालका राजा नरेन्द्रदेवको नामका अगाडि

‘परममाहेश्वर, परमभट्टारक र पशुपतिभट्टारकपादानुध्याता महाराजाधिराज’ भन्ने पदवी गाँसिने हुँदा स्पष्ट रूपमा नरेन्द्रदेव शैवमतका कट्टर अनुयायी हुन् भन्न सकिन्छ। यी माथिका तथ्यलाई कुनै ध्यान नै नदिई लोकपाल स्वामीलाई वैष्णवदेवता हुन् भनेर धेरै इतिहासविद् र अनुसन्धानकर्ताहरूले एकै स्वरले भन्ने गरेका हुँदा हामी ऐतिहासिक तथ्यबाट वञ्चित हुन पुगेका छौँ । यस सम्बन्धमा हामी वर्तमानका अनुसन्धानकर्ताको काँधमा नयाँ जिम्मेवारी आएको महसुस भएको छ । अनुसन्धान भन्ने निरन्तर चलिरहने कुरा हो । त्यसैले अनन्तलिङ्गेश्वरको अभिलेखमा उल्लिखित लोकपाल स्वामी वैष्णवदेवता हुन् वा शैवदेवता हुन् भन्ने सम्बन्धमा अहिलेसम्म भएको अनुसन्धानले यसलाई शैवदेवता हुन् भन्ने सावित गरेको छ । त्यसैले अनन्तलिङ्गेश्वर लोकपाल स्वामी शैवदेवता नै हुन् ।

धनवज्र वज्राचार्यले गर्नुभएको व्याख्यामा भनिएको छ – “अनन्तलिङ्गेश्वर भेकमा लिच्छविकालमा हंसगृह नामक प्रसिद्ध बस्ती थियो । व्यापारको केन्द्रका रूपमा यो बस्ती भएको हुँदा द्रङ कहलाएको थियो । ब्राह्मणलगायत चाण्डालसम्मका विभिन्न जातका मानिसहरूको बसोवास यहाँ थियो । हंसगृह द्रङभित्र लोकपाल स्वामीको मन्दिर थियो । हंसगृहका लोकपाल स्वामीको पूजाआजा, वार्षिक यात्रा आदि धुमधामसँग हुन्थ्यो भन्ने थाहा पाइन्छ । यहाँको धार्मिक विधानको रेखदेखका लागि एकजना कुलपति नै नियुक्त हुन्थे । देवमन्दिरमा सफाइ आदि तथा आरतीको बेला नृत्य आदिका लागि दसौँ देवदास, बीसौँ देवदासीहरू रहेका हुन्थे । त्यसताका वैष्णवदेवतालाई स्वामी भन्ने चलन थियो । अंशुवर्माको हाँडीगाउँको अभिलेखमा चाँगुनारायणलाई दोलाशिखर स्वामी भनिएको छ । यहाँ उल्लिखित लोकपाल स्वामी वैष्णवदेवता हुन् भन्ने निश्चित हुन्छ । लिच्छविकालमा यहाँ वराहयात्रा आदि यात्रा हुन्थे, गोयुद्ध उत्सव हुन्थ्यो भन्ने थाहा पाइन्छ । गोयुद्ध उत्सव लिच्छविकालमा लोकप्रिय देखिन्छ । गोयुद्धोत्सवमा पताका (झण्डाविशेष) पनि रहन्थ्यो भन्ने यस अभिलेखबाट थाहा पाइन्छ । लिच्छविकालमा विकसित बस्ती हंसगृह द्रङ कारणवश पछि उजाड भयो । अहिले यस भेकमा विशेष बस्ती छैन ।” उपर्युक्त व्याख्याबाट अनन्तलिङ्गेश्वर अर्थात् गुन्डूमा एक सुन्दर एवं
विकसित सहर थियो, कालान्तरमा यो बस्ती उजाडियो भनेर स्पष्ट भनिएको तर्फ यो लेखकको ध्यान केन्द्रित हुन पुगेको छ । माथि लेखिएको अभिलेखको अनुवाद र व्याख्याले केही प्रश्न उब्जाएका छन् –

१. गुन्डू या गाम्चा क्षेत्रमा हंसगृह नाम गरेको एउटा विकसित तथा सभ्य सहर थियो वा थिएन ?
२. लोकपाल स्वामी वैष्णव मतका थिए वा शैव मतका थिए ?
३. दोलाशिखर स्वामी भन्नाले चाँगुनारायणलाई बुझाउँछ वा अन्य कुनैलाई ?

यी माथिका प्रश्नलाई विचार गरी अनन्तलिङ्गेश्वरको डाँडामा बसेर हेर्दा शिलापत्रको अनुवाद र व्याख्यामा उल्लेख भएका तथ्यलाई मान्न सकिने अवस्था देखिएन । अनन्तलिङ्गेश्वर क्षत्रेको भौगोलिक तथा पर्यावरणीय अवस्थालाई विचार गर्दा र विक्रमको सातौँ शताब्दी र वर्तमानको समयलाई विचार गर्दा त्यति ठूलो प्रलय भएर परिवर्तन हुनुपर्ने स्थिति देखिँदैन । यो शिलापत्र कुँदिएको समयभन्दा दुई शताब्दीपूर्वको चाँगुनारायण र दसौँ शताब्दीपूर्वको पशुपतिनाथ क्षेत्रलाई विचार गर्दा विद्वान् धनवज्र वज्राचार्यजीले गर्नुभएको व्याख्यामा प्रश्नचिह्न लागको छ । सबैभन्दा विचारणीय कुरा के छ भने अंशुवर्माको पालाका साना-साना शिलालेख यत्रतत्र फेला पर्नु तर विशाल हंसगृह द्रङको नामोनिसाना नभेटिनु तथा नदेखिनु । त्यसैले यो अनन्तलिङ्गेश्वरको अभिलेखमा उल्लेख भएको हंसगृह द्रङ कहाँ थियो भन्नेतर्फ खोजी हुनु आवश्यक ठानेको छु । यसै सिलसिलामा यसै पुस्तकमा प्रकाशित ‘अंशुवर्माको राजधानी हंसगृह द्रङ’ शीर्षकमा प्रकाशित लेखलाई हेर्नुहुन पनि अनुरोध गर्दछु ।

दोस्रो, लोकपाल स्वामी वैष्णवदेवता हुन् भन्ने कथनका बारेमा विचार गर्दा अनन्तलिङ्गेश्वरको वरपर त्यस्तो लिच्छविकालको नारायणको मूर्ति देखिँदैन । अनन्तलिङ्गेश्वरको मूल मन्दिर शिवालय भएको र यहाँ राखिएको अभिलेखको शिरोभागमा साँढे अङ्कित भएबाट यो पूर्ण रूपले शैवमन्दिर हो । त्यहाँको वनको नाउँ अन्तलिङ वन भएको र अनन्तलिङ्गेश्वर महादेव स्थापित हुनाका साथै पुजारी वीरशैव मतका भएका कारण भगवान् लोकपाल स्वामीलाई वैष्णवदेवता भनी किटानसाथ भन्न मिल्ने अवस्था छैन । स्वामी शैवमतमा प्रयोग हुने शब्द हो । स्वामीको अर्थ मालिक हो । लोकपाल स्वामी अर्थात् लोकको कल्याण गर्ने मालिक देवाधिदेव महादेव नै हुनुपर्छ । शिवदेव – अंशुवर्माको उदय भएदेखि पूरा एक शताब्दीसम्म नेपालमा शैवमतको विकास भएको देखिन्छ । कार्तिक शुक्ल द्वादशीका दिन प्रतिष्ठापित भएको अभिलेखमा उल्लेख भएको आधारमा वैष्णवदेवता भनेर लोकपाल स्वामीलाई नामकरण गरेको मिलेको देखिँदैन ।

अभिलेखमा लेखिएका कार्तिक शुक्ल एकादशीका दिन बाटो बनाउनुपर्ने, द्वादशीका दिन ब्राह्मणद्वारा स्वस्तिशान्ति गराउनुपर्ने र ब्राह्मणदेखि चाण्डालसम्मलाई 'घृतासनसमितादि' को भोजन गराउनुपर्ने उल्लेख भएबमोजिम भक्तपुर जङ्गममठबाट हुने गरेका छन् । तर तिथिमितिले भने फरक छ । जस्तै प्रत्येक वर्ष इन्द्रजात्रा पूर्णिमाका दिन भक्तपुर जङ्गममठबाट दूध, घिउ, चामल र सखरमिश्रित पायस बनाई ब्राह्मण, गाउँका सर्वसाधारण र गरिब-गुरुवालगायतलाई भोजन गराउने कार्य आजसम्म चलेकै छ ।

हंसगृह द्रङ अंशुवर्माको समयदेखि पछिसम्म राजधानीका रूपमा रहेको अनुमान गर्न सकिन्छ । अंशुवर्माको हाँडिगाउँको अभिलेखमा
'हंसगृह देवस्य पु ३ प १' भनी हंसगृहका देवतालाई खर्च छुट्याइएको छ । हंसगृह द्रङको महत्त्वपूर्ण गोयुद्ध र वाराहीयात्राले पुष्टि गरेको छ । यो हंसगृह नामक विशालनगर उपत्यकाको मध्य भाग अर्थात् सम्म र टम्म मिलेको जग्गा हालको हाँडिगाउँ नै हो भन्ने अनेकानेक प्रमाणहरूले प्रमाणित गरेको अनुमान गर्न सकिन्छ । हंसगृह नै कालान्तरमा हाँडिगाउँ भएको प्रमाणलाई यसरी हेर्न सकिन्छ । जस्तै – हंसगृह = हंसग्राम = हंसगाउँ = हाँडिगाउँ । साथै, त्यस बखतका सबै द्रङहरूले आफ्नो मूल अक्षर परिवर्तित नभई कायम भएका कारण पनि हंसगृह नै हाँडिगाउँ हो भन्न सकिएको हो । जस्तै लेम्वती द्रङ = लेले, शीताटिका द्रङ = सितापाइला, युप द्रङ = येले, कोली द्रङ = कान्तिपुर, खोप्रिङ = ख्वप र नम्पुन्न द्रङ = नुवाकोट आदि ।
अंशुवर्माको नामाङ्कित इँटाहरू र अन्य वस्तुहरू पनि हाँडिगाउँ भेकमा पाइएका छन् भन्ने समय-समयमा प्रकाशित लेखबाट जानकारी भएको हुँदा हाँडिगाउँमा उत्खनन भएमा कैलाशकुट भवनको रहस्य उद्घाटन हुन सक्नेछ । हालसम्म हामीलाई कैलाशकुट भवनका बारेमा सातौँ शताब्दीमा चिनियाँ यात्री हुयान साङले वर्णन गरेका कुरा मात्र जानकारी छ । यसतर्फ सम्बन्धित निकायको ध्यान पुगोस् भन्ने पनि यो लेखको आग्रह हो ।

अनन्तलिङ्गेश्वरको अभिलेखले उठाएका तीन प्रश्न छन् – (१) हंसगृह द्रङ, (२) लोकपाल स्वामी, (३) दोलाशिखर स्वामी । यी तीनै विषय अनन्तलिङ्गेश्वरमा उल्लेख भएका छन् । हो, यही शिलालेखको अपव्याख्या हुँदा प्राचीन इतिहासमा भ्रम पैदा भएको हो । नरेन्द्रदेवको अनन्तलिङ्गेश्वरको अभिलेख दुई भागमा बाँडिएको छ । पहिलो भाग – अभिलेखको प्रथम नौ

लाइनमा राजा नरेन्द्रदेवको प्रशस्तिसाथै पूर्वराजाहरूको बेवास्ताले गर्दा पुनः शिलापत्र लेखिनुपर्ने कारण उल्लेख भएको छ। दोस्रो भाग – दसौँ पङ्क्तिदेखि अन्तिम पङ्क्तिसम्म पूर्वनियुक्त कुलपतिका सबै प्रकारका दायित्वबारेमा जानकारी दिने काम भएको छ । यो स्पष्ट छ – अनन्तलिङ्गेश्वर अर्थात् भगवान् लोकपाल स्वामी हंसगृह द्रङ इलाकाभित्र प्रतिष्ठापित देवता हुन् । त्यहाँ आमदानी हुने व्यवस्था पहिले नै बाँधिएको छ । त्यही आमदानीबाट कुलपतिले त्यहाँको धार्मिक कृत्यका लागि खर्च गर्नुपर्छ र हंसगृह इलाकाभित्र हुने अन्य कार्य जस्तै गोयुद्धपताका र वराहयात्रामा सहयोग गर्ने काम गर्नुपर्छ ।

गोयुद्धपताकाको अर्थ हो गोयुद्धका लागि तयार भएर जाने झण्डा अर्थात् हंसगृह द्रङमा हुने गोयुद्धका लागि स्वामीग्रामबाट (गाउँको चिह्नसहितको झण्डा) गोरुलाई लिएर गोयुद्धमा सम्मिलित हुनु हो । पूर्वकालमा हिन्दूहरूले गाईमाताको विकास र संरक्षण गर्ने उद्देश्यका साथ असल नस्लका गोरुहरूको प्रतियोगिता गर्ने व्यवस्था मिलाएका थिए । त्यस्तै, गोरुको प्रतियोगिता लिच्छविकालीन नेपालमा पनि हुने व्यवस्था भएका कारणले यो अभिलेखमा गोयुद्धपताकाको उल्लेख भएको हो भन्न सकिन्छ । अब यस्तो गोयुद्ध कहाँ हुन्थ्यो त भन्ने प्रश्नको सहज जवाफ छ – पशुपति क्षेत्र । हामीलाई थाहा छ पशुपति क्षेत्रको पूर्वतर्फ गौचरन थियो, हालको अन्तर्राष्ट्रिय एयरपोर्टले ओगटेको स्थान । त्यस्तो बाँझो जग्गा भएको कुरा माथि चाँगुको शिवदेव र अंशुवर्माको अभिलेखमा पनि उल्लेख भएको छ । त्यस्तै, जेठ एकादशीमा हुने वाराहीको यात्राको पनि उल्लेख भएको हुँदा वज्रवाराही लेम्वती द्रङ इलाकाभित्र पर्ने भएको हुँदा हंसगृह क्षेत्रभित्रको धुमवाराही हो कि भन्ने अनुमान गर्न सकिन्छ । लिच्छविकालका अभिलेखहरूमा ग्राम, पत्तन, तल र द्रङ उल्लेख गरेर त्यस बखतका बस्ती र इलाकाका बारेमा वर्तमानलाई सूचना गरिएको छ । त्यस बखत स्थापना गरिएका शिलापत्रमा नेपाल उपत्यकाभित्र र बाहिर विभिन्न द्रङको उल्लेख गरिएको छ, तापनि मुख्य निम्न हुन् – (१) हंसगृह द्रङ, (२) लेम्वती द्रङ, (३) थुतरी द्रङ, (४) शीतातिका द्रङ, (५) युप द्रङ, (६) कोली द्रङ, (७) माखोपृङ द्रङ, (८) नुप्पुन्न द्रङ ।

अंशुवर्मा र नरेन्द्रदेवको अभिलखमा यसरी स्पष्ट द्रङहरूको उल्लेख गरेको पाइन्छ । उल्लिखित द्रङहरूमा हंसगृह द्रङ नै मूल नगर हो पनि भन्न सकिन्छ । तर प्राचीन इतिहासका अध्येता र अन्वेषकहरूले हंसगृह द्रङलाई

अनन्तलिङ्गेश्वर महादेवको नजिकै (वरपर) रहेको उल्लेख गरेको र शिवमन्दिरलाई वैष्णवमन्दिर भनेर अपव्याख्या गरिएका कारणले एकपछि अर्को हुँदै गलत व्याख्या हुन पुगेको देखियो ।

अनन्तलिङ्गेश्वर, दोलाशिखर स्वामी र हंसगृह द्रङको अन्तरसम्बन्ध रहेको छ । यस सम्बन्धमा विस्तृत अनुसन्धान भई प्राचीन इतिहासमा रहेको भ्रमको निवारण हुनुपर्ने देखिन्छ ।

●

परिशिष्ट – १

## अनन्तलिङ्गेश्वरको नरेन्द्रदेवको अभिलेख

भक्तपुर सूर्यविनायकदेखि दक्षिणपट्टि पाटन लुभू सहरदेखि पूर्व-उत्तरपट्टि रहेको डाँडोमा अनन्तलिङ्गेश्वरको मन्दिर छ। सो अनन्तलिङ्गेश्वरको पूर्वपट्टि ओर्लने सिँढीनेर यो अभिलेख कुँदिएको शिलापट्ट रहेको छ । यसको अभिलेख कुँदिएको भाग २ हात लम्बा, २१ अङ्गुल चौडा छ । यसको शिरोभागमा साँढे अङ्कित छ । यहाँ सम्वत्मा दसस्थानी अङ्क ८० देखिन्छ । एकस्थानी अङ्क देखिँदैन । यसकारण यहाँको सम्वत् ८० देखि ८९ को बीचको देखिन्छ । ‘अभिलेखसङ्ग्रह’ पहिलो भागमा संशोधन मण्डलद्वारा यो छापिएको छ । मूल पाठ

१. ॐ स्वस्ति कैलासश्रृङ्गाभान्नयोत्सवकारिणः कैलाशकूटभवनात्

२. रम्याज्जगति विस्रुतात् । राज्ञां मणिर्लिच्छविवंशजानां योभूद्गुणैस्सर्वजनातिगण्यैः

३. शक्तित्रयापूरितमण्डलश्रीः शशीव संलक्ष्यतरो नृपाणम् स विनयनयप-

४. राक्रमालङ्कृतमूर्तिर्भगवत्पशुपतिभट्टारकपादानुगृहीतो वप्पपादानुध्यातो भ-

५. ट्टारकमहाराजाधिराजश्रीनरेन्द्रदेवः कुशली नेपालसीमान्तः पातिनः सर्वाधिकाराधिकृ-

६. तान् वर्तमानान् भविष्यतश्च समाज्ञापयति विदितमस्तु भवतां हंसगृहद्रङ्गस्य ... पश्चिमको-

७. ... ग्रामसहितस्य चाटभटाप्रवेशः शरीरकोट्टोभयानेकमर्यादोपपन्नः कश्चित्प्रसा-
८. दशासनपट्टकोभुत्स च पूर्वराजविभ्रमतो नष्टोधुनास्माभिश्चिरन्तनव्यवस्थानुपाल-
९. नजातादरै (:) स एव प्रसादश्चिरस्थितये शिलापट्टकाभिलेख्येन प्रसादीकृतोत्र
१०. च मर्यादा कुलपतिना देया कार्तिकशुक्लैकादश्याम्मागंसस्कारार्थन्त-
११. ण्डुलमानिका ४ द्वादश्याम्भगवतो लोकपालस्वामिनः प्रतिष्ठादिने तत्रै-
१२. व ब्राह्मणजनस्य शान्त्युदकम्पणानां पुराणम् २५ द्रङ्गसीमाभ्यन्तरस्था-
१३. नाम्ब्राह्मणप्रमुखानाम्माचाण्डालेभ्यो घृताशनसमितादिभोजनम् आनर-
१४. स्तम्भानमेकैकस्य संस्थापनार्थम् तण्डुलमानिका ५४ गोयुद्धपताकावस्तु-
१५. पुराण २५ क्रियाकरणम्भगवतो लोकपालस्वामिनः पावनार्थन्धान्यमनिकाः
१६. ४० देवस्थापकस्य भुक्तिधान्यमानिका ... ... दकभुक्तिका- धान्यमानिकाः
१७. २४ देवभृत्यानान्दशानामेकतो भुक्तिकाधान्यमनिका १४० दासीनां विंशती-
१८. नामेकतो मानिकाशतत्रयं षष्टयुत्तर ... त ... मानिकाशतद्वयं चत्वारिंशदमा्
१९. निकाधिकं भासक्षेत्रेणैव ... ... च यत्पूरणीयं मानिका- २०.
शतं त्रिंशदुत्तरं तत्कुलपते ... ... ग्देवभृत्यानाम्पुरण १२०
२१. दासीनामपुराण ८० मृत्तिका ... ... का ५ पणपुरण ६०
२२. अङ्गनशोधनार्थन्तण्डुलमा ... ... शोधनार्थङकोङ् कोग्रामपाञ्चा् - २३. लिकानान्तण्डुलमानिका ... ... १ माधशुक्लद्वादश्याम ्
२४. द्रङ्गसीमाभ्यन्तरस्थानानं ... ... यथाग्रयफा- २५.
ल्गुनमासेन क्षेत्रमणि ... ... ज्येष्ठशुक्लैकाद- २६.
श्यांवराहयात्रायां सीमाभ्यन्तर ... ...
२७. सीनान्तण्डुलमानिका ... ...
२८. मण्या तन्धि ... ...

२९. अर्चनानिमित्तम् ... ...
३०. काः १२ इन्द्रो ... ...
३१. यजभवन ... ...
३२. दक्षिण ... ...
३३. ... ...
३४. ... ...
३५. पालनीयं ... ...
३६. ... ...
३७. पूर्वराजप्र ... ... पालनपरैरेव ... ...
३८. शास्त्रानुशी ... यतः पूर्वदत्तां द्विजातिभ्यो य(त्नाद्रक्ष) यधिष्ठिर
३९. महींमहीभुजाश्रेष्ठ दानाच्छेयोनुमालनमिति संवत् ८० ...
४०. कषद्विवादशम्यामदतकश्चात्र श्रीयुवराज ... देवेति

अनुवाद

कल्याण होस् । कैलाशको टाकुरोजस्तो भएको, आँखालाई आनन्द दिने, राम्रो, संसारमा प्रसिद्ध भएको कैलाशकुट भवन (दरबार) बाट

जुन राजा अरू सबै मानिसलाई माथ गर्ने गुणहरूद्वारा लिच्छविकुलका राजाहरूमा मणिजस्तै हुनुहुन्छ, प्रभुशक्ति, मन्त्रशक्ति, उत्साहशक्तिद्वारा मण्डलको लक्ष्मीलाई परिपूर्ण पारेका हुनाले चन्द्रमाझैँ राजाहरूको हेरिरहूँ जस्तो हुनुहुन्छ ।

विनय (कर्तव्यको शिक्षा), नीति, पराक्रमले गर्दा जीउ सुहाएका, भगवान् पशुपतिनाथको पाउको अनुग्रह पाएका, बप्प (बुबा) बाट अनुग्रह पाएका, गाथमा आराम रहेका उहाँ भट्टारक महाराजाधिराज श्रीनरेन्द्रदेवबाट नेपालको सीमाभित्र पर्ने सारा अधिकारणहरूका अहिले बहाल रहेका र पछि बहाल हुनेसमेत अधिकारीहरूलाई आज्ञा भएको छ । तिमीहरूलाई थाहा होस् ।

पश्चिम कोग्रामसहितको हंसगृह द्रङमा चाटभटले पस्न नपाउने गरी शरीर र कोट्ट (किल्ला) दुवैसम्बन्धी अनेक स्थितिबन्देजले युक्त भएको सनदपत्र गरिदिएको थियो । पहिलेका राजाको बेहोसीले सो सनदपत्र लुप्त भयो । पुराना स्थिति साविकबमोजिम कायम राख्न चाहिने हामीबाट अहिले

सो सनद धेरै कालसम्म कायम होस् भनी शिलापत्रमा कुँदाएर निगाह गरिएको छ ।

यसको बेहोरा यस प्रकारको छ – कुलपतिले कार्तिक शुक्ल एकादशीको दिन बाटोमा सुधारका लागि चार मानिका चामल दिनू । भगवान् लोकपाल स्वामीको प्रतिष्ठा भएको दिन द्वादशीमा त्यहीँ ब्राह्मणहरूलाई शान्तिस्वस्तिको ... ... लागि २५ पणपुराण दिनू । यस द्रङको सीमाभित्र रहेका ब्राह्मणलगायत चाण्डालसम्मलाई घृतासनसमितादि भोजन र प्रत्येक व्यक्तिको एक-एकको स्तम्भ राख्नका लागि ५४ मानिका चामल । गोयुद्धपताका (साँढे जुधाई गरिने उत्सवको झण्डा) का लागि २५ पुराण ।

भगवान् लोकपाल स्वामीको विधिविधान – सफासुग्घरका लागि ४० मानिका धान, देवता स्थापना गर्नेलाई ... ... मानिका भुक्तिका धान, ... ... लागि २४ भुक्तिका धान, १० जना देवदासहरूलाई जम्मा १४० मानिका भुक्तिका धान, २० देवदासीहरूलाई जम्मा ३६० मानिका, ... ... २४० मानिका, भास खेतबाट नै ... ... जुन पूरा गर्नुपर्ने १३० मानिका,
त्यो कुलपतिको ... ... देवदासहरूलाई १२० पुराण, दासीहरूलाई ८० पुराण, माटो ... ... ६० पण पुराण, आँगन सफासुग्घर गर्न ... ... मानिका चामल ... ... सफासुग्घरका लागि कोङको ग्रामपाञ्चालीलाई ... ... मानिका चामल, ... ... माघ शुक्ल द्वादशीका दिन द्रङको सीमाभित्र रहेकाहरूको ... ... फाल्गुन महिनाको सुरुमा क्षेत्रमणि ... ... ज्येष्ठ शुक्ल एकादशीका दिन वराहयात्रामा सीमाभित्रका ... ... वासीहरूलाई मानिका चामल ... ... पूजाका निमित्त ... ... १२, इन्द्र ... ... पालना गर्नुपर्छ । ... ...

(पछिका राजाहरूले) ... ... अघिका राजाले बाँधेका स्थितिबन्देज कायम राख्नुपर्छ । शास्त्रमा पनि भनिएको छ – राजामा श्रेष्ठ हे युधिष्ठिर ! अघिका राजाहरूले ब्राह्मणलाई दान दिएको जग्गा कोसिससाथ रक्षा गर्नुहोस् । दान दिनुभन्दा पहिलेको दान थामिदिनु उत्तम हो ।

सम्वत् ८० ... ... कृष्ण दशमी । यस बातका दूतक (मार्फत) श्रीयुवराज (स्कन्द) देव ।

व्याख्या

उठानका लिच्छवि राजाहरूको व्यक्तिगत रूपमा प्रायः वैष्णव धर्ममा श्रद्धा थियो । यसकारण त्यस बेला

राजधर्मका रूपमा वैष्णव धर्मले स्थान पाएको थियो । यो कुरा सनद-शिलापत्रको शिरोभागमा अङ्कित वैष्णव धर्मसम्बन्धी चिह्नबाट थाहा पाइन्छ । अंशुवर्माको शैवधर्मप्रति श्रद्धा थियो । उनले आफ्नो प्रशस्तिमै 'भगवत्पशुपतिभट्टारकपादानुभ्यागत' भनी लेखाए । नरेन्द्रदेव शक्तिमा आएपछि उनले पनि त्यसै गरे । यसरी अब शैवधर्म राजधर्मका रूपमा रहन लाग्यो । नरेन्द्रदेवले व्यक्तिगत रूपमा शैवधर्मप्रति आस्था देखाए तापनि विभिन्न धर्मप्रति नरेन्द्रदेवको उदार नीति रहेको थियो । शैव सम्प्रदायलाई जस्तै वैष्णव, बौद्ध आदि धार्मिक सम्प्रदायलाई उनले उत्तिकै प्रोत्साहन दिएको घटनाबाट उक्त कुरा थाहा पाइन्छ ।

अनन्तलिङ्गेश्वरभित्र लोकपाल स्वामीको मन्दिर थियो । नेपालका प्रसिद्ध देवतामा यी लोकपाल स्वामी पनि पर्दथे । अंशुवर्माको हाँडीगाउँको अभिलेखमा 'हंसगृहदेवस्य पु ३ प १' भनी हंसगृहका देवतालाई तीन पुराण एक पण सम्मानस्वरूप भाग तोकिएको छ । यस अभिलेखबाट हंसगृहका लोकपाल स्वामीको पूजाआजा, वार्षिक यात्रा आदि धुमधामसँग हुन्थ्यो भन्ने थाहा पाइन्छ । यहाँको धार्मिक विधानको रेखदेखका लागि एकजना कुलपति नै नियुक्त हुन्थे । देवमन्दिरमा सफाइ आदि तथा आरतीको बेला नृत्य आदिका लागि दसौँ देवदास, बीसौँ देवदासीहरू रहेका हुन्थे । कार्तिक शुक्ल द्वादशी लोकपाल स्वामीको प्रतिष्ठादिन थियो । सो प्रतिष्ठादिनको उपलक्ष्यमा विशेष उत्सव हुन्थ्यो । इत्यादि कुरा यस अभिलेखबाट थाहा पाइन्छ ।

त्यसताका वैष्णवदेवतालाई स्वामी भन्ने चलन थियो । अंशुवर्माको हाँडीगाउँको अभिलेखमा चाँगुनारायणलाई दोलाशिखर स्वामी भनिएको छ । केवलपुरको अभिलेखमा (इचङगुनारायणलाई) ् नारायण स्वामी भनिएको छ । साँखु दुगाहिटीको अभिलेखमा वामन स्वामीको उल्लेख छ । यस आधारमा विचार गर्दा यहाँ उल्लिखित लोकपाल स्वामी वैष्णवदेवता हुन ् भन्ने निश्चित हुन्छ ।

यहाँ लोकपाल स्वामीको पतिष्ठादिन कार्तिक शुक्ल द्वादशी भन्ने उल्लेख गरेको छ । यसबाट लोकपाल स्वामीको परिचय पाउने एक आभार भेट्टाइन्छ । हाम्रो यहाँ अहिलेसम्म पनि कार्तिक शुक्ल द्वादशीका दिन चार नारायणको दर्शन गर्ने मेला लाग्दछ । यस परम्पराको जग लिच्छविकालमा भएको रहेछ । वृषदेवभन्दा केही पुस्ताअघिका राजा हरिदत्तले चार नारायणको प्रतिष्ठा गरेका हुन् भन्ने कुरा परम्पराबाट चलेर आइरहेको छ । इचङ्गुको

ने. सं. ३२० को अभिलेखमा र गोपाल वंशावली आदि वंशावलीमा यस कुराको चर्चा परेको छ । यताबाट हंसगृहका लोकपाल स्वामी चार नारायणमध्येका एक रहेछन् भन्ने सङ्केत पाइन्छ ।

यस अभिलेखको तल्लो भाग निकै खण्डित हुँदा हंसगृहमा हुने उत्सव, जात्रा आदि पूर्ण रूपमा बुझ्न नसकिने भइसकेको छ । तर बचेको भागबाट लिच्छविकालमा यहाँ वराहयात्रा आदि यात्रा हुन्थे, गोयुद्ध उत्सव हुन्थ्यो भन्ने थाहा पाइन्छ । गोयुद्ध उत्सव लिच्छविकालमा लोकप्रिय देखिन्छ । दक्षिण कोलिग्राम द्रङमा हुने गोयुद्धको चर्चा माथि भइसकेको छ । गोयुद्धोत्सवमा पताका (झण्डाविशेष) पनि रहन्थ्यो भन्ने यस अभिलेखबाट थाहा पाइन्छ ।

लिच्छविकालमा विकसित बस्ती हंसगृह द्रङ कारणवश पछि उजाड भयो । अहिले यस भेकमा विशेष बस्ती छैन ।


सन्दर्भसूची :

१. वज्राचार्य, धनवज्र : लिच्छविकालका अभिलेख, त्रि. वि. नेपाल र एसियाली अध्ययन केन्द्र, काठमाडौं, २०३०

२. जङ्गम, भरतमणि : खोपृङ, वर्ष ९ अङ्क ९, भक्तपुर विकास सहयोग सङ्घ, २०५७

३. जङ्गम, भरतमणि : खोपृङ, वर्ष ११ अङ्क १०, भक्तपुर विकास सहयोग सङ्घ, २०५९

४. जङ्गम, भरतमणि : खोपृङ, वर्ष १७ अङ्क १५, भक्तपुर विकास सहयोग सङ्घ, २०६५

५. श्रेष्ठ, पुरुषोत्तमलोचन : अनन्तलिङ्गेश्वर एक सांस्कृतिक अध्ययन, २०६२


# श्री डोलेश्वर महादेव : परिवर्तित नाउँ

काठमाडौँ उपत्यकाको आग्नेय कोणको पर्वतमालाको काखमा रहेको एक डोल परेको स्थानमा श्री डोलेश्वर महादेवको स्थान छ । साविक सिपाडोल गा. वि. स. वडा नं. ६ तथा हाल सूर्यविनायक नगरपालिका वडा नं. ८ मा रहेको यो मन्दिरलाई डोलेश्वर, विमलेश्वर, सिपाडोल महादेव र सिपारे महाद्यो (नेवारी भाषामा) भनिएको भए तापनि हाल यस महादेवलाई श्री केदारनाथको शिर भाग डोलेश्वर महादेव भन्ने गरिएको छ । यो महादेव हाल काठमाडौँ उपत्यकामा श्री पशुपतिनाथपछि दोस्रो स्थानमा प्रचारित

भएको देखिन्छ । भारत उत्तराखण्डमा रहेका श्री केदारनाथको शिर भाग श्री पशुपतिनाथ भनिएको थियो । सयौँ वर्षदेखि पशुपतिनाथ नै केदारनाथको शिर हो भन्ने विश्वास एवं कथनलाई मिथ्या सावित गर्दै श्री डोलेश्वर महादेव नै श्री केदारनाथको शिर भाग हो भन्ने प्रमाणित भएको छ । यो कसरी र कुन हिसाबबाट भयो भन्ने कुरा तलको अध्ययनबाट प्रस्ट हुन्छ ।

प्रथमतः त्यस क्षेत्रको भौगोलिक अवस्थाको विचार गरौँ । उपत्यकाको पूर्व-दक्षिण फैलिएको डोला पर्वतको पूर्व-दक्षिण भागको एक खोंच परेको स्थानमा रहेको यो मन्दिरको पश्चिमतर्फ एक नदी (स्थानीयले यसलाई घनाखोला भन्छन्) छ, जसलाई तमसा नदी भनिन्छ भने पूर्वतर्फ बहने सानो खोल्सो (नदी) लाई विमला नदी भनिन्छ । त्यही विमला र तमसा नदीको सङ्गम नै पवित्र तीर्थस्थल हो र त्यसै नदी सङ्गममा स्नान गरी त्यही सङ्गमको पवित्र जल डोलेश्वर महादेवलाई चढाउने प्रचलन छ ।

काठमाडौँ उपत्यकाका सबै क्षेत्रबाट त्यहाँ पुग्न सकिने बाटो जोडिएको छ । हाल यहाँ कटुन्जे, सूर्यविनायक हुँदै पुग्न सकिने राम्रो बाटो छ । त्यस्तै अरनिको राजमार्गको जगातीबाट जाने बाटो छ भने नलिनचोक र साँगाबाट पनि राम्रो बाटो जोडिएको छ । काठमाडौँ नगरबाट १५ किलोमिटर र भक्तपुर नगरबाट ४ किलोमिटर दूरीमा रहेको यो मन्दिर स्वदेशी र विदेशी धार्मिक पर्यटकीय क्षेत्र सावित भएको छ । नगरहरूबाट नजिकै रहे पनि यो महादेवस्थान हराभरा जङ्गलको काखमा रहेको हुँदा यो क्षेत्र अति नै रमणीय छ ।

ऐतिहासिक पक्ष :

ऐतिहासिक पक्षलाई विचार गर्नुपर्दा इतिहासले प्रमाण जुटाएको सम्मलाई यस पक्षमा व्याख्या गर्न सकिन्छ । मध्यकालीन नेपालको भक्तपुर राज्यका राजा विश्व मल्लको समयमा उनकी रानी गङ्गा महारानीले डोलेश्वर प्रीति गरी करिब ७० रोपनी जग्गा जङ्गम मठमा राखेको देखिएको छ । त्यसपछि राजा जितामित्र मल्लले साधारण मन्दिरको मर्मत-सम्भार गरेको देखिएको छ भने राजा भूपतीन्द्र मल्लले यस मन्दिरको जीर्णोद्धार गरी सुनको कलश चढाएको तथ्य शिलापत्रमा लेखिएको छ । करिब तीन सय वर्षअगाडि यो मन्दिर दर्शनीय र ख्यातिप्राप्त थियो भन्ने जानकारी शिलापत्रमा अङ्कित राजा भूपतीन्द्र मल्लले लेखेको भजनबाट प्राप्त हुन्छ । भूपतीन्द्र मल्लको ने. सं. ८२८ को शिलापत्रको उतार परिशिष्ट १ मा दिइएको छ ।

धार्मिक पक्ष : यस मन्दिरको रेखदेख र पूजाआजाका साथै धार्मिक कृत्यको जिम्मेवारी भक्तपुर टौमढीस्थित जङ्गम मठले पाएको छ। तदनुसार नै जङ्गम पुजारीको जिम्मामा हाल स्थानीय धार्मिक भक्तहरूको सहयोगमा समिति गठन गरी मन्दिर सञ्चालन भइरहेको छ। तर धार्मिक कुनै निर्णय लिनुपर्‍यो भने जङ्गम मठबाट नै हुने गरेको छ।

२०६० सालअघि साधारण पूजा मात्र हुने गरेको थियो भने त्यसपछि दैनिक रुद्राभिषेक, पूजा तथा साँझ आरती हुन थालेको छ। २०६६ सालमा केदारनाथको शिरोभाग घोषित भएपछि नित्य तथा नैमित्य पूजामा बढोत्तरी भयो । मेलापर्वहरू पनि बढ्न थाले । श्रावण मास पूजा त थेगिनसक्नु तरिकाले बढ्न थाल्यो । अक्षय तृतीया, महाशिवरात्री, बालाचतुर्दशी, सबै औँसी तथा सबै एकादशी तिथिहरूमा दर्शनार्थीको सङ्ख्या बढदै गयो । २०७० आषाढ २२ गतेपछि त्रिकाल पूजासहित श्रीमा ् भोग चढाउने कार्य पनि आरम्भ भयो। यसरी पूजा-अर्चनाले पनि नयाँ विधिविधान निर्माण गरी नयाँ परिपाटी कायम गर्‍यो। श्रीको पूजा कार्यमा मात्र मुख्य पुजारीलगायत अन्य चार पुजारी क्रियाशील छन्।

श्री डोलेश्वर महादेव केदारनाथ धाम : भारत उत्तराञ्चलस्थित केदारनाथ क्षेत्रमा वि. सं. २०७० साल आषाढ २ गते भीषण वर्षा भएर बाढी आई श्रीको मन्दिरपछाडिको पहाड नै खसी मन्दिर वरपरको क्षेत्र बाढीले बगाई क्षतविक्षत भएर लाखौँ मान्छेको समेत ज्यान गयो । श्रीको मन्दिरबाहेक छेउछाउका बस्तीसमेतलाई पहाडको पैरोले छोपिदियो र श्रीको पूजा रोकियो। श्रीको पूजा खण्डित हुन गएपछि श्री केदारनाथजीको पूजापद्धतिअनुसार यो केदारनाथको शिरोभाग डोलेश्वर महादेवमा पूजा सञ्चालन गर्ने निर्णय गरियो। २०७० आषाढ २२ गते 'श्री डोलेश्वर महादेव केदारनाथ धाम पूजा आरम्भ (क्षमापूजा) कार्यक्रम' गरी सोही दिनदेखि 'श्री डोलेश्वर महादेव केदारनाथधाम' घोषित भई केदारनाथको पूजापद्धतिअनुसार त्रिकालपूजा सञ्चालन हुन थालेको हो । अहिले नेपालभित्र र विदेश भारतलगायत विश्वभर बसोबास गर्ने हिन्दू धर्मावलम्बीहरूका लागि यो क्षेत्र 'श्री डोलेश्वर केदारनाथधाम' नामले स्थापित हुन पुगेको छ । वर्तमानमा यो मन्दिर नेपालकै प्रसिद्ध मन्दिरका रूपमा चिनिएको छ । पशुपतिनाथपछि यसै मन्दिरमा दर्शनार्थीहरूको सङ्ख्या बढेको देखिएको छ । सनातनी धर्मावलम्बीहरूले दोस्रो पशुपतिनाथका रूपमा पुज्ने गरेका छन ् । यस मन्दिरको विकासका लागि धर्मपरायण दाताहरूको हात खुलेको देखिएको छ

। बढ्दो ख्यातिले गर्दा मन्दिर परिसर र बाहिर पनि अनेक देवीदेवताहरूका साना-ठूला मन्दिरहरू स्थापना भएका छन् । यस महादेवको सिद्धिशक्तिलाई बुझ्न र जान्न तीन सय वर्षपूर्व राजा भूपतीन्द्र मल्लको यस मन्दिरसँग रहेको सम्बन्ध र उनको मन्दिरप्रतिको आस्थालाई हेर्न र बुझ्न सकिन्छ । राजा भूपतीन्द्र मल्ललाई राज्यसङ्कट परेको बेलादेखि नै यस महादेवलाई मान्दै र पूजन गर्दै आएका उनले विशेष सिद्धि प्राप्त गरी राज्यव्यवस्थामा अधिकार स्थापना गरेपछि भक्तपुर राज्यका विभिन्न स्थानलाई दर्शनीय बनाए । आजको भक्तपुरको आकर्षण स्थल ५५ झ्यालयुक्त राजप्रासाद, त्यस वरपरका मन्दिर एवं स्थान निर्माणका अतिरिक्त विश्वप्रसिद्ध न्यातापोल ( पाँचतले मन्दिर) को निर्माणलाई लिन सकिन्छ । यी सबै उनै राजाले निर्माण गरेका हुन् भने बिस्केट जात्रालाई राजकीय सम्मान दिँदै आठ रात नौ दिनको जात्रा व्यवस्था पनि उनैले गरेका हुन् । राजा भूपतीन्द्र मल्लले यी सबै कार्य डोलेश्वर महादेवको अनुकम्पा र कृपाको कारण हो भन्ने बुझेपछि श्रीको भजन रचना गरी दैनिक डोलेश्वर मन्दिरमा गई भजन गर्ने गर्थे भन्ने कुरा जनश्रुतिमा आजसम्म पनि कायम भएको सुनिन्छ । भजन शिलापत्रमा कुँदिएको छ ।

यस डोलेश्वर महादेवको २०६० सालभन्दा पहिलेको अवस्था के-कस्तो थियो भनेर बुझ्नु पनि आवश्यक ठानेको हुँदा यही लेखकले लेखेको 'डोलेश्वर महादेव एक परिचय' नामक लेख २०६१ मा प्रकाशित 'खोपृङ' अङ्क १२ वर्ष १३ मा प्रकाशित भएको छ । त्यसको केही अंश जस्ताको तस्तै साभार गर्ने अनुमति चाहन्छु । लेख निम्नबमोजिम छ –

सम्वत् १९९० को भूकम्पलाई जसले अनुभव गरेका थिए, ती भन्छन् – महाभूकम्पअघि यो डोलेश्वर महादेवको मन्दिर पूर्ण कलात्मक र परम्परागत शैलीमा निर्मित थियो । सुनको गजुरसहित झिँगटीको छानायुक्त तीनतले छाना शैली (प्यागोडा शैली) को मन्दिर नब्बे सालको महाभूकम्पले नष्ट भयो । हाल यो मन्दिर गुम्बज शैलीमा निर्माण भएको देखिन्छ । सम्वत् २०१० सम्म यस मन्दिरको उत्तर र दक्षिण दुवैतर्फ लामा-लामा पाटीहरू थिए । हाल सो पाटीहरू छैनन् । पश्चिमतर्फ प्रवेशद्वारका रूपमा काठको विशाल एक ढोका थियो । हाल ती केही पनि छैनन् । तर हालै मात्र केही भक्तहरूको सहयोगबाट अर्थात् सम्वत् २०६० सालमा मन्दिर परिसरको दक्षिणतर्फ आधुनिक शैलीमा सिमेन्ट ढलान गरी दुईतले सत्तल निर्माण गरिएको छ । साथै मन्दिर परिसरमा नवनिर्माण सुरु हुन थालेको छ ।

मन्दिरको सुरक्षा र संरक्षणको अभावका कारणले गर्दा मन्दिर परिसरको पहिलेको अर्थात् साविकको मन्दिरको प्रवेशद्वार (मूल ढोका) नै अतिक्रमण गरी स्कुल भवन निर्माण गरिएको छ । डोलेश्वर प्राथमिक विद्यालयको नाउँमा निर्मित उक्त भवन शिक्षा विकासका लागि भए तापनि धार्मिक र पुरातात्त्विक क्षेत्र नै मासिने गरी त्यसरी अतिक्रमण गर्नु हुँदैनथ्यो । यस्ता क्षेत्र सुरक्षित नहुँदा समाजको इतिहास मेटिन्छ र समुदाय संस्कृतिविहीन हुन पुग्छ । हरेक क्षेत्रको आआफ्नो महत्त्व हुन्छ र त्यसको उचित संरक्षण हुनुपर्छ । यसरी एक क्षेत्रलाई अर्को क्षेत्रले ठाडै अतिक्रमण गर्दा पनि श्री ५ को सरकारका निकायहरू, जस्तै : स्थानीय प्रशासन, पुरातत्त्व विभाग र गुठी संस्थानले नबुझ्नु र नहेर्नु अत्यन्तै दुःखदायी कुरा हो । धार्मिक स्थलको संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य हो । तर डोलेश्वर महादेवको मन्दिर परिसरभित्र नै अन्य क्षेत्र र व्यक्तिबाट अतिक्रमण भएका छन् ।

सबैतर्फको अतिक्रमणका कारणले हाल मन्दिरको परिसर सानो भए तापनि उत्तरतर्फ स्वच्छ पानी आउने एक ढुङ्गेधारा छ । त्यस धाराको सिरानमा तीन थान शिलापत्र देखिन्छन् । तर स्पष्ट नभएको हुँदा यहाँ त्यसको पाठ दिन सकिएको छैन । त्यही शिलापत्रको नजिकै दुई थान कृष्णजीका रासलीला कुँदिएका शिलाचित्र पनि छन्, जसबाट अनुमान गर्न सकिन्छ कि सो कृष्णलीलाको चित्र पछि भगवान् कृष्णका अनुयायीहरूले स्थापित गरेका हुन् । यी चित्र विक्रमको अठाह्रौँ वा उन्नाइसौँ शताब्दीमा मात्र स्थापना भएको अनुमान गर्न सकिन्छ । त्यस्तै, कालान्तरमा शिवालय क्षेत्रलाई वैष्णव सम्प्रदायका भक्तले अतिक्रमण गरी शिवालय परिसरभित्रै आजभन्दा करिव १०० वर्षअघि परिसरको अग्रभागमा एक शिखर शैलीको मन्दिर निर्माण गरी नारायणको मूर्ति स्थापना गरेका थिए । हाल त्यो स्थापित नारायणमूर्ति चोरी भएपछि धेरै समयसम्म सो मन्दिर मूर्तिहीन अवस्थामा रह्यो । पछि केही शिवभक्तको सहयोगबाट सो मूर्तिविहीन मन्दिरमा शिवलिङ्ग स्थापना गरियो र हाल सो शिखर शैलीको मन्दिर पनि शिवालयमा परिवर्तित भएको छ ।

डोलेश्वर महादेवको हाल गुम्बज शैलीमा निर्मित मन्दिरको पश्चिमतर्फको मूल द्वारमा एकापट्टि श्रीगणेश र अर्कातर्फ श्रीकुमारको ढुङ्गाका मूर्ति भित्तामा टाँसिएर रहेका छन् । पश्चिम अर्थात् अग्रभागमा शिवको प्रिय बाहन नन्दी छन् भने दक्षिणतर्फ शिवको त्रिशूलका रूपमा एक ढुङ्गामा

कुँदिएको विशाल त्रिशूल गाडिएको छ। भनिन्छ करिब ३०० किलोग्राम तौल भएको यस्तो ढुङ्गाको त्रिशूल अन्य शिवालयमा छैन । त्यस्तै उत्तरतर्फ ढलोटको एक विशाल घण्ट थियो । त्यो हालै चोरी भएका कारणले गर्दा भक्तहरूको प्रयासबाट सोही स्थानमा अर्को सानो घण्ट स्थापना गरिएको छ ।

यो डोलेश्वर महादेव स्थानीय नेवारी बोलीचालीको भाषामा सिपारे मद्योको नाउँले प्रख्यात छन् भने यी महादेवलाई नेपाल माहात्म्यमा विमलेश्वर पनि भनिएको छ। नेपाल माहात्म्यका अनुसार नेपालमा चतुःषष्ठि (चौंसट्ठी) शिवलिङ्गमध्ये विमलेश्वर एक हुन् । विमलेश्वर सिमला गङ्गाको सङ्गममा विमलतीर्थ नामक स्थानको प्राचीन नाउँ निकुञ्ज पर्वत हो। यसरी नेपाल माहात्म्यमा डोलेश्वर महादेव रहेको पर्वतलाई निकुञ्ज पर्वत भनिएको छ। सङ्गमलाई विमलतीर्थ नाम दिइएको छ।

यसबाट स्पष्ट हुन्छ कि डोलेश्वर महादेवका तीन नाउँ प्रचलनमा आएका देखिन्छन् – १. डोलेश्वर, २. सिपारे, र ३. विमलेश्वर। यी नाउँहरू के-कसरी प्रचलनमा आए भन्नेबारेमा निम्नानुसार व्याख्या गरी हेरौं।

१. उपत्यकाको आग्नेय कोणमा रहेको दोलाशिखर पर्वतमालाको उत्तर र दक्षिण दुवैतर्फ पानीको डोलैडोल भएका कारणले गर्दा महादेवलाई डोलेश्वर भनिएको हो भन्ने बलियो अनुमान गर्न सकिन्छ। साथै, स्थानको नाउँ पनि सिपाडोल नै भएका कारणले गर्दा यसको डोलेश्वर नाउँ प्रचलनमा आएको बुझिन्छ।

२. सिपाको अर्थ पानीयुक्त धाप अर्थात् पानी नसुक्ने माटो हो। यो भेगको पर्वतमालामा पानीका डोलहरू प्रशस्त भएका र मलिलो माटो भएका कारणले गर्दा त्यस गाउँको नाउँ सिपाडोल रहेको हो भनिन्छ। त्यसै गाउँको नाउँलाई जनजिब्रोले स्वीकार गरेको हुँदा महादेवको नाउँ पनि गाउँकै नाउँसँग मिल्दो सिपारे महाद्यो (नेवारी भाषामा) रहन गएको हो भन्न सकिन्छ।

३. मन्दिर परिसरको आग्नेय कोणमा विमलेश्वरीदेवी रहेकी छन् । डोलेश्वर महादेवलाई मन्दिरको पश्चिमतर्फको नदी सङ्गमको जल चढाउने प्रचलन भएजस्तै विमलेश्वरीदेवीलाई मन्दिर क्षेत्रको पूर्वमा रहेको नदीको जल चढाउने चलन छ। विमलेश्वरीदेवीलाई

चढने जल भएको हुँदा उक्त पूर्वतर्फको् नदीलाई विमला नदी र महादेवलाई विमलेश्वर भनिन थालेको अनुमान गर्न सकिन्छ ।

यसरी तीन नाउँले प्रख्यात भएका डोलेश्वर महादेवका बारेमा एक जनश्रुति यस्तो पनि छ, जुन महाभारतको कथा र शिवपुराणमा समेत वर्णित एक पौराणिक कथासँग सम्बन्धित छ । यो रोचक कथाले यस शिवालयलाई अर्कै नाउँ प्रदान गर्न सक्छ । यसका बारेमा पनि एकपटक विचार गरौँ । त्यो प्रामाणिक र रोचक कथा यस्तो छ – जब पाण्डवहरू महाभारतका सबै कार्य समाप्त गरेर स्वर्ग जानका लागि उत्तरापन्थतर्फ लाग्छन्, धेरै तीर्थ घुम्दै हिँडेका पाण्डवहरू हिमालयमा बास गर्ने श्री केदारनाथजीलाई दर्शन गर्ने अभिलाषाका साथ केदार पीठमा पुग्छन् । त्यहाँ केदारनाथजीलाई जानकारी हुन्छ कि पाण्डवहरू दर्शनका लागि त्यसतर्फ आइरहेका छन् । आफ्ना परिवारजनलाई हत्या गरी आएका ती पाण्डवहरूले भने केदारनाथजी आफ्नो स्थानमा नभएको देखेपछि ध्यानदृष्टिले विचार गरेर पत्ता लगाए कि केदारनाथजी भैँसीका रूपमा वन विचरण गर्दै हुनुहुन्छ । भैँसी रूपमा केदारनाथजीलाई पछ्याउँदै पाण्डवहरू दर्शनका लागि पछि लागे । यसरी श्री केदारनाथजी पाण्डवहरूलाई दर्शन नदिने र पाण्डवहरू श्री केदारनाथजीको दर्शन नपाई स्वर्गतर्फ नजाने भएपछि दुवैमा दौड चल्यो । अन्तमा पछाडि भएका पाण्डवहरूले भैँसीको पुच्छर समाएर रोक्न र दर्शन गर्न खोजे । भैँसी रूप श्री केदारनाथजीले भने मुन्टो लुकाउँदै शिर भागलाई प्वालभित्र छिराए । दुवै पक्षबाट बल प्रयोग भएका कारणबाट शिर भाग छुट्टिएर पाण्डवको हातमा शरीर भाग मात्र बाँकी रह्यो । त्यही शिर भाग नेपाल उपत्यकामा आएर शिलामा परिणत भएको र बाँकी शरीर भाग केदार पीठमा शिलामा परिणत भई रहेका छन् भनिन्छ । यसरी पाण्डवलाई दर्शन नदिने श्री केदारनाथजीका शिर भाग भारतको` उत्तरापन्थमा नभएको, नेपालमा रहेको जनविश्वास छ ।

माथिको कथा र वस्तुस्थितिलाई विचार गर्दा केदार पीठमा रहेका श्री केदारनाथजीको शिलाको आकार लामो भैँसीको शरीरजस्तो अर्थात् भैँसी बसेजस्तै छ भने त्यस्तै नै आकारप्रकार र उचाइ यहाँ डोलेश्वर महादेवको शिवलिङ्ग देखिन्छ । यसबाट अनुमान गर्न सकिन्छ कि महाभारतमा वर्णित र शिवपुराणमा उल्लिखित पौराणिक कथाका आधारमा भन्नुपर्दा भारत उत्तराञ्चल प्रदेशमा रहेको श्री केदारनाथजीको शिर भाग यही डोलेश्वर महादेव हुन् । यी लिखित र प्रचारित शास्त्रीय आधारमा श्री केदारनाथजीको

शिर भागलाई पहिले के भन्ने गरिन्थ्यो र कालान्तरमा आएर के नाम रह्यो भन्ने कुराको कुनै ठोस प्रमाण नपाएसम्म यो डोलेश्वर महादेवका बारेमा अनुसन्धान टुङ्गिन सक्तैन। डोलेश्वर महादेव कहिले र कसरी स्थापित भयो भन्ने बारेमा कुनै ठोस ऐतिहासिक प्रमाण फेला परेको छैन । महादेवका बारमा विभिन्न किम्वदन्तीहरू सुनिएका छन् । ती पनि प्रमाणका दृष्टिले त्यति बलियो नदेखिँदा यस लेखमा उल्लेख गर्नु पनि मनासिब देखिएन। तर प्राप्त प्रमाणका आधारमा भन्नुपर्दा यो मन्दिर आजभन्दा करिब ३०० वर्षअगाडि नै जीर्ण भइसकेको देखिन्छ । यो मूल मन्दिर र मन्दिरको हाताभित्रका पाटीपौवाहरू राजा भूपतीन्द्र मल्लले जीर्णोद्धार गरेको देखिन्छ। जीर्ण हुने अवस्था भनेको दुई-तीन सय वर्षको अवधि हो। यसको अर्थ करिब पाँच- छ सय वर्षअगाडि नै यो कलात्मक मन्दिर बनिसकेको सोझै अनुमान गर्न सकिन्छ। त्यसका अतिरिक्त भक्तपुरका राजा विश्व मल्लकी रानी गङ्गा महारानी (राज्यकाल नेपाल सम्वत् ६७० देखि ७०५ सम्म) र राजा जितामित्र मल्ल (राज्यकाल नेपाल सम्वत् ७९३ देखि ८१६ सम्म) ले भक्तपुरस्थित जङ्गम मठमा डोलेश्वर महादेवको प्रीति गरी जग्गा राखेको देखिन्छ। यसबाट यो अनुमान गर्न सकिन्छ कि डोलेश्वर महादेवको प्रभाव तथा ख्याति आजभन्दा पाँच सय वर्षअगाडि नै भएको प्रस्ट हुन आएको छ ।

ऐतिहासिक दृष्टिकोणले हेर्नुपर्दा नेपाल उपत्यकामा रहेका कतिपय देवालय र शिवालयहरूको नाउँ मल्लकाल र शाहकालमा आएर बदलिएका छन् । त्यति मात्र होइन, स्थानविशेष पनि नामहरू परिवर्तित भएका छन् । जस्तै लिच्छविकालमा भक्तपुरको गुन्डूमा रहेको अनन्तलिङ्गेश्वर महादेवलाई लोकपाल स्वामी भनिएजस्तै भक्तपुर सहरको नाउँ खोपृङ थियो । यस्ता धेरै प्रमाण भएका हुँदा डोलेश्वर महादेवका बारेमा जान्न र खोज गर्न अनुसन्धानका लागि धेरै बाटाहरू खुलेका छन् । इतिहास र संस्कृतिका अनुसन्धाताका लागि निम्न बुँदा विचारणीय भएको प्रस्ट छ –

१. मल्लकालका राजाहरू विश्व मल्ल, जितामित्र मल्ल र भूपतीन्द्र मल्लले आजभन्दा चार-पाँच सय वर्ष अगाडिदेखि नै स्पष्ट डोलेश्वर महादेव नाउँ गरेको देखिएको हुँदा नेपाल माहात्म्यमा कसरी विमलेश्वर नाउँ उल्लेख हुन गयो र के शास्त्रीय प्रमाणका आधारमा विमलेश्वर भनियो ?

२. मूल मन्दिरको आग्नेय कोणमा रहेकी विमलेश्वरी कसले स्थापना गऱ्यो र कसरी स्थापित भइन् ? एक किम्वदन्ती

अनुसार त्यस क्षेत्रमा कुनै समयमा विमल नाउँ गरेका एक ऋषि आई तपस्या गरेको लोककथा प्रचलनमा आएको सुनिएको छ। तिनै ऋषिले शक्तिपीठका रूपमा स्थापित देवी नै विमलेश्वरी त होइनन् ? विमलेश्वरीबाट विमलेश्वर नाउँ प्रचारमा आयो वा विमलेश्वर भएको हुँदा विमलेश्वरी स्थापित भइन् ?

मूल मन्दिरको दक्षिणतर्फ रहेको शिलालेखबाट राजा भूपतीन्द्र मल्लले जीर्णोद्धार गर्नुपरेको प्रमाण स्पष्ट देखिन्छ। नेपाल सम्वत् ९२८ विक्रम सम्वत् १६२९ माघ वदि नवमी बुधबारका दिन राजा भूपतीन्द्र मल्लले डोलेश्वर महादेवको मन्दिर र त्यस क्षेत्रका अन्य पाटी, पौवा, मूर्तिको जीर्णोद्धार गरी श्री डोलेश्वर महादेवलाई सुनको कलश चढाएको व्यहोरा निम्न शिलालेखले स्पष्ट पारेको छ। त्यहाँ पाइएको शिलापत्र परिशिष्ट ३ मा उतार गरिएको छ।

उपर्युक्तानुसार राजा भूपतीन्द्र मल्लले डोलेश्वर महादेवको मन्दिर र मन्दिर क्षेत्रभित्रका पाटीपौवासमेत जीर्णोद्धार गरी सुनको कलश चढाई पूजा गरेका र सो शिवालयमा रहेका डोलेश्वर महादेवको स्तुति गर्नका लागि स्तोत्र रचना गरी सोही शिलापत्रमा लेखेका थिए। राजा भूपतीन्द्र मल्लले डोलेश्वर महादेवका सामु दैनिक रूपमा पाठ हुन सकोस् भन्ने मनसायले अत्यन्त सुन्दर एवं सङ्गीतयुक्त निम्न स्तोत्र रचना गरेको देखिन्छ। डोलेश्वर महादेवको स्तुतिका लागि राजा भूपतीन्द्र मल्लले
रचना गरेको रचना – पुरारे स्मरारे महादेव शम्भो, विभो

पन्नगाधीशहाराभिराम। शिवाकान्त दोलेश चन्द्रार्द्धमौल, प्रभो पाहि दीनं नृपं भूपतीन्द्र॥ उपेन्द्रादिदेवैः सदासेव्यमानत्वयेमासि दीनैकबन्धा महेशः।
महीचन्द्रकीलालवाय्वादिमूतर्त्ते, प्रभो पाहि दीनं नृपं भूपतीन्द्र॥
चिरं किन्नरैः सादरं गीयमानं, मुदा सिद्धगन्धर्ववृन्दैकवन्द्यः।
लसन्नागचर्मावृताङ्गो गिरीशः, प्रभो पाहि दीनं नृपं भूपतीन्द्र॥
स्फुरद्भालनेत्रो जटाजूटमैले, सदा कालकूटोल्लसन्नीलकण्ठः।
परा जान्हवी मौलिना संदधानः, प्रभो पाहि दीनं नृपं भूपतीन्द्र॥
इमं स्तोत्रं पठेन्नित्यं श्रीदोलेश्वरसन्निधौ। प्राप्नुयाद्विपुलां सिद्धिमन्ते शिवपुरं ब्रजेत्॥

राजा भूपतीन्द्र मल्लले अन्य भक्तपुर सहरभित्र र बाहिरका अनेक देवस्थलका लागि पनि यस्तै उपयुक्त स्तोत्रहरू रचना गरेको देखिन्छ र सो

रचना भजन वा स्तुतिका रूपमा आजसम्म पनि गाइने र मनन गर्ने गरिएको देखिएको छ । तर डोलेश्वर महादेवमा भने उपर्युक्त रचनाले जनजिब्रोमा बास गर्न सकेको देखिएन । विश्वास छ अबका पछिल्ला दिनहरूमा उक्त भूपतीन्द्र मल्लको रचनाले निरन्तरता पाउनेछ ।

इतिहास र संस्कृतिका ज्ञाताहरूको दृष्टिमा ओझेलमा परेको डोलेश्वर महादेवले मल्लकालभन्दा पहिले कस्तो ख्याति आर्जन गरेको थियो भन्ने बारेमा इतिहास मौन रहेको देखिन्छ । हाल उपेक्षित अवस्थामा रहेको डोलेश्वर महादेवले मध्यमल्लकालमा विशेष महत्त्व पाएको कुरा त माथि उल्लिखित तथ्यबाट प्रमाणित हुन आएको छ । तर लिच्छविकालमा यो शिवालयको अवस्था के र कस्तो थियो र यस पीठको नाउँ के थियो भन्नेतर्फ गहिरिएर अनुसन्धानमा जुट्नुपर्ने देखिन्छ। वास्तवमा राजा भूपतीन्द्र मल्लको स्तुतिरचनाले यस डोलेश्वरको महत्त्व बढेको स्पष्ट देखिन्छ र यसको अनुसन्धानबाट नेपालको इतिहासमा एउटा नौलो क्षितिज उघ्रन सक्छ भन्ने विश्वास पैदा भएको छ ।

उपर्युक्त अवस्था र अनेक अनुत्तरित प्रश्न बोक्तै धेरै वर्ष अनेक प्रयत्न गरियो। सानो मन्दिर, साँघुरो मन्दिरको गर्भस्थान, प्राङ्गण पनि सानो, चौतर्फी जग्गाको अतिक्रमणले गर्दा नवनिर्माण र भौतिक विकास गर्ने स्थानाभाव थियो । भएको श्रीको कैलाश, वन र फूलबारी बगैँचासमेत राणाशासनको विभिन्न समयमा व्यक्तिको नाउँमा दर्ता हुँदै जाँदा कानुनी रूपमा जग्गा प्राप्त गर्न धेरै नै कठिन थियो । तर भगवान्को कृपाले बिस्तारै सबै सहज हुँदै आयो । मन्दिर परिसर करिब एक रोपनी पनि थिएन । हाल करिब १६ रोपनी जमिन प्राप्त भयो । स्कुलले अतिक्रमण गरेको क्षेत्रको भवनलाई अन्यत्र सार्ने काम भयो। बडो दुःखका साथ दान, भेटीद्वारा सङ्कलित रकमबाट जग्गा खरिद गर्ने काम पनि भयो। गुरुयोजना बनाएपछि सरकारले सहयोग गर्छ कि भन्ने आशा थियो। तर सरकारका अनेक कानुन, नियम र विनियमले श्रीको परिसर निर्माणमा बाधा-अड्चन कायम नै राख्यो । सरकारबाट निकासा भएको रकम रु. एक करोड पुरातत्त्व विभागको कडा ऐनले गर्दा त्यस मन्दिरमा खर्च भएन। आखिर सो रकम पुरातत्त्व विभागमा नै फिर्ता गयो ।

श्रीको इच्छा ! लाखौँ-करोडौँ रुपियाँ दिने दाता मन्दिरप्रति आकर्षित भए। गुरुयोजनाअनुसार मन्दिर र परिसर निर्माण हुन थाल्यो। निम्नानुसार निर्माण सुरु हुँदै श्रीको भव्य मन्दिर तयार भयो ।

१. मन्दिर परिसरबाहिर नै पश्चिमतर्फ विशाल द्वार निर्माण भयो । साथै पूर्वतर्फ पनि प्रवेशद्वार बन्यो ।

२. मूल प्राङ्गण करिब ६ रोपनीको जग्गामा चौतर्फी सत्तल कोठा बन्यो । प्राङ्गण घेरिएर ३९ कोठा र दक्षिणतर्फ भुइँतलामा १३ कोठा गरी ५२ कोठा निर्माण भयो ।

३. प्राङ्गणबाहिर दक्षिणतर्फ दुईतले भवन तथा पश्चिमतर्फ तीनतले ३० कोठायुक्त धर्मशाला निर्माण भयो ।

४. श्रीको तामाको छानायुक्त २ तले विशाल मन्दिर तयार भयो ।

५. ढुङ्गाको विशाल नन्दीसमेत गणेश, मनकामना, नवग्रह, हनुमान, नागस्थान र चौँसट्ठी लिङ्गसमेत निर्माण भए ।

श्रीको पावन भूमि हामी भक्तहरूको तीर्थस्थल धामका रूपमा छोटो अवधिमै स्थापित हुन समर्थ भयो ।

माथि उल्लेख भएका प्रमाण, आधार र तथ्यलाई उजागर गर्न धेरै समय, श्रम र मिहिनेत लाग्यो । इतिहासका घटना निर्माण र स्थापित हुने विषयले निश्चित समय लिन्छ भन्ने बोध भएका कारण धेरै लामो समय लागेको पनि होइन । सत्कार्यमा सदैव ईश्वरले साथ दिएकै हुन्छन् । त्यसमा पनि यो दैवी कार्य नै हो । निश्चय पनि सफल हुन्थ्यो र सफल पनि भयो ।

वि. सं. २०६६ सालमा पशुपतिनाथजीको श्रावण मास पूजा गर्न भारत उत्तराञ्चल उखी मठका पीठाधीश जगदगुरु श्री श्री श्री १००८ श्री भीमाशङ्कर शिवाचार्य महास्वामीजी काठमाडौँ आउनुभयो । उहाँलाई भारतमा रहँदा नै शिरोभागसम्बन्धी अवगत गराइसकिएको थियो । त्यसैले उहाँको अनुकूल समय निश्चित गरेर घोषणा कार्य सम्पन्न गरियो ।

(यससम्बन्धी विस्तृत विवरण यसै पुस्तकको 'धार्मिक र सांस्कृतिक विकासमा जङ्गम जातिको भूमिका' शीर्षकको लेखभित्र 'डोलेश्वर महादेव' उपशीर्षकमा उल्लेख भएको छ ।)

ईश्वरीय शक्तिमा राज्यको दृष्टिकोण :

२०७० साल असार २ गते भारत उत्तराञ्चलमा भीषण बाढी आएर केदारनाथ क्षेत्र क्षतविक्षत भएर श्रीको नित्य गर्नुपर्ने पूजा-अर्चना रोकिएपछि हामीले केदारनाथजीको शिरोभाग डोलेश्वर महादेवमा सो केदारनाथजीको

पूजालाई निरन्तरता दिने निर्णय गरेर देशी-विदेशी पत्रकारलाई बोलाएर हाम्रो निर्णय सुनायौँ । २०७० साल असार २२ गते श्रीको परिसरमा क्षमापूजा गरी सोही दिनदेखि केदारनाथजीको नित्यपूजा गर्ने निर्णय गरेका थियौँ । सो कुरा भारतका पत्रपत्रिकाले लेखेपछि भारतीय केन्द्रीय सरकारको मन्त्रिपरिषद् कार्यालयबाट केदारनाथस्थित उखी मठमा सोधनी भयो – 'केदारनाथको लिङ्ग नेपाल कसरी पुग्यो ? कसले लग्यो ? र किन त्यहाँ पूजा हुँदैछ ?' यी सबै प्रश्नहरूको उत्तर मैले दिनुपर्ने स्थिति आयो । मैले स्पष्टीकरण दिएँ कि लिङ्ग ल्याएको होइन, ५ हजार वर्षपहिलेदेखि नै नेपालमा थियो, बस् ! रोकिएको पूजा मात्र गरिने हो । यसरी बुझ्ने र बुझाउने कोसिस भएको थियो ।

त्यस्तै, २०७७ साल असार १६ गते नेपालको संसदमा नेमकिपाका एक सांसदले प्रश्न उठाए – 'डोलेश्वर महादेव केदारनाथको शिर भनेर भनेपछि अब भारतले यो देवता हाम्रो हो भनी अतिक्रमण गर्न बेर लाउँदैन ।' सुनेर हाँसो उठ्यो र संसद सदस्यको बुद्धिको परिचय मिल्यो । यसरी ईश्वरीय शक्तिमा नेपाल र भारत दुवै राज्यले वा राज्यसँग सम्बन्धित पदाधिकारीहरूले संशय व्यक्त गर्नु ठीक हुँदैनथ्यो ।

केदारनाथको शिर घोषणा गरिनुका कारण तथा प्रमाण :

१. युधिष्ठिरको उनान्सयौँ श्राद्धका दिनमा भारत गढवालका १७ सय गाउँको आमदानीबाट पूजा-अर्चना हुने गरी युधिष्ठिरका पनाति राजा जनमेजयद्वारा गुठी स्थापना गरेको प्रमाण उत्तराञ्चल श्री केदारनाथको प्रशासनिक स्थल उखी मठमा सुरक्षित छ ।

२. सोही समयदेखि श्री केदारनाथको शिर मानी गुठी स्थापित गरी वीरशैव मतका लिङ्गायत जङ्गम ब्राह्मणद्वारा पूजा-अर्चना हुने गरेको छ । हालसम्म पनि पूजाको व्यवस्था भक्तपुरस्थित रावल मठद्वारा गरिएको छ ।

३. गढवाल नेपालको अधीनमा रहेको समयमा नेपालस्थित भक्तपुरको रावल मठद्वारा प्रशासनिक व्यवस्था गरी १ सय ५० वर्षसम्म भारत उत्तराञ्चलका श्री केदारनाथजीको पूजा गराएको प्रमाण भेटिएको छ ।

४. भारत उत्तराञ्चलको श्री केदारनाथजीको प्रशासन सञ्चालन हुने उखी मठका प्रमुखलाई पनि रावल पदवीबाट विभूषित गरिने चलन रहेको

छ भने भक्तपुरको जङ्गम मठका मठाधीशलाई पनि रावल पदवीले विभूषित गर्ने चलन रहेभएको कारणले पनि यी दुवै मठ समान प्रकृतिका देखिएका छन् । साथै श्री केदारनाथजीको र श्री डोलेश्वर महादेवको पूजा-अर्चना वीरशैव वंशका शैव ब्राह्मणले गर्ने गरेको हुँदा पनि यी दुवै पीठमा समानता कायम रहेको देखिएको छ ।

५. श्री केदारनाथको स्वयम्भू लिङ्गको आकारप्रकार, उचाइ, मोटाइ र लिङ्गको स्वरूप यो डोलेश्वर महादेवको लिङ्गसँग मिल्दोजुल्दो रहेको छ ।

६. भारत उत्तराञ्चलको श्री केदारनाथजी वायव्य कोणमा रहेको र श्री डोलेश्वर महादेव आग्नेय कोणमा अवस्थित रहेको भौगोलिक स्थितिलाई विचार गर्दा पनि श्री डोलेश्वर महादेवको लिङ्ग आग्नेय कोणमा ढल्किएको छ । यसरी वैज्ञानिक दृष्टिले पनि हुत्तिएर आउँदा आग्नेय कोणमा नै ढल्किनुपर्ने ठिकै देखिएको छ ।

७. श्री केदारनाथजीको शिर भागका सम्बन्धमा शिवपुराणको कोटिरुद्रसंहिताको १९ औं अध्यायमा यसरी भनिएको छ – तद्रूरूपेण

स्थितस्तत्र भक्तवत्सलनामभाक् ।
नयपाले शिरोभागो गतस्तद्रूपतः स्थितः ॥
(शिवपुराण, कोटिरुद्रसंहिता, १९ अध्याय)

नेपालमा भएको शिरोभागको आकारप्रकार यहाँ जस्तो छ, त्यसै गरी रहेर भक्तहरूको उद्धार गर्छु ।

यसै सन्दर्भमा श्री डोलेश्वर महादेवको दर्शन गर्न महाभारतकालीन पाण्डवहरू आएका थिए भन्ने कुरा सिपडोल, टौखेलबाट पूर्वतर्फ रहेको पाण्डव ढुङ्गाले आजसम्म लोकमान्यता पाएको कारणले गर्दा पाण्डवहरूले यस डोलेश्वर महादेवको दर्शन गर्न आएको कुरा प्रमाणित भएको छ । यस सम्बन्धमा लोकबोलीका अनेक कथाहरू पनि प्रचलनमा छन्, जो प्रमाणित गर्न कठिन भएको हुँदा यहाँ उल्लेख गर्नुपर्ने आवश्यकता देखिँदैन । तर यस डोलेश्वर महादेवको इतिहास बीचमा टुटेको हुँदा यस सन्दर्भमा पछि खोज, उत्खनन तथा अनुसन्धानबाट उजागर हुने नै छ भन्नेमा हामीले विश्वास लिएका छौं ।

घोषणा शिलापत्र :

श्री डोलेश्वर महादेव मन्दिरको मूल द्वारको दायाँपट्टि शिलालेख टाँसिएको छ । उक्त घोषणा शिलालेख वि. सं. २०६६ साल भाद्र ६ गते तदनुसार इश्वी सम्वत् २००९ अगस्ट २२ तारिखका दिन भएको लेखिएको छ । शिलापत्रको विस्तृत उतार परिशिष्ट २ मा छ ।

●

परिशिष्ट – १

संशोधन मण्डलबाट सम्वत् २०१८ सालमा अभिलेखसङ्ग्रह भाग ४ मा प्रकाशित डोलेश्वरको अभिलेख जस्ताको तस्तै यसप्रकार छ –

१. ॐ स्वस्ति ॥ श्री ३ महेश्वराय नमः ॥ ॐ अद्य ब्रह्मणे द्वितीयोपरार्धे, श्वेतवाराहक-
२. ल्पे, वैवश्वतमनोरष्टाविंशतितमस्य चतुषु मध्य बले प्रथमपादे भारतवर्षे
३. आर्यावर्त्तदेशे भरतखण्डे जम्बुद्वीपे हिमवद्दक्षिणपादे नेपालदेशे, श्रीश्रीश्री-
४. पशुपतिसंनिधाने, वासुकी क्षेत्रे वाग्मत्याः पूर्व्वकूले, श्रीभक्तपट्टने, इहैव पुण्यभू-
५. मौ ॥ एवविष्टदिने ॥ माघमासे, कृष्णपक्ष, नवमीपरदस्यां तिथौ, ज्येष्ठन क्षेत्र, ह-
६. र्षणयोगे, यथाकरणमुहुर्ते बुधवासरे, कुम्भराशिगते सवितरि विच्छाराशिग-
७. ते चन्द्रमसि ॥ श्रीश्रीश्रीमत्पशुपतिचरणकमलधुसरिता शिरोरुश्रीमन्मा-
८. नेश्वरीष्टदेवतावरलब्धप्रसादितरघुवावतार देखीप्यमानमानोन्नतानवत-
९. रवितन्यमानसंतानजनियशः शशधरधवलीकृतधरामण्डल प्रचण्डमार्त्त-
१०. ण्डप्रतापदूरीकृतरिपुतिमिर नेपालमहीमण्डलाखण्डल श्रीश्रीजयभूपतीन्द्रम-
११. ल्लमहाराजाधिराजसन, श्रीश्रीश्रीदोलेश्वरमहादेवस, देवल जिण्णाएघार यङाव
१२. सुवर्णकलश छाया जुलो ॥ पुनघटि, चपाल, इति ल्होङाव, माघकृष्णाया अष्टमी-
१३. कुन्हु प्रतिष्ठा याङा दिन, थ्व वस्तु, देवल, चपाल, यति, कलौकालस, सेङाव वानिव
१४. श्रीश्रीश्रीकाधारी राजान, सेल्हायासे बिज्यायमाल ॥ ततः स्तेत्रं ॥ पुरारे स्मारेर

१५. महादेव शम्भो, विभो पन्नगाधीशहाराभिरामः ॥ शिवकान्त दोलेश चन्द्रर्द्धमोले, प्र-

१६. भो पाहि दीनं नुपं भूपतीन्द्रं ॥ उपेन्द्रादिदेवः सदासेब्यमानस्त्वमेवासि दीनैकबन्धा

१७. महेशः ॥ महीचन्द्रकीलालवाय्वादिमूर्त्ते, प्रभोपाहि दीनं नृपं भूपतीन्द्रं ॥ चिरं किन्न-

१८. रैः सादर गीयमानं मुदा सिद्धगन्धर्ववृन्दैकवन्द्यः । लसन्नागचर्मावृताङ्गो गिरी-

१९. शः, प्रभो पाहि दीनं नृपः भूपतीन्द्रं ॥ स्फुरदभालनेत्रो जटाजू टमौले सदा कालकटो-

२०. ल्लसद ् नीलकण्ठ । परा जान्हवीं मौलिना सद्धान, प्रभो पाहि दीनं नृपः भूपतीन्द्रं ॥ इ-

२१. मं स्तोत्र पठेन्नित्यं श्रीदोलेश्वरसन्निधौ । प्राप्नुयाद्विषलासिद्धिमन्ते शिवपुरं ब्र-

२२. जेत् ॥ इति श्रीदोलेश्वरमहादेवस्य स्तोत्रं सम्पूर्णं ॥ ख्याते नेपालशाके गजभु-

२३. जुभुजगैः समिते माघकृष्ण ज्येष्ठान क्षत्रयुक्तं शशिसुतदिवस कुम्भगे च-

२४. ण्डभानौ ॥ कृत्वा दोलेशशम्भोः पुनरपि मुदितो भूपतीन्द्रा नवम्याम्, शालां विश्रा-

२५. न्तिशाला भ्फटिति समकरोद प्रसादजीर्ण्णेद्धतिम् कलिगताब्दः ४८०८ शका-

२६. ब्द १६२९ विक्रमाब्द १७६४ नेपाल सम्वत् माघवदि ९ ॥ शुभमस्तु स्फुरदभालनेत्रो जटा

(यो अभिलेख ढुङ्गामा उपर्युक्तानुसार कुँदिएको छ र यो शिलापत्र हाल मन्दिरको दक्षिण भागमा गारोमा मिल्ने गरी टाँसिएको अवस्थामा रहेको छ ।) परिशिष्ट – २

श्री डोलेश्वर महादेव मन्दिरको मूल द्वारको दायाँपट्टि शिलालेख टाँसिएको छ, जसका उतार तल दिइएको छ । ॐ नमः शिवाय

भारत उत्तराञ्चलका केदारपीठाधीश्वर श्री श्री श्री १००८ श्री भीमाशङ्करलिङ्ग शिवाचार्य महास्वामीबाट डोलेश्वर, विमलेश्वर र सिपारे

भनिने यस शैव मन्दिरलाई श्री केदारनाथजीको शिरोभागका रूपमा प्रमाणित एवं घोषणा गर्दै यस शिलापत्रलाई अनावरण गरियो ।

विषयोत्थापक : भरतमणि जङ्गम, अध्यक्ष : जङ्गम प्रतिष्ठान, रावलमठ, टौमढी, भक्तपुर ।

सम्वत् २०६६ साल भाद्र ६ गते शनिश्चरबार शुभम् ।

सन्दर्भसूची :


१. जङ्गम, भरतमणि, खोपृङ, अङ्क १२ वर्ष १३ (२०६१) भक्तपुर विकास सहयोग सङ्घ

२. संशोधन मण्डल, अभिलेखसङ्ग्रह, भाग ४ (२०१८)

३. जङ्गम, ज्योति, मठाधीश, जङ्गम मठ, भक्तपुर

४. घोषणा शिलापत्र

५. जनश्रुति एवं स्थानीय संरचना


# बानेश्वर महादेवको सङ्क्षिप्त परिचय

बानेश्वर महादेवको नाउँबाट यस क्षेत्रको नाउँ बानेश्वर रहन गएको हो । यस महादेवलाई वाणेश्वर महादेव पनि भनिन्छ । वास्तवमा बानेश्वर महादेव पशुपति क्षेत्रमा रहेका ६४ लिङ्गेश्वरमध्येका एक महादेव हुन् । पहिलो ज्योतिर्लिङ्ग कुशेश्वर महादेव हुन् भने अन्तिम लिङ्ग रुद्रगाडेश्वर महादेव हुन् । बानेश्वर महादेव आदिज्योतिर्लिङ्ग भएका हुँदा यसको निश्चित स्थापना हाल यकिन गर्न सकिँदैन । ६४ ज्योतिर्लिङ्ग आदिज्योतिर्लिङ्ग पशुपतिनाथसँगै पशुपति क्षेत्र (नेपाल मण्डल) मा प्रादुर्भाव हुनुभएको हुँदा विभिन्न समयमा विभिन्न प्रकारले संरक्षित हुँदै आएको यो बानेश्वर महादेव क्षेत्र हाल बानेश्वरको मध्य भागमा अवस्थित छ । पशुपतिनाथको पूर्व भागमा पवित्र बागमती गङ्गा बहेजस्तै बानेश्वर महादेवको पूर्वतर्फ धर्तीबाट नै उत्पत्ति भएको पवित्र जल वाणगङ्गाको नाउँमा बहिरहेकी छन् ।

श्री पशुपतिनाथको पञ्चमुखलाई यसरी नामकरण गरिएको छ – तत्पुरुष, सद्योजात, वामदेव, अघोर र माथमा ईशान । यी पाँच मुखमध्ये

दक्षिणतर्फको अघोर रूपको पूर्ण शक्ति बानेश्वर महादेवलाई प्राप्त भएको छ । बानेश्वर महादेवले बानेश्वर क्षेत्रमा बसोवास गर्ने भक्तहरूको सुख, समृद्धि र शान्तिको जिम्मेवारी पनि लिनुभएको छ । यस क्षेत्रमा बसोवास गर्ने सबै भक्तहरूका भगवान् बानेश्वर महादेव क्षेत्रपाल भएकाले बानेश्वरवासी धन्य भएका छन् ।

प्राचीन कालदेखि नै अस्तित्वमा रहेका बानेश्वर महादेवका बारेमा विभिन्न कोणबाट विचार गरौँ । यसको पौराणिक, ऐतिहासिक, भौतिक अवस्था भएका र भेटिएका दस्तावेजका आधारमा श्री महादेवस्थानका बारेका विचार गर्नुपर्ने देखियो ।

पौराणिक कथन : पुराणमा वर्णित कथनानुसार वाणेश्वर महादेवलाई हेरौँ । स्वर्णिमपुर राजधानी भएका वाणासुरले श्री महादेवको तपस्या गरे र महादेव प्रसन्न भएपछि वाणासुर पृथ्वीकै शक्तिशाली बने । वाणासुरका एक हजार हातमा एक हजार वाण एकैपटक सञ्चालित हुने भएपछि वाणासुरले स्वर्ग, मर्त्य र पातालमा एकैपटक हलचल मच्चाए । उनको एकाएक प्राप्त भएको शक्तिले गर्दा उनीभित्र अहङ्कार प्राप्त भयो । वाणासुरलाई शक्तिले अन्धो बनायो । राम्रो वा नराम्रो छुट्याउन नसकेपछि राक्षसी प्रवृत्तिले ढपक्क छोप्यो । उनकी छोरी उषाको इच्छा बुझ्न नसकेपछि गृहकलह पनि मच्चियो । सर्वत्र अशान्त भयो । पछि छोरी उषाले अनिरुद्र प्राप्त गरेपछि उनको अहङ्कार चकनाचुर भयो । श्रीकृष्णबाट दण्ड पाएपछि वाणासुर श्री महादेवको शरणमा समर्पित भए । वाणासुरलाई शक्ति प्रदान गर्ने श्री महादेवले आफ्नै परिसरमा गङ्गा उत्पत्ति गरी वाणगङ्गाको नाउँ दिए र आफू वाणेश्वरको नाउँले प्रसिद्ध भए ।

ऐतिहासिक पृष्ठभूमि : बानेश्वर महादेवको उत्पत्ति प्राचीन कालमा नै भएको हो । माथि पौराणिक कथनानुसारले पनि द्वापरयुग अर्थात् पाँच हजार वर्षपहिले नै भएको प्रमाणित हुन्छ । विभिन्न कालखण्डमा मन्दिरको स्वरूप बदलिँदै गएको कुरामा पनि विवाद रहेन । वर्तमान मन्दिरको निर्माण कुन समयमा भयो वा कसले निर्माण गरेको हो भन्ने पनि कुनै शिलापत्र, ताम्रपत्र तथा अन्य कुनै लिखत भेटिएको छैन । लिखित दस्तावेज मन्दिर परिसरको कुनै भागमा पुरिएको, हराएको वा कुनै किसिमबाट मासिएको हुन सक्छ । तर मन्दिरको बनावट, त्यसमा प्रयोग भएको सामग्री (ढुङ्गा) लाई विचार गर्दा विक्रम सम्वत्को १८ औं शताब्दीको मध्यसमयको हो भन्ने प्रतीत हुन्छ । विक्रमको अठारौँ शताब्दीको सुरुमा ललितपुर राज्यका राजा सिद्धिनरसिंह

मल्ल थिए । राजा सिद्धिनरसिंह मल्ललाई आफ्नै छोरा श्रीनिवास मल्लले पदच्युत गरी राजा भएपछि श्रीनिवासले कलाकौशलको विस्तार गर्नुका साथै धार्मिक स्थलहरूको जीर्णोद्धार एवं नवनिर्माण गर्ने कार्य पनि गरे । त्यसै समयमा बानेश्वर महादेवको मन्दिरको पनि जीर्णोद्धार गरी श्रीनिवास मल्लकै शैलीको (शिखरशैली) मन्दिर नवनिर्माण भएको हो भन्न सकिन्छ । किनभने ललितपुर क्षेत्रको गोदावरी, ललितपुर नगर क्षेत्रमा बनाएका धेरै प्रस्तरका मन्दिरहरूले प्रमाणित गर्छ कि बानेश्वर महादेवको वर्तमानको मन्दिर राजा श्रीनिवास मल्लको
रचनाशैलीभित्रको हो ।

कान्तिपुरका राजा प्रताप मल्लको वि. सं. १७३१ मा देहावसान भएपछि उपत्यकाका तीन राज्यका राजामा श्रीनिवास जेठा भएका हुँदा उपत्यकामा राजा श्रीनिवास मल्लको बोलवाला चल्न थाल्यो । त्यस समयमा बानेश्वर क्षेत्र ललितपुर राज्यभित्र पर्दथ्यो । यसैबीच उनले आफूलाई नेपालेश्वर भनी प्रचारित गरे । तीनै राज्यका नायक भएको प्रमाण पछिसम्म राख्नका लागि तीन राज्यको प्रतीकका रूपमा ससाना तीन कुण्ड निर्माण गरी ललितत्रिपुरादेवी स्थापना गरेर बानेश्वर महादेवको शक्तिपीठका रूपमा स्थापित गरे, किनभने पशुपति, बुढानीलकण्ठ र त्रिपुरादेवीको स्थापनाबाट यो क्षेत्र धन्य भएको थियो । यसको निर्माणकार्य विक्रमको १७२८ देखि १७४० सम्ममा भएको अनुमान गर्न सकिन्छ ।

पछि नेपाल एकीकरण भएपछि यो क्षेत्र छायामा पर्‍यो, कारण न यो ललितपुर रह्यो न कान्तिपुर । यस क्षेत्रको देवभूमि (जङ्गल क्षेत्र) अतिक्रमित हुन थाल्यो । कुन क्षेत्र र मौजा भन्ने पनि यकिन भएन, तापनि भक्तहरूको आस्था मरिनसकेको हुँदा विक्रम सम्वत् १८४७ मा काजी जयमान सिंहले यसै परिसरभित्र चित्रेश्वर महादेव स्थापना गरी केही गुठी जग्गा राखेको देखिन्छ ।

विक्रम सम्वत् १९९८ मा खडा भएको श्री पशुपति गोश्वारा अड्डाको लगत किताबमा बानेश्वरनिवासी लोकमान सिंहले लिखत गरिदिएअनुसार बानेश्वर महादेव गुठीका लागि वि. सं. १८४७ साल वैशाख शुक्ल अष्टमीका दिन काजी जयमानसिंह बस्नेतबाट दान प्राप्त भएको लगत हाल गुठी लगत किताब कार्यालयमा भेटिएको छ । सो श्री पशुपति गोश्वाराबाट खडा भएको १९९८ को लगत किताबमा 'पुर्खाले दानपत्र गरी राखिएको बानेश्वर महादेवको दुनियाँ गुठी' भनी उल्लेख भएको छ । सो लगतमा आम्दानी-

खर्चको विवरण दिइएको छ । बानेश्वर महादेव, चित्रेश्वर महादेव र देवीको नित्य पूजा गर्ने र तिथिपर्वमा अन्य पूजा, रुद्राभिषेक गर्ने र गर्नुपर्ने व्यहोरा उल्लेख भएको छ । पूर्व १ नं. इलाका सिमथली गाउँमा भएको जग्गाबाट धान २७ मुरी ८ पाथी ४ आना, तेल १४ पाथी, घिउ ५ धार्नी र बोका ३ वटा आउने कुरा पनि भनिएको छ । तर सो जग्गा कहाँ कुन अवस्थामा छ र कसको जिम्मामा छ भन्ने कुरा हाल जानकारी छैन र आउनुपर्ने आयस्ता पनि आउन बन्द भएको छ, तापनि गुठी लगत कार्यालयमा दस्तावेज भेटिएको हुँदा ढिलो- चाँडो मन्दिर व्यवस्थापन समितिले सो जग्गाको खोजी गर्ने बाटो खुलेको छ । पशुपति गोश्वारामा रहेको प्रमाण परिशिष्ट – १ मा दिइएको छ ।

जलशयन नारायण : बानेश्वर महादेव परिसरको उत्तरतर्फ रहेको जलशयन नारायणको स्थापनाकाल उल्लेख भएको दस्तावेज पाइएको छैन । यसको नामकरण भएको पनि देखिएन । जुन स्थानमा नारायणको शयनमूर्ति स्थापित छ, त्यो प्राकृतिक जलस्रोतयुक्त कुण्ड हो । त्यहीँ उत्पन्न हुने पानी वाणगङ्गाको पश्चिमतर्फको धारोमा जाने अनुमान गर्न सकिन्छ । तर हाल रूखबिरुवा काटिएको, बीचमा पक्की सडक भएको र वरपर भवनहरू निर्माण भएको हुँदा धारा र पानीको मूलको सम्बन्ध विच्छेद भएको टड्कारो देखिन्छ ।

पाटन नगर पानीको अभाव भएको क्षेत्र हो । पाटन नगरका ढुङ्गेधाराहरूमा टाढा-टाढाबाट अर्थात् टीकाभैरव – चापागाउँ क्षेत्रबाट राजकुलो बनाई पानी सञ्चालन गर्ने काम हुन्छ । पाटन नगरबाट टाढा भए पनि बानेश्वर क्षेत्रमा पानीको भण्डार रहेको हुँदा यस क्षेत्रमा जलकुण्डमा शयनमुद्रामा शेषनारायणलाई स्थापना गरिएको हो भन्ने कुरा बुझिन्छ ।

जुन बखतमा ललितपुरमा राजा श्रीनिवास मल्ल थिए, त्यस समयमा भक्तपुरमा जगतप्रकाश मल्ल र कान्तिपुरमा प्रताप मल्ल राजा थिए । यी तीनैजना महत्त्वाकाङ्क्षी राजाहरू भएका कारणले एकले गरेको काम अर्कोलाई बढाइचढाइ गर्नुपर्ने वा उल्टो गरेर देखाउनुपर्ने वा नक्कल गर्ने प्रवृत्ति विकसित भएको थियो त्यस बखत, अर्थात् प्रतिस्पर्द्धात्मक कार्य हुने गर्दथ्यो । उदाहरणका लागि : (१) गाईजात्राको सुरुवात भक्तपुरबाट भएपछि कान्तिपुर हुँदै ललितपुर पुगेको थियो । (२) दोलखाको भिंसिद्यो (भीमेश्वर) लाई अभय मुद्राको भिंसिद्यो बनाई भक्तपुरमा स्थापित गरेपछि ललितपुरमा श्रीनिवास मल्लले दुःशासनबधरूपी भीमसेन बनाई मङ्गलबजारमा स्थापना

गरे । त्यसैको देखासिकीमा अर्जुन, भीमसेन, कुन्ती र द्रौपदीको मूर्ति बनाई कान्तिपुरको भीमसेनस्थानमा स्थापना गरे । (३) एउटै नामका चाडपर्वहरू तीनै राज्यमा विपरीत ढङ्गले सञ्चालन हुन थाले । उदाहरणका रूपमा इन्द्रजात्रालाई लिन सकिन्छ – कान्तिपुरमा मनाइने इन्द्रजात्रालाई ललितपुर र भक्तपुरमा मनाइँदैन, मनाइए पनि पृथक् किसिमबाट मनाउने प्रचलन छ । यस्तै कारण र प्रमाणका आधारमा भन्न सकिन्छ कि बालाजुमा स्थपित शेषनारायणको प्रतिमूर्ति नै यहाँको शेषनारायण हो । बूढानीलकण्ठ नारायणलाई राजाले दर्शन गर्न नहुने भएपछि त्यहाँको प्रतिमूर्ति राजा प्रताप मल्लले बालाजुमा बनाए, त्यसै गरी राजा श्रीनिवासले बानेश्वरमा बनाए । यो शेषनारायणको स्थापनाकाल वि. सं. १७२५ देखि १७३० सम्म हुन सक्ने अनुमान गर्न सकिन्छ ।

ललितत्रिपुरादेवी : ललितत्रिपुरादेवीलाई ललितादेवी भन्ने गरिएको छ । ललितादेवीको स्थान महादेव मन्दिरको ठीक दक्षिणमा अवस्थित छ, जसलाई महादेवको शक्तिपीठका रूपमा मानिन्छ । जस्तै : पाटन, कुम्भेश्वर महादेव मन्दिरको दक्षिण भागमा बगलामुखीदेवीको स्थान छ । ललितादेवीको स्थानको वरपर तीन जलकुण्ड छन्, जसलाई भैरवकुण्ड या भैरवगुफा पनि भनिन्छ (वर्तमानमा ती तीन कुण्ड देखिने अवस्थामा छैनन्, कारण विद्यालयले परिसर पुर्दा पुरिएको हुन सक्ने अनुमान गर्न सकिन्छ ।) ती तीन कुण्ड नै उपत्यकाका तीन राज्य कान्तिपुर, भक्तपुर र ललितपुर राज्यको प्रतीकका रूपमा तान्त्रिक विधिद्वारा निर्माण गरी स्थापना गरिएका हुन् । यसको अर्थ हो तत्कालीन तीनै पुरका अधिपति ललितत्रिपुरादेवी हुन् अर्थात् ललितपुर हो, जहाँका राजा श्रीनिवास मल्ल तीनै राज्यका अधिकारी हुन् । त्यसैले त्यस छोटो अवधिमा राजा श्रीनिवास मल्लले आफूलाई नेपालेश्वर भनी घोषणा गरेका थिए ।

महादेवको लिङ्गको दक्षिणतर्फ अघोर रूप रहने गरेकाले त्यस अघोर मूर्तिको शक्तिलाई नियन्त्रित अवस्थामा राख्न तन्त्रविधिद्वारा भैरव वा देवीको शक्ति स्थापना गरिएको हुन्छ । यसरी दक्षिणतर्फ शक्ति स्थापना गर्दा महादेवको 'अघोर' रूपको शक्तिलाई सन्तुलनमा राख्ने विशेष शक्ति स्थापित हुन्छ । महादेवको दक्षिणतर्फ रहेको केन्द्र नै मूल शक्तिकेन्द्र हुन्छ । त्यसैले ललितत्रिपुरादेवी वा ललितादेवीको दर्शन र पूजनपछि मात्र महादेवको दर्शन वा पूजन गर्ने शास्त्रीय विधान छ । यस्तो विधिविधानद्वारा भक्तजनले दर्शन वा पूजन गर्दा भक्तजनलाई बढी लाभ हुने गर्छ ।

ललितत्रिपुरादेवी अर्थात् ललितादेवीको स्थापनाकाल वि. सं. १७३१ देखि १७३५ सम्म अनुमान गर्न सकिन्छ, किनभने कान्तिपुरका राजा प्रताप मल्लको देहावसानपछि राजा श्रीनिवास मल्लले आफूलाई त्रिपुराधिपति भनी घोषणा गरेका थिए ।

वाणगङ्गा : बानेश्वर महादेव मन्दिरको पूर्वतर्फ वाणगङ्गा नामका दुई धारा छन् । ती धाराबाट प्राचीन कालदेखि नै पवित्र गङ्गा अविरल बहेकी छन् र वर्तमानमा पनि देख्न सकिन्छ । धाराका अलग-अलग मूल छन् । पश्चिमतर्फको धाराको मूल स्रोत पश्चिमतर्फ छ भने पूर्वतर्फको धाराको मूल स्रोत त्यसै धाराको उत्तर र ईशान कोणमा रहेको छ । हाल पश्चिमतर्फको धारो बिस्तारै सुक्तै गएको छ भने पूर्वतर्फको धारो चलि नै रहेको देखिन्छ ।

महादेवस्थान परिसरभित्र पर्ने यो वाणगङ्गा यथेष्ट पानीको भण्डार भएको क्षेत्र हो । प्राचीन कालमा यहाँ घना जङ्गल थियो र पानीको मूल धेरै ठाउँमा थिए । महादेवको उत्तरतर्फ मूल कुण्ड भएको र पानीको मूल केन्द्र नै भएकाले त्यहाँ शेषनारायणको मूर्ति स्थापना भएको हो । तर कालान्तरमा रूखबिरुवा मासिनुका साथै जमिन अतिक्रमण हुन थाल्यो । हामीले देख्तासम्म (६०-६५ वर्षअघि) वाणगङ्गाको वरपर धेरै जमिन खाली थियो र रूखबिरुवाहरूले ढाकिएको थियो । धाराको उत्तरतर्फ जमिन अतिक्रमण गरी पर्खाल लगाए पनि करिब २ रोपनीजति जग्गा सिमसारका रूपमा छोडिएको थियो । साथै, दक्षिणतर्फ खहरे थियो र त्यो खहरे घुमेर पश्चिमतर्फ (हाल वडा कार्यालय जाने बाटोतिर) लागेका थियो ।

अर्थात् विक्रमको २०१० सालसम्म महादेव परिसरभित्र बीसौं रोपनी जमिन थियो । यसको अर्थ हो जतिखेर ललितत्रिपुरादेवीको स्थापना भएको थियो, तब यो ललित-आरण्य नामको पूर्ण प्राकृतिक जङ्गल थियो । यो ललित-आरण्य क्षेत्रका बीचबाट पशुपतिनाथ जाने डोरेटो बाटो थियो । चाबेल नगर र शङ्खमूल जोडने बाटो भएको हुँदा भक्तजनहरू वाणगङ्गाको जल बानेश्वरमा चढाएर मात्र पशुपतितर्फ लाग्थे भन्ने भनाइ आजसम्म चलेकै छ ।

कालान्तरमा मन्दिर क्षेत्रको जमिन अतिक्रमित हुँदै जाँदा र बाटोको विस्तारले गर्दा महादेव मन्दिर परिसर खुम्चियो । वाणगङ्गा बेग्लै हो कि भन्ने अवस्था सृजना भयो । तर यो अलग होइन । वर्तमानमा देखिँदा अलग देखिए तापनि प्रकारान्तरमा यो एकै क्षेत्र हो । मन्दिर परिसरभित्र नै पवित्र गङ्गासमेत

रहेको एउटा पवित्र क्षेत्र हो, पावन भूमि हो, देवभूमि हो । यस क्षेत्रलाई पुरानै रूपमा फर्काउन नसके पनि एकीकृत रूपमा यसलाई विकास र विस्तार गर्न सकिने देखिन्छ ।

धाराको विशेषता : वाणगङ्गामा भएका दुई धारामध्ये पश्चिमतर्फको धारालाई पाटनका नेवार जातिले 'वासहिटी' भन्ने गरेका छन् भने पूर्वतर्फको धारालाई 'पिनासनाश' भन्ने गरिन्छ । अर्थात् यी दुवै धारालाई आरोग्य धारा पनि भनिन्थ्यो । यहाँको पानी पिउनाले सुस्वस्थ रहन सकिन्छ भन्ने कथन आजसम्म चलेकै छ । औषधिबाट पिनास निको भएको छैन भने वाणगङ्गाको पूर्वतर्फको धाराको जलले नस लिएको खण्डमा पुरानो पिनास निको हुन्छ भन्ने बलियो जनविश्वास छ ।

बानेश्वर महादेवका बारेमा यस लेखमा विभिन्न कोणहरूबाट हेर्ने र व्याख्या गर्ने काम भयो । प्रामाणिक दस्तावेजको अभावमा कुनै पनि स्थानविशेषका बारेमा बोल्न र यकिन गर्न गाह्रो हुन्छ, तापनि भएका भौतिक संरचना, जनश्रुति, चलेको कथन, भूगोल तथा इतिहासको कालखण्डले जोड्ने तथ्यगत आधारलाई प्रमाणका रूपमा राखी व्याख्या- विश्लेषण गर्न सकिन्छ । त्यही आधारमा यो बानेश्वर महादेवस्थानको निरीक्षण र विचार गरियो । पछिका विद्वान् र अनुसन्धाताले अरू थप तथ्यलाई उजागर गर्ने नै छन् ।

पौराणिक कथनानुसार वाणासुर द्वापरयुगका शक्तिशाली पुरुष हुन् । वाणासुरलाई शक्ति प्रदान गरेकै कारण यहाँको महादेवले 'वाणेश्वर' नाउँ स्वीकार गर्‍यो, जो आज प्रचलनमा छ । त्यसपछि ऐतिहासिक तथ्य खोज्दै एकैपटक मल्लकालमा प्रवेश गरियो । मल्लकालमा निर्मित भौतिक संरचनाले बोलेको र भूगोलले देखाएको प्रमाणका आधारमा केही व्याख्या भयो ।

वि. सं. १८४७ सालमा स्थापित चित्रेश्वर महादेव र बानेश्वर महादेवका लागि गुठी राखिएको दस्तावेज गुठी लगत किताब कार्यालयमा फेला पर्‍यो । यी माथिका पृष्ठभूमिको आधार र प्रमाणको सेरोफेरोभित्र बसेर यो 'बानेश्वर महादेवको सङ्क्षिप्त परिचय' लेख तयार भएको हो ।

●

परिशिष्ट – १

सम्वत् १९९८ साल
शर्कार श्री श्री श्री ज्यु श्री
पशुपती गोश्वारा अड्डा

पुर्खाले दानपत्र गरी राखेका बानेश्वरमहादेवको दुनियाँ गुठीको लगत भनी का ई बानेश्वर बस्ने लोकमान्सीं बस्नेत क्षेत्रीले दिएको गुठीको लगत किताब

यता ईलाका भित्र श्री ५।३ शरकार गुठी लगतमा दरिए देखि वाहेक अरु भाइभारदार दुनिञाको देवालय शिवालय शत्तल पाटी पौवाहरूको पनि दानपत्र शिलापत्रहरू कहाँ कहाँ छ पत्ता लाग्न सकेसम्म पत्ता लगाई गुठी जगेडा भए नभएको समेत जो बुझ्नु पर्ने बुझी लगत किताप खडा गरी श्री ५ शर्कार तर्फको र दुनिञाको १ प्रति श्री ५ शर्कार गुठी बन्दोबस्तमा र श्री ३ शर्कार गुठी बन्दोबस्त अड्डामा १।१ प्रति दिने यस अड्डामा राखी गुठी जगेडा भएकोमा शिलापत्र ताम्रापत्र दानपत्र बमोजिम चलाए नचलाएको जाँची सो वमोजिम चलाउन लगाउनु कशैले नचलाई दवाई छुपाई खाएको रहेछ भने सो कुरा राम्रोगरी बुझी गुठी वन्दोवस्त मार्फत जाहेर गर्नु भन्ने यस गोश्वाराको नाउमा गरिवक्सेका ८९।१२।११ का खड्गनिसाना शवाल्का ४७ दफामा लेखिएको र पत्ता लागेसम्मका गुठीका किताप खडा भैसकेको पत्ता नलागे जतिमा ३ मैनाको म्याद टाँसी सो म्यादभित्र आएका गुठीका लगत किताप खडागरी दाखिल गर्नु भन्ने ९७८।२७ मा २ छापे भै ९७।१०।१८ गते ३ मैनाको म्याद टाँसिएकोमा मेरा पुर्खा वाजे जयमानसीं बस्न्यात क्षेत्रीले १८४७ साल बैशाष शुक्ल अस्टमीका दिंन दानपत्र खडागरी तपसिलका गुठी जग्गाले तपसिल बमोजिम गुठी चलाउनु भनी दानपत्र गरी गुठी राखी गए बमोर्जिजमको गुठी भनी माथि लेखिएका लोक मानसीं बस्नेत क्षेत्रीले म्याद भित्र दिएका लगत मुचुल्का र साबिक खडा भएका लगत किताप बमोजिम खडा भएको दुनियाँ गुठीको आम्दानी खर्च बमोजिम तपसिल ।

तपसिल्

आम्दानी

आसामी <u>धान मुरी</u> <u>तेल पाथी</u> <u>घ्यू धार्नी</u> <u>बोका गोटा</u> सेर्मा साउने फागुन मैना मेग धनी पगरी <u>कसर समेत</u>

<u>नगदी</u>

पूर्व १ नं. ईलाका शींथली गाउ बस्ने मेजर सन्तविर पट्टी मार्फत
रैतान असुल हुने २६।१० ।३ ४— १ १७२।२।२ ऐ ऐ
विगठी गाउको तर्फ ऐ नन्दे ऐ १८।४ ।१० १—१ ७४।४० ऐ ऐ
खुमारी गाउको ऐ जितबहादुर ऐ ।१ १ ४५।६२
जम्मा २७८।४ ।१४ ५—३ २९२।२३।२
त्यो मध्ये गुठी जग्गाबाट पैदा हुने जिन्सी खर्च
श्रीबानेश्वर महादेवका नित्य पूजाके चामल मुरी ।.॥२ ले बर्ष एकके चावल ।९ के दोबरले धान ।१८
देहाएका पर्व पर्व के ४।१६
श्राद्ध पिछे दियो बाल्नाके समेत चावल ।७ के दोबरले धान ।१४ काम कामका ब्राम्हणहरूलाई भोजन गराउनाके चावल मुरी २।१ के धान ४।२ माथि लेखिएका पर्व पर्व खर्च घ्यू धार्नी ३—१॥ तेल ।१।२
बोका गोटा ३ बाँकि धान मुरी २१।१४।४ के दर १ को ।८ ले हुने मोरु ५४।३१ तेल पाथी ।१२।६ के कुर्वा १ को ।५० ले २४।५० घ्यू धार्नी १—१॥ के मो रु १।५० ले २।७५ नगदी मो रु २९२।२३।२ समेत जम्मा मो रु ३७४।७९।२
तेसमध्ये गुठी जग्गाबाट पैदा नहुने बजार खरिद गर्नाके समेत
जम्मा मो रु ३३५।३३।२ देहाएका
कामके २८। खीर पकाउनाके
१०। खाने मसाला पान सुपारिके
२। दाउराके ४। अचारके
४। चिनीके
६। अरु पुग नपुग
२।
श्री बानेश्वर चित्रेश्वर एकादश रुद्र घर जलसाई नारायणि देवीको नित्य पूजा गराउनाके २०।१२
श्रीखण्डके ।८ रक्त चन्दन ।४ केशरी ।४
पञ्चामृत धुप् बत्ती नैवेध्ये महिना १ को ।८० ले ९।६०
बत्ति भिज्याउने घ्यूके । ।६०
बाटेको धुप् कपुर ।१६

मह चिनी गाईको दुध फलफुल समेत मैनाको ।८० ले ९।६० अरु देव देवताका पूजा पाठके र काशि वासि समेतके १९।३६ काशि वासि ब्राम्हण १ के बर्ष १ के मो रु २०। मछिन्द्रनाथको पूजाके मैना १ के रु २। ले २४। गुह्येश्वरीमा मैनामा चण्डी १ आवर्ति बर्ष के १।२० वासुकिमा लघुरद्रि मै १ आवर्तिले १२ आवर्तिके १।२० काशि नारायण पूजाके १२ संक्रान्ती १ के १२। बैशाख महिनामा श्री पशुपतिमा जल चढाउने ब्राम्हणके ।९६ शिवरात्रीका दिन बर्ष बन्धन श्री बानेश्वरमा लघुरुद्रि चित्रेश्वरमा ११ आवर्ति रुद्रि र बैशाख शुदि १५ का दिन श्री पशुपतिमा लघु रुद्रि गर्ने औ जितमान सिंका श्राद्धमा ११ चित्रकुमारीका श्राद्धमा ११ जयमान सिंका श्राद्धमा १ र बर्ष १ के द्वादशी २४ बाम्हण ५ ले १२० म चन्द्रकुमारीका श्राद्धमा १ समेत र काम काममा भात पकाउन ब्राम्हण ३२ समेत जम्मा ब्राम्हण २०६ के दक्षिणा ५८।७५

रुद्रि गर्ने ब्राम्हण २३ के ।५० ले ११।५० अरु
जवान १८३ के रु ।२५ ले ४५।७५
बानेश्वरमा लघुरुद्रि सरजाम के ।५०
चित्रेश्वरमा सरजामके ।५० बैशाख सुदि १५ रोजके ऐ ।५०

मैना मैना का सुदिन १५।१५ रोजका दिन श्री पशुपतिमा लघुरुद्रि गर्ने ब्राम्हण १३२ के पुजा सरजाम समेतके ६७। देहाएका श्राद्धके
२४। पौष सुदि ४ रोजका दिन कर्णेल जितमासिंको श्राद्धके ६।
केशरी ।४ जौ तिल ।४ पान सुपारी ।२५ धुप ।४ भेटी ।१६
गाईको घ्यू ।१६ दक्षिणाके २।५६
दुघ २। चीनी ।५० नैवेद ।२५ पौष सुदि ८ रोजका दिन चीत्रकुमारीको श्राद्धके कचा ६। चन्द्र कुमारीके श्राद्धके ऐ ६। बैशाख महिनाभर भादगाउँ जाने मूलबाटामा सर्बत खानाके ३०। खुँदो दिन १ के रु ।५० ले मो रु १५। अलैचि रोजको ।२५ ले ७।५०
मरिच रोजको ।६ ले १।८०
पानी बोकी सर्वत बाढ्ने टहल्वाको मैनाभरको ज्याला ५।७०
पूजाहारी टहल्वा बर्ष १ को खान्गी ४८। पूजाहारीके ३०।
टहल्वाके १८।

बानेश्वर चित्रेश्वरको मंदिर, १ नाले १ तले १२ हात लम्बाई २ कवले पाटी बिग्रेमा बनाउनलाई जगेडा १०।१०।२ बाँकि कसर दैवि परेमा चलाउन पर्ने ३९।४

इति सम्वत १९९८ साल माघ १ गते रोज १ सुभम्

परिशिष्ट – २

बानेश्वर महादेवका बारेमा अरू थप जानकारी यसै पुस्तकको 'धार्मिक र सांस्कृतिक विकासमा जङ्गम जातिको भूमिका' शीर्षकको लेखको परिशिष्ट ६ (च) मा हेर्न सक्नुहुन्छ ।

# प्रकाशेश्वर प्राचीन पर्यटकीय क्षेत्र

नेपालको सुदूर पश्चिमाञ्चल क्षेत्रको कैलाली जिल्लाको सती बजारमा रहेको प्राचीन शिवलिङ्ग प्रकाशेश्वर महादेवका बारेमा धेरैलाई जानकारी नभएजस्तै मलाई पनि जानकारी थिएन । क्षेत्र तथा जिल्ला चिनाउने उल्लेखनीय धार्मिक स्थल र देवमन्दिरहरूको सूचीमा सूचीकृत हुन नसकेको कारण पनि उक्त शिवालयका बारेमा धेरैलाई जानकारी नभएजस्तो लाग्यो । उक्त प्राचीन शिवालय के-कति कारणले प्रचारमा आउन सकेन, यस्तो क्षेत्रकै धार्मिक महत्त्वको स्थल भएर पनि किन र कसरी छायामा पर्न गयो, जिल्लामा विभिन्न जातजातिको बसोवास भएर पनि कुनै जातिविशेषका कुलदेवता वा इष्टदेवताका रूपमा मात्रै किन पुजिन सकेन, यस्ता प्राचीन मन्दिरलाई पनि राज्यले किन उपेक्षा गरेको रहेछ आदि प्रश्नहरू उब्जनु स्वाभाविक हो । यी अनुत्तरित प्रश्नको समाधानका लागि अध्ययन, खोज र अनुसन्धानको बाटो प्रशस्त गर्नुपर्ने आवश्यक देखेपछि यो प्राचीन भएर पनि अस्तित्व कायम हुन नसकेको अनुपम तथा अपूर्व शिवलिङ्ग भएर पनि दर्शनको परिपाटी बनिनसकेको र क्षेत्रकै विशाल शिवलिङ्ग भए पनि प्रचारमा नआएको यस प्रकाशेश्वर महादेवका बारेमा केही लेख्ने जमर्को गर्दैछु ।

हाल कैलाली जिल्लाको आग्नेय कोणमा रहेको सती बजारमा रहेको यो प्रकाशेश्वर शिवमन्दिर जिल्लाको सदरमुकाम धनगढीबाट करिब एक सय किलोमिटर पूर्वमा रहेको छ । बर्दियाको पश्चिम किनारमा रहेको सती बजारको विकासको इतिहास पनि एक सय वर्षभन्दा लामो नभएको पाइयो

। जब मन्दिरनिकटको बस्तीकै इतिहास नयाँ छ भने मन्दिरको इतिहासका बारेमा भन्न र सुन्न सकिने कुरै भएन । अर्थात् शिवालय पुरानो भए पनि शिवालयको वरपर कुनै प्राचीन अभिलेख नभएका कारण पनि शिवालयका बारेमा किटानसाथ भनिने अथवा बोलिने अवस्था नै रहेन । दक्षिणतर्फ भारतको उत्तर प्रदेश सीमा जोडिएको छ र उत्तरतर्फ कैलालीकै टीकापुरको नवनिर्माण भएको नगर रहे पनि टीकापुरको इतिहास लामो नभएका कारणले यस क्षेत्रलाई चिनाउन नेपालको उल्लेखनीय स्थान नजिक देखिँदैन । टीकापुरको विकास केही दशकको मात्र भएकाले सती बजार भए पनि एक विकट स्थान रहेको स्पष्ट अनुमान गर्न सकिन्छ । चालीस वर्षयता टीकापुर विकास समितिले त्यहाँको जङ्गल मासेर टीकापुर नगर विकास गरेपछि सती बजार सबैको पहुँचको थलो भएको रहेछ ।

समयअनुसार विभिन्न नाउँले पुकारिने यो महादेवको यो नै नाउँ हो भनेर यकिनका साथ भन्न सकिने अवस्था छैन । तर जुन स्थानमा यो शिवलिङ्ग अवस्थित भएको देखिन्छ, उक्त स्थानको अवस्थालाई हेर्दा यो शिवलिङ्ग प्राचीन कालमा अत्यन्तै प्रख्याति पाएको शिवक्षेत्र हो भन्ने अनुमान गर्न कठिन छैन । कारण हो – (१) यो कर्णाली नदीको किनारमा हुनु, (२) भारतीय उत्तर प्रदेशको अयोध्याको नजिक हुनु, (३) उत्तरतर्फ मानसरोवर कैलाश हुनु, साथै मानसरोवरभन्दा दक्षिण तथा यस क्षेत्रभन्दा उत्तरको पहाडी भाग केदारखण्डको पहाडी शृङ्खला हुनु । प्राचीन तथा आधुनिक युगमा पनि बाटोका लागि नदी किनार नै उपयुक्त हुने कुरा भनिरहनुपर्ने होइन । त्यसैले भारतको अयोध्या नगर तथा नैमिषारण्यका ऋषिमुनि तथा तपस्वीहरूले कैलाशको यात्रा गर्दा यसै स्थान हुँदै अथवा यसै स्थानमा विश्राम गर्दै उत्तरको यात्रा आरम्भ गर्ने प्रमुख स्थान हो भनेर अनुमान गर्न सकिन्छ । यसको भौगोलिक स्थितिलाई अध्ययन गर्दा प्राचीन कालको त्यो विकसित बस्ती अथवा विश्रामस्थल मासिएर नदीको बगर वा जङ्गलमा परिवर्तित भएपछि यसको इतिहास छायामा परेको हुन सक्ने बलियो सम्भावना देखिन्छ ।

शिवालयको इतिहासलाई विचार गर्दा यसरी विभक्त गरी हेर्नुपर्ने हुन्छ – (१) भौगोलिक अवस्था, (२) सामाजिक स्थिति र स्थानीय संस्कृति, (३) स्थानको पूर्व इतिहास, (४) मन्दिरको इतिहास, र (५) शिवलिङ्ग । यसरी बेग्लाबेग्लै वर्गीकरण गरेर हेर्दा यस शिवालयका बारेमा केही मात्रामा भए पनि जानकारी लिन-दिन सकिन्छ कि भन्ने लागेको छ ।

भौगोलिक अवस्था : मुलुकको प्रमुख नदीका रूपमा परिचित कर्णाली नदीको पश्चिम किनारमा अवस्थित यो प्रकाशेश्वर महादेवको वर्तमान स्थान कैलाली जिल्लाको पूर्व-दक्षिण कोणमा भएको देखिन्छ । कर्णाली नदीको पश्चिम किनारमा रहेको यो स्थान केही वर्ष अघिसम्म चौतर्फी जङ्गलले घेरिएको थियो भन्ने अनुमान गर्न सकिन्छ । विक्रमको १९३० अगाडिसम्म यो क्षेत्र भारतको राजनीतिक सीमा क्षेत्रभित्र थियो भन्ने कुरा इतिहासले बताउँछ । यो क्षेत्र नेपालको सीमाभित्र आएको करिब एक सय चालीस वर्ष मात्र भएको छ । त्यसैले यो क्षेत्रको सबै लिखित दस्तावेज भारतमा हुनुपर्ने अनुमान गर्न सकिन्छ । यद्यपि यो क्षेत्र प्राचीन नेपालको थियो, तर राजनीतिक उथलपुथल र अव्यवस्थित राजनीतिक उतारचढावले गर्दा उक्त समयमा यो क्षेत्र भारतको सीमाभित्र पर्न गएका कारणले पनि यसको अभिलेख नपाइएको हो । जतिखेर यो क्षेत्र नेपालको भूभागमा गाभियो, त्यस बखत यो क्षेत्र पूर्ण जङ्गलमा परिवर्तन भइसकेको रहेछ भन्ने अनुमान गर्न सकिन्छ । वर्तमानको भौगोलिक स्थितिलाई हेर्दा पनि जिल्लाको सदरमुकाम धनगढीबाट करिब एक सय किलोमिटर टाढा रहेको छ भने पूर्व-पश्चिम राजमार्गमा पनि लम्की भन्ने स्थानबाट दक्षिण सत्ताइस किलोमिटर र नयाँ नगर टीकापुरबाट करिब दस किलोमिटरको दूरीमा रहेको शिवमन्दिर टीकापुर नगरको विकाससँग यसको भविष्य जोडिएको देखिन्छ ।

सामाजिक स्थिति र स्थानीय संस्कृति : यस क्षेत्रको सामाजिक बनोट हेर्दा सामाजिक संरचना त्यति पुरानो देखिँदैन । वरपरको गाउँलाई विचार गर्दा थारू जातिको बाहुल्य देखिए पनि सती बजार र छिमेकमा नेवार, बाहुन र क्षत्रीहरूकै बसोवास देखिन्छ । थारू जातिको त्यस शिवमन्दिरमा खासै लगाव भएको देखिँदैन भने अन्य बाहुन, क्षत्री र नेवार जातिका कुलदेवता तथा इष्टदेवताका रूपमा मानिने प्रमुख देवता स्वीकार गरेको पनि देखिँदैन । यहाँको सामाजिक मान्यता र संस्कृतिका दृष्टिकोणले विचार गर्दा पनि यस शिवालयमा त्यस क्षेत्रमा बसोवास गर्ने कुनै पनि जातिको जातीय संस्कृतिसँग पूर्णतः लगाव रहेको छ भन्ने कुराको ठोस प्रमाण भेटिँदैन । शिवमन्दिर भएका कारणले मात्र सनातनी हिन्दूहरूको दर्शनीय र आकर्षणको केन्द्र भएको देखिन्छ । पूर्वकालमा ककसले र कुन जातिविशेषले सो शिवलिङ्गको पूजा-अर्चना गरे, त्यसको पनि कुनै प्रमाण भेटिँदैन । तर वर्तमान अवस्थामा भने रत्नप्रसाद रिजाल नाम गरेका ब्राह्मणले पूजा-अर्चना गर्ने गरेको देखिन्छ । यसअघि केही दशक डोटीका नारायणदत्त जोशीले पूजा गरेको कुरा जानकारी हुन आयो । तर नारायणदत्तअघि कसले पूजा गरेका

थिए भन्ने कुरा भने अनुत्तरित नै छ । नयाँ बस्ती विकास भएका कारणले कुनै जाति वा सम्प्रदायविशेषले शिवालयमाथि प्रभुत्व जमाएको नदेखिएका कारणबाट अनुमान गर्न सकिन्छ कि शिवालय प्राचीन भए तापनि सामाजिक स्थिति र स्थानीय सामाजिक संस्कृति भने अलग किसिमबाट विकसित भएको देखिन्छ । स्थानीय सामाजिक स्थिति र संस्कृतिलाई शिवालयले विशेष प्रभाव पारेको देखिँदैन अर्थात् शिवालय र स्थानीय संस्कृति एक-आपसमा ऐक्यबद्ध भएको पनि देखिँदैन ।

स्थानको पूर्व इतिहास : वर्तमानको सती बजार एक सय चालीस वर्ष अगाडिसम्म भारतको राज्य सीमाभित्र पर्दथ्यो भन्ने कुरा श्री ३ जङ्गबहादुरले तत्कालीन ब्रिटिस भारत सरकारसँग कञ्चनपुर, कैलाली, बर्दिया र बाँके नामका चार जिल्ला लिएबाट नै प्रमाणित हुन्छ । यो क्षेत्र नेपाल राज्य क्षेत्रभित्र प्रवेश गरेको लामो समय नभएको र त्यस बखत यो क्षेत्र जङ्गलले घेरिएको अवस्थामा थियो । यति मात्र होइन, त्यस समयमा यो शिवालयको मन्दिर भग्नावशेषमा रहेको र शिवलिङ्ग मात्र रहेको हुँदा पछि विक्रमको १९६७ सालमा मात्र शिवलिङ्गलाई नवनिर्मित मन्दिरले गर्भमा राख्न समर्थ भएको देखिन्छ ।

मन्दिरको इतिहास : प्राचीन कालमा यस शिवालयको मन्दिर कस्तो थियो भनेर कुनै

अनुमान गर्न सकिन्न । कारण नेपाल मण्डलको जस्तो छानायुक्त (प्यागोडा शैली) मन्दिरको विकास त्यस बखत भएगरेको अनुमान गर्न सकिन्न । भारतमा भएको शिखर शैली र गुम्बज शैलीको मन्दिर थियो भन्न पनि सकिने अवस्था छैन । त्यसैले वर्तमानको मन्दिरको बनोट र त्यसको वास्तुलाई विचार गर्दा पनि यस किसिमको मन्दिरको वास्तु विकास दुई सय वर्षभन्दा पुरानो होइन भनी ठोकुवाका साथ भन्न सकिन्छ । नेपालमा यस किसिमको मन्दिरको विकास अङ्ग्रेज वास्तुशास्त्रीले गरेका हुन् ।

यो मन्दिर शिखर शैली र गुम्बज शैलीबीचको नवीन शैलीको मन्दिर हो, जो अङ्ग्रेज वास्तुशास्त्रीले सर्वप्रथम नेपालमा निर्माण गर्न सहयोग गरेका थिए । यस मन्दिरमा काठको प्रयोग कम र इँटा र वज्रको बढी प्रयोग गरिएको हुन्छ । टिकाउका दृष्टिले पनि यो मन्दिर बढी टिकाउ देखिन्छ । यस्ता मन्दिर नेपाल उपत्यकाको पशुपति क्षेत्रमा धेरै नै देखिन्छन् ।

शिवलिङ्ग : यो शिवलिङ्ग मानवनिर्मित शिवलिङ्ग हो । डमरुको आकारको माथिल्लो भागमा शिवलिङ्गका लागि आवश्यक रहने जलहरी रहेको

छ र त्यस जलहरीको बीच भागमा लिङ्ग राखेर शिवस्वरूप स्थावर लिङ्ग निर्माण भएको छ। यस्तो शिवलिङ्ग निर्माण गर्ने प्रविधिको विकास कलियुगको प्रारम्भदेखि नै भएको हो। लिङ्ग दुई प्रकारका हुन्छन् – एक : स्वयम्भू लिङ्ग, र अर्को : स्थावर लिङ्ग। प्राचीन कालदेखि नै यी दुवै लिङ्ग पूजनीय छन्। हो, यस शिवलिङ्गको निर्माण पनि डमरु आकारको आधारशिलामा शिवलिङ्ग खडा भएको देखिन्छ। तीन फुट उचाइको आकार शिलामा निर्मित जलहारीको बीच भागमा करिब सोह्र इन्च उचाइ र अठचालीस इन्च गोलाइको शिवलिङ्ग अवस्थित भएको देखिन्छ। बनावटको शिल्पपक्षलाई विचार गर्दा शिल्पकारको विज्ञतामा कुनै खोट लगाउने ठाउँ छैन। शिवलिङ्गको निर्माणमा प्रयोग भएको पत्थरलेपल गर्दा नै यो शिवलिङ्गको निर्माण करिब दुई हजार वर्षपूर्व भएको अनुमान गर्न सकिन्छ।

शिवलिङ्गको जलहरी उत्तराभिमुख हुनुपर्ने शास्त्रीय मान्यता छ। तर यो शिवलिङ्गको जलहरी आग्नेय कोण अभिमुख देखिन्छ। कोरा आँखाले हेर्दा पूर्वाभिमुख देखिन्छ। यस दृष्टिकोणले विचार गर्दा यो शिवलिङ्ग अपूर्व र अतुलनीय देखिन्छ। निर्माणकै क्रममा रहेको अवस्था, कुनै प्राकृतिक घटनाद्वारा स्थानान्तर भएको अवस्था, अज्ञानताका कारणले स्थापित गरेको अवस्था तथा स्थापना गर्नुपर्छ भन्ने भावनाले मात्र स्थापित गरेको अवस्थामा बाहेक शिवलिङ्ग विधिसम्मत स्थापना गर्दा जलहरी उत्तराभिमुख नै हुनुपर्छ।

यस प्रकाशेश्वर महादेवको कुनै अभिलेखले यसका बारेमा बोलेको छैन। शिवलिङ्गलाई गर्भमा राख्ने मन्दिरको निर्माणकाल पनि एक सय वर्षको मात्र भएको र गुठीमा दर्ता हुँदा पनि यस शिवलिङ्गको नाम 'नरेन्द्र पद्म प्रकाशेश्वर' भनिएकोबाट यसको इतिहास मात्र एक सय वर्षको देखिन्छ। २०६४ सालमा यस भेगका जागरुक भक्तहरूले यस मन्दिरको विकास र संरक्षणका लागि सरकारी स्तरमा दर्ता गर्दा 'नरेन्द्र पद्म प्रकाशेश्वर' भनेर दर्ता भएको देखिन्छ। त्यस बखत 'मलवाराजा' का नामबाट चिनिने हाल कर्णालीको किनारमा रहेको चिसापानीबाट उत्तरतर्फको पहाडी स्थान दुलेकोटका राजा नरेन्द्रविक्रम शाहको सम्झनामा उनकी रानी पद्मकुमारी शाहबाट विक्रम सम्वत् १९६७ मा यो शिवालयको मन्दिर निर्माण गरेर मन्दिर संरक्षणका लागि केही जग्गा गुठी राखेको बुझिएको छ। तर के-कति जग्गा र कहाँको जग्गा भन्ने कुरा उल्लेख भएको जानकारी नभए पनि माल कार्यालय कैलालीले वार्षिक सात हजार रुपियाँ पूजा खर्चका लागि आजसम्म दिँदै आएको छ। शिवालयको विकास तथा संरक्षण समितिको अध्यक्षमा

विदुर कायस्थ आएपछि मन्दिरको शतवार्षिकी मनाउने क्रममा २०६७ साल फागुनमा यस लेखकलाई पनि निम्तो प्राप्त भएको थियो । कारणवश त्यस बखत शिवालयको दर्शनका लागि जान सकिएन । भ्रष्टाचारविरुद्ध राष्ट्रिय अभियानका क्रममा सुदूर पश्चिमको 'भेटयात्रा कार्यक्रम' अन्तर्गत २०६८ माघ १३ गते सती बजार पुग्ने मौका पाएँ । दुई दिनको बसाइमा श्रीको दर्शन, वरपरका भौतिक संरचनाको अवलोकन र स्थानीय भक्तजनहरूसँग भेटघाटको अवसर पनि पाएँ । श्रीको दर्शनबाट मैले विशेष अनुभूति प्राप्त गरेको छु र म आकर्षित पनि भएको छु । शिवालयको यात्रा हुनुभन्दा अगाडि शिवालयका बारेमा जे सुनेको थिएँ वा त्यसका बारेमा पढेको थिएँ, त्योभन्दा बेग्लै अनुभव र अनुभूति भएकै कारण मात्र शिवालयका बारेमा अध्ययन र विचार गर्नुपरेको हो । वर्तमानमा शिवालयको मन्दिर आधुनिक युगको भए तापनि शिवलिङ्ग प्राचीन हो । हाल छुट्टै गन्तव्यको बाटोघाटो नदेखिए पनि त्यो ठाउँ प्राचीन कालको धार्मिक पर्यटकीय राजमार्ग हो र पर्यटक विश्रामको मूलाधार हो । कैलाशयात्राको आधारशिविर भएको हुँदा यो क्षेत्र विकसित, रमणीय, दर्शनीय र विश्रामयोग्य थियो भन्ने प्रमाणित हुन्छ ।

नेपाल राज्यमा गाभिनुअघि नै यो क्षेत्र विकसित भएको र नेपाल सीमा क्षेत्रभित्र गाभिँदा जङ्गलले घेरिएको क्षेत्र हुँदा यसका बारेमा अध्ययन गर्न भारतको उत्तर प्रदेशका अनेक धार्मिक स्थलहरूको स्थलगत निरीक्षण र त्यहाँ भएका अभिलेखको अध्ययन र अनुगमनले मात्र यो क्षेत्रका बारेमा भरपुर जानकारी दिन सक्नेछ भन्ने लाग्दछ । यतिखेरको नेपालको भूभाग र क्षेत्रका दृष्टिकोणले भन्नुपर्दा नेपाल उपत्यकापछि पश्चिमतिर पाइने शिवलिङ्गमा यो सती बजारको प्रकाशेश्वर महादेव नै मुख्य शिवलिङ्ग हो । उपत्यकाको पश्चिमतर्फ योभन्दा प्राचीन, अनुपम र अभूतपूर्व शिवलिङ्ग अन्य स्थानमा छैन भनेर ठोकुवा गर्न सकिन्छ । यस कारणले पनि यो प्रकाशेश्वर महादेव धार्मिक पर्यटकीय दृष्टिकोणले उत्कृष्ट सावित हुन सक्छ । यसतर्फ सुदूर पश्चिम क्षेत्रका अगुवा र नेपाल सरकारले बढी ध्यान पुऱ्याउनुपर्ने देखिन्छ ।

●

इतिहासको कुनै पनि राम्रो वा नराम्रो घटनाको उपज वर्तमान भएर हाम्रा सामु खडा भएको हुन्छ । भूतकालमा बितेका घटना र अवस्था मानवोचित भएको खण्डमा हाम्रो वर्तमान स्वस्थ, शान्तिमय र समृद्ध बनेको हुन्छ भने मानवोचित व्यवहार र घटनाको विपरीत भए वर्तमान पनि अनिश्चित, भयावह र दुःखग्रस्त बन्न पुग्छ । वर्तमानको अवस्थालाई न्याय प्रदान गर्ने कडी भूतकालको कार्यपद्धति वा घटनामा निर्भर हुन्छ । त्यसैले इतिहासको सही तथा तथ्य जानकारीले मात्र वर्तमानको अवस्थाको मूल्याङ्कन हुन्छ भने भविष्यको कार्ययोजनाको तर्जुमा पनि त्यसैमा निर्भर गर्दछ । त्यसैले इतिहासको सही र तथ्य खोज हुनुपर्ने कारण पनि मानव-सभ्यताको विकासका लागि अपरिहार्य तत्त्व बनेको छ ।

– यसै पुस्तकबाट

# वागेश्वर महादेव एक परिचय

काठमाडौँ उपत्यकास्थित भक्तपुर नगरको पूर्वोत्तर कोणमा दक्षिण-पश्चिम फर्किएको मनोरम तथा सुन्दर, विभिन्न जातजातिका ससाना गाउँहरूले भरिएको, पश्चिमबाट पूर्वतर्फ चुलिँदै गएको हरियो रसिलो पर्वतमालालाई वागेश्वरी भनिन्छ । वागेश्वरीको अर्थ हो वाणीकी ईश्वरी अर्थात् सरस्वती । त्यस्तै वागेश्वरको अर्थ हो वाणीका ईश्वर अथवा वाक्‌सिद्ध महादेव । यस वागेश्वरी क्षेत्रमा यी दुवै महादेव तथा सरस्वती अर्थात् दुवै ईश्वर तथा ईश्वरी विराजमान भएका देखिन्छन् । राजनीतिक सीमाका आधारमा वागेश्वरी गाउँ विकास समितिले यस क्षेत्रलाई सीमित गराए पनि यो वागेश्वरी पर्वतमाला उत्तरमा महादेवपोखरी (नगरकोट) जोडिएर सुडाल गाउँ विकास समितिका केही क्षेत्र ओगट्तै काभ्रे जिल्लाको टुकुचा गाउँ

विकास समितिसम्म फैलिएको छ, जो हाल चाँगुनारायण नगरपालिका क्षेत्रमा पर्दछ । काठमाडौँ उपत्यकालाई वेष्ठित अन्य पर्वतमालाभन्दा यो वागेश्वरी क्षेत्र विशेष टमक्क मिलेको, उब्जाउयोग्य जमिन भएकाले पनि यो क्षेत्रमा विभिन्न जातजाति, जस्तै : बाहुन, क्षत्री, नेवार, गुरुङ, सार्की, कामी, दमाई र तामाङ आदि सबै किसिमका जातजातिको बसोबास भएको देखिन्छ । यस क्षेत्रलाई ऐतिहासिक, धार्मिक र सांस्कृतिक दृष्टिले विचार गर्नुपूर्व यस क्षेत्रको भौगोलिक अवस्थालाई नियाल्दा पनि उपत्यकामा बस्ती बस्ता यो क्षेत्रमा नै सबैभन्दा पहिले मानव बस्ती भएको अनुमान गर्न सकिन्छ । यसरी प्राचीन कालदेखि बस्ती बसेको यस क्षेत्रमा प्राचीन काल वा त्यसपछिका कुनै लिखत प्रमाण भेटिएका छैनन् । प्राचीन समयमा नै मानव बस्ती बसेको र सभ्यता, धर्म र संस्कृतिसमेत विकास भएको देखिए पनि कालान्तरमा यो क्षेत्र पूर्ण रूपमा छायामा परेको देखियो । हालसम्म पनि यस क्षेत्रको ऐतिहासिक र धार्मिक महत्त्वका बारेमा पूर्ण अनुसन्धान र अन्वेषण भइनसकेको पाइयो र सबै क्षेत्रबाट उपेक्षित रहेको पनि देखियो ।  यसरी सबै क्षेत्रबाट उपेक्षित भएको हुँदा यस क्षेत्रको इतिहास र परम्परा नै मेटिन जाने अवस्था सिर्जना भएको देखियो । भक्तपुर जिल्लाको अति अविकसित तथा विकट मानिने गाउँका रूपमा यो क्षेत्रले लामो अवधिसम्म रहनुपरेको देखियो । जिल्लाका अन्य गाउँहरू, बस्तीहरू विकसित भई नगरसरह भइसक्ता पनि यो क्षेत्रले बाटोघाटो र अन्य विकासको पूर्वाधारसमेत पाउन नसकेको हुँदा विकट गाउँका रूपमा रहनुपर्‍यो । हाल पनि केही बाटो बनेको देखिए तापनि सुविधायुक्त बाटो अझै बनिसकेको छैन । यहाँका स्थानीय व्यक्तिहरूमा पनि उपलब्धिमूलक जागरण नआएका कारण यस क्षेत्रले आफ्नो स्पष्ट पहिचान सरकार, राज्यव्यवस्था र मुलुकसामु राख्न सकेको देखिएन । होइन भने उपत्यकाको ऐतिहासिक र धार्मिक महत्त्व भएको यो क्षेत्रले यो समाजमा आफ्नो महत्त्व कायम गरी स्थापित हुन सक्नुपर्थ्यो । जे होस्, अहिले पनि विलम्ब भएको छैन । सबै क्षेत्रबाट तदारुकताका साथ लागेर अनुसन्धान, अन्वेषण र संरक्षणका कार्यहरू थालनी भइदिएमा यस क्षेत्रको महत्त्वलाई उज्ज्वलित गर्दै सही पहिचान स्थापित गर्न सकिनेछ ।

वागेश्वरी क्षेत्र : यस क्षेत्रको बीच भागमा वागेश्वर महादेवको मन्दिर छ र त्यस मन्दिर परिसरभित्र पोखरी (कुण्ड) तथा अन्य देवदेवीका ससाना मन्दिरहरू छन् । यसै मन्दिर परिसरसँग जोडिएको त्रिवेणीघाट छ । यसै क्षेत्रको बीच भागमा बाहिटी नाउँ गरेको धारा छ भने यस क्षेत्रको उत्तर-

पूर्वको उचाइमा सरस्वतीस्थान छ । हाल यस क्षेत्रको शिरभागमा रहेको सरस्वतीस्थानमा मञ्जुश्री स्थापित भएकी छन् र त्यस स्थानमा जाने तीनवटा बाटाहरू छन् । एक सुडालको जीतपुर हुँदै, दोस्रो मुहानपोखरीबाट वागेश्वर महादेवको मन्दिर हुँदै र तेस्रो खरिपाटीबाट बाहिटी हुँदै जाने मोटर चल्न सक्ने बाटो भए पनि ती तीनै बाटाहरू हिउँदमा मात्र चल्न सक्ने देखिन्छन् अर्थात् यी सबै बाटाहरू कामचलाउसम्म देखिन्छन् । ऐतिहासिक महत्त्व भएका यी तीन क्षैत्रलाई सही ढङ्गले संरक्षण प्रदान नगरिएका कारणले गर्दा अव्यवस्थित तरिकाले रहेका छन् । मनपर्दो ढङ्गबाट केही मर्मत-सुधार भएका छन् । हाल पनि यी तीनै क्षेत्रमा केही सुधार हुन लागेको देखिए पनि यसले ऐतिहासिक र परम्परागत अस्तित्व नै मेटिने किसिमबाट भएको वा हुन लागेको प्रस्ट देखिन्छ । त्यसैले यस क्षेत्रलाई सरकारी स्तरबाट पूर्ण नियन्त्रणमा लिई यसको परम्परागत मूल्य र मान्यता नमेटिने गरी यसको संरक्षण हुनुपर्ने देखिन्छ ।

वागेश्वर महादेव : यस क्षेत्रको मुख्य स्थानका रूपमा रहेको शिवालयको नाउँ हो

वागेश्वर महादेव । यस महादेवको मन्दिर परिसरमा विभिन्न देवीदेवताहरूका ससाना मन्दिर रहेका छन् भने निर्मल पानी आउने ढुङ्गेधारासहित एक सुन्दर पोखरीसमेत भएको देखिन्छ । यस शिवालयको चोक करिब ४ रोपनी १२ आनामा फैलिएको छ भने कैलाश र मसानघाटसमेत गर्दा करिब २० रोपनी जग्गा रहेको हाल पनि देखिन्छ । यसभित्र त्रिवेणीघाट, मुर्दा जलाउन तीनवटा मसानघाट, क्रियापुत्री बस्ने सत्तलहरू, राममन्दिर, वाल्मीकेश्वर, शिवलिङ्ग, हनुमान आदि घाट परिसरमा रहेका छन् भने त्यसभन्दा माथि करिब ७ रोपनी जग्गामा फैलिएको क्षेत्रलाई कैलाश भनिन्छ । त्यहाँ भजन-कीर्तन गर्नका लागि एक भजनघर निर्माण गरेका छन् ।

यो शिवक्षेत्रले परापूर्वकालमा अत्यन्त ख्याति कमाएको कुरा यस क्षेत्रमा रहेको त्रिवेणीघाट, कैलाश र शिवालयभित्र रहेका देवदेवीका मूर्ति र मन्दिरले प्रमाणित गरेका छन् । उपत्यकामा यस किसिमको प्राचीन कालदेखि विकसित भएका क्षेत्र धेरै कम छन् । जन्मदेखि मृत्युसम्मका लागि आवश्यक संस्कृति र स्थानको विकास भएको देख्ता यो वागेश्वरी क्षेत्र उपत्यकामा मानव-सभ्यताको विकास पहिलो अर्थात् सुरुको समयमा नै भएको अनुमान गर्न सकिन्छ ।

भक्तपुर नगरबाट यो शिवालय क्षेत्रमा आउने बाटोको व्यवस्थाले पनि प्राचीन समयमा यो क्षेत्रको महत्त्व रहेको प्रमाणित हुन्छ। भक्तपुर नगरबाट करिब ७ किलोमिटरको दूरीमा रहेको यो शिवक्षेत्रका लागि आउने इँटा तथा ढुङ्गा छापेको पक्की बाटो रहेको स्थानीय बासिन्दाको भनाइ छ। हाल बाटोमा छापिएका इँटा र ढुङ्गा कतै-कतै मात्र देखिए पनि पाटीहरू भने हालसम्म पनि रहेका देखिन्छन् । वर्षा, हिउँद र रात-बिहान सबै समयमा चल्न सक्ने किसिमबाट ठाउँठाउँमा पाटी-पौवा बनाई बाटो निर्माण भएका थिए। भक्तपुर नगरबाट यस क्षेत्रमा आउनका लागि यसरी बाटो व्यवस्थित थियो – मूल ढोका कमलविनायक, जोरपाटी, डाँडापाटी, न्याटेश्वर (यातु महाद्यः), गौराको पाटी हुँदै भातेढिकुरीको पाटी, गनाउने कुवा पाटी, सयभञ्ज्याल, चम्पा नदी, मूल साँगु, ढुङ्गाको साँगु, पँधेरो भएर शिवक्षेत्र पुग्ने बाटो अहिले पनि चलेको छ ।

वागेश्वर महादेवलाई हाल विभिन्न नाउँबाट पुकारिएको सुनियो र देखियो । साथै यसका बारेमा विभिन्न किसिमका किंवदन्ती पनि फैलिएका सुनिए । यस सन्दर्भमा जुन-जुन समयमा यस वागेश्वर महादेवलाई जुन-जुन नाउँ धारण गराइए, ती नाउँलाई पुष्टि गर्न तदनुसारका कथा पनि जोडिए । यसरी हाल प्रचलनमा आएका नाउँमा (१) वाल्मीकेश्वर, (२) बालमुखेश्वर, (३) वायव्येश्वर, (४) वागीश्वर आदि छन् ।

यसमध्ये वाल्मीकेश्वर भन्ने नाउँ बढी प्रचारमा आएको छ र हाल गाउँवासीहरूले यही नाउँलाई प्रचलनमा ल्याउने कोसिस पनि गरिरहेका छन् । वागेश्वर महादेवको नाउँ नै लोप हुने गरी यी नाउँहरू चल्न थाल्नु राम्रो परम्पराको थालनी भएको देखिँदैन । कुनै पनि जिम्मेवार व्यक्तिहरूले यसरी इतिहासलाई छायामा पार्नु र सत्यता लोप गराउने कोसिस गर्नु हुँदैन । हुन त सत्यलाई छोप्न वा मास्न सकिँदैन, तर कहिलेकाहीँ केही अवधि र समयसम्म लोप तथा परिवर्तन पनि हुन सक्छ । यसै दृष्टिकोणबाट प्रेरित भएर यस सम्बन्धमा खोजी गरिएको छ । प्रथमतः यो वागेश्वर महादेवका विभिन्न नाउँहरू के कुन आधारमा नामकरण भए भन्नेतर्फ विचार गरौं ।

वाल्मीकेश्वर : वाल्मीकि ऋषिले यस क्षेत्रमा रहेका वीर र भद्रा नदीमा आई स्नान गरी तपस्या गरेका र यहीँ वाल्मीकि ऋषिको वाणी सिद्ध भएको हुँदा यस स्थानलाई वाल्मीकेश्वर भनिएको हो भनी भनिन्छ। यस कथनका आधारमा महादेवस्थानभन्दा पूर्वतर्फ रहेको त्रिवेणीघाटमा एउटा ठूलो शिलाको आडमा भएको लिङ्गको छेउमा राम, सीता र लक्ष्मणसमेत

हनुमानको मूर्ति स्थापना गरी उक्त कथनलाई चरितार्थ गरिएको छ । यी राम, लक्ष्मण र हनुमानका मूर्तिहरूमध्ये सर्वप्रथम हनुमानजीको मूर्ति विक्रम सम्वत् २०४३ सालमा एक भक्तले स्थापना गरेका हुन् भने स्थानीय जनता र जिल्ला विकास समितिको सहयोगमा विक्रम सम्वत् २०६० सालमा राम, सीता र लक्ष्मणका मूर्ति स्थापना गरिएका हुन् । वाल्मीकेश्वर महादेवमा हनुमानजीको उल्लेख हुनु र त्यहाँ पनि हनुमानजी स्थापित भइसकेका हुँदा अब कालान्तरमा वाल्मीकि ऋषिको कथनले साकार रूप पाउन सक्ने पनि देखिएको छ । कसैकसैले यसलाई बालमिखेश्वर पनि भनिएको पाइयो । यो वाल्मीकेश्वरको गलत उच्चारणबाट बालमिखेश्वर भएको हो भन्ने स्पष्ट हुन्छ । यसमा बुझिनुपर्ने कुराचाहिँ के छ भने हिमवत्खण्डमा उल्लिखित विवरण अनुसारको वाल्मीकेश्वर भक्तपुर नगर क्षेत्रभित्रको हनुमानघाटमा रहेका वाल्मीकेश्वर महादेव हुन् ।

बालमुखेश्वर : उपर्युक्त वाल्मीकेश्वरलाई नै स्थानीय बोलिचालीमा बालमिखेश्वर भनिन थालियो र त्यसपछि केही स्थानीय बासिन्दाहरूले यसलाई बालमुखेश्वर पनि भन्न थालेको भेटियो । यो बालमुखेश्वर कसरी भयो भन्ने प्रश्नको उत्तरमा नजिकै बाघहिटी भएको हुँदा यो बाघेश्वरी वा बाघमुखेश्वर हुनुपर्ने तर्क गरेको पनि पाइयो । बालमुखेश्वर भनिए पनि यसको कुनै तर्कयुक्त कथन भने त्यहाँका स्थानीय व्यक्तिहरूले भनेको सुनिएन । बालमुखेश्वर शब्दको विकास क्रमशः वाल्मीकेश्वर – बालमिखेश्वर – बालमुखेश्वर भएको प्रतीत हुन्छ ।

वायव्येश्वर :

श्री स्वस्थानी व्रतकथाको सतीदेवीको अङ्गपतनका क्रममा दशमोध्यायमा भनिएको छ – 'चरित्रपुरमा पुग्दा दाहिने करङ पतन भयो । चित्रपुर पीठ, स्वर्णेश्वरी देवी, चित्रवर्णी योगिनी, वायव्येश्वर महादेव उत्पन्न भए । शिवशक्ति स्वरूपले रहे । त्यस पुण्यभूमिमा योगिनी गणहरूले तपस्या गरे । ईश्वरीले प्रसन्न भई 'वरदान माग' भनिन् । योगिनी गणले 'मन्त्र सिद्ध होओस्' भनी मागे । ईश्वरले 'तथास्तु' भनी वरदान दिइन् ।' यस कथनलाई पुष्टि गर्ने कुनै प्रमाण जुट्न सकेको छैन, तर पनि स्थानीय बासिन्दाको भने यस कथनमा बलियो विश्वास रहेको छ र भन्ने गरिएको छ – महादेव मन्दिरको परिसरभित्रको पश्चिम भागमा एउटा सत्तल थियो । त्यसै सत्तलको एक तलामाथि स्वर्णेश्वरी देवीको स्थान थियो भनिन्छ, तर हाल छैन । तिनै स्वर्णेश्वरी नै वागेश्वरी हुन् भनिन्छ । तर व्रतकथामा उल्लिखित चित्रपुरका

बारेमा भने स्थानीय बासिन्दाको कुनै कथन छैन र तर्कसम्म पनि छैन । त्यसैले यो वायव्येश्वर एक अनुमान मात्र भएको प्रतीत हुन्छ ।


वागीश्वर :

'नेपाल माहात्म्य' मा चौँसट्ठी लिङ्गको वर्णन गर्ने क्रममा यसरी लेखिएको छ – भक्तपुर वागेश्वरीमा रत्नचूडेश्वरको एक कोस दक्षिणमा वागीश्वर महादेव छन् । त्यहाँबाट सय धनु आग्नेय कोणमा वीरगङ्गा र काभ्रे नदीको सङ्गममा वीरहृद छ । यी वागेश्वर महादेवलाई नै वागीश्वर भनिएको हो ।

वागेश्वर महादेवका विभिन्न नाउँका बारेमा उपर्युक्तअनुसार विचार गर्दा बलियो रूपमा जनमानसमा छाप परेको नाउँ हो वाल्मीकेश्वर । 'नेपाल माहात्म्य' मा वाल्मीकेश्वर महादेवका बारेमा स्पष्ट रूपमा यसरी भनिएको छ – 'भक्तपुर नगरको हनुमानघाटमा वाल्मीकेश्वर महादेव रहेका छन् । भद्राचल पर्वतबाट निःसृत भद्रा नदी र वीरा नदीको सङ्गममा वीरहृद तीर्थ छ ।' यसै गरी हिमवत्खण्डको पृष्ठ २५४ मा पनि वाल्मीकेश्वरको त्यही प्रसङ्ग आउँछ । यो भक्तपुर नगरको हनुमानघाट हो भन्ने प्रमाण के हो भने चाँगु किलेश्वरका सम्बन्धमा बयान गर्दा हिमवत्खण्ड पृष्ठ २५७ मा यसरी भनिएको छ – यहाँबाट आग्नेय कोणमा आधा कोसमा वीरभद्र तीर्थ र वाल्मीकेश्वर महादेव हुनुहुन्छ । यदि वागेश्वरलाई भनिएको हो भने 'यहाँबाट पूर्वतर्फ' भनिनुपर्ने थियो । त्यसैले हिमवत्खण्डमा उल्लेख भएका वाल्मीकेश्वर महादेव यी वागेश्वर नभएको स्पष्ट हुन्छ ।

वागेश्वर : वागेश्वरी क्षेत्रको नाउँ वाणीसँग सम्बन्धित भएको र त्यहाँ वाणीकी स्रोत सरस्वतीसमेत त्यही क्षेत्रमा रहेकी हुँदा यस क्षेत्रमा वाणीकै प्रधानता भएको देखिन्छ । यस क्षेत्रमा वाणीका अधिकारी दुवै ईश्वर तथा ईश्वरी रहेका हुँदा ईश्वरलाई वागेश्वर तथा ईश्वरीलाई वागेश्वरी भनिएको हो । वाक् + ईश्वर = वागीश्वर भनिएको हो, तापनि यसको शुद्ध पाठ वाक् + ईश्वर = वागेश्वर हो । त्यसैले वागीश्वर भन्नुभन्दा शुद्ध रूप वागेश्वर नै भन्नुपर्छ । वाक् अर्थात् वाणीका देवता वागेश्वर महादेव हुन् । यो शिवक्षेत्रको तालुक मठ भक्तपुर जङ्गम मठ भएको र जङ्गम मठको अभिलेखमा वागेश्वर महादेव भनेर लेखिएबाट पनि यो शिवलिङ्गको नाउँ वागेश्वर भएको प्रस्ट हुन आएको छ ।

वागेश्वर महादेव मन्दिर परिसर :




वि. सं. २०६२ मा 'खोपृङ' नामक पत्रिकामा प्रकाशित
यो लेखकले लेखेको लेखको अंश :

श्री वागेश्वर महादेव चोक परिसरभित्र रहेका देवदेवीहरूको मन्दिर चित्रमा इङ्गित स्थानमा रहेका छन् । चित्रमा देखाइएका मन्दिरहरूमा नं. १ को सत्तलबाहेक सबै मन्दिरहरू भत्केर गएका थिए । त्यसमध्ये मूल मन्दिर र नारायणको मन्दिर केही वर्षअघि स्थानीय जनताको अगुवाइमा बनेका देखिन्छन् ।

अरू मन्दिरहरूको जग भेटिएका छन् र त्यसै जगलाई कायम गरी पुरातत्त्व विभागको सहयोगमा स्थानीय बासिन्दाहरूले हाल चोकभित्र मन्दिर

निर्माण गरिरहेका छन् । चोक परिसरमा निम्न देवीदेवताको मन्दिर र त्यसमा मूर्तिहरू रहेका देखिन्छन् ।

वागेश्वर : यो मन्दिर १२ फुटको लम्बाइ-चौडाइ भएको चौकुना मिलेको मन्दिरभित्र ३२ बाइ ३० को रेकटेङ्गुलर जलहरीको बीच भागमा २५ इन्च गोलाइ र १२ इन्च अग्लाइको लिङ्ग स्थापित भएको देखिन्छ । जलहरीमा नै जोडेर नागको मूर्ति राखिएको छ । तर त्यो नागको मूर्ति पहिले चोकको कुनै अन्य भागमा रहेको अनुमान गर्न सकिन्छ । मन्दिरभित्रका चारै कोणमा हाल टाँसिएका मूर्तिहरू पनि त्यस मन्दिरभन्दा बाहिर नै रहेको प्रतीत हुन्छ । यसरी चार कोणमा हाल स्थापित मूर्तिमा (१) भैरव, (२) गणेश, (३) वरुण, (४) सूर्य र (५) योगेश्वर देखिन्छन् ।

नारायण : यो मन्दिर ८ फिट लम्बाइ-चौडाइ भएर निर्मित भएको छ । हाल मन्दिरबाहिर नै रहेको नारायणको मूर्ति २० इन्च चौडाइ र ३० इन्च अग्लाइ भएको अत्यन्तै सुन्दर छ । यस मूर्तिको शिल्प र बनावट हेर्दा पूर्वलिच्छविकालीन जस्तो प्रतीत हुन्छ ।

गणेश :

खुला रूपमा ३ फिट ६ इन्च चौडाइको ढुङ्गाको मन्दिरमा गणेशजीलाई स्थापना गरिएको छ ।

भैरव : शिवालयको ठीक दक्षिणतर्फ रहेको अनुमान गर्न सकिने भैरव मन्दिरको जगसम्म पनि भेट्टाउन सकिएको छैन । तर मूर्ति भने शिवालयभित्र वायव्य कोणमा स्थापना गरिएको छ ।

उमामहेश्वर : मूल मन्दिरको नैऋत्य कोणतर्फ ५ फिट लम्बाइ-चौडाइ भएको सानो मन्दिर छ । जग फेला परेको हुँदा त्यसमा यो मन्दिर पुनर्निर्माण भएको छ ।

अर्धनारीश्वर : उमामहेश्वर र भैरव मन्दिरको पश्चिमतर्फ ८ फिट लम्बाइ र चौडाइ रहेको जग फेला परेको छ र त्यसै जगमा हाल अर्धनारीश्वरको मन्दिर निर्माण हुँदैछ । पुजारीको जिम्मामा असली कालो खालको ढुङ्गामा निर्मित १८ बाइ १७ इन्चको तल गणेश र कुमार तथा बीचमा पूर्ण कदको अर्धनारीश्वरको अत्यन्तै सुन्दर मूर्ति रहेको छ । (हाल सो अर्धनारीश्वरको मूर्ति हराएको भनिएको छ ।)

पञ्चमुखे शिव : अर्धनारीश्वरको मन्दिरको पश्चिमतर्फ ८ फिटको लम्बाइ-

चौडाइको जग फेला परेको छ। सोही जगमा पञ्चमुखे शिव स्थापित गरिनेछ। ११ बाइ १० इन्चको जलधारीसमेत भएको, चारैतर्फ शिवको चतुर्मुख सद्योजात, वामदेव, अघोर र तत्पुरुषको रूप कुँदिएको सानो शिवलिङ्ग पनि पुजारीको जिम्मामा भएको देखिन्छ। मन्दिर बनेपछि यथास्थानमा स्थापना गरिनेछन्। (हाल सो मूर्ति पनि हराएको भनिएको छ।)

कुण्ड :

३३ फिट पूर्व-पश्चिम, ३१ फिट उत्तर-दक्षिण भएको निर्मल पानीको कुण्डको पूर्वतर्फ ढुङ्गेधारा र त्यसमाथि एक जोडी ढुङ्गाका सिंह छन् । पोखरीको चारैतर्फ मिहिन रूपमा कुँदिएका ढुङ्गाका लामा-लामा स्ल्याबले टमक्क पोखरी घेरिएको हुँदा पोखरी सुन्दर देखिन्छ। यस पोखरीको पानीको मुहान बाहिटी नै भएको हुँदा यस पोखरीमा पनि महादेवपोखरीको नै पानी आउने व्यवस्था गरिएको हो कि भन्ने अनुमान गर्न सकिन्छ।

वागेश्वरी सत्तल : पोखरीको ठीक पश्चिमतर्फ रहेको यो सत्तल पूर्ण रूपमा मासिएको थियो। हाल जनसहभागितामा पुनर्निर्माण भएको छ। यो सत्तलको पूर्व-पश्चिम ८ फिट र उत्तर-दक्षिण २५ फिट भएको देखिन्छ। स्थानीय बासिन्दाहरूको भनाइमुताबिक यहाँ वागेश्वरीदेवी रहेकी थिइन्, तर हाल त्यस स्थानमा कुनै मूर्ति वा अन्य कुनै चिह्न हालसम्म फेला परेको छैन।

मूल सत्तल : पोखरीबाट पूर्वतर्फ दुईतले जीर्ण अवस्थामा रहेको एक सत्तल छ, जहाँ पुजारीको बसोवास छ। पहिले यो सत्तलको पश्चिमतर्फ मूल प्रवेशद्वार थियो भनिन्छ। तर हाल त्यस द्वारको कुनै पनि अवशेष त्यहाँ देख्न सकिन्न।

हाल यस वागेश्वर परिसरको निर्माण त हुन लागेको देखिन्छ, तर पुरातत्त्व र इतिहासको दृष्टिकोणबाट यसको नवनिर्माण र जीर्णोद्धार हुनुपर्नेमा सोअनुसार नभई मनपर्दो किसिमबाट हुन थालेको हुँदा भोलिका दिनहरूमा यस स्थानले रूप र नाम नै परिवर्तन गरी नवीन किसिमबाट प्रस्तुत हुने हो कि भन्ने डर पैदा हुन आउँछ। त्यसैले यसको वास्तविक स्थितिको खोज गरी इतिहास र परम्परालाई कायम गर्न सबै पक्षको उत्तिकै चासो बढ्नुपर्ने देखिन्छ।

वागेश्वर महादेवको मन्दिरमा प्राचीनजस्तो लाग्ने एक शिलालेख

भेटिएको छ, तर कुँदिएका अक्षरहरू मेटिन गएका हुँदा त्यो पढ्न सकिने अवस्थामा छैन । यस क्षेत्रको ऐतिहासिक प्रमाण भिडाई अनुसन्धानलाई अगाडि बढाउन कठिन भएको छ । हालको नयाँ अभिलेखले पुरानो ऐतिहासिक तथ्य उल्लेख गर्न सकेको छैन । यो स्थानको ऐतिहासिक महत्त्व भएर पनि यसको इतिहास प्रकाशमा आउन सकेको छैन, तापनि भेटिएको र भएको प्रमाण भौगोलिक अवस्था, चलेको रीतिस्थिति, स्थानीय जनश्रुति र अनुसन्धान र अन्वेषणको प्रविधिका आधारमा यो सानो लेखमा वागेश्वर महादेवका बारेमा केही प्रकाश पार्ने प्रयत्नसम्म गरिएको छ । माथि उल्लिखित २०६२ मा लेखिएको लेखबाट यस क्षेत्रका स्थानीय
भक्तजनमा ठूलो प्रभाव परेको छ । यो ऐतिहासिक, पुरातात्त्विक र धार्मिक क्षेत्रको सही पहिचान हुनुपर्छ भन्नेमा स्थानीय जनमा उत्साह शनैः-शनैः बढ्दै गएको देखिन्छ । यसै सन्दर्भमा त्यहाँका स्थानीय अगुवा एवं त्यस क्षेत्रका अनुसन्धाता प्रेमप्रसाद काफ्लेले ‘सामाजिक सुधारका विचारक’ शीर्षकमा वि. सं. २०६३ मा प्रकाशित ‘कालजयी व्यक्तित्व भरत जङ्गम’ नामक ग्रन्थमा लेख्नुभएको कुरा परिशिष्टमा उल्ल्ेख गरिएको छ ।

वागेश्वर महादेवको वर्तमान अवस्था : वागेश्वर महादेव जान तीनतर्फबाट बाटो खुलेको छ । खरिपाटीको बाँसबारीबाट गुरुङ गाउँ हुँदै नेवार गाउँबाट उक्लेपछि पुगिन्छ । यो बाटो भक्तपुर कमलविनायकबाट करिब ५ कि.मि.को छ । सबैभन्दा छोटो बाटो यही हो । अर्को खरिपाटीबाट पानीमुहान हुँदै मन्दिर पुग्ने । तेस्रो सुडाल जीतपुरको सिरानीबाट जाने । यो बाटो नै लास ल्याउने मुख्य बाटो हो । हाल यी तीनैतर्फका बाटा मोटर चल्ने कच्ची बाटाहरू हुन् ।

घाट क्षेत्र अति नै राम्रो र सुविधायुक्त छ । किनभने त्यस भेगको मूल मसान भएको हुँदा वार्षिक रूपमा नै घाट क्षेत्र जीर्णोद्धार र केही न केही नवनिर्माण गर्ने गरिएको छ । साना-ठूला गरी तीन सत्तल छन् । एउटा सत्तल त करिब एक सयजना बसी भजन-कीर्तन गर्न सकिने
किसिमको ठुलै छ । त्यस स्थानमा वाल्मीकि ऋषिले तपस्या गरेको स्थान भनेर वाल्मीकेश्वरको लिङ्ग स्थापित गरिएको साथै एकजना भक्त प्रेमप्रसाद काफ्लेजीले वाल्मीकि ऋषिको मूर्ति पनि स्थापित गरेका छन् । यसबाट मूल वागेश्वर लिङ्गलाई नै वाल्मीकेश्वर भन्ने भ्रम निवारण भएको छ ।

वागेश्वर महादेवको साविक लिङ्ग नभएको अवस्थालाई धेरै समय पर्खने अवस्था रहेन । स्थानीयहरूको सहमति नपाई मन्दिरमा रहेको लिङ्ग

परिवर्तन गर्न पनि सकिएन । यसबारेमा धेरैपटक वागेश्वर पुगँ, कुनै ठोस निर्णय हुन सकेन । मैले केही मूर्ति र लिङ्गहरू भारत काशीबाट ल्याएर बानेश्वर जङ्गम निवासमा राखेको थिएँ । अलि जोड नगरी भएन भन्ने विचारले एक दिन स्थानीय साथीहरूलाई बानेश्वर आफ्नै निवासमा आउन अनुरोध गरेँ । त्यसअनुसार प्रेमप्रसाद काफ्ले, रामकृष्ण नेपाल र भक्त नायभा तीनजना आउनुभयो । सयौँ वर्षपहिले हाम्रा पुर्खाले स्थापित गरेका मूर्तिहरू हाम्रा अगाडि नै केही हराएका र केही तहसनहस भएका हुँदा हामीले हेरेर वा निच मारेर बस्नु हुँदैन भनेर साथीहरूलाई जिम्मेवारीको बोध गराएँ ।

नेवार टोलको प्रतिनिधिका रूपमा भक्त नायभा आएका हुँदा निर्णय गर्न सजिलो भयो । मकहाँ ढुङ्गाका तीन थान ठूला र तीन थान साना गरी छ थान शिवलिङ्ग थिए । त्यसमध्ये एक थान ठूलो र एक थान सानो गरी दुई थान लिङ्ग छान्न लगाएँ । खुसी भएर शिवलिङ्ग दुई थान छाने । दुवै गर्दा करिब एक सय केजीभन्दा बढी भएकाले तुरुन्त लाने स्थितिमा थिएन । अर्धनारीश्वरको मूर्ति पनि हराएको हुँदा सो मूर्ति भक्त नायभाका तर्फबाट बनाउन जिम्मा पनि दिने काम भयो । साथै मैले उमामहेश्वरको जिम्मा लिएँ । यसरी चार स्थानमा मूर्ति राख्ने निर्णय भयो ।

मूर्ति प्राणप्रतिष्ठाको अनुष्ठान : प्राणप्रतिष्ठाको कार्य शास्त्रअनुसार तीन दिन लगाएर गर्नुपर्ने विधि

भएको हुँदा प्रा. डा. देवमणि भट्टराईलाई आवश्यक सामग्री र ब्राह्मणको जिम्मा दिने काम भयो । ज्योतिषशास्त्रअनुसार सुलग्न ठहर गरी वि. सं. २०७४ साल वैशाख महिनाको २३ देखि २५ गतेसम्म प्राणप्रतिष्ठा कार्य सम्पन्न गरी मूल मन्दिरमा ठूलो लिङ्ग, अर्धनारीश्वर र उमामहेश्वर साविककै मन्दिरमा र सानो लिङ्ग पानीपोखरी (कुण्ड) का बीचमा 'जलेश्वर' का नाउँमा स्थापित गरियो । शिलापत्रको व्यहोरा निम्नानुसार छ –

श्री श्री श्री वागेश्वर महादेव प्रीति गरी सं. २०७४ साल वैशाख २३, २४ र २५ गते श्रीको जप, पाठ, पूजा, हवन, लक्ष्यदीप प्रज्ज्वलन एवं रुद्राभिषेक गरी प्राणप्रतिष्ठा तथा क्षमापूजा भयो । यो पवित्र कार्यमा जङ्गम प्रतिष्ठानका अध्यक्ष वीरशैवभास्कर भरतमणि जङ्गमको नेतृत्वमा जङ्गम मठका महन्त ज्योति जङ्गम र अनुप जङ्गमको सहभागिता तथा स्थानीय भक्तजन प्रेमप्रसाद काफ्ले, वैकुण्ठ श्रेष्ठ, शङ्खनारायण नायजू, भक्त नायजू, टीका लामिछाने, रामकृष्ण नेपाल, रविचन्द्र नेपाल, मिठाराम पुडासैनी, केदार

काफ्ले, ध्रुव फुँयाल आदि स्थानीयवासीको सक्रियतामा यो त्रिदिवसीय धार्मिक अनुष्ठान प्रा. डा. देवमणि भट्टराईद्वारा सम्पन्न भयो । सम्वत् २०७४ साल वैशाख २५ गते सोमबार शुभम् ।

त्यसपछिका दिनहरू श्रीको पूजा-अर्चना, नित्य-नैमित्य पूजा, वार्षिक मेला-जात्राको व्यवस्था गर्नका लागि धेरैपटक सरसल्लाह भयो । पूजाका लागि श्री कृष्ण सुवेदीले जिम्मा लिनुभएको छ । पूजा जुन रूपमा हुनुपर्ने हो, त्यस किसिमबाट हुन सकेको छैन । दैनिक रुद्राभिषेक गर्ने लक्ष्य राखिएको थियो, त्यो पनि पूरा हुन सकेको छैन । पूजाको व्यवस्था सुचारु रूपमा चल्न नसकेकोमा चिन्तित छु ।

काठमाडौं उपत्यकाको अति सुन्दर स्थानमा रहेको वागेश्वर मन्दिर जीर्ण र ध्वस्त भई लोप हुने अवस्थामा पुगेको देवस्थललाई स्थानीय समुदायले चासो देखाउन थालेपछि विकासको बाटोमा अघि बढिरहेको छ । सबैभन्दा मूल समस्या भनेको त्यस महादेव क्षेत्रमा पुराना लिखत प्रमाण नहुनु हो । हुन त मन्दिरको मूर्तिसमेत हराएको स्थितिमा शिलापत्र रहने भन्ने कुरै भएन । २०६० सालसम्म रहेको अर्धनारीश्वर र पञ्चमुखी कसरी हरायो, स्थानीयले जवाफ दिन सकेका छैनन् । तर पनि यस्तो जटिल अवस्थाबाट वागेश्वर महादेवको सुस्तरी विकास हुँदै गएको छ ।

●

## परिशिष्ट – १ प्रेमप्रसाद काफ्लेको लेखको अंश

भरत जङ्गमका अनुसार वागेश्वरी क्षेत्रको नाउँ वाणीसँग सम्बन्धित भएको र वाणीको स्रोत सरस्वतीसमेत यही क्षेत्रमा रहेकी हुँदा यस क्षेत्रमा वाणीकै प्राधान्य रहेको देखिन्छ । यस क्षेत्रमा वाणीका अधिकारी ईश्वर तथा ईश्वरी दुवै रहेका हुँदा वागेश्वर वा वागेश्वरी भनिएको हो । त्यसैले यस स्थानलाई वागेश्वर नै भन्नुपर्छ । वाक् अर्थात् वाणीका देवता वागेश्वर महादेव हुन् । यो शिवक्षेत्रको तालुक मठ भक्तपुरको जङ्गम मठ भएको र जङ्गम मठको अभिलेखमा वागेश्वर महादेव भनेर लेखिएको हुनाले यहाँको शिवलाई वागेश्वर महादेव नै भन्नुपर्ने प्रस्ट हुन आउँछ । भरत जङ्गमले शास्त्रीय प्रमाण दिने क्रममा हिमवत्खण्डका विभिन्न

पृष्ठहरूको उल्लेख गर्नुभएको छ र भक्तपुर जङ्गम मठको अभिलेखलगायत विभिन्न किंवदन्तीहरू पनि उक्त लेखमा प्रस्ट रूपमा प्रस्तुत गर्नुभएको छ । यसरी उहाँले दिनुभएका प्रमाणहरूको आधारलाई गहिरो रूपमा अध्ययन गरेपछि हामी स्थानीय बासिन्दाहरूको आँखा खुलेको छ। हामीले अन्योललाई निराकरण गर्न शास्त्रीय प्रमाण एवं आधारहरूलाई मान्यता दिनु नै पर्छ, अन्य विकल्प छैन । यिनै कुराहरूका आधारमा अहिले यस क्षेत्रको सरस्वतीस्थानलाई महामञ्जुश्री भनी नामकरण गरिएको छ भने बालमुखेश्वर वा वाल्मीकेश्वरलाई वागेश्वर नामकरण गरिएको छ । यस मन्दिरमा अहिले हरेक महिनामा रुद्राभिषेक गर्ने गरिन्छ ।

यसरी भरत जङ्गमले यो गाउँ विकास समितिमा रहेका देवस्थलहरूको जीर्णोद्धारका लागि दिनुभएको सरसल्लाह र सहयोग बिर्सिनसक्नु छ । पुरातत्त्व विभागमा विशेष अनुरोध गरी यस स्थलका बारेमा सत्यतथ्य विचारहरू प्रकाशमा ल्याएर तथा यस क्षेत्रमा रहेका वाकहिटी र सरस्वतीस्थानलगायत अन्य सम्पदाबारे समाजलाई जानकारी गराइदिनुभएर हामी यस वागेश्वर क्षेत्रलाई नै उहाँले ठूलो गुन लगाइदिनुभएको छ। उहाँले यस क्षेत्रमा आवतजावत गर्न थालेपछि यहाँको सामाजिक विकासले गति लिन थालेको महसुस स्थानीय बासिन्दाले गरेका छन् ।

भरत जङ्गमभित्र मैले सामाजिक सुधारका लागि स्वच्छ विचार पाएको छु। देवस्थल, सार्वजनिक बाटो, पानीको मूल, पाटी, हिटी, स्वास्थ्य, शिक्षा आदिजस्ता विकास-निर्माणका कार्यहरूलाई कायमै राख्नुपर्ने धारणा उहाँमा रहेको छ ।

सन्दर्भसूची :


१. जङ्गम, भरतमणि, खोपृङ, सङ्ख्या १३ वर्ष १४ (२०६२), भ. वि. स. सङ्घ
२. काफ्ले, प्रेमप्रसाद, हरि मञ्जुश्री (सं.) कालजयी व्यक्तित्व भरत जङ्गम, २०६३
३. जङ्गम, ज्योति (मठाधीश), भक्तपुर जङ्गम मठ, टौमढी, भक्तपुर
४. जनश्रुति
५. वर्तमानको भौतिक संरचना


# हलिपट शिवध्वजा हो, नागनागिनी होइन

भक्तपुरमा चल्ने बिस्केटको मुख्य आकर्षण विक्रम सम्वत्को चैत्र मसान्तका दिन 'लिङ्गो उभ्याउने' र नयाँ वर्ष वैशाख १ गते ढाल्ने जात्रा हो । एक दिनको लिङ्गो उभ्याउने कार्यक्रम भए पनि लिङ्गो उभिने समयले विक्रम सम्वत्को दुई वर्ष जोडिने भएकाले प्रतीकात्मक रूपमा वर्षभरि नै लिङ्गदर्शन गराइएको वा गरिने मान्यता राखिएको हुन्छ । वर्षमा एकपटक मात्र लिङ्गको दर्शन गरे पनि वर्षभरि नै लिङ्गदर्शन भएको महसुस गर्ने शिवभक्तहरूले एक दिन हर्षोल्लासका साथ जात्रामा सम्मिलित भएर जात्रालाई भव्यता प्रदान गरेका हुन्छन् ।

मूलतः जात्राको आकर्षण लिङ्ग र शिवध्वजा हो, तर शिवध्वजालाई शिवध्वजा हो भनेर पहिचान भने हुन नसकेको अवस्थामा यस लेखकले ध्वजाको वर्णन गर्दै लेखेको लेख 'खोपृङ' को अङ्क १६ वर्ष १८ (२०६६) मा प्रकाशित भएको धेरै उत्सुक व्यक्तिलाई जानकारी भएपछि विश्वको सबैभन्दा ठूलो (लामो) झण्डा भएको हुँदा 'गिनिज बुक अफ वर्ल्ड रेकर्डस्' मा दर्ता गराउन सकिन्छ भनेर पनि केही व्यक्तिले भनेको, बोलेको सुनेको छु । वास्तवमा 'हलिपट' लाई अमेरिकास्थित न्युयोर्कमा रहेको 'गिनिज बुक अफ वर्ल्ड रेकर्डस्' मा दर्ता हुन सक्छ र हुन्छ । नेपालमा यस्ता सम्पदाहरू धेरै छन्, मात्र पहिचान र व्याख्याको खाँचो छ ।

'हलिपट शिवध्वजा हो, नागनागिनी होइन' भन्ने शीर्षकको लेख 'खोपृङ' अङ्क १६ वर्ष १८ (२०६६) मा प्रकाशित लेख जस्ताको तस्तै प्रकाशित गर्ने अनुमति चाहन्छु ।

बिस्केटको लिङ्गोमा फहराइने ध्वजालाई स्थानीय जनबोलीमा भन्दा 'हलिपट' भनिन्छ । हलिपट, जसलाई नाग-नागिनी पनि भनिन्छ, यो लिङ्गको माथिल्लो भागमा बाँधेर लप्काउने लामो आकारको एक जोडी ध्वजा हावामा सलबलाउँदा नाग-नागिनीकै रूपमा हेर्ने र मान्ने चलन चलेको छ, जुन यथार्थमा त्यो हलिपट नाग-नागिनी होइन । त्यसैले यस लेखमा हलिपटका बारे रहेको जिज्ञासा बारेमा स्पष्ट गर्ने कोसिस गर्छु । बिस्केट जात्रा भक्तपुर नगरमा बसोबास गर्ने सबै जात, वर्ग र सम्प्रदायको मुख्य जात्रा हो । भक्तपुरेहरू भक्तपुरभन्दा बाहिर बसोबास गरे पनि बिस्केटलाई धार्मिक एवं सांस्कृतिक पर्वका रूपमा मनाउने गर्छन् । त्यसैले यो बिस्केट जात्राले भक्तपुरेहरूको जीवनसँग प्रत्यक्ष सम्बन्ध गाँस्न पुगेको छ ।

यो जात्रा धर्म र संस्कृतिसँग सम्बद्ध भए पनि यसका धेरै विषयमा र तथ्यहरूमा आधारित रहेर विशेष किसिमबाट व्याख्या र प्रामाणिक विश्लेषणहरू हुन सकेका छैनन् । साथै, यो जात्राका सम्बन्धमा लिखित ऐतिहासिक प्रमाण पनि भेट्टाउन सकिएको छैन । लेखक तथा अनुसन्धाताले पनि प्रायः जनश्रुति र कल्पनामा कथिएको विवरण मात्र प्रमाण र आधार लिएर लेखहरू प्रकाशित गर्ने कारणले पनि यस बिस्केट जात्रासम्बन्धी सत्यतथ्य प्रकाशनमा आउन सकेका छैनन् ।

भक्तपुरका राजा भूपतीन्द्र मल्लले यो बिस्केट चाडलाई राष्ट्रिय पर्वका रूपमा मनाउन राजकीय सम्मान प्रदान गर्दै यो जात्रालाई आठ दिनसम्म हर्षोल्लासका साथ मनाउने चलन चलाएका हुन् । यसअघि बिस्केट जात्रा चार दिन मात्र चल्ने चलन थियो । बिस्केट जात्रा मल्ल राजाहरूले नै चलाएको अनुमान गर्न सकिन्छ । तर कुन मल्ल राजाले यो जात्रा चलाए भन्ने कुराचाहिँ यकिनका साथ भन्न सकिने अवस्था छैन । तर टौमढीको धारामाथिको ने. सं. ५६१ को राजा यक्ष मल्लको अभिलेखमा 'विश्वध्वजा जात्रा' उल्लेख भएको हुँदा यो जात्रा ने. सं. ५६१ ताका नै वा त्योभन्दा केही पहिले सुरु भएको अनुमान गर्न सकिन्छ । यसको सबभन्दा महत्त्वपूर्ण विषय हो – नेपाल सम्वत्ले राजकीय मान्यता पाएका बखत यो जात्रा विक्रम सम्वत्का आधारमा सञ्चालन भएको छ । यस सन्दर्भमा 'खोपृङ' वर्ष ७ अङ्क ७, २०५५ को भक्तपुरको आर्थिक र सांस्कृतिक विकासमा जङ्गम जातिको भूमिका नामक लेख पठनीय छ ।

हलिपटलाई नाग-नागिनीका रूपमा प्रमाणित गर्न खोजिनुको दुई जनश्रुति हामी सामु यसरी प्रस्तुत भएका छन् –

१. प्रत्येक दिन नयाँ राजा बनाउनुपर्ने स्थिति थियो त्यस बखत । आज बनेको राजा भोलिपल्ट मरेको अवस्थामा रहने हुँदा मरेको राजाको लास निकाल्ने र नयाँ राजा बनाएर दरबारमा पठाउने काम जारी रह्यो ।

एकजना बनाइएका राजा बुद्धिमान् भएका हुँदा राजा भएको राति रानीसँगै सुत्न नगई तरबार हातमा लिएर बसेछन् । आधा रातमा रानीको नाकको प्वालबाट नाग निस्किएछ । राजालाई डस्न अजङको जिउ फुलाएको त्यस विषालु नागलाई राजाले तरबारले मार हानेर मारेपछि त्यसै बखत त्यही मृत नागलाई लिङ्गोमा झुन्ड्याएर प्रदर्शन गराउने गरिएको हो भनिन्छ ।

२. कुनै समयमा शेखर आचाजू भन्ने तान्त्रिक थिए । तिब्बततर्फबाट हमला भइरहने भएको हुँदा राजाले शेखर आचाजूको सहयोग मागेछन् । शेखर आचाजूले शत्रुसेना धपाउनका लागि तन्त्रको शक्तिद्वारा बाघहरू बनाएर शत्रुसेनालाई तिब्बततर्फ भगाएका थिए । ती तान्त्रिकले मान्छेलाई जे चाहेको त्यही बनाउन सक्ने शक्ति प्राप्त गरेका थिए । आचाजूकी श्रीमतीले लोग्नेको त्यो शक्ति भएको थाहा पाएर उनलाई अजिँगर हेर्ने रहर जागेछ । श्रीमतीको ढिपीलाई टार्न नसकी शेखर आचाजूले भनेछन् – 'यी दुई किसिमका अक्षता दिन्छु । एकले मलाई हान्नू, म अजिँगर हुन्छु र तिमीले अजिँगरको दर्शन गरिसकेपछि अर्को अक्षता हान्नू, म फेरि मान्छे भइहाल्छु ।' आचाजूले भनेअनुसार श्रीमतीले पहिलो अक्षता आचाजूलाई हानिन् । आचाजू भयङ्करको अजिँगर बनेको देखेपछि श्रीमतीले डरका कारणले अक्षता मुखमा हालिन् । अक्षता मुखमा पर्नेबित्तिकै उनी पनि अजिँगर नै भइन् । कालान्तरमा ती दुवैले अजिँगरकै रूपमा मृत्युवरण गरे । पछि राजाले शेखर आचाजूलाई खोज्न पठाउँदा पाएनन् । उनीहरूको शरीरका डोबले ती मृत अजिँगर नै शेखर आचाजू भएको राजाले यकिन गरे । राजालाई सङ्कट परेका बखत मान्छेलाई बाघ बनाई मद्दत गरेका मित्र शेखर आचाजूको गुन पछिसम्म प्रदर्शित होस् भन्ने हेतुले बिस्केट (बिसक्यात) मा लिङ्गमा नागनागिनीका जोडीलाई झुन्ड्याएर जात्रा चलाए ।

यी माथि उल्लेख भएका दुई लोककथाले लिङ्गोको माथिल्लो भागमा बाँधेर झुन्ड्याइएका लामा-लामा ध्वजालाई नाग र नागिनी भन्ने प्रमाणित गर्दछ । यी दुवै लोककथा मात्र काल्पनिक कथा हुन्, तापनि जनसमुदायले भने यही कथालाई जनश्रुतिको विषय बनाएका छन् । वास्तवमा यी नाग-नागिनी नभएर शिवध्वजा हुन् । शिवस्वरूप लिङ्गोमा फहराएको यो ध्वजा हरपट हो, अर्थात् 'शिवध्वजा' ।

कुलचन्द्र कोइरालाले 'नेपाली सांस्कृतिक जात्रापर्व' को पृष्ठ ११२ मा लेखेका छन् – 'वर्षभरि सुभिक्ष होस्, शान्ति होस् र निरोगिता होस् भन्ने कामनाले विश्वध्वजा खडा गर्ने कुरा उल्लेख भएको पाइन्छ । किन्तु यो ध्वजाको नाउँ बिस्केट रहेको चाहिँ वृषकेतु – बिस्केत – बिस्केट भएको हुनुपर्छ । वृषकेतु शिवध्वजा हो । यसैले पछि विश्वध्वजाको नाउँ पाएको अनुमान हुन्छ ।'

त्यस्तै विनोदराज शर्मा 'भक्तपुर बिस्केट जात्रा : जात्रा एक नाम अनेक' भन्ने लेखमा विश्वयात्राका क्रममा लेख्छन् – 'व्यापक अर्थमा

विश्वशान्तिको कामना गर्दै आयोजना हुने यात्रा (जात्रा) भएकाले यसको नाम विश्वयात्रा रहन गएको मानिएको छ । बिस्केट जात्रामा उठाइने लिङ्गोलाई 'शिवको लिङ्ग' र 'विश्वध्वजा' नामकरण गरिएको छ ।'

'भक्तपुर' वर्ष १८ अङ्क ६, २०५३ चैत्रको 'बिस्केट जात्रा र सामुदायिक र आर्थिक विकास' भन्ने महेन्द्रप्रसाद श्रेष्ठको लेखमा भनिएको छ – 'यक्ष मल्लको अभिलेखमा विश्वध्वजा जात्रा शब्द उल्लेख भएको आधारमा सहकाल, सुख, शान्ति र देशरक्षा आदि प्रदान गर्ने रक्षक देवताका रूपमा यहाँको भौतिक जीवनमा भैरवनाथ लोकप्रिय भएको मानिन्छ ।

तान्त्रिक स्वरूपको लिङ्गायत मत (वीरशैव सम्प्रदाय) सँग प्रत्यक्ष सम्बन्ध रहेको भैरवनाथलाई आकाशभैरव, नृत्यनाथ र विश्वनाथ नामले पनि पुकारिन्छ र हालसम्म पनि भैरवनाथलाई काशी विश्वनाथ, विश्वेश्वर लिङ्ग र भैरव आदि तीन रूपमा पुजिँदै आएको छ । भद्रकाली भैरवकी शक्ति हुन् भने बेताल यिनका वाहन हुन् । चैत्र मसान्तका दिन भद्रकाली पीठ सामुन्ने खडा गरिने लिङ्गो विश्वनाथ भैरव हो र लिङ्गोमा फहराइने एक जोडी ध्वजा मरेको सर्पको नभएर वीरध्वजा, विश्वध्वजा र विश्वकेतुका हुन् ।' यी माथिका कथनबाट के स्पष्ट हुन्छ भने बिस्केट जात्रामा लिङ्गोमा झुन्डयाउने लामा् -लामा कपडाका पताका कुनै मरेका सर्प, नाग-नागिनी वा मृत अजिँगर होइनन् । यी त शिवध्वजा हुन्, जो शिवस्वरूप लिङ्गमा फहराएका छन् ।

हलिपट सर्प वा अजिँगरका प्रतीकका रूपमा लिङ्गोमा फहराइएका होइनन् भन्ने प्रमाण त्यसको निर्माणलाई हेर्दा स्पष्ट हुन्छ । त्यो हलिपट एक जोडी ध्वजालाई भनिन्छ । एउटा ध्वजा ४८ फिट लम्बाइको हुन्छ भने अर्को ४५ फिट लम्बाइको हुन्छ । लम्बाइमा ३ फिटको फरक भए पनि चौडाइमा भने २१ इन्चको हुन्छ । यो ध्वजा कपडाको असतर राखेर त्यसैमा विभिन्न चित्र लेखिएर सुन्दर र आकर्षक बनाइएको हुन्छ । यसमा विशेष रातो र नीलो रङ्गको बढी प्रयोग भएको हुँदा भ्वाट्ट हेर्दा कलेजी रातो रङ्ग देखिन्छ । यो ध्वजापताकामा निम्न चित्रहरू अङ्कित भएका हुन्छन् –

सर्वप्रथम सिंहको चित्र हुन्छ र सिंहले विशेष प्रकारको ध्वजा बोकेको हुन्छ । त्यसभन्दा तल भैरवनाथ र गणेशको चित्र हुन्छ । त्यसपछि खाली अर्थात् साधारण चक्र आकारको चित्र हुन्छ । त्यसपछि अष्टमङ्गल सुरु हुने हुँदा सर्वप्रथम 'श्रीपक्ष' कमलको फूल, ध्वजा, कलश, चमर, माछा, छाता र

शङ्ख क्रमशः चित्रित हुन्छन् । माछाको पुच्छरजस्तो दुई कोण भएको अन्त भागमा बेताल र मल (ड्रागन) को चित्र लेखिएको हुन्छ ।

यी माथि उल्लिखित चित्रानुसार यो हलिपट नागनागिनी हो भन्ने कुरा कहीँ कतै अङ्कित भएको देखिँदैन । स्पष्ट भैरव, गणेश, अष्टमङ्गल शुभसूचक चित्र र वैदिक चिह्नहरू अङ्कित गरिएका हुन्छन् । त्यसैले स्पष्ट छ – यो हलिपट नाग-नागिनी नभएर शिव भगवान्का ध्वजा हुन् । हर अर्थात् शिव, पताका अर्थात् ध्वजा हो । जनजिब्रोमा रहेको 'हलिपट' लाई हामीले यसरी हेर्न सक्छौँ – हरपट, हरि-पट = हलिपट । यसरी हर- पताका नै जनबोलीमा आएर 'हलिपट' भयो । वर्तमानमा जनबोलीमा रहेको हलिपट नै हरपताका हो भन्ने स्पष्ट भएपछि हलिपट भन्ने नै शिवध्वजा हो भन्ने प्रमाणित गर्दछ ।

नेपाल उपत्यकामा विभिन्न धार्मिक सम्प्रदाय प्रवेश भएको इतिहासले हामीलाई बताएको छ । सबैभन्दा बढी टिकाउ शैवमत रहेको तथ्य पनि हामीले प्रामाणिक रूपमा पाएका छौँ । यसको ज्वलन्त उदाहरण बिस्केट जात्रालाई मान्न सकिन्छ ।

बिस्केट जात्रामा शिवमतको प्रमुख स्वरूप 'लिङ्ग' हो । सोही लिङ्गलाई 'लिङ्गो' का रूपमा प्रत्येक वर्ष खडा गरी जनसमुदायलाई लिङ्गको र लिङ्गध्वजा अर्थात् शिवध्वजाको प्रदर्शन गराइन्छ । यो प्रचलनले
समाजमा शैवमतको दिगोपनको प्रदर्शन भएको प्रमाणित हुन्छ । जनश्रुतिमा वा जनमानसमा हलिपटलाई नाग-नागिनी भनिए पनि बिस्केट जात्राका अवसरमा उभ्याउने लिङ्गोको शिवध्वजा नै हलिपट हो ।

सन्दर्भसूची :


१. जङ्गम, भरतमणि, हलिपट शिवध्वजा हो नागनागिनी होइन, 'खोपृङ' को अङ्क १६ वर्ष १८ (२०६६), भ. स. वि.सङ्घ

२. जङ्गम, भरतमणि, भक्तपुरको आर्थिक र सांस्कृतिक विकासमा जङ्गम जातिको भूमिका, 'खोपृङ' वर्ष ७ अङ्क ७, २०५५

३. कोइराला, कुलचन्द्र 'नेपाली सांस्कृतिक जात्रापर्व' को पृष्ठ ११२

४. विनोदराज शर्मा, 'भक्तपुर बिस्केट जात्रा : जात्रा एक नाम अनेक'

५. श्रेष्ठ, महेन्द्रप्रसाद, 'बिस्केट जात्रा र सामुदायिक र आर्थिक विकास', 'भक्तपुर' वर्ष १८ अङ्क ६, २०५३

६. जनश्रुति तथा हलिपटको प्रत्यक्ष अध्ययन ।

●

# प्राचीन वर्षामापन यन्त्र तालोदम्फो

भक्तपुर नगर एक प्राचीन, सुसंस्कृत एवं सभ्य नगर हो । यस नगरलाई विभिन्न मान्छेले भिन्नाभिन्नै तरिकाले हेर्ने, अध्ययन गर्ने र विश्लेषण गरी निर्णय दिने गरेका छन् । यस नगरमा विकसित भएका कलाकौशल अध्ययन गर्ने हो भने विश्वकै एक उत्कृष्ट नगरका रूपमा प्रमाणित गर्न सकिन्छ । यस क्षेत्रमा फैलिएको कलाको अध्ययन गर्ने हो भने चित्रकला र वास्तुकलाको अध्ययन अहिलेसम्म दस प्रतिशतसम्म पनि पूरा भएको छैन । अथाह कलाकौशलले घेरिएको यस नगरको अध्ययन- अनुसन्धान भइरहेका छन् र लेखहरू नौला किसिमबाट प्रस्तुत भइरहेका छन् । मल्लकालीन दरबारका भित्तामा चित्रित चित्रहरू र पूजाका लागि सिर्जित विभिन्न देवदेवीहरूका चित्रहरू छन, तर अध्ययनकै क्रममा छन् । साथै, प्रस्तर र काष्ठमा कुँदिएका कला र मूर्तिहरूलाई अध्ययन गर्दा कल्पना तथा अनुमानभन्दा बाहिर देखिन्छन् । न्यातपोल (पाँचतले) मन्दिरको अग्रभागमा उभ्याइएका पाँच जोडी प्रस्तरका मूर्तिलाई हेर्ने र विचार गर्ने हो भने यसको निर्माणको यो पक्ष अनौठो प्रतीत हुन्छ ।

ऐतिहासिक तथा प्राचीन नगर भक्तपुरमा कला, संस्कृति र विज्ञान सँगसँगै विकसित हुन सकेका कारणले नै भक्तपुर नगर र नगरवासी दुवै विकसित, सुसंस्कृत र सक्षम ठहरिएका हुन् । यस नगरलाई विभिन्न पक्षका व्यक्तिहरूले भिन्नाभिन्नै समयमा बेग्लाबेग्लै विषयमा अध्ययन- अनुसन्धान गरेका थिए, र त्यो क्रम अझैसम्म जारी नै देखिन्छ । अनेक किसिमबाट अनुसन्धानको कसीमा रगडिएको यो नगरले आफूलाई क्रमशः कला, संस्कृति, सभ्यता र विज्ञानका क्षेत्रमा विकसित एवं परिष्कृत गराउँदै विश्वको सुसंस्कृत तथा सभ्य नगरका रूपमा प्रमाणित गर्न समर्थ भएको छ ।

मानव-सभ्यताका अनेक पक्षमा अध्ययन गरिँदै आएको यस नगरमा चित्रकला, वस्तुकला र वास्तुकला बेजोडसँग प्रस्तुत भएकोदेखि, नगरभरि फैलिएर बसेका मठमन्दिरका भित्तादेखि राजदरबारका कोठा-बैठकका भित्ताहरूसम्म चित्रकारिता चित्रित छन्, जुन चित्रहरूले कथा, पुराण र सत्य सन्देशलाई मात्र बयान गरेका छैनन्, मानव-समुदायलाई सुखमय जीवन-यापनका लागि मार्गनिर्देश पनि गरिरहेका छन् । त्यस्तै काष्ठकलाका माध्यमद्वारा तत्कालीन नगरबासीको सीप, बुद्धि र दूरदर्शिताका अनुपम

नमुना प्रस्तुत भएका छन् भने प्रस्तर मूर्तिहरूद्वारा जोस, जाँगर र सीपका साथै बल र बुद्धिको स्पष्ट प्रदर्शन गर्न समर्थ भएका छन् ।

उदाहरणका लागि 'न्यातपोल' (पाँचतले) मन्दिरलाई समेत लिन सकिन्छ । त्यस मन्दिरको अग्रभागमा रहेका रक्षकहरूमा अजङ्का मान्छे, पूर्ण कदका हात्ती, विशाल कायका सिंह, चराको थुतुनो भएका उड्न सक्ने शार्दूल तथा बघिनी र सिंहिनी अनुहारका देवीका मूर्तिहरूको निर्माणमा कलापक्षले त विशिष्ट स्थान ओगट्तैछ, तर त्यो समय जतिखेर ढुवानीका लागि त्यस्तो कुनै गाडी वा उचाल्ने र बसाल्ने कुनै यान्त्रिक औजारहरू ( क्रेन) नभएको अवस्थामा कसरी सम्भव भयो ? यो प्रश्नले धेरै अनुसन्धातालाई चिमोटेको छ । हातले कुँद्नुपर्ने ती ढुङ्गा कति फुटे होलान्, कहाँबाट त्यति ठूला कायाका ढुङ्गा फेला परे होलान्, कसरी त्यहाँसम्म ढुवानी भए होलान् र कसरी निर्मित भई स्थापित भए होलान्, यी साँच्चिकै कल्पनातीत देखिन्छन् ।

यी कुरा त कलाकौशलका बारेमा भए । अब विज्ञानका बारेमा एक सानो चिनारीका लागि बोलाछें टोलस्थित तालोदम्फोका बारेमा केही जानकारी दिने कोसिस गरिरहेको छु ।

यो तालोदम्फोलाई 'तालोचो' पनि भनिने गरिन्छ । करिब पाँच रोपनी क्षेत्रफलमा फैलिएको तालोदम्फो केही निजी घरहरूले मिचेको हुँदा हाल करिब तीन रोपनी क्षेत्रफलमा सीमित रहेको देखिन्छ । पूर्वमा न्हुगल्ली, पश्चिममा अमनती गल्ली, उत्तरमा बोलाछें टोलको मूल सडक र दक्षिणमा तालोको टोलको खुला स्थान (जहाँ कुमालेहरू माटाका भाँडा बनाउँछन्) रहेको र करिब तीस फिट उचाइ भएको अग्लो ढिस्कोको नाउँ नै 'तालोदम्फो' हो ।

करिब-करिब स्क्वायर मिलेको तालोदम्फोको माथिल्लो भाग जान आग्नेय, नैऋत्य, वायव्य र ईशान कोणबाट उक्लन सकिने गरी करिब छ फिट चौडा ढुङ्गा छापेको चारवटा बाटा निर्माण भएको देखिन्छ । ती चारै बाटाको अग्रभागमा भैरव देवतालाई स्थापित गरिएका छन ् । स्थानअनुसारको नै नाउँ मिलेको स्पष्ट देखिन्छ । ताले अर्थात् माथ वा माथि हो भने दम्फोको अर्थ ढिस्को हुन्छ । ढिस्कोजस्तो उठेको माथ भएकाले नै 'तालचो' भनिएको हो । साथै, दक्षिणतर्फको टोललाई 'तालको' भनिएकाले

पनि 'तालोदम्फो' तालकोबाट माथि रहेको हुँदा 'तालचो' भनिएको स्पष्ट बुझिन्छ ।

तालोदम्फोको माथि भागको बीचैबीच 'भैलगः' छ । त्यस भैलगःको उत्तरतर्फ गणेशको मन्दिर जोडिएर रहेको छ । भैलगःको पश्चिमतर्फ एउटा मन्दिर छ, जसमा गोरखनाथ र भैरव छन् । मन्दिरको गर्भस्थानअगाडि गोरखनाथ र त्यसको दुई फिट करिब उचाइ पश्चिमतर्फ भैरवका मूर्ति स्थापित छन् । गोरखनाथका भने पाउ मात्र छन् । त्यो गोरखनाथको मन्दिरको उत्तरतर्फ चिव छ । करिब चार दशकपहिले दक्षिणतर्फ एउटा सत्तल थियो, तर त्यो अहिले छैन ।

'तालोदम्फो' का मुख्य वस्तुहरूलाई महत्त्वका आधारमा राख्नुपर्दा क्रमशः १. भैलगः, २. गोरखनाथ, ३. चिव, र ४. गणेश मन्दिरलाई राख्न सकिन्छ ।

भैलग : यो १८ इन्च गहिरो रेक्टेङ्गुलर खाल्डो हो । उत्तर-दक्षिण १० फिट लम्बाइ र पूर्व-पश्चिम ४ फिट चौडाइ भएको चालीस स्क्वायर फिटमा फैलिएको खाल्डोको दक्षिणी भागमा पानीमापन ढुङ्गा छ । त्यही खाल्डोमा गाडिएको सो ढुङ्गा २० इन्च अग्लो र ४० इन्च मोटाइ भएका शिलालाई नै भैरव भनिन्छ । कथनअनुसार भैरवको टाउको र खुट्टा जमिनमा धसिएको छ, दखिएको भाग त भैरवको कन्ड्यौलो मात्र हो भनिन्छ । त्यही खाल्डोको बीच भागमा एउटा ढुङ्गाको शिला देखिन्छ, जसलाई 'बासी' भनिन्छ । बासीको अर्थ हो वासुकी नाग । वासुकी नाग पानीसँग सम्बन्धित नागदेवता हुन् ।

गोरखनाथको मन्दिर : यो मन्दिर कपाली (कुसले) जातिको पूजनीय स्थल हो । कपालीहरू शिवमार्गी हुन् । शैवमार्गमा 'कापालिक' सम्प्रदायको विशेष महत्त्व रहेको छ । यस सम्प्रदायले ईशापूर्व शैवमतलाई अत्यन्तै प्रभावित पारेको थियो । हाल यो सम्प्रदायको अस्तित्व अत्यन्तै न्यून हुँदै गएको छ । यस मन्दिरमा कपाली जातिले वार्षिक पूजा गर्छन् । एउटै मन्दिरभित्र, त्यसमा पनि २ फिटको अन्तरमा रहेको गोरखनाथलाई सात्विक पूजा र भैरवलाई भने सुँगुर बलि चढाएर पूजा गर्ने गरेका छन् । यसरी पूजा गर्दा गोरखनाथलाई एक थोपा पनि रगत नपर्ने गरी भैरवलाई बलि चढाउने प्रचलन आजसम्म कायम छ ।

चिव : चिव बुद्धमार्गी सानो खालको स्तुप हो । तर यो स्तुप बुद्धमार्गीका लागि नभएर शैवमार्गीका लागि हो । शैवमार्गीहरूले यस्ता

स्तुपहरू प्रतिशोधको प्रतीकका रूपमा स्थापना गर्ने गरेका छन ्‌ जसमा फोहोर र अपसकुनका सामग्री फाल्ने काम गरिन्छ । यहाँ पनि कपालीहरूले त्यो चिवमा त्यही कार्य सम्पन्न गर्ने गरेका छन् ।

गणेश मन्दिर : यस मन्दिरमा स्थापित गणेशमा खासगरीकन ज्यापू जातिले पूजा गर्ने गरेका छन् । साधारणतः गणेश मान्ने सबै जातजातिले यस गणेशको दर्शन र पूजा गर्ने गरेका छन् ।

तालोदम्फोका ऐतिहासिक र वैज्ञानिक महत्त्व विशेष रूपमा भएको देखिन्छ । उत्तरबाट दक्षिण कोल्टे परेको नगरको दक्षिण भागमा निर्मित यो ढिस्कोले वास्तुशास्त्रको दृष्टिकोणले नगरको रक्षा गरेको छ भनेर भनिन्छ भने यसको निर्माण नै तान्त्रिक विधिद्वारा भएको स्पष्ट देखिन्छ । तन्त्र र विज्ञान एक-अर्काका पूरक हुन् । प्राचीन कालमा तन्त्रद्वारा निर्मित वस्तु नै वैज्ञानिक हुन्थे र विज्ञानका आधारमा नै तन्त्रविधिले प्रभाव पार्न समर्थ हुन्थ्यो ।

यस तालोदम्फोको भैलगः भनिने खाल्डो नै जलवायु मापन यन्त्र हो । प्राचीन कालमा निर्मित यो जलवायु मापन केन्द्र आजसम्म पनि नगरवासीले त्यत्तिकै महत्त्वका साथ प्रयोग गर्ने गरेका छन् । यो यन्त्र वर्षा र खेतीसँग सम्बन्धित छ । यस यन्त्रबाट वर्षा कति र कसरी भयो भन्ने जानकारी हुन्छ । साथै, धानबालीको रोपाइँ कार्य समाप्त भयो कि भएन भन्ने जानकारी हुन्छ । अर्को वर्षा नभएर धान रोपाइँ हुन सकेन भने यस यन्त्रमा पूजा गरेपछि वर्षा हुने जनविश्वास आजसम्म पनि कायम नै छ ।
वर्षामापन यन्त्र : यस यन्त्रमा पानी भरिएको आधारमा खेतमा पानी भएको अनुमान गर्न सकिन्छ र त्यसैका आधारमा रोपाइँको तयारी गरी किसानहरू खेतमा जाने गर्छन् । साथै, शासक-प्रशासकले पनि यस क्षेत्रको धान रोपाइँ सकिएको वा बाँकी रहेको जानकारी पनि त्यही यन्त्रमा रहेको पानी हेरेर निश्चय गर्छन् । यस यन्त्रमा पानी भरिएर विस्तारित हुन थालेपछि यस भक्तपुर नगर वरपरका सबै खेतहरूमा धान रोपिए भन्ने निश्चय गरिन्छ ।

अनावृष्टि : अनावृष्टि भएमा नगरका सबै किसानहरू मिलेर यस यन्त्रमा रहेको ‘बासी’ अर्थात् वासुकी नागको पूजन गरी सबै घर-घरबाट पानी ल्याई यन्त्र खाल्डोमा पूजा-पानी भर्ने काम गर्छन् । भैलगःमा यति पानी हाल्छन् कि सो पानी खाल्डोबाट विस्तारित भएर ईशान कोणमा पानी पुग्न सकोस् । त्यसपछि बुल्चा भैरवलाई पूजा गरी सूर्यविनायकको डाँडोमा

रहेको ‘धल्चोबासी’ लाई पूजा गर्न जान्छन् । यसरी तालोदम्फोको ‘बासी’ र ‘धल्चोबासी’ को पूजा गरिसकेपछि वर्षा हुन्छ भन्ने जनविश्वास छ, जो सत्य छ र प्रमाणित छ । त्यसैले आजसम्म यो प्रचलन चलिरहेको छ । यस तालोदम्फोको निर्माण पूर्ण तान्त्रिक विधिअनुसार भएको देखिन्छ । प्रायः पूर्व-पश्चिम दिशालाई नै आधार बनाएर वास्तु निर्माण हुन्छ । हुन त मापन यन्त्र पूर्ण रूपले उत्तर-दक्षिण लम्बाइमा भएको छ, तर माझमा रहेको यन्त्रमा जाने बाटो भने उपदिशाबाट केन्द्रमा जोडिएको छ । चारैतर्फबाट बाटोको आवश्यकता हरेक बाटोको सुरुको सतहमा नै भैरव देवताको स्थापना र यन्त्रभित्र रहेका भैरव देवता घोप्टिएको अवस्थामा भएका कुरा देखिन्छन्, तर यसबारेमा कतै लेखोट वा दस्तावेज देखिएको छैन । जनश्रुतिका आधारमा नै यो जलवायु विज्ञान मापन केन्द्र आजसम्म सञ्चालन भएको देखिन्छ ।

यस क्षेत्रको वास्तुलाई विचार गर्दा सर्वप्रथम जलवायु मापन केन्द्र नै स्थापित भएको हो । पछि कालान्तरमा गोरखनाथ र भैरवको मन्दिर स्थापित भयो र त्यससँगसँगै चिवः स्थापित भएको अनुमान गर्न सकिन्छ । त्यहाँ रहेको गणेशको मन्दिर भने पछि मात्र स्थापना भएको देखिन्छ । किनभने महत्त्वका दृष्टिले विचार गर्दा गणेश मन्दिरको त्यहाँ त्यति महत्त्व देखिएन, किनभने सँगै तालुको टोलमा रहेको ‘ज्याथा गणेश’ लाई नै टोलवासीले मान्ने गरेको र त्यस ज्याथा गणेशमा बिस्केटको समयमा लिङ्गोसमेत उठाउने चलन देखिएकाले यो तालोदम्फोमा रहेको गणेशको महत्त्व कायम गर्न सकिएको हो ।

तालोदम्फोमा रहेका सबै वस्तुहरू एक-एक देवतासँग सम्बन्धित भएको देखिए तापनि यो तालोदम्फोको निर्माण विशेष वास्तुशास्त्रअनुसार नगरको स्थायित्वको सन्तुलन मिलाउनका लागि भएको देखिन्छ । साथै, वर्षामा पानीको मापन गर्ने र आषाढ महिनाभरिमा पनि पानी नपरे वर्षा गराउनका लागि विशेष पूजाको विधि यही स्थानबाट सुरु हुने हुँदा यो स्थानको आध्यात्मिक तथा वैज्ञानिक महत्त्व रहेको स्पष्ट देखिन आएको छ । यसका विषयमा अरू अनुसन्धानले पनि विचार गर्नुपर्ने आवश्यकता देखेको छु ।

●

लुकेछिपेर रहेका तथ्यलाई इतिहासका मर्मज्ञ तथा ज्ञाताहरूले जनसमक्ष स्पष्ट पार्न सक्नुपर्छ। एक अन्वेषकले गरेको भूलको अन्य अन्वेषक मूकदर्शक भएर हेर्न मिल्दैन । त्यसैले सत्य र तथ्यलाई उजागर गर्नु नै अनुसन्धाताको कर्तव्य हो ।

– यसै पुस्तकबाट

# भक्तपुर वागेश्वरीको सरस्वतीस्थान

भक्तपुर जिल्लाको पूर्व-उत्तर कोणमा रत्नागिरी पर्वत छ, जसलाई वागेश्वरी भनिन्छ । वागेश्वरी अर्थात् सरस्वती हुन् । वागेश्वरीको मध्य भागमा सरस्वती स्थान छ, जसलाई भक्तपुर नगरका नेवारहरूले 'लासापा सस्वद्यो' भन्छन् । लासापा सस्वद्योलाई महामञ्जुश्री पनि भनिन्छ । त्यो सरस्वती स्थानलाई हिन्दुहरूले सरस्वती र बौद्धमार्गीहरूले महामञ्जुश्रीका रूपमा सम्मान तथा पूजन गर्ने चलन चल्दै आएको छ । प्रत्येक वर्ष पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म एक महिना मेला लाग्छ। त्यसैबीच पर्ने श्रीपञ्चमीका दिन विशेष मेला लाग्ने गरेको छ ।

उपत्यकाको विशेषता हो हिन्दू-बौद्ध मिश्रित धार्मिक क्षेत्रको विकास गर्नु । धेरै धार्मिक क्षेत्रहरू दुवै सम्प्रदायले स्वीकार गरेर शताब्दीऔँदेखि नै चल्दै आएका छन् । अति बौद्धमार्गी र अति हिन्दूमार्गीलाई लिच्छविकालमा समन्वयात्मक रूपमा धार्मिक स्थलहरू स्थापित भएका हुन् । त्यसैले नेपाल उपत्यकामा बौद्ध र हिन्दूदर्शनमा अतिवादको अन्त भएको हो । यसै क्रममा लासापा सस्वद्यो स्थापित भएको हो ।

दुङ्गाको ओडार, जहाँबाट हावा सुसाउँदा ॐको ब्रह्मध्वनि

निस्कन्छ । त्यसैले हिन्दूहरूले यसलाई सरस्वती भने अनि बौद्धमार्गीले ल्हासाबाट मञ्जुश्री आएको मार्ग । त्यसैले हिन्दू-बौद्ध दुवै सम्प्रदायका लागि पवित्र स्थल बन्यो । वि. सं. २००४ सालमा त्यस ओडारलाई मध्यविन्दुमा राखेर मन्दिर निर्माण भयो । मन्दिर निर्माण गर्दा बौद्धमार्गीले गरेका कारण त्यहाँको पूजाआजाको जिम्मा पनि शाक्य जातिले पाए । मन्दिरको नाम भने सरस्वती स्थान रह्यो । यस मन्दिरको माथिल्लो भाग जो थलीजस्तो छ, त्यस भागलाई 'थाकलमाथ' भनिन्छ । यो क्षेत्रलाई सरस्वती स्थान, लासापा सस्वद्यो, थाकलमाथ र वागेश्वरी भनी  भनिन्छ ।

वि. सं. २०६० सालमा त्यस क्षेत्रको अध्ययनका क्रममा सरस्वती स्थान पुग्दा ओडारलाई छोपिने गरी मूर्ति राखिएको देखियो । वि. सं. २०१४ सालमा सरस्वतीको दर्शन गर्न जाँदा ओडारको दर्शन गरिएको थियो र त्यसै ओडारमा कान थापेर सुन्दा हावा सुसाएको आवाज गुन्जिएको थियो । तर मूर्ति राखिसकेपछि त्यो ओडारबाट आउने ध्वनि सुन्न सकिने अवस्था थिएन । सोधखोज गर्दा जानकारीमा आयो कि काठमाडौं ढोकाटोल बस्ने यक्षनारायण मानन्धरले सो मञ्जुश्रीको मूर्ति बनाई वि. सं. २०२४ सालमा स्थापित गरेका रहेछन् । यो कुरा स्थापित गर्नेका नाति मुक्ति मानन्धर (ढोकाटोल) ले भनेका हुन् ।

सरस्वतीका सम्बन्धमा वि. सं. २०६२ मा प्रकाशित लेखको अंश उद्धृत गर्न चाहन्छु । यस क्षेत्रको अध्ययन त्यसै बेलादेखि प्रारम्भ भएको थियो । लख यसप्रकार छ ो        वागेश्वरी क्षेत्र डाँडाको पूर्वोत्तर माथिल्लो भागमा सरस्वती स्थान छ । स्थानीय विकास सीमाको सुडाल गाउँ विकास समितिअन्तर्गत वडा नं. ६ मा सरस्वती स्थान रहेको छ । सोही सरस्वती स्थानमा मञ्जुश्री पनि स्थापित गरिएको छ । ठूला-ठूला ढुङ्गाको कापमा प्रवेशद्वार छ । यसभित्र एक गुफा छ । हो, त्यसै गुफालाई हिन्दूहरूले सरस्वती र बौद्धमार्गीहरूले मञ्जुश्री भनेर परापूर्वकालदेखि नै मान्दै र पुज्दै आएका छन् । यसलाई नेपाली भाषामा भनिदा सरस्वतीस्थान भनिन्छ भने नेपाल भाषामा यसलाई 'ल्हासापा सस्वद्यः' भनिन्छ । अर्थात् नेवार समुदायले यस स्थानलाई स्पष्ट सरस्वतीदेवी नै भन्ने गरेका छन् । वाणीकी देवी सरस्वती भएकीले क्षेत्रको नाउँ पनि वागेश्वरी भएको हो भन्न सकिन्छ । बौद्धमतानुसार 'उपत्यकामा बस्ती बस्नुभन्दा पहिले यहाँ पोखरी थियो र महाचीन मञ्जुश्री बोधिसत्वको नेपाल उपत्यकामा आगमन  भयो । यसै स्थानमा बसी आराधना गरेपछि यिनलाई स्वयम्भू भगवानले ्

ज्योतिरूप दर्शन दिएका थिए र त्यसपछि मञ्जुश्रीले खड्गद्वारा चोभारको डाँडालाई काटेर उपत्यकामा जमेर बसेको पोखरीको पानीलाई
तर्काइदिए। यसरी उपत्यकामा बस्ती बस्न योग्य स्थानको निर्माण मञ्जुश्रीले गरेका हुन' भनेर भनिन्छ । यो सरस्वती स्थान रहेको पर्वतलाई विभिन्न नाउँबाट परिचय गराइएको छ। यसलाई लीलाभक्त मुनकर्मीद्वारा लिखित 'नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन' मा 'महामण्डप पर्वत' भनिएको
छ। त्यसै गरी कुलचन्द्र कोइरालाद्वारा लिखित 'नेपालका आराध्यदेव भगवान् श्रीपशुपतिनाथ' मा 'मणिचूड पर्वत' भनिएको छ र हिमवत्खण्ड र नेपाल माहात्म्यमा यस पर्वतलाई 'रत्नचूड पर्वत' भनिएको छ। साथै, नेपाल माहात्म्यमा वागीश्वर महादेवको प्रसङ्गमा यस क्षेत्रलाई 'दोलागिरि' पनि भनिएको छ। स्थानीय बासिन्दाहरू यस पर्वतलाई 'वीर' र 'भद्रा पर्वत' पनि भन्छन्। यसरी यस क्षेत्रलाई विभिन्न समय र सन्दर्भमा उल्लेख हुँदा भिन्नाभिन्नै नाउँ दिने गरेको देखिन्छ।

ढुङ्गाको ओडारभित्र सरस्वती वा मञ्जुश्री भगवान् छन् भनी हिन्दू र बौद्ध दुवै सम्प्रदायका समुदायले पूजा गर्दै आउने चलन थियो। यहाँ कुनै किसिमको मानवनिर्मित मूर्ति वा अन्य कुनै स्वयम्भू स्वरूप थिएनन्। यसैबीच विक्रम सम्वत् २००४ सालमा भक्तपुरका शाक्यहरूले त्यही गुफाको द्वारमा एक मन्दिर निर्माण गरे र पछि २०२४ सालमा मात्र त्यस मन्दिरमा सेतो सिंहमर्मरको करिब १८ इन्च अग्लो मञ्जुश्रीको मूर्ति स्थापना गरेका हुन् भन्ने स्थानीय बासिन्दाको भनाइ छ।

त्यस गुफाको मुखमा मन्दिर बनेपछि हिन्दूहरूले सरस्वती सम्झेर घण्ट चढाएका छन्। साथै, मन्दिरको पूर्व र पश्चिममा स्थानीय बासिन्दाले पाटी बनाएका थिए। हाल सो पाटी जीर्णोद्धार गर्ने नाउँमा बौद्ध गुम्बाका लागि भवन निर्माण गरिएको छ। पहिले चढाइएका घण्ट बज्न छोडेका छन् । यसरी हिन्दू र बौद्ध दुवै सम्प्रदायले बराबर रूपमा मान्दै आएको स्थानमा बौद्धमार्गीले पूर्ण कब्जा गरेकोमा स्थानीय बासिन्दा दुःखित भएका छन् । जुन हिसाबले यो मन्दिर परिसरभित्र निर्माण सुरु भएको छ र बौद्ध भिक्षुहरू बसेका छन्, त्यसका आधारमा कालान्तरमा यो क्षेत्र पूर्ण रूपले बौद्धतीर्थ मात्र हुने देखिन्छ।

बौद्ध धर्मावलम्बीहरूले १०,००० वर्षपहिलेदेखि नै बौद्धधर्म यो विश्वमा थियो भनेर भन्ने गरेका छन, जबकि द्वापरयुगको अन्त भएको दुई हजार वर्षपछि सिद्धार्थको जन्म भएको हो । यो बेग्लै अध्ययनको विषय हो ।

सरस्वती स्थान जनजनको बोली भएको हुँदा यसको अतिक्रमणको समय लामो नरहेको अनुमान गर्न सकिन्छ । लिच्छविकालमा बुद्धविहार धेरै बने र बुद्धधर्मको प्रचार पनि नेपालमण्डलमा त्यही समयमा भएको हो भन्ने बुझ्न सकिन्छ ।

भारतलगायत अन्य देशमा चलेको बुद्ध संस्कृति र धर्म नेपालमण्डलमा स्थापित हुँदा सनातनी हिन्दूको संस्कृतिसँग मिल्दो अलग्गै किसिमको स्थापित भयो । यो पनि अलग्गै अध्ययनको विषय हो ।

सरस्वती देवीलाई ऋग्वेदमा वर्णन गरिएको छ । माता सरस्वतीले पवित्रता, शुद्धता, समृद्धि र शक्ति प्रदान गर्छिन् भनिएको छ । पुराणअनुसार यिनलाई ब्रह्माकी पुत्री भन्ने मानिएको छ । सनातन धर्ममा सरस्वतीको ध्यान गर्दा शैव सनातनीले तल लेखिएको श्लोक वाचन गरेर गर्ने प्रचलन छ – या कुन्देन्दुतुषारहारधवला या शुभ्रवस्त्रावृता । या वीणावरदण्डमण्डितकरा या श्वेतपद्मासना ॥ या ब्रह्माच्युतशङ्करप्रभृतिभिर्देवैः सदा वन्दिता । सा मां पातु सरस्वती भगवती निःशेषजाड्यापहा ॥

यो सरस्वती स्थान रहेको पर्वतलाई विभिन्न नाउँबाट परिचय गराइएको छ । भक्तपुर नगरनिवासी इतिहास र संस्कृतिका अध्येता लीलाभक्त मुनकर्मीद्वारा लिखित ‘नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन’ मा यस पर्वतलाई ‘महामण्डप पर्वत’ भनिएको छ । त्यसै गरी इतिहास तथा संस्कृतिविद् कुलचन्द्र कोइरालाद्वारा लिखित ‘नेपालका आराध्यदेव भगवान् श्रीपशुपतिनाथ’ मा ‘मणिचूड पर्वत’ भनिएको छ । हिमवतखण्ड र नेपाल माहात्म्यमा यस पर्वतलाई ‘रत्नचूड पर्वत’ भनिएको छ । साथै नेपाल माहात्म्यमा वागेश्वर महादेवको प्रसङ्गमा यो क्षेत्रलाई ‘दोलागिरी’ पनि भनिएको छ । स्थानीय बासिन्दाहरू यस पर्वतलाई ‘वीर’ र ‘भद्रा’ पर्वत पनि भन्छन् । पानी प्रशस्त हुने यो पर्वतको शिखरमा जलभण्डार छ, जसलाई महादेवपोखरी भनिन्छ । जुन स्थानमा सरस्वती स्थान छ, त्यसको ठीक मुनि पर्वतको गर्भमा जलाशय भएको पनि अनुमान गर्न सकिन्छ । पर्वतको गर्भभित्रभित्रै पानी बहने हुँदा त्यसले विस्थापित गरेको हावा नै सरस्वती स्थानको गुफाको माध्यमद्वारा बाहिर निस्कने प्रक्रियाले विशेष ‘ध्वनि’ उत्पन्न हुन सक्ने पनि अनुमान गर्न सकिन्छ ।

सरस्वतीको मूर्ति नरहेर पनि सरस्वती स्थानको नामले चिनिने यो स्थानको विभिन्न दृष्टिकोणले यसलाई हेर्ने र विवेचना गर्ने कोसिस गरियो । यसको पौराणिक पक्ष, आध्यात्मिक पक्ष, ऐतिहासिक पक्ष, सांस्कृतिक पक्ष र चलेका श्रुति, किंवदन्ती र भएका भौतिक संरचनालाई केही हदसम्म केलाउने कोसिस गरियो ।

सरस्वतीस्थानलाई यति सानो अध्ययनमा पूर्ण भएको मान्न सकिन्न । वागेश्वरी नामले चिनिने यस पर्वतमा रहेका धेरै विषयवस्तुको अध्ययन गर्ने बाटो खुलेको छ। प्राचीन कालमा नै स्थापित देवीदेवतामा महादेवपोखरी, वागहिटी, वाल्मीकेश्वर, वागेश्वर महादेव, घाट (स्मशान) र हालै स्थापित मणिकर्णिका घाटसमेतको विस्तृत अध्ययन गर्नुपर्ने आवश्यक देखिएको छ । यहाँ कुनै लिखित शिलापत्र नभएको हुँदा त्यसका बारेमा लेख्न र विचार गर्न सकिएन । जो-जो मूर्त र अमूर्त सम्पदा देखियो, भेटियो, सुनियो र बुझियो, त्यसका आधारमा यो सानो लेखमा सरस्वती स्थानको परिचय प्रस्तुत गरिएको छ ।

यसका सम्बन्धमा विस्तृत विवरण 'धार्मिक र सांस्कृतिक विकासमा जङ्गम जातिको भूमिका' लेखको परिशिष्टमा दिइएको छ ।

<u>सन्दर्भसूची :</u>


१. जङ्गम, भरतमणि – खोपृङ, अङ्क १३, वर्ष १४ (२०६२) भक्तपुर विकास सहयोग सङ्घ

२. मुनकर्मी, लीलाभक्त – नेपालको ऐतिहासिक तथा सांस्कृतिक दिग्दर्शन

३. कोइराला, कुलचन्द्र – नेपालका आराध्यदेव भगवान् श्रीपशुपतिनाथ ४. योगी, नरहरिनाथ (सम्पादक) – हिमवतखण्ड ।

५. स्थानीय प्रचलनमा रहेका जनश्रुति, किंवदन्ती, देखिने भौतिक संरचना र चलेका मेला, जात्रा, संस्कृति ।


# धनेश्वर महादेव र त्यसको ऐतिहासिक पृष्ठभूमि

काभ्रेपलान्चोक जिल्ला बनेपा नगरको दक्षिणतर्फ रहेको धनेश्वर डाँडामा धनेश्वर महादेवको मन्दिर छ । शिखर शैलीमा निर्मित धनेश्वर मन्दिर शिवालय क्षेत्र चोकको बीच भागमा छ भने चोकका चारैतर्फ सत्तलले घेरिएको छ । चोकमा राम्रा खालका ढुङ्गाहरू बिछ्याइएका छन् । चोकको ईशान कोणमा शिवलिङ्गसहितको एक अर्को मन्दिर छ । मन्दिरको ठीक अगाडि दक्षिणतर्फ साना-ठूला बसाहाहरूका साथमा वीरशैव लिङ्गायत मतका ज्ञानी गुरु ध्यानमुद्रामा बसेको ढुङ्गाको मूर्ति छ । त्यसको ठीक दक्षिणतर्फ एक ढुङ्गेखम्बामा करिब ६ फिट माथि हनुमानको मन्दिर स्थापना भएको छ । शिखर शैलीमा बनेको मूल मन्दिरको माथिल्लो भाग सबै अर्थात् गजुरसम्म नै सुनको मोलम्बा भएको धातुले मोडिएको छ । मन्दिरको तल्लो भागमा भने आधुनिक चिनियाँ माटोले बनेको टायल टाँसिएको छ । सुनको मोलम्बा भएको धातुका नागनागिनी बनाएर मन्दिरको बीच भाग बाँधिएको छ । दक्षिणतर्फ फर्किएको मन्दिरको मूल द्वारमा पनि धातुका कलात्मक बुट्टाहरू कुँदिएको पाताले ढोकाका खापा छोपिएका छन् । मन्दिर झलक्क हेर्दा अत्यन्तै सुन्दर देखिन्छ ।

धनेश्वर महादेवको लिङ्गको माथिल्लो भाग केही पूर्व र दक्षिणतर्फ झुकेको र माथमा सानो र ठूलो गरी दुई भाग छन् । ती माथमा भएका खोबिल्टाका बीचको भागमा करिब एक माना अक्षता अटाउने किसिमको खाल्डो छ । यसरी लिङ्गको माथमा खाल्डो भएको लिङ्ग अन्य स्थानमा देखिएको छैन । लिङ्गको व्यास अलि ठूलो छ भने जलहरीबाट धेरै उठेको छैन । जलहरी ठूलो भएको कारणले गर्दा लिङ्गलाई पुजारीले पनि केही गर्न नसक्ने किसिमबाट मन्दिरको गर्भाशय निर्माण भएको छ । अर्थात् मन्दिरको भित्री भाग साँगुरो छ । मूल ढोका दक्षिणतर्फ भएको र दर्शनार्थीहरूले उत्तर फर्केर दर्शन गर्नुपर्ने हुँदा दर्शनार्थीले धनेश्वर स्वयम्भूलिङ्गको सजिलै दर्शन पाउन सक्छन् । बिहानको नित्य पूजा सकिएपछि लिङ्गलाई चतुर्मुखले छोपिन्छ । साँझको आरतीको समयमा पनि चतुर्मुख नझिकीकन नै पूजा-आरती गरिने चलन छ ।

मन्दिरचोक सतहको करिब १५ फुट तल दक्षिणतर्फ कञ्चन पानी भएको जलाशय (कुवा) छ र त्यसको पूर्वतर्फ सानो कुण्ड पनि छ । यी दुवै जलाशयको दक्षिणतर्फ जोडिएर रहेको अर्को ठूलो कुण्ड छ, जसमा चारैतर्फ चौकोण मिलाएर कुँदिएका ढुङ्गाहरू बिछ्याइएका छन् । राम्ररी कुँदेर ढुङ्गा बिछ्याइएको पानीको कुण्ड सुन्दर देखिन्छ । त्यस कुण्डको बीच भागमा

महादेवको मूर्ति र मूर्तिको शिरभाग अर्थात् महादेवको जटाबाट गङ्गाजस्तो पानी बहने व्यवस्था मिलाइएको कृत्रिम सानो पानीको फोहरा देखिन्छ । यो फोहरा पैंतालीस वर्षअगाडिसम्म थिएन । जब त्यस धनेश्वर क्षेत्रमा वि. सं. २०१५ सालमा नजिकैको मुहानमा पानीट्याङ्की बनाई नलको पानी मन्दिर परिसर र गाउँमा ल्याउने व्यवस्था भयो, त्यसै बेलादेखि पानीको कुण्डको बीच भागमा पानीको फोहरा राखिएको थियो । पछि त्यस स्थानमा मूर्ति स्थापना भएको हुनाले पानीको व्यवस्था नहुन्जेल श्रीको पूजाका साथै गाउँलेहरूले समेत त्यही कुण्डको छेउमा रहेको पानीको जलाशय (कुवा) बाट नै पानीको प्रयोग गर्ने गर्थे ।

मन्दिर प्रवेशका लागि उत्तर, दक्षिण र पूर्वमा गरी तीन द्वारहरूको व्यवस्था भएको देखिन्छ । तीनै द्वारबाट मन्दिरमा प्रवेश गर्ने व्यवस्था छ । पूर्व र दक्षिणका प्रवेशद्वारमा राम्ररी मिलेका ढुङ्गाका सिँढी निर्माण गरिएका छन् । मन्दिरको बाहिर गणेश र अम्बिका स्थापित भएका छन् । गणेशमन्दिरको पूर्वतर्फ ढुङ्गाले निर्मित चौतारोमा पीपलवृक्ष छ । त्यस वृक्षको आयतन र प्रकृति विचार गर्दा त्यो पीपलवृक्ष करिब ६०० वर्ष पुरानो भएको अनुमान गर्न सकिन्छ । पीपलवृक्ष चौतारीको ईशान कोणमा श्री अम्बिकादेवीको स्थान जोडिएर रहेको छ । त्यसको उत्तरतर्फ केही खुला स्थान छ । त्यहीँबाट मूल शिवालयको पूर्वी प्रवेशद्वारका लागि सिँढी सुरु हुन्छ । पश्चिमतर्फ श्रीको बगैँचा छ । त्यसभन्दा उत्तरतर्फ पाखो भनिने कैलाश अर्थात् खुला चौर छ, जहाँ अविरल पानी बग्ने ढुङ्गेधारो छ । त्यसभन्दा तल करिब चार सय मिटर उत्तरतर्फ पुण्यमाता नदी बहेकी छन् । पहिले मूल सडकदेखि न मन्दिरसम्म ढुङ्गा बिै छयाइएको ् थियो । तर हाल बाटो भत्किएको र ठाउँठाउँमा आधुनिक पिचका लागि कालोपत्रे बाटो निर्माण भइसकेको हुँदा त्यो ढुङ्गा छापिएको बाटो र सिँढी देख्न सकिन्न । हाल तल पनौती जाने मूल बाटोबाट माथि कैलाशको धारापरिसरसम्म बाटो कालोपत्रे भइसकेको हुँदा सबै किसिमका सवारी साधनहरू कैलाशसम्म नै जान सक्छन् ।

यो शिवक्षेत्रको करिब एक किलोमिटरको दूरीमा पूर्वतर्फ श्रीखण्डपुर र उत्तरतर्फ बनेपा बजार छन् । मन्दिरको परिसरवरपर पुजारीहरूको बस्ती छ भने यसै शिवक्षेत्रको वायव्य कोणमा थापागाउँ छ । बाँकी पश्चिम र दक्षिण धनेश्वर वनले घेरिएको छ । यसरी एकान्तमा रहेको शिवालयबाट करिब ६ किलोमिटरको दूरीमा काभ्रेपलाञ्चोक जिल्लाको सदरमुकाम

धुलिखेल र आग्नेय कोणमा पनौती बजार रहेका छन् । यस शिवक्षेत्रको केही भाग बनेपा नगरपालिका तथा जनागाल गाउँ विकास समितिमा पर्छ भने केही भाग पनौती नगरपालिका क्षेत्रअन्तर्गत पर्छ । विकासक्षेत्रको सीमानिर्धारण गर्दा यसको निश्चित सीमा कायम नभएकाले पनि यहाँ विकासकार्य हुन नसकेको स्पष्ट देखिन्छ ।

धनेश्वर महादेवको स्थापना, निर्माण, विकास तथा जीर्णोद्धार कहिले, कुन समय र कसको पालामा भयो भन्ने इतिहास खोज्दा केही प्राप्त हुन सकेको छैन । मन्दिर परिसरको पूर्वतर्फ द्वारमा जोडिएर रहेको सत्तलमा रहेको अखण्ड धुनीकै आडमा पश्चिमाभिमुख गारोमा टाँसिएको शिलापत्र छ, जो पढन सकिने अवस्थामा छैन, तर यो अभिलेख मन्दिर परिसरबाहिरको श्री गणेशजीका बारेको अभिलख हो कि भन्ने अनुमान हुन्छ । धनेश्वर महादेवका स्थापना तथा निर्माणका बारेमा विस्तृत जानकारी दिने कुनै पनि शिलालेख त्यहाँ भेटिँदैनन् । जति पनि शिलालेख र ताम्रपत्र पाइए, तिनीहरू एक सय वर्षयताका मात्र भएका हुँदा यसको प्राचीनता र मन्दिरको इतिहाससँग हामी अनभिज्ञ रहनुपर्ने अवस्था देखियो । धनेश्वर महादेवका बारेमा विस्तृत विवरण दिनुअगाडि यस महादेवस्थानमा रहेका र भएका प्रमाणलाई केलाउनुपर्ने हुन्छ । यसरी विचार गर्दा १. मन्दिरक्षेत्र, २. यसको निर्माणकार्य, ३. पूजाव्यवस्था र तिनको परम्परा, ४. शिलालेख, ५. जग्गाको कुनै लिखत प्रमाण, ६. यसको धार्मिक तथा पौराणिक कथन, ७. लोकबोलीमा बाँचेको कथन, र ८. परम्परादेखि चलिआएको रीतिस्थिति आदिलाई हेर्नुपर्छ र अध्ययन गर्नुपर्छ । यसरी कार्य सुरु गर्दा भेटिएका सामग्री तथा शिवालयको वर्तमान भौतिक संरचना र अवस्थालाई विचार गर्दा विषयलाई तल दिइएको शीर्षकमा विभक्त गरी यसको परिचय सङ्क्षेपमा प्रस्तुत गर्दछु – १. धार्मिक तथा पौराणिक दृष्टिकोण, २. अभिलेख, ३. पूजाविधि, ४. पूजा, पर्वपूजा र मेला, ५. जङ्गमजातिको परिचय, ६. चलेको भजन, र ७. उपसंहार ।

धार्मिक तथा पौराणिक दृष्टिकोण :

'श्री स्वस्थानी व्रतकथा' नेपाली समाजले हार्दिकताका साथ स्वीकार गरेर प्रचलनमा ल्याएको धार्मिक लोककथा हो । यो 'श्री स्वस्थानी व्रतकथा' पौराणिक घटना र सनातन धर्मका नीतिनियमलाई राम्ररी बुझ्न सकिने बोलीचालीको भाषामा लेखी सर्वसाधारणलाई पनि सनातन धर्मको शिक्षा प्रदान गर्ने उद्देश्य राखेर रचिएको हो र यो कथा धार्मिक ग्रन्थसरह नै पुजिने गर्दछ । यो कथा ३० अध्यायमा विभाजन गरी एक महिनासम्म भनिने र

श्रवण गर्ने चलन छ । यस कथामा स्वस्थानीदेवीको विशेषता वर्णन गरिए पनि वास्तवमा यो नेपाली समाजको लोकप्रिय कथा हो । यो ‘श्री स्वस्थानी व्रतकथा’ पौष शुक्ल पूर्णिमाको दिनदेखि सुरु भई स्वस्थानी पूर्णिमाका रूपमा ख्याति पाएको माघ शुक्ल पूर्णिमाको दिनसम्म एक महिना हरेक दिन वाचन गर्ने र सुन्ने प्रचलन नेपाली समाजमा आजसम्म चलेको छ । त्यही ‘श्री स्वस्थानी व्रतकथा’ को नवौँ अध्यायमा शिवजीले सतीदेवीको मृत शरीर लिएर पृथ्वीको परिक्रमा गर्दै हिँड्दा सतीदेवीको अङ्ग पतन भएको र जहाँ-जहाँ अङ्ग पतन भयो त्यहाँ-त्यहाँ महादेवको उत्पत्ति भएको कुरा वर्णन गरिएको छ । धनेश्वर महादेवको लिङ्गको माथमा खोबिल्टो भएका कारणले त्यहाँ सतीदेवीको कान पतन भएको किम्वदन्ती छ । उक्त कथामा दायाँ र बायाँ छुट्टाछुट्टै कान पतन भएको वर्णन गरिएको छ । ती यसरी उल्लेख भएका छन् –

१. पौरबन्धनमा पुग्दा दाहिने कान पतन भयो । पौरबन्धनपीठ, अम्बिकादेवी, चन्द्रवेगा योगिनी र धनेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे । त्यस सिद्धभूमिमा दैत्यगण आई तपस्या गरे । ईश्वरी प्रसन्न भई ‘देवतागणलाई जित्न सके’ भनी वरदान दिइन् ।
२. फेरि पुण्यगिरिमा पुग्दा बायाँ कान पतन भयो । पुण्यगिरिपीठ, पूर्णदेवी, कपालकुण्डला योगिनी, चन्द्रेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे । त्यस हर्षभूमिमा गन्धर्वगण आई नृत्य-गीत गरी तपस्या गरे । ईश्वरी प्रसन्न भई ‘इन्द्रका अगाडि कहिल्यै पनि नचुके’ भनी वरदान दिइन् ।

माथि उल्लेख भएको नं. १ को कथनअनुसार यो स्थानलाई पौरबन्धन भन्नुपर्ने बुझिन्छ । तर पुण्यमाता नदी तल बहेकी र माथि पुण्यगिरि भएको कारणले गर्दा उक्त नं. २ को कथनअनुसार यस महादेवलाई चन्द्रेश्वर पनि भन्नुपर्ने बुझिन्छ । यी दुवै कथनलाई पौराणिक आधारमा प्रमाणित गर्न सकिने अवस्था नरहे पनि नं. १ मा उल्लिखित धनेश्वर महादेव उत्पन्न भएकोलाई नै मान्नुपर्ने देखिन्छ । कारण, त्यसमा उल्लेख भएकी अम्बिकादेवी यस क्षेत्रमा रहेकी छन् । त्यसैले पनि यो पौरबन्धनपीठ प्रमाणित भएको देखिन्छ ।

नेपाल माहात्म्य :

'नेपाल माहात्म्य' मा चौँसट्ठी लिङ्गको वर्णन गर्ने क्रममा धनेश्वर महादेवको पनि उल्लेख भएको छ । त्यस 'नेपाल माहात्म्य' मा यो धनेश्वर महादेव रहेको स्थानलाई रौद्रगिरि भनिएको छ । 'नेपाल माहात्म्य' को पञ्चमोध्यायमा मार्कण्डेयले भनेका निम्न श्लोक उल्लेख भएका छन् –

भक्तियुक्ताः सुराः सर्वे पूजयामासुरम्बिकाम् ।
पूजिता च महादवी देवैर्धूपादिविस्तरैः ॥
निवासमकरोत् तत्र रक्तचन्दनकानने । देवाश्चापि
ततो दृष्ट्वा क्षेत्रं परमदुर्लभम् ॥
स्वस्वनामाङ्कितं लिङ्गं स्थापयामासुरेव हि । धनेशः
स्थापयामास धनेश्वरमितिध्रुवम् ॥
धनेश्वरमहालिङ्गं ये द्रक्षन्ति कलौ युगे ।
ते धनाढ्या भविष्यन्ति तवोधन न संशयः ॥

(सबै देवताहरूले देवीको भक्तिका साथ पूजा गरे । त्यसरी पुजिएकी देवी रक्तचन्दनको वनमा बस्न थालिन् । देवताहरूले त्यस ठाउँलाई दुर्लभ क्षेत्र देखेर आ-आफ्ना नामाङ्कित लिङ्ग स्थापना गरे । यसै स्थानमा कुवेरले धनेश्वर लिङ्ग स्थापना गरे । यो धनेश्वर महालिङ्गलाई जसले यो कलियुगमा दर्शन गर्छन्, ती दर्शनार्थीहरू तपोधनयुक्त धनवान् बन्छन् । त्यसमा कुनै शङ्का छैन ।) माथिको कथनअनुसार चण्डेश्वरीदेवीले चण्डासुर नामक राक्षसलाई बध गरिसकेपछि चण्डासुरबाट भयभीत भएर पन्छीरूप धारण गरी लुकेर बसेका सबै देवताहरूले पन्छीरूप त्याग गरी देवीसामु उपस्थित भएर देवीको पूजा गरेको सन्दर्भ यहाँ उल्लेख भएको छ । त्यसरी देवीले चण्डासुरको बध गरेपछि देवताहरूले ठाउँठाउँमा महादेवका लिङ्गहरू स्थापना गरेको उल्लेख छ । यसै क्रममा धनेश्वर महादेवको लिङ्ग कुवेरले स्थापना गरेको भनिएको छ र केवल स्थापना गरेको कारणले नै यस लिङ्गको नाउँ धनको ईश्वर अर्थात् धनेश्वर रहेको बुझिन्छ ।

हिमवत्खण्ड :

'हिमवत्खण्ड भाषा' को २१६ पृष्ठमा निम्नलिखित व्यहोरा उल्लेख भएको छ – "स्वामीकार्तिकजीले भन्नुभयो – अघि विरूपाक्ष ब्राह्मणले माघ कृष्ण षष्ठीका असल दिनमा पूज्य लिङ्गस्वरूप धनेश्वर महादेवलाई भक्तिपूर्वक पञ्चोपचारले पूजा गरे । लिङ्गको विधिपूर्वक पूजा गरेर विरूपाक्षले नेमुनिलाई सोधे । नेमुनिले भने – 'हे ब्राह्मण विरूपाक्ष ! अघि भृगु ऋषिले

सय वर्षसम्म तपस्या गरे । त्यसपछि त्यस बेला उनका अगाडि यी लिङ्ग प्रकट भएका हुन् । यी नै महादेवबाट वर पाएर ती भृगु ऋषि अझसम्म चिरञ्जीवी र ऋषिहरूका बीचमा श्रेष्ठ भएका हुन् । अघि कुनै शिवदास नाउँको वैश्य थियो । पूर्वजन्ममा दान नगरेकाले त्यो हरबखत गरिब भयो । समाज, स्वास्नी, छोरा आदि र ससुरा, भाइहरूले त्यागेको अत्यन्तै दुःख पाइरहेको त्यो शिवदास कुलकुटुम्ब छाडी घरबाट निस्कियो र घुम्दै यहाँ आइपुग्यो । धन कसरी आर्जन गर्न सकिन्छ भनी जिज्ञासा राख्दा ऋतऋषिले त्यस वैश्यलाई शिवको उपासना गर्ने सल्लाह दिए । ऋतऋषिका आज्ञानुसार त्यस शिवदासले भोक-प्यास त्यागेर पञ्चाक्षर मन्त्रको जप गर्दै शिव-उपासनामा लाग्यो । वैशाख कृष्ण चतुर्दशीको पूज्य रातमा पूजा गरेपछि यस लिङ्गबाट महादेव प्रत्यक्ष प्रकट हुनुभयो । 'हे वैश्यश्रेष्ठ ! तिमी मोक्ष अथवा ऐश्वर्य जे माग्छौ, माग' भन्दा त्यस वैश्यले भन्यो – 'हे महादेव ! म गरिब छु । पहिले मलाई धेरै धन दिनुहोस्, इच्छामाफिकको भोग गर्छु र हजुरको अत्यन्त सेवक भएर रहन पाऊँ ।' शिवजी त्यस वैश्यले चिताएको वर दिएर यस लिङ्गमा गुप्त हुनुभयो । त्यो इच्छा पूर्ण भएकाले वैश्य खुशीले दङ्ग हुँदै घर आयो । अघि जुन-जुन कुल, नोकर, आफ्ना दाजुभाइहरूले छाडेका थिए, तिनीहरू त्यस वैश्यका नजिक आए । शिवको कृपाबाट चक्रवर्ती राजा भएर जातभाइहरूका साथ भोग्नुपर्ने सबै सुख भोग्दो भयो । देह छुटेपछि पनि त्यो वैश्य महादेवका प्रमथगणहरूको नाइके भएर शिवको नजिकमा बस्दो भयो । जो मानिसहरू भक्तिले विधिबमोजिम धनेश्वर महादेवको पूजा गर्छन्, तिनीहरू धनी हुनेछन् । जन्मभर आफूले गरेका पापहरूबाट त्यसै बेला अवश्य छुट्छन् र यस लोकमा सुख भोगेर मरेपछि पनि त्यसले शिवजीसँग बस्न पाउँछ ।" माथि उल्लेख भएको 'हिमवत्खण्ड' को कथाले धनेश्वर महादेवले पौराणिक कालमै ख्याति आर्जन गरेको कुरा जानकारी हुन्छ । भृगु ऋषिले यसै स्थानमा एक सय वर्ष तपस्या गरेको र श्रीबाट चिरञ्जीवी हुने वर प्राप्त गरेको जानकारी हुन आएको छ ।

धनेश्वर महादेव लिङ्गका रूपमा रहेका र शिवलिङ्गमा भगवान्का पाँच रूप विद्यमान रहने बारेमा 'शिवपुराण, सनत्कुमारसंहिता' को ६।२१-३० मा यसरी वर्णन गरिएको छ –

> एकः भगवतो मूर्तिरूर्ध्वरोमा भयावहा । द्वितीया
> तस्य वै मूर्तिः सूर्यज्योतिः स्वयं प्रभा ॥ तृतीया
> भगवतो मूर्तिः शशिनः परमात्मनः । चतुर्थी

भगवतो मूर्तिः कुवेरस्य महातन ॥ पञ्चमी
भगवतो मूर्तिस्तद्वै ब्रह्मपरं पदम् । तत्त
पश्यन्ति विद्वांसः सूक्ष्मध्यानविचिन्तकाः ॥ इत्येष
भगवान् रुद्रः पञ्चधा परिपच्यते । लेके वेदे च
संयुक्ता शैवी चैव पृथक्-पृथक् ॥

(अर्थात् भगवान् शिवको एक (प्रथम) मूर्ति ऊर्ध्वरोम भएको भयावह छ । उनको दोस्रो मूर्ति सूर्यको जस्तो ज्योतिस्वरूप प्रकाशमय छ । तेस्रो चन्द्रस्वरूप हो । भगवान्को चौथो मूर्ति कुवेरको महाशरीर हो । भगवान्को पाँचौं शिवमूर्ति ब्रह्मस्वरूप परमपदस्वरूप हो, जो चिन्तन र ध्यानमा आउने ईशानमूर्ति हो । यस रीतिले भगवान् रुद्र (शिव) पाँच प्रकारले आविर्भूत हुनुहुन्छ ।)

त्यस्तै शैवधर्मको धार्मिक ग्रन्थ 'शैवतन्त्र' मा लिङ्गमा पाँच मूर्ति रहेको उल्लेख भएको छ । लिङ्ग एक भए पनि शिवको ज्योतिर्लिङ्गलाई पाँच रूप 'सद्योजात, वामदेव, अघोर, तत्पुरुष, ईशान पञ्चमुखी महादेवाय नमो नमः' भनी आराधना गरिन्छ । ती पाँच रूप हुन् – १. सद्योजात, २. वामदेव, ३. अघोर, ४. तत्पुरुष, र ५. ईशान । त्यसैले यी धनेश्वर महादेवको लिङ्गलाई पनि पाँच मूर्तिको कल्पनास्वरूप तामा र चाँदीको चतुर्मुख बनाई लिङ्गको शिर भाग छोपिने गरी राखिने चलन छ । 'लिङ्गपुराण' मा लिङ्गको वर्णन गरिएको छ । लिङ्ग त्यस्तो
ज्योतिस्वरूप हो, जसको ब्रह्मा र विष्णुले अन्त पाएनन् । पछि भक्ति र श्रद्धाभावले स्तुति गरेको देखेर भगवान् शिवले आफ्नो स्वरूपको महत्त्व उनीहरूलाई बुझाउनुभयो । लिङ्ग भनेको सगुण हो भने अलिङ्ग भनेको निर्गुण हो । त्यसै हुनाले श्रुति (वेद) ले पनि परब्रह्म परमेश्वरको निरूपण गर्दा परब्रह्ममा मन, वाणी तथा अरू पनि इन्द्रियका विषयसमेत सबै ग्रहण हुन पुग्दछन् । परब्रह्म स्थूल र सूक्ष्मभन्दा पनि परतर हो । अतः अलिङ्ग शिव सबैभन्दा पर हुनुहुन्छ । प्रकृतिदेखि पर नै शिव हुनुहुन्छ । प्रकृति भनौं अथवा प्रधान मूल प्रकृति भनौं अथवा मूल तत्त्व भनौं, त्यो वास्तवमा शिवको लिङ्ग हो अर्थात् चिह्न हो । त्यो आकृतिले नै शिवको अस्तित्वको बोध गराउँछ ।

'लिङ्गपुराण' मा लिङ्गको स्वरूप-विवेचना बारे यसरी वर्णन गरिएको छ –

अलिङ्गो लिङ्गमूलन्तं अव्यक्तं लिङ्गमुच्यते ।
अलिङ्गं शिवमित्याहुर्लिङ्गं शैवमिति स्मृतम् ॥
प्रधानं प्रकृतिश्चेति मदाहर्लिङ्गमुत्तमम् ।
गन्धवर्णरसैर्हीनं शब्दस्पर्शादिवर्जितम् ॥

(अर्थात् लिङ्ग नै लिङ्गको मूल हो । अलिङ्ग शिवलाई भनिन्छ भने लिङ्गलाई शैव (शिवसम्बन्धी वा शिवको) भनिन्छ । वास्तवमा प्रधान र प्रकृति या उत्तम लिङ्ग भनिएको छ । भगवान् शिव प्रकृतिभन्दा पर हुनुहुन्छ । त्यसैले प्रकृतिका गुणले उहाँलाई स्पर्श गर्न सक्तैनन् ।)

'लिङ्गपुराण' को पूर्वभाग १९-१५-१६ मा ब्रह्माजीले ऋषिहरूलाई यसरी बताउनुभयो –

लयनाल्लिङ्ग मित्युक्तं तत्रैव निखिलं सुराः । लिङ्गवेदी
महादेव लिङ्ग साक्षान्महेश्वरः ॥
तदाप्रभृति लोकेषु लिङ्गार्चा सुप्रतिष्ठिताः ॥

(अर्थात् जसमा सम्पूर्ण जगत्को प्रलयकालमा लय हुन्छ, जसमा सम्पूर्ण देवताहरू आश्रित रहन्छन्, त्यो नै लिङ्ग हो । लिङ्गवेदी महादेवी (पराशक्ति) हुन् तथा लिङ्ग साक्षात् महेश्वर हुन् । त्यसै बेलादेखि लिङ्गरूप महेश्वरको पूजा गर्ने परम्परा चल्यो ।) विश्वब्रह्माण्डका नाथ शिवका बारेमा यसरी वर्णन गरिएको छ – सहस्रशीर्ष विश्वात्मा सहस्राक्षः सहस्रपात् ।

सहस्रबाहुः सर्वज्ञः सर्वदेवभवोद्भवः ॥ हिरण्यगर्भो
रजसा तमसा शङ्करः स्वयम् ।
सत्वेन सर्वगो विष्णुः सर्वात्मत्वे महेश्वरः ॥

(अर्थात् हजारौँ शिर भएका, विश्व नै आत्मा भएका, हजारौँ नेत्र भएका, हजारौँ पाउ भएका, हजारौँ हात भएका, सर्वज्ञ भएका, सम्पूर्ण देवताहरूको उत्पत्तिको कारण भएका, रजोगुणले युक्त भएका, हिरण्यगर्भ ब्रह्माको रूप धारण गर्ने, तमोगुणले युक्त भएमा स्वयम् शङ्करको रूप धारण गर्ने, सत्वगुणले युक्त भएमा विष्णुको रूप धारण गर्ने सर्वात्मा रूप महेश्वर हुन् ।) यसरी शिवको महिमा शैवदर्शनमा भएको र धनेश्वर महादेवका बारेमा जान्न-बुझ्न खोज्दा उपर्युक्त शैवदर्शनका केही अंश मात्र भए पनि पाठकलाई जानकारीका लागि प्रस्तुत गरिएको हो । शैवदर्शनका बारेमा अन्य लेखहरूमा विस्तार भएका छन् र हुँदै जानेछन् ।

अभिलेख : धनेश्वर महादेवका बारेमा कुनै लिखत, शिलापत्र वा ताम्रपत्र पाउन सकिन्छ कि भन्ने उद्देश्य राखेर २०६२ साल असार १७ गते यो लेखक, डा. पुरुषोत्तमलोचन श्रेष्ठ र हरि मञ्जुश्री गरी तीनजना धनेश्वर महादेव शिवालय क्षेत्रमा पुगेका थियौँ । प्राचीन कालको कुनै त्यस्तो गहकिलो दस्तावेज नपाए पनि हामीले केही लिखित शिलापत्र र
ताम्रपत्रको पाठ पढ्न सक्यौँ, जो निम्नानुसार प्रस्तुत गरिन्छ –

१. मन्दिरको ढोकामाथि रहेको ताम्रपत्रमा आठ हरफमा यो लेखिएको छ –

१. सम्वत १९८२ साल भाद सुदी १५ रोज
२. ४ मा श्री ३ धनेश्वरको थानमा प्रीती ग
३. रेका टोखा खनपुको आसामरू १ रा
४. ज कुमारी २ पुत्र सोवलाल ३ भगत
५. लाल ४ हेरामाया ५ पुत्र वेकुलाल ६
६. क्वम्ह ७ पुत्री न्हुच्छेमाया ८ ज्यानमाया ७.
९ क्वन्हुमाया १० प्रानमाया ११ समे ८. त
भगतलालले प्रीती श्रुभ्मः ॥

विक्रम सम्वत् १९८२ सालमा खड्पू सहरको टाखामा ` बस्ने भगतलालसमेत १२ जवानले धनेश्वर महादेव प्रीति गरी केही मूल्यवान् वस्तु चढाएको प्रतीत हुन्छ । तर यो अभिलेखमा चढाएको वस्तु उल्लेख भएको देखिँदैन । मन्दिरको मूल द्वारमाथि यो सुनको मोलम्बा लगाएको ताम्रपत्र टाँगिएको हुँदा गजुर र त्यसभन्दा मुनि छतमा सुनको मोलम्बा लगाएको तामाको पातलो मन्दिरको शिरभाग यिनै भक्तले छोपेका हुन् कि भन्ने अनुमान गर्न सकिन्छ ।

२. मन्दिरको कम्मरभागमा नागपाशले वेष्ठित गरिएको छ। तामाको पातामा सुनको मोलम्बा लगाइएको त्यस नागमा पूर्वतर्फ निम्नानुसार लेखिएको छ –

१. स्वस्तिश्री सम्वत १९९० साल मिति मार्गसीरवदि ६ कारतीक २३ गते
२. रोज ४ मा ॥ श्री ३ धंडेसोरी महादेवया देगोलस । नागकन्या तह्म
३. षनपुवसातोल दीकह्म आसमदु श्रेष्ट ॥ नीजया पतनी राजकुमारी नी

४. ज या काय सिवलाल श्रेष्ट ॥ नीजया पतनी मायादेवी श्रेष्टनी पूब
५. हुन्छेलाल पुत्र ममाकाजी श्रेष्ट । पूत्री राममाया । तधीकह्म भ
६. ली चापदा माया । पूत्री भइनानी । पूत्री राधामाया । छय केसरी
७. माया थो ८ ह्मसेन देगोलसं प्रीतीयाना गनुल सुभं ॥ ॥

यो अभिलेखअनुसार खड्पू सहरनिवासी आशामरु श्रेष्ठसमेत निजका ८ सदस्यका परिवारले श्री धनेश्वर महादेव प्रीति गरी नागको जोडी मन्दिरमा वेष्ठित गरी १९९० साल कार्तिक २३ गते चढाएको देखिन्छ । अभिलेखको विवरणको लिपि देवनागरी भए पनि नेवारी भाषामा अभिव्यक्त भएका छन् । यस शिलालेखमा 'धनेश्वरी' भनी धनेश्वरलाई सम्बोधन गरिएको छ ।

३. मन्दिरको सामु तामाको पातामा सुनको मोलम्बा लगाएको अभिलेख उत्तरतर्फ फर्काएर टाँसिएको छ । त्यसमा निम्नलिखित विवरण अङ्कित गरिएको छ –

१. स्वस्तिश्री गणेशाय नमोः श्री ३ धन्देश्वरमहादेव प्रीतीः श्री ५ त्रिभुवण
२. वीरविक्रम शाहदेवया पालासंः श्री ३ धन्देश्वर महादेव देगोलया चौघरा पेति दे
३. फलस्मेत जग्नी संनोह कुधे पानासी कह्य श्री पुनेमतीः षन्दर्पु ग्राम थान चो
४. सं कोतोल संदीक हनव पनसीं धनलक्ष्मी पत्त हेरालाल धुजु श्रेष्ट परलोक जु
५. गु १९७५ साल माता थकुलानी प्रलोक जुगु १९७० साल ओया पुत्र ४ आसा
६. मरु नन्दलाल वैजनाथ रघुनाथ थो पेम्हसया पत्नीः मैथकुं परलोक १९७
७. ७ साल माहीली मनी थकुं साहीली हेरामाया परलोक १९७८ नेम्ह मायाः कां
८. छी नानी मायाः थोमीसया पत्त कृष्ण गोपाल मोहलाल

वीश्वनाथ सानुका

९. जी भीमनाथ सुखुराम जगंनाथ कृष्णभग्त थौ पनी पेम्हसया पतनी मैयादेवी

१०. पुरनमाया मधनीमायाः लक्ष्मीमायाः स्वानमायाः थोपनीस पुत्र रामगोपाल न्हु

११. क्षे सुन्दरः लालकाजी म्हायमचा सानुमाया वीस्नुमाया न्हुक्षमाया चीनीमाया

१२. मीश्रीमाया कृष्नमाया जोगमाया हरिमायाः छयंपी विकुमाया राधामाया दी

१३. लमाया अमृतमाया धो ४१ हमसेनं प्रीतीयाङा धन्देश्वर महादेगोया

१४. चौघराः इतीसंवत १९९२ साल कार्तीक कस्न १२ गते ८ स श्री धन्देश्वर

१५. प्रीती महारुद्री याना प्रती जुल सुभं ॥ ॥

४. खडपूनिवासी धनलक्ष्मीका पति हीरालाल धुजू श्रेष्ठ १९७५ मा् परलोक हुनुभएको र त्यसै गरी अन्य व्यक्तिहरूसमेत परलोक हुनुभएकोमा उहाँहरूको आत्मशान्तिका लागि धनेश्वर महादेवमा महारुद्री लगाई मन्दिरको पेटी बनाई मन्दिरपरिसरमा ढुङ्गा छाप्ने कार्यका अतिरिक्त सत्तलमा काठको फलैंचा बनाएको व्यहोरा सं. १९९२ मा स्थापना गरेको यस अभिलेखमा उल्लेख भएको छ ।

यो मन्दिरको सामुन्ने हनुमान स्थापित भएको थाम आकारको ढुङ्गाको खम्बा छ, जसको लम्बाइ-चौडाइ १ फुट रहेको र ६ फुट अग्लो छ । यो स्तम्भमा निम्नलिखित अभिलेख रहेको छ । पहिलो लाइन दुई अक्षरबाहेक फलामको पाताले छोपिएको छ ।

१. धने

२. श्वर थान अगाडी हलमान

३. (प) नागल्या भादगाउ कुमालॄ टो (ल)

४. वसन्या ता हा बाट बस्न आउन्या

५. स स पु गी री का छोरा रंजीत गीरीले थपनां

६. गरी च ह्रायाको मीती इती सम्वत १९३३ ७.

साल मिती मार्गवदी ७ रोज ३ मा हनुमा

८. न जी थापना गर्दा (तत्पल) गन्र्या भादगा
९. उ बस्न्या भाजु वीर सुदी वासस्तु द्वैवाम
१०. दोष नरदीयेते सुभं

सम्वत् १९९३ सालमा रन्जीत गिरीले हनुमानको मूर्ति स्थापना गरेको देखिन्छ ।

५. मन्दिरको मूल ढोकाको (पूर्वतर्फको) उत्तरतर्फको सत्तलमा पश्चिमाभिमुख गारोमा टाँसिएको शिलापत्र पढन सकिने अवस्थामा ् छैन, तर पनि जति पढन सकियो, त्यसको पाठ तल दिइएको छ ् –

१. श्री ५ गणेश श्री ५ धनेश्वर
२. ॐ श्री मङ्गलमूर्तये नमः लम्बोदर गणेश ..... यान्तय ॥ सर्वकार्यार्थ सिध्यार्थं नमस्तस्यै गणाधिपः ॥ धनेश्व
३. र नमस्तेस्तु विश्वरूप नमोस्तुते ॥ विक्रम संवत १९१७ साल श्री वंदिकापुर श्री (मा) न्य जीतमान सिं श्री येक प्र
४. वयाके ..... धं नं बुंकस्य ..... या थानस ..... सा ..... हुगल जीर्णोद्धार पंचमहायमच्चेयतयाङ ।

यो अस्पष्ट शिलालेखको माथिको पाठबाट वन्दिकापुर (बनेपा) निवासी जीतमान नाउँ गरेका भक्तले विक्रम सम्वत् १९१७ मा श्री गणेश स्थापना गरी श्री धनेश्वरको मन्दिरपरिसर र वरपरका सत्तल, पाटी र मन्दिर जीर्णोद्धार गरी केही खेत गुठी राखिदिएको देखिन्छ । यस शिलालेखमा बनेपा सहरलाई वन्दिकापुर भनिएको छ ।

६. मन्दिरको उत्तरतर्फ एक सत्तलमा पूर्वाभिमुख गरेर एक भैरवको मूर्ति भएको शिलाको पादपीठमा भएको अभिलेख निम्नबमोजिम छ –

१. श्री ३ धनेश्वर प्रीतिन, जलधाला देवलस ..... दिन
२. ..... तया, श्री केशवमल्लस्य, कुलोत्पत्ति, वहार
३. ..... जगत्सिङ्गतया, कवाथे थो ॥ आ ..... वरस, दित ४.
..... अदयास, लोहोन थाम स्वाङ व जल धाला त
५. या शिव प्रीतिन ला ..... ख थोतेतेव, सेल्होते वू पंच
६. न, पंचनमतेव च्छुसेनके, शिवधाव शिवधाव
७. जय सिं, महन्त सिं ॥ भोति, दर्गा जगत्सि (पा) बनेपाका राजा केशव मल्लका कुलमा जन्मिएका जगत् सिंहका सन्तान जय सिंह र महन्त

सिंहले शिवप्रीति गरी मन्दिरपरिसरमा पानीको जलाशयको निर्माण गरेको व्यहोरा उक्त अभिलेखमा उल्लेख गरेको देखिन्छ ।

यो माथिको भैरवमूर्ति पहिले कहाँ थियो भन्न कठिन छ, तापनि अहिले जुन ठाउँमा टाँसिएको छ, त्यो ठाउँमा पहिले थिएन भनेर स्पष्ट भन्न सकिन्छ । हाल मन्दिरको उत्तरतर्फ भएको यो सत्तल सिमेन्टद्वारा ढलान गरी बनाइएको छ र सत्तलको निर्माणक्रममा मन्दिरपरिसरमा भएका र पाइएका मूर्तिहरू सत्तलको गारोमा सिमेन्टले जोडी टाँसिएका छन् । यो अभिलेख भएको भैरवका अतिरिक्त विभिन्न देवदेवीहरूका मूर्तिहरू छन् । यो भैरवको मूर्ति निर्माण र अभिलेखको व्यहोराबाट करिब ३०० वर्ष पुरानो भएको प्रतीत हुन्छ ।

७. मन्दिरका सामु भएको १२ इन्च लम्बाइ र ९ इन्च उचाइ भएको सानो ढुङ्गाको बसाहा छ । बसाहाको पादपीठमा निम्न अभिलेख छ –

श्री (कर्तौल) पदाङ्की तस्य ..... प्रसव्य भूतो । भूतेशाङ्घि कुशैशयाङचनंर तस्याति प्रशातस्यच ॥१
जया वीरबहादुरस्य वृषभ (शुलभ) भक्तार्ति हनुलक्ष्मी भक्त कुमारीकाः डर्पयती ओ शम्भो भवतप्रीतये ॥२

शिवभक्त वीरबहादुरको नाउँमा हनुलक्ष्मी र भक्तकुमारीले यो बसाहा शिवप्रीति गरी चढाएको बुझिन्छ । यसमा सम्वत् तथा तिथिमिति खुलेको छैन ।

८. मन्दिरपरिसरको उत्तरतर्फ रहेको कैलाशमा एक ढुङ्गेधारा छ । धारा जीर्णोद्धार भएको व्यहोरा धारामा रहेको निम्न अभिलेखले स्पष्ट गरेको छ –

१. बानेश्वरनिवासी भरत जङ्गम समेतको सहयोग र धनेश्वर
२. विकास युवा समितिको समन्वयमा जीर्णोद्धार
३. धनेश्वर कैलाश ढुङ्गेधारा तथा सफा चौतारो
४. २०६१ कृष्णजन्माष्टमी यो ढुङ्गेधारो हालै मात्र जीर्णोद्धार भएको देखिन्छ । तर यसको पूर्व- इतिहास केलाउँदा र बुझ्दा यो करिब १५० वर्षपहिले निर्माण भएको बुझिन्छ । यो धाराको स्थापना भक्तपुर नगरस्थित जङ्गममठका मठाधीश डम्बरलिङ्ग देवरु जङ्गमले बनाएको स्थानीयवासीको भनाइ छ । यस धारामा प्रत्येक वर्ष विवाहपञ्चमीको दिन भक्तपुर

जङ्गममठबाट खटिएका मान्छेहरू आएर धाराको निकास खोल्ने तथा सफा गरी धाराको सिरानमा रहेको उमामहेश्वरको प्रीति गरी रुद्राभिषेक गर्ने र गाउँवासीहरूलाई दहीच्युरासहितको भोजन गराउने प्रचलन थियो । तर हाल सो प्रचलन टुटन गएको हुँदा उक्त धारो जीर्ण हुँदै गएको र धाराबाट पानी आउन ् बन्द भएको थियो ।

हालै धनेश्वर विकास युवा समितिको सक्रियतामा यो धाराको जीर्णोद्धार भएको छ । यस धाराको भौतिक अवस्था, कलाकृति र भक्तपुरनिवासी डम्बरलिङ्गको कार्यकाललाई विचार गर्दा यो करिब विक्रम सम्वत् १९३० देखि १९४० भित्र निर्माण भएको अनुमान गर्न सकिन्छ ।

९. मन्दिरचोकको दक्षिणतर्फ रहेको कुण्डको पश्चिमकोणमा नयाँ कृष्णमन्दिरको निर्माण भएको छ । सो मन्दिरको उत्तरतर्फ सहयोग गर्ने ३७ जना दाता भक्तजनको नाम लेखिएको छ । सो शिलालेखको मूल व्यहोरा निम्नानुसार छ –

ॐ श्रीगणेशाय नमः सच्चिदानन्दरूपाय विश्वोत्पत्यादि हेतवे । तापत्रयविनाशाय श्रीकृष्णाय वयं नुमः ॥

मानवजातिमा दीर्घकालसम्म धार्मिक चेतनाको जागरण भइरहोस् भन्ने उद्देश्यले श्रीमती तारा थापाको नेतृत्व रहेको उग्रेश्वर सामुदायिक महिला-समूहको सक्रियता एवं धनेश्वरवासी महिलाहरू, धनेश्वर विकास युवा समिति, भरत जङ्गम (बानेश्वर) र हरि मञ्जुश्री (बनेपा) को विशेष सहयोग, विभिन्न भक्तजनबाट भएको रु. १,०००।- भन्दा कम रकमको सहयोग तथा रु. १,०००।- भन्दा बढी रकमको सहयोग गर्ने निम्नलिखित भक्तजनको आर्थिक सहयोगमा या श्रीकृष्णमन्दिरको निर्माण गरी वि. सं. २०६२ साल भाद्र १० गते शुक्रबार श्रीकृष्णजन्माष्टमीको पावन अवसरमा विधिवत् समुद्घाटन गरियो ।

(यसपछि ३७ जना आर्थिक सहयोगदाता भक्तहरूको नाम, ठेगाना र रकम उल्लेख गरिएको छ ।)

इति सम्वत् २०६२ साल भाद्र १० गते रोज ६ शुभम ् यो शिलालेखबाट यो मन्दिर भर्खर बनेको देखिन्छ ।

लिखत कागजमा देखिएको धनेश्वर महादेवको जायजेथा तथा अन्य
भौतिक अवस्था : करिब आधा रोपनी क्षेत्रमा चारैतर्फ सत्तलपाटीले घेरिएर चार कुना

परेको चोकमा मूल मन्दिर रहेको छ । पूर्व, उत्तर र दक्षिणतर्फ प्रवेशद्वार रहेको सानो ढुङ्गा छापिएको चोकको मध्यभागमा १० फुट लम्बाइ-चौडाइ भएको करिब २१ फुट अग्लो शिखरशैलीको मन्दिरको माथिल्लो भाग तामाको पातामा सुनको मोलम्बा लगाएको धातुले छोपिएको छ र गजुरको चारैतर्फ धातुको नाग राखेर मन्दिरको माथिल्लो भागलाई सुरक्षा गरेको देखिन्छ । त्यस मन्दिरचोकको दक्षिणतर्फ करिब दुई रोपनीको क्षेत्रभित्र कुवा, सानो र ठूलो कुण्ड, पाटी, शौचालय र अन्य ससाना देवालयहरू छन् । यस स्थानको पश्चिम-उत्तरकोणमा पूर्वाभिमुख गराएर हालै मात्र सानो कृष्णमन्दिर बनाई राधाकृष्णको मूर्ति स्थापना भएको छ । यस क्षेत्रमा पनि ढुङ्गा छापिएको छ र त्यस स्थानबाट माथि मन्दिरको चोक पुग्नका लागि ढुङ्गाले चिनेको खुड्किला तल कुण्डबाट मन्दिरको दक्षिणद्वारसम्म जुटेको छ । त्यस कुण्डक्षेत्रबाट पूर्वतर्फ केही तलसम्म ढङ्गाका सिँढी छन् जुन बाटोबाट खड्पू सहर र पनौतीतर्फ जान

सकिन्छ । यसै गरी मन्दिरको पूर्वतर्फ पनि करिब आधा रोपनीजति क्षेत्रमा श्री गणेश, श्री अम्बिकादेवी र ससाना देवस्थलहरू छन् । त्यहीँ ठूलो पीपलवृक्ष र त्यसमा ढुङ्गाले चिनेको १९ फिट लम्बाइ-चौडाइ भएको सुन्दर चौतारो छ । यसबाट पूर्वतिर तलसम्म करिब १० रोपनी फैलिएको फूलबारी छ । त्यही फूलबारीको सानो भाग ओगट्ने गरी बाटैमा जोडेर प्रदीप के. सी. को सम्झनामा उनको परिवारबाट एक सुन्दर बगैँचाको निर्माण गरिएको छ । त्यहाँको शिलालेख यस्तो रहेको छ – ॐ नमः धनेश्वराय

काभ्रेपलाञ्चोक जिल्ला उग्रतारा जनागाल गा. वि. स. वडा नं. १ जनागालमा वि. सं. २०४० साल वैशाख २४ गते ठूलीकान्छी खत्रीका गर्भबाट शम्भुबहादुर खत्रीका सुपुत्रका रूपमा जन्मनुभएका प्रदीप के. सी. को वि. सं. २०६२ साल जेठ ८ गते असामयिक निधन भएकाले उहाँको पुण्यस्मृतिमा उहाँका पितामाताबाट धनेश्वर महादेवको नित्यपूजाका लागि फूल चढाउन सजिलो होस् भन्ने हेतुले यो शिवबगैँचाको निर्माण गरी भगवान् श्री धनेश्वर महादेवमा समर्पण गरियो ।

इति सम्वत् २०६३ साल जेठ महिना २७ गते रोज ७ शुभम् यो

सार्वजनिक क्षेत्र उत्तरतर्फ फुक्तै र साँगुरिँदै डाँडाको अर्थात्

कैलाशको उत्तर डिलसम्म फैलिएको करिब ५० रोपनी क्षेत्रमा फैलिएको छ । यो कैलाशक्षेत्रलाई गाउँको बोलीचालीको भाषामा डाँडा भनिन्छ भने धार्मिक नामका रूपमा यसलाई कैलाश भनिने गरिएको छ । तर यो कैलाशलाई पूर्व र पश्चिमतर्फका व्यक्तिगत जग्गावालाहरूले बिस्तारै अतिक्रमण गर्दै साँगुरो पार्दै आएको प्रतीत हुन्छ । मन्दिरमा एक सुन्दर ढुङ्गेधारो भएको यो कैलाशक्षेत्रको उत्तरतर्फको जमिनमा विद्यालय स्थापित भइसकेको छ ।

खेतीयोग्य जग्गातर्फ : हालका पुजारीहरूमा जेठा सुदर्शनप्रसाद जङ्गमसँग रहेको एउटा

लिखतबाट यो धनेश्वर मन्दिरको पश्चिम र उत्तरतर्फको ठूलो क्षेत्र महादेवको फूलबारी रहेको प्रतीत हुन्छ । फूलबारी भनिएको उक्त क्षेत्रमा हाल गाउँबस्तीको विकास भएको देखिन्छ । प्रतापलिङ्ग जङ्गम नाउँ गरेका व्यक्तिले २००७।२।२४ मा काभ्रेपलाञ्चोक मालअड्डाबाट सारिलिएको उक्त लिखतमा ४० परिवारको घरघडेरी भएको देखिन आएको छ । साथै १८ पाथी २ माना बीजन कायम भएको फूलबारी भनिने खेतीयोग्य जग्गा रहेको देखिन्छ । लिखत-कागजअनुसार घरघडेरीबाहेक करिब १०० रोपनी जग्गा भएको देखिन्छ । ४९ नं. मौजा बनेपा धनेश्वर कायम भएको प्रतापलिङ्ग जङ्गम जिम्माको उक्त जग्गामा जम्मा ४३ जना आसामीहरूका नाउँ उल्लेख भएका छन् । यस फूलबारीमा घर बनाई जग्गा जोती- कमाई तिरो बुझाइआएका पहिलेका र त्यसपछिका मोही कायम भएका

व्यक्तिहरूको नाउँ यसप्रकार छ – उक्त ४९ नं. मौजे धनेश्वर महादेवगुठीका आसामीको नाउँ : पूर्णभद्रलिङ्ग मर्दा सन्तलिङ्ग जङ्गम, ऐ. ऐ. मर्दा बुहारी मायालिङ्ग, देवलिङ्ग मर्दा छोरा बाबुलिङ्ग जङ्गम, बाबुराम मर्दा छोरा अनन्तलिङ्ग जङ्गम, सागरलिङ्ग मर्दा छोरा रुद्रनाथ जङ्गम, देवे मर्दा शङ्कर नेवार, नागलिङ्ग जङ्गमका राजिनामाबाट बलबहादुर पुरी, भैरे बोगटी मर्दा नाति नरबहादुर बोगटी, जयबहादुर मर्दा नरमान थापा, धर्मध्वज मर्दा छोरा बखतबहादुर थापा, कमानसिंह मर्दा छोरा रत्नबहादुर थापा, नरसिंह मर्दा छोरा जमानसिंह थापा, नरेशबहादुर थापा मरी बखतबहादुर थापा, पृथीबल मर्दा नाति लालबहादुर थापा, जहरसिंह मर्दा नाति खड्गबहादुर थापा, कालु थापा मर्दा छोरा लालबहादुर र स्वास्नी चेतकुमारी थपेनी र जङ्गे थापा, अम्बरलिङ्गको छोडपत्रबाट सन्तबहादुर थापा, नरसिंह थापा मर्दा नाति कुलबहादुर थापा, ललितमानको बकसपत्रबाट टीकाबहादुर अधिकारी, ईश्वरी बिष्टको

बकसपत्रबाट हरिबहादुर कार्की, कुबेर छिपा मर्दा छोरा रामनाथ छिपा, कृष्णबहादुर थापा, नरबहादुर अधिकारी, सन्तबहादुर थापा, लालवीरको राजिनामाबाट नरबहादुर अधिकारी, प्रतापलिङ्गको राजिनामाबाट नरबहादुर राउत, फाराम नं. ४ का रैतीबाट बकसपत्रबाट दधिलाल जैसी र लालबहादुर थापा तथा केदारबहादुर राउत, कृष्णबहादुर थापा, धर्मध्वज थापा, रुद्रबहादुर, वासुदेव, बद्रीलाल, वीरबहादुर घर्ती र अम्बरबहादुर दमै आदिका नाउँ उल्लेख भएका छन् । यो कागजमा पहिले कसको जिम्मामा उक्त घरजग्गा थियो र कसरी त्यो सम्पत्ति कसको नाउँमा कायम भयो भन्ने उल्लेख भएको देखिन्छ ।

वि. सं. १९८१ सालमा गुठी जाँचअड्डाबाट खडा भएको एउटा दस्तावेज सुदर्शनप्रसाद जङ्गमसँग रहेको छ । त्यसको व्यहोरा यसप्रकार छ– सम्वत् १९८१ साल श्री ५ सर्कारतर्फ गुठी लगतजाँचअड्डा श्री ५ सर्कारतर्फ पूर्व १ नम्बर बनेपा श्री धनेश्वर महादेवका गुठीको आम्दानी खर्च बाँकी कसरसमेतको लगत किताब --------------------------- उप्रान्त राजगुठीको आम्दानी खर्च बाँकी कसर पाटी, पौवा, हिटी, देवालय, साधु, फूल, बगैँचा, सत्तल, तलाउ समेतको २ प्रति लगत किताब खडा गरी तिम्रो सहीछाप गरी १ प्रति श्री ५ को सकारतर्फ गुठी बन्दोबस्त अड्डामा र १ प्रति कुमारीचोक नेपाल फाँटमा बुझाई भर्पाइ लिनु भन्या यस अड्डालाई भएको सवाल सनद बमोजिम पूर्व १ नम्बर बनेपा श्री धनेश्वरका गुठीको लगत किताब खडा गर्नलाई मिसिल हेर्दा १९०२ सालमा विश्वरूपा ब्रँह्मनीले खेत मुरी ।१० दानपत्र गरी गुठी
राखेको, १९०९ सालका पुरो पाध्याले खेत मुरी ।५ दानपत्र गरी राखेको, १९५३ सालमा नानी साहेब श्री कान्तदेवीले खेत रोपनी १५ दानपत्र गरी राखेको र १९०६ सालको वन १, घट्ट १ को चिताइडारीको रुक्का भएको सो सबै खेत मुरी ।१५ रोपनी १५ वन घट्ट १ समेतको १९५९ सालमा दाखिल भयाका लगत मिलान गरी १९६५ सालमा पूजाहारी पूर्णभद्र लिङ्ग समेत जवान ४ ले लगत दियाकोले दुनियाले आफ्नो हक छाडी दानपत्र गरी पुजाहारी जिम्मा दियाको गुठीयारका गुठी छाडी दियाका खण्डमा पुजाहारीहरूले बेचबिखन गरी खाइदियाका खण्डमा पूजाआजा बन्द भै राख्नेको धर्ती लोप हुन जाने हुनाले राजगुठी नै गरिदियाको खण्डमा राख्नेको धर्ती धर्म समेत रहन जाने हुँदा आम्दानी १९०२ र १९०९ सालको दानपत्रमा कुत नलेखियाको १९०६ सालको रुक्कामा चितइदार बक्सेकोले ५९ सालका

लगतभन्दा हाल ६५ सालका लगतमा घट्ट १ बढी लेखियाकोले सो ६५ सालका लगत बमोजिम खेत रोपनी १८॥।, घट्ट २, वन १ को धान २०।१४, गहुँ २।१९, मकै २।, घिउखाने रु. १।८३, पाखा फूलबारीको सेर्मा मोरु ३।५१।१, साफाग ।६४, गाईगोठ १८ समेत आम्दानी कायम गर्ने र रक्वाका हकमा १९०२ सालका दानपत्रमा रक्वाको फाँट खुलेको सो खर्चमा केही घटीबढी पारी ६५ सालका लगतमा लेखियाको हुनाले सो १९०२ र १९०९ सालका दानपत्रमा लेखिए बमोजिम रक्वा लेखिनु पर्नेमा सो ६५ सालका लगतमा १८५३ सालका शिलापत्रको खर्चमा नित्यपूजाको फूलपुष्प खर्च नलेखियाको रोज १ को रु ॥ ले दिन ३६५ के रु १।८०, शिवरात्री पर्वमा रातभर दीपमाला बत्ती बाल्ने खर्च नलेखेकाले सो दीपबत्ती बाल्नाके तेल माना ४ के दर ।३२ ले रु १।२८ जम्मा रु ३।८ र १९०२ सालका दानपत्रको खर्च मोरु ३।२० दानपत्र बमोजिम खर्च पुऱ्याउनलाई खर्च थपी दिने र शिलापत्र बमोजिम नित्यपूजाको खर्चमा श्रीखण्ड पर्व मोरु १४।४० मा आधा मोरु ७।२० र घ्यु चन्दनको मोरु ७।२० मा आधी मोरु ३।६० मात्र दिने, अरूमा लगतै बमोजिम खर्च दिने गरी बाँकी जिन्सीमा ५८ साल म्यादपछिको दर मोरु १ को धान ।६।४, गहुँ ।४।२ लेखी दियाकाले सोही दरले दर कायम गरे बमोजिम तपसिलको आम्दानी खर्च बाँकी कसर समेतको यस अड्डाबाट लगत किताव खडा गर्न र गुठीका हकमा हाल लगत किताब खडा गर्दा बाकी कसर मोरु ८।३ ठहरेको र सुरथ पंसकोजीले बनायाका २ तल्ले ५ कवले पक्की सत्तल १ दुनियाको हुनाले लगत नकस्ने र मन्दिर, पाटी भत्केबिग्रेको बनाउने आयस्ता केही नदेखियाको र गुठी पनि दुनियाहरूले यसमा नराखेको देखियाको हुनाले लेखियाका दरबन्दी बमोजिम काम चलाई बाँकी कसरले देवालय, पाटीहरू भत्केबिग्रेको बनाई गुठी चलन गर्न लेखियाका दरबन्दी बमोजिम पूजाआजा नगरी, भत्केबिग्रेको नबनाई धर्मलोप भयाको देखियो भने सजाय समेत भै गुठीबाट बर्खास्त होला भनी जो चाहिने व्यहोराको पुजाहारी पूर्णभद्रलिङ्ग समेत जना ४ का नाउँमा अड्डैका पुर्जी गरी दिन भनी सदर भै आयापछि यस अड्डाबाट लगत किताब खडा गरी मिसिल समेतको रिपोर्ट जिल्ला गोश्वारामा पठाइदिने समेत ठहराई यस अड्डाबाट जाहेर गरेका रिपोर्टमा मनासिबै ठहराई माथिका अड्डा रिपोर्ट फाँटले बोलेको तोक हुकुम मर्जी लगायत ८१ साल फागुन ३० गते रोज ६ मा अछापेबाट सदर भै आएको हुनाले सो सदर भै आयाबमोजिम सो गुठीको तपसिलमा लेखियाको आम्दानी खर्च बाँकी कसर समेतको लगत किताब खडा गरी श्री ५ सर्कारतर्फ गुठी बन्दोबस्त अड्डामा बुझाउने खरिदार वटुकनाथ उपाध्याय

खिचापोखरी, मुखिया हिराबहादुर मास्के बाङ्गेमुडा बमोजिम तपसिल ----
उक्त लगत कित्ता जनिएको जग्गा र त्यसका मोहीको नाउँ
निम्नानुसार उल्लेख भएका छन् । जग्गा कमाउने मोहीको नामावली —– जिल्लै बनेपा मौजे ऐ डोलखेतको मोही देवलिङ्ग जङ्गम, धनेश्वर । मौजे धनेश्वर पाफडोल घट्ट जिम्मा कुवेरलिङ्ग । कटचली खेत मोही देवलिङ्ग, पूर्णभद्रलिङ्ग, बगालिङ्ग र चतुरलिङ्ग । यस्तै जिल्लै पनौती मौजे विहावर पानीखेत मोही देवलिङ्ग । पाखो फूलबारीतर्फ पूर्णभद्रलिङ्ग, अम्बरलिङ्ग, देवलिङ्ग, बाबुरामलिङ्ग, बगालिङ्ग, देवे नेवार, भैरे बोगटी, जयबहादुर थापा, नरमान थापा, धर्मध्वज थापा, कमानसिंह थापा, नरसिंह थापा, नरबहादुर थापा, पृथीबल थापा, जहरसिह थापा, कालु थापा, सानुकालु थापा, जगे थापा, अम्बरसिंह अधिकारी, ललितमान बुढाथोकी, ईश्वरी बिष्टिनी, मनाध पुरी र कुबेर छिपा बनेपा ।

वि. सं. १९८१ साल चैत्रमा खडा भएको लगत किताबको शिरोभाग जस्ताको तस्तै सारिएको छ । व्यहोरा त्यसैबाट स्पष्ट हुने नै छ । उक्त लगतमा उपर्युक्त मोहीहरूले कमाएको आयस्ताको तेरिज पनि दिइएको छ र त्यसको आमदानीबाट धनेश्वर महादेवको पूजाआजा गर्नुपर्ने व्यहोरा पनि लेखिएको छ । माथि उल्लिखित जग्गाबाहेक अरू पनि धनेश्वर गुठीमा जग्गाहरू थिए । तर अहिले २०४३ सालपछि गुठी संस्थान ऐनको संशोधनले राजगुठीका मोहीहरूले जग्गालाई रैतानमा परिणत गर्ने अधिकार पाएका हुँदा श्री धनेश्वर महादेवको गुठीको आमदानी हरिन गएको छ ।

शिवपूजनविधि :

सनातनदेखि चलिआएको शिवपूजनविधि एकै किसिमको छ जो विस्तारमा तल उल्लेख गर्न उचित सम्झेर पूजाविधिलाई प्रस्तुत गर्दछु । पुजारीले स्नानादिले पवित्र भएर शिवलिङ्गमा प्रथम जलसेचन गराई, स्थान सफा गरी, लिङ्गसमीप आसनमा बसेर, प्राणायाम र आचमन गरेर, अक्षता हातमा लिएर ‘श्री साम्वसदाशिवप्रीत्यर्थं श्री धनेश्वर महादेवपूजां करिष्ये’ भनेर निम्न मन्त्र उच्चारण गरिन्छ – ‘ॐ नमः शम्भवाय च मयोभवाय च नमः शङ्कराय च मयस्कराय च नमः शिवाय च शिवतराय च ।’ अर्थात् समस्त विश्वकल्याणका आधार भगवान् शङ्करलाई नमस्कार छ । कल्याण तथा सुखका मूल स्रोत भगवान् शिवलाई नमस्कार छ । कल्याणलाई विस्तार

गर्ने तथा सुखको विस्तार गर्ने भगवान् शिवलाई नमस्कार छ । मङ्गलस्वरूप, मङ्गलमयताका सीमा भगवान् शिवलाई नमस्कार छ ।

सर्वो वै रुद्रस्तस्मै रुद्राय नमो अस्तु । पुरुषो वै रुद्रः
सन्महो नमो नमः ॥ विश्वं भूतं भुवनं चित्रं बहुधा
जातं जयमानं च यत् ।
सर्वो ह्येष रुद्रस्तस्मै रुद्राय नमो अस्तु ॥

अर्थात् जुन रुद्र उमापति हुन्, उनी सबै शरीरमा जीवहरूबाट प्रविष्ट छन् । उनलाई प्रणाम छ । प्रसिद्ध एक अद्वितीय रुद्र नै पुरुष हुन् । उनी ब्रह्मलोकमा ब्रह्माका रूपमा, प्रजापतिलोकमा प्रजापतिका रूपमा, सूर्यमण्डलमा विराट रूपमा तथा मानवशरीरमा जीवरूपमा स्थित भएका छन् । तीनै महान् सच्चिदानन्दस्वरूप रुद्रलाई बारम्बार प्रणाम छ । समस्त चराचरात्मक जगत् जुन विद्यमान छ तथा हुन्छ, ती सबै प्रपञ्च रुद्रको सत्ताबाट भिन्न हुन सक्तैन । ती रुद्रलाई प्रणाम छ ।

शिवलिङ्गको
पूजन :

पाद्य (जल) : ॐ नमो—स्तु नीलग्रीवाय सहस्राक्षाय मीढुषे ।
अथो ये अस्य सत्वानो—हन्तेभ्यो—करं नमः ॥

अर्घ्यजल : ॐ गायत्री त्रिष्टुप्जगत्यनुष्टुप्पङक्त्या सह ।
वृहत्युष्णिहाककुब्सूचीभिः शम्यन्तुत्वा ॥

आचमन : ॐ त्र्यम्बकं यजामहे सुगन्धिम् पुष्टिवर्द्धनम् ।
उर्वारूकमिवबन्धनान्मृत्योर्मुक्षीय मा—मृतात् ॥

जलस्नान : ॐ वरुणस्योत्तम्मनमसि वरुणस्य तु ।
सदनमसि वरुणस्य ऋतुसदनमासीत् ॥

दुग्धस्नान : ॐ गोक्षीर धामन् देवेश गोक्षीरेण मया कृतम् ।
स्नापनं देवदेवेश गृहाण शिवशङ्करः ॥

दधिस्नान : ॐ दध्ना चैव मया देव स्नापनं क्रियते तव ।
गृहाण भक्त्या दत्तं मे सुप्रसन्नो भवाव्यय ॥

घृतस्नान : ॐ सर्पिषा देवदेवेश स्नापनं क्रियते मया ।
उमाकान्त गृहाणेदं श्रद्धायासुरसत्तम ॥

मधुस्नान : ॐ इदं मधु मया दत्तं तव तुष्टयर्थमेव च ।

गृहाण शम्भो त्व भक्त्या मम शान्तिप्रदोभव ॥

शर्करस्नान : ॐ सितया देवदेवेश स्नापनं क्रियते मया ।
गृहाण शम्भो मे भक्त्या मम शान्तिप्रदोभव ॥

पञ्चामृत : ॐ पञ्चामृत मयानीतं पयोदधि समन्वितम् ।
घृतंमधुशर्करया स्नानार्थं प्रतिगृह्यताम् ॥

शुद्धोजलस्नान : ॐ शुद्धवालः सर्वशुद्धवाला मणिवालस्त आश्विनाः श्येतश्येताक्षोरुणस्ते । रुद्राय पशुपतेय कर्णायामा अवविप्ता रौद्र नभोरूपाः पार्जन्याः ॥ शुद्धस्नानं समर्पयामि ।

रुद्राभिषेक : लिङ्गको माथमा जलधारा लगाएर प्रारम्भ गर्ने – ॐ नमो भगवते रुद्राय । हरिः ॐ नमस्ते रुद्रमन्न्यव—उतोत—इषवे नमः । बाहुभ्यामुतते नमः ॥ या ते रुद्र शिवातनूरघोरा—पापकाशिनी । तयानस्तन्न्वा शन्त-मयागिरिशन्ताभिचाकशीहि ॥ यामिषुङ्गिरिशन्त-हस्तेर्विभर्ष्यतवे । शिवाङ्गिरित्रताङ्कुरुमा हि □ सीः पुरुषञ्जगत् । शिवेनव्वचसात्त्वा गिरिशाच्छाव्वदामसि । यथानः सर्व्व-मिज्जगदयक्ष्म □ सुमना असत् । अदध्यवोचदधिवक्ताप्प्रथमो ॒ दैव्योभिषक् । अहींश्च सर्वाञ्जम्भयन्त्सर्वाश्च यातुधान्न्यो धराचीः परासुवः । असौयस्ताम्रो—अरुण—उतबभ्रुः सुमङ्गलः । येचैनः रुद्रा—अभितोदिक्षुश्रिताः सहस्रशोवैषा □ हेड—ईमहे । असौयोव-सर्प्पतिनीलग्ग्रीवोविलोहितः । उत्तैनङ्गोपा—अदृश्श्रन्न-दृश्रन्नुदहाचर्यः सदृष्टोमृडयातिनः । नमोस्तु नीलग्रीवायसहस्राक्षायमीढुषे । अथोये—अस्यसत्वानो हन्तेभ्यो करन्नमः ॥ प्रमुञ्च धन्न्वनस्त्व-मुभयोरात्त्न्योर्ज्याम् । याश्चते हस्त—इषवः पराताभगवोव्वप ॥ विज्ज्यन्धनुः कपर्द्दिनोव्विशल्ल्योवाणवाँ उत । अनेशन्नस्यया—इषव—आभुरस्य निषङ्गधिः ॥ यातेहतिर्म्मीढुष्टमहस्ते बभूवतेधनुः । तयास्म्मान्विवतस्त्वमयक्ष्मया परिभुज ॥ परितेधन्न्व-नोहेतिरस्मान्वृणक्तुव्विश्वतः । अथोय—इषुधिस्तवारे—अस्मन्निधेहितम् ॥ अवतत्य धनुष्ट्व □ सहस्राक्ष शतेषुधे । निशीर्य शल्ल्यानाम्मुखा शिवोनः सुमनाधव ॥ नमस्त— आयुधायानाततायधृष्णवे । उभाब्भ्यामुतते नमो बाहुब्भ्यान्तव धन्न्वने ॥ मानोमहान्त- मुतमानो अर्ब्भकम्मान—उक्षन्तमुतमान—उक्षितम् । मानोव्वधीः पितरम्मोतमातरम्मानः— उक्षन्तमुतमान—उक्षितम् ॥

मानोव्वधीः—प्पितरम्मोतरम्मानः प्प्रियास्तन्न्वोरुद्ररीरिषः ॥ मानस्तोके तनयेमान—आयुषिमानोगोषुमानो— अश्वेषुरीरिषः । मानोव्वीरान्नुद्रभामिनोव्वधीर्हविष्म्मन्तःसदमित्वा हवामहे ॥ नमस्ते अस्तु भगवान् धनेश्वराय महादेवाय त्र्यम्बकाय त्रिपुरुषाय त्रिपुरान्तकाय त्रिकालाग्निकालाय कालग्निरुद्राय नीलकण्ठाय मृत्युञ्जयाय सर्वेश्वराय सदाशिवाय श्रीमन्महादेवाय नमः ॥

सके पूरा एक आवृत्ति, नसके यति मात्र भए पनि रुद्राभिषेक पाठ गरेर 'अभिषेकं समर्पयामि' गर्नुपर्छ ।

शृङ्गार आरम्भ : वस्त्र : ॐ विज्ज्यन्धनुः कपर्द्दिनोव्विशल्ल्योवाणवाँ उत ।
अनेशन्नस्ययाऽ—इषव—आभुरस्य निषङ्गधिः ॥ वस्त्रं समर्पयामि । यज्ञोपवीत : ॐ ब्रह्मज्ञानं प्रथमं पुरस्तात् विसीभतः सुरुचो वेन आवः ।
स बुध्न्या उपमा अस्य विष्ठाः सतञ्च योनिम् असतश्च विश्वः । यज्ञोपवीतं समर्पयामि ।
श्रीखण्ड : ॐ नम श्वभ्यः श्वपतिभ्यश्च वो नमो नमो भवाय च रुद्राय च । नमः शर्व्वाय च पशुपतये च नमो नीलग्रीवाय च शीतिकण्ठाय च ॥ श्रीखण्ड रक्तचन्दनं समर्पयामि । अक्षता : ॐ नमः शम्भवाय च मयोभवाय च नमः शङ्कराय च मयस्कराय च नमः शिवाय च शिवतराय च ॥
अक्षतां समर्पयामि । पुष्प : ॐ नमः पर्याय चावार्याय च नमः प्रतरणाय च । नमस्तीर्थ्याय च कूल्याय च नमः शष्प्याय च फेन्याय च ॥ पुष्पं समर्पयामि । पुष्पमाला : ॐ नाना पङ्कज पुष्पैश्च ग्रथितां पल्लवैरपि । विल्बपत्रयुतां मालां गृहाण सुमनोहरम् ॥
पुष्पमालां समर्पयामि । विल्बपत्र : ॐ नमो विल्मिने च कवचिने च नमो वर्मिणे च वरुथिने च । नमः श्रुताय च श्रुतसेनाय च नमो दुन्दुभ्याय चाहनन्याय च ॥ विल्बपत्रं समर्पयामि । तुलसीपत्र : ॐ शिवोभव प्रजाभ्यो मानषीभ्यः त्वमङ्गिरः ।
माद्यावापृथिवी अभिशाचीमर्मान्तरिक्षमा वनस्पतीन् ॥
तुलसीपत्राणि समर्पयामि । दुबो : ॐ काण्डात् काण्डात् प्ररोहन्ति पुरुषः परुषस्परि । एवानो दुर्वे प्रतनु सहस्रेण शतेन च ॥ दुर्वा समर्पयामि ।

आभूषण : ॐ वज्रमाणिक्य वैदूर्यं मुक्ताविद्रममण्डितम् ।
पुष्परागसमायुक्तं भूषणं प्रतिगृह्यताम् ॥ आभूषणम्
समर्पयामि ।

धूप : ॐ नमः कपर्दीने च व्युप्तकेशाय च नमः सहस्राक्षाय च शतधन्वने च । नमो गिरिशयाय च शिपिविष्टाय च नमो मीढुष्टमाय चेषुधिमते च ॥ धूपम् आघ्रापयामि ।

दीप : ॐ नमो आशवे चाजिराय च नमः शीघ्याय च शीभ्याय च ।
नमः ऊर्म्याय चावस्वन्न्याय च नमो नादेयाय चद्द्वीपाय च ॥
दीपं दर्शयामि ।

नैवेद्य : ॐ नमो ज्येष्ठाय च कनिष्ठाय च नमः पूर्वजाय चापरजाय
च । नमो मध्यमाय चापगल्भ्याय च नमो जघन्याय च
बुध्न्याय च ॥ नैवेद्यं समर्पयामि ।

मध्यपानीय : ॐ नमः शोभ्याय च प्रतिसर्याय च नमो याम्याय च क्षेम्याय च । नमः श्लोक्याय चावसन्याय च नमः ऊर्वर्याय च खल्वाय च ॥ मध्यपानी समर्पयामि ।

ऋतुफल : ॐ फलानि यानि रम्याणि स्थापितानि तवाग्रतः । तेन
मे सफलावाप्तिः भवेज्जन्मनि जन्मनि ॥
ऋतुफलं समर्पयामि । आचमन : ॐ त्रिपुरान्तक दीनार्तिनाश
श्रीकण्ठ शाश्वतः । गृहाणार्चामनीयं च पवित्रोदककल्पितम् ॥
आचमनीयं समर्पयामि । पुगीफल : ॐ इमा रुद्राय तपसे
कपर्दिने क्षयद्विराय प्रभरामहे मतीः । यथा सभसदद्विपदं चतुष्पदे
विश्वंपुष्टंग्रामे अस्मिन्ननातु रम् ॥ ताम्बूल पुगीफलं समर्पयामि ।
आरती : ॐ कर्पूरगौरं करुणावतारं संसारहारं भुजगेन्द्रहारं । सदा
वसन्तं हृदयारविन्दे भवं भवानीसहितं नमामि ॥ पुष्पाञ्जली : ॐ
असितगिरिसमं स्यात्कज्जलः सिन्धु पात्रे ।
सुरतरुवरशाखा लेखनी पत्रमुर्वी ॥
लिखति यदि गृहीत्वा शारदा सर्वकालं ।
तदपि तव गुणानामीश पारं नयाति ॥

वन्दे देव उमापतिं सुरुगुरुं वन्दे जगत्कारणं । वन्दे
पन्नगभूषणं मृगधरं वन्दे पशूनाम् पतिम् ॥ वन्दे
सूर्यशशाङ्कवह्निनयनं वन्दे मुकुन्दप्रियम् । वन्दे भक्तजनाश्रयं च
वरदं वन्दे शिवं शङ्करम् ॥

नमस्कारमन्त्र : ॐ नमः शिवाय शान्ताया नमः सोमाय सम्भवे ।
नमः शिवाय कल्याणीपतये ते नमो नमः ॥ शिवस्तोत्र : ॐ
हर शम्भो महादेव विरूपाक्ष त्रिलोचन । दयासिन्धो दीनबन्धो रक्ष
रक्ष महेश्वर ॥ मायासमुद्रपतित अनन्तकलुषन्वितम् ।
मामुद्धर महेशान भक्तवत्सल शङ्करः ॥

'नमः शिवाय' नै देवाधिदेव महादेवको मूल मन्त्र हो । यो मन्त्रलाई पञ्चाक्षरमन्त्र भनिन्छ । यस मन्त्रद्वारा शिवपूजन भएमा पनि शिवजी प्रसन्न बन्नुहुन्छ भन्ने कुरा धेरै पुस्तकहरूमा लेखिएको छ । यो 'नमः शिवाय' महामन्त्रलाई जुनसुकै बेला र समयमा जप गर्दा वा उच्चारण गर्दा शिवप्राप्ति हुन्छ भन्ने बलियो प्रमाण यथेष्ट पाइन्छ । यस मन्त्रको महिमालाई लिएर डा. चन्द्रशेखर शिवाचार्यले 'अष्टावरणविज्ञान' नामक पुस्तकमा 'नमः शिवाय' पञ्चाक्षरमन्त्रका बारेमा विस्तृत व्याख्या गर्नुभएको छ । त्यसै पुस्तकको मन्त्रको परिच्छेदमा यसलाई किन महामन्त्र भनिएको भनेर यसरी भन्नुभएको छ – "नमः शिवाय, यो पञ्चाक्षरमन्त्रमा नमः शब्दबाट जीवको बोध हुन्छ । किनभने नमस्कार गर्ने उपासक हुन्छ । अतः उपासक जीव हो । उपासकको समस्त मङ्गलपरम्परालाई दिनेवाला उपास्य परब्रह्म 'शिव' हुन् । 'आय' शब्दले त्यस उपास्य-उपासक तथा शिव-जीवहरूको अभेद जानकारी दिन्छ । यसप्रकार 'तत्त्वमसि' महावाक्यजस्तै यस शब्दले अभेद बुद्धि उत्पन्न गर्नाको कारणले यसलाई महामन्त्र भनिएको हो । त्यसैले भनिन्छ –

शिवतत्त्वात् परं नास्ति यथा तत्त्वान्तरं महत् ।
तथा पञ्चाक्षरीमन्त्रान्नास्ति मन्त्रान्तरं महत् ।

यस मन्त्रको मूलम्, विद्या, शिव, शैवसूत्रं तथा पञ्चाक्षर, यी पाँच सार्थक नाउँ हुन् । त्यसैले भनिएको छ –

मूलम् विद्या शिवः शैवसूत्रं पञ्चाक्षरस्तथा । एतानि
पञ्चनामानि पञ्चाक्षरमहामनोः ॥

समस्त प्रपञ्चको उत्पत्तिको मूल कारण भएको हुँदा 'मूलम' ् भनिएको हो । यसैका विषयमा 'सिद्धान्तशिखामणि' मा भनिएको छ – पञ्चभूतानि सर्वाणि पञ्चतन्त्रादिकाणि च । ज्ञानेन्द्रियाणि पञ्चापि पञ्चकर्मेन्द्रियाणि च ॥ पञ्चब्रह्माणि पञ्चापि कृत्यानि सहकारणैः । बोध्यानि पञ्चभिर्वर्णैः पञ्चाक्षरमहामनोः ॥

पञ्चधा पञ्चधा यानि प्रसिद्धानि विशेषतः ।

तानि सर्वाणि वस्तूनि पञ्चाक्षरमयानि हि ॥

यसको तात्पर्य यो हो कि 'नकार' बाट सद्योजात ब्रह्म, गन्ध तन्मात्रा, पृथ्वी घ्राण तथा गुदा कर्मेन्द्रिय उत्पन्न भए । 'मकार' बाट वामदेव ब्रह्म, रस तन्मात्रा, जल जिह्वा तथा गुह्य इन्द्रिय प्रकट भए । 'शिकार' बाट अघोर ब्रह्म, रूप तन्मात्रा, अग्नि नेत्र तथा पाद इन्द्रिय उत्पन्न भए । 'वकार' बाट तत्पुरुष ब्रह्म, स्पर्श तन्मात्रा, वायु त्वक् एवं पाणि इन्द्रिय प्रकट भए । 'यकार' बाट ईशान ब्रह्म, शब्द तन्मात्रा, आकाश श्रोत्र तथा वाक् इन्द्रिय उत्पन्न भए ।

यति मात्र होइन, विश्वमा जति पनि पञ्चक प्रसिद्ध छन्, ती सबै यही पञ्चाक्षरमन्त्रबाट नै उत्पन्न भएका हुन् तथा अन्य सबै मन्त्रहरूको यो उद्गम स्थान हो । त्यसैले यस मन्त्रलाई 'मूलम्' भनेर नाम दिइएको हो, अर्थात् मन्त्रको मूल भनिएको हो । शिवसँग सम्बन्धित सबै विषय यिनै पाँच अक्षरहरूमा अत्यन्त सङ्क्षेपमा प्रतिपादित हुन्छ । त्यसैले यसलाई 'शैवसूत्र' भनिन्छ । पाँच अक्षरबाट संयुक्त भएको कारणले यसलाई पञ्चाक्षर भनिएको हो ।

ॐकारपूर्वो मन्त्रो—यं पञ्चाक्षरमयः परः । शैवागमेषु
वेदेषु षडक्षर इति स्मृतः ॥

यो पञ्चाक्षरमन्त्र जब ॐकारबाट संयुक्त हुन्छ, तब यसलाई षडक्षर भनिन्छ । यसै षडक्षरलाई मूल पञ्चाक्षर पनि भनिन्छ । यस षडक्षर मन्त्रको ॐकारबाट शिवको निष्कल स्वरूप तथा 'नमः शिवाय' यो पञ्चाक्षरबाट शिवको सकल स्वरूपको बोध हुन्छ । सद्योजात, वामदेव, अघोर, तत्पुरुष तथा ईशान, यी पाँच शिवका प्रसिद्ध मूर्ति यही मन्त्रबाट निर्मित भएका हुन् ।"

शिवपञ्चाक्षर स्तोत्र : नागेन्द्रहाराय त्रिलोचनाय भस्माङ्गरागाय
महेश्वराय । नित्याय शुद्धाय दिगम्बराय तस्मै नकाराय
नमः शिवाय ॥

जसको कण्ठमा नागको हार छ, जसका तीन आँखा छन्, भस्म नै जसको अङ्गराग छ, दिशाहरू नै जसको वस्त्र छ, तिनै शुद्ध अविनाशी महेश्वर नकारस्वरूप शिवलाई नमस्कार छ । मन्दाकिनीसलिलचन्दनचर्चिताय

नन्दीश्वरप्रमथनाथ महेश्वराय । मन्दारपुष्प बहुपुष्प सुपूजिताय तस्मै मकाराय नमः शिवाय ॥

गङ्गाजल तथा चन्दनबाट जसको अर्चना भएको छ, मन्दार-पुष्प र अन्य कुसुमहरूबाट जसको पूजा भएको छ, ती नन्दीका अधिपति प्रमथगणका स्वामी महेश्वर मकारस्वरूप शिवलाई नमस्कार छ । शिवाय गौरीवदनाब्जवृन्द सूर्याय दक्षाध्वरनाशकाय ।

श्रीनीलकण्ठाय वृषध्वजाय तस्मै शिकाराय नमः शिवाय ॥

जो कल्याणस्वरूप छन्, पार्वतीलाई प्रसन्न गर्नका लागि जो सूर्यस्वरूप छन्, जो दक्षको यज्ञ नाश गर्नेवाला हुन्, जसका ध्वजामा वृषभ छन्, उनै शोभाशाली नीलकण्ठ शिकारस्वरूप शिवलाई नमस्कार,छ । वशिष्ठ कुम्भोद्भवगौतमार्य मुनीन्द्रदेवार्चितशेखराय ।

चन्द्रार्कवैश्वानरलोचनाय तस्मै वकाराय नमः शिवाय ॥

वशिष्ठ, अगस्त्य र गौतम आदि श्रेष्ठ ऋषिहरू र इन्द्रादि देवताहरूले जसको पूजा गरेका छन्, चन्द्रमा, सूर्य र अग्नि जसका नेत्र हुन्, उनै वकारस्वरूप शिवलाई नमस्कार छ ।

यक्षस्वरूपाय जटाधराय पिनाकहस्ताय सनातनाय । दिव्याय
देवाय दिगम्बराय तस्मै यकाराय नमः शिवाय ॥

जसले यक्षरूप धारण गरेका छन्, जो जटाधारी छन्, जसको हातमा पिनाक छ, जो दिव्य सनातन पुरुष हुन्, उनै दिगम्बरदेव यकारस्वरूप शिवलाई नमस्कार छ ।

पञ्चाक्षरमिदं पुण्यं यः पठेच्छिवसन्निधौ ।
शिवलोकमवाप्नोति शिवेन सह मोदते ॥

जो शिवको समीप यो पवित्र पञ्चाक्षर स्तोत्रको पाठ गर्छ, उसले शिवलोक प्राप्त गर्छ र शिवको साथ पाएर आनन्दित हुन्छ ।

पूजा, पर्वपूजा र मेला : धनेश्वर महादेवमा नित्य-नैमित्य पूजा हुने गरेको छ । परापूर्वकालदेखि चल्दै आएको यो श्रीको पूजा वीरशैव मतका लिङ्गायत ब्राह्मण अर्थात् जङ्गमजातिबाट हुँदै आएको छ । बिहानको नित्यपूजा र साँझको आरती जङ्गम पुजारीहरूबाट सम्पन्न हने चलन आजसम्म चलेको छ । कुन समयदेखि यी जङ्गमहरू यी धनेश्वर महादेवको पूजामा संलग्न

भएका हुन् भन्ने कुरा यकिनका साथ भन्न नसकिए पनि यस स्थानको भौतिक र वातावरणीय अवस्थालाई गहिरिएर नियाल्ने हो भने जङ्गमहरूको पूर्ण बाहुल्य कायम भएको प्रस्ट देखिन्छ । यस मन्दिरमा नित्य पूजा-अर्चना गर्ने जङ्गमहरू भएको र तिनै जङ्गमहरू मन्दिरको वरपर घेरिएर बसोवास गरेका देखिएका हुँदा यो जातिको यस मन्दिरसँग निकटतम सम्बन्ध स्थापित भएको देखिन्छ । त्यहाँका बूढापाकाहरू भन्छन् – 'जङ्गमजातिले मात्र प्रवेश पाएको यो शिवमन्दिरमा पहिले जङ्गमबाहेकका अन्य ब्राह्मण तथा कुनै अरू जातिले प्रवेश पाएका थिएनन्, तर हाल करिब एक सय वर्षयतादेखि अन्य ब्राह्मणहरू पनि मन्दिरमा प्रवेश गरेर पूजा गर्न थालेका छन् । तर श्रीको नित्यपूजा भने जङ्गमजातिले बाहेक अरूले गर्ने गरेका छैनन् ।' वर्षभरिमा अनेक पर्वपूजा र मेलाहरू हुने गर्छन् । त्यसमध्ये धान्यपूर्णिमा यस क्षेत्रमा चल्ने विशेष मेला हो । यो मेलामा पूर्वका ओखलढुङ्गा र भोजपुरदेखि पश्चिमका धादिङ, नुवाकोट र गोरखा जिल्लाबाट समेत मेला भर्न आउने गर्छन् । पूर्णिमाका अतिरिक्त पूर्णिमाको पाँच दिनपछिको पञ्चमीको दिन पनि मेला भर्ने यात्रीहरू आउने गर्छन् । यात्रीहरूको चाप हेर्दा पूर्णिमाको भन्दा पञ्चमीको दिनको मेलामा बढी यात्रीहरू देखिन्छन् । पूर्णिमाको दिन आफ्नै गाउँघरमा चाडबाड र कुलायनपूजा आदि हुने कारणले पनि पञ्चमीमा यात्रीहरू बढेको अनुमान गर्न सकिन्छ ।

उपर्युक्त धान्यपूर्णिमा र पञ्चमीको मेलाबाहेक यस धनेश्वर महादेवमा निम्नलिखित पर्व-मेला पनि चल्ने गरेको छ । जस्तै : १) श्रावणका सोमबारहरू, २) तीज, ३) बालाचतुर्दशी, ४) माघ महिना अर्थात् पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म एक महिनाका सबै दिनहरू, ५) शिवरात्री, ६) फागुपूर्णिमा, र ७) अक्षयतृतीया आदि । धान्यपूर्णिमाको महिमाका बारेमा जनश्रुतिका साथै सम्बन्धित धार्मिक पुस्तकहरूमा महत्त्व दिएर उल्लेख भएको पाइन्छ । मार्गशीर्ष पूर्णिमालाई धान्यपूर्णिमा भनिन्छ । प्राचीन कालदेखि नै यो पूर्णिमालाई पर्वका रूपमा मान्ने चलन चलेको छ । यो दिन धान्यपर्वत अर्थात् धान्य धान, मकै, तिल, जौ आदि) को पहाडजत्रो ठूलो रास अर्थात् थुप्रो बनाई दान गर्ने र अन्नपूर्ण आदि देवता स्थापना गरी यज्ञयागादि गर्नुपर्छ भन्ने चलन छ । नेवार समुदायले योमरीपुह्निका रूपमा मनाउने यो दिन व्रत बसी धनेश्वर महादेवको पूजा गर्नाले धनसम्पत्ति आर्जन हुन्छ भन्ने प्रचलनअनुसार धनेश्वर महादेवमा धेरै ठूलो मेला लाग्ने गरेको छ । पूर्णिमा र पञ्चमीको मेला लाग्दा दीप र महादीप प्रज्ज्वलन गरी रातभरि श्री धनेश्वर महादेवको आराधना गरी जाग्राम बस्ने चलन छ । यसरी मेला

भर्न आएका यात्रुहरूले अनेक लोकसंस्कृति कायम राख्ने खालका गीतहरू गाउने र धार्मिक-पौराणिक कथनलाई सङ्गीतमय बनाएर खैँजडीको तालमा भजन गर्ने चलन छ । यस जाग्रामका समयमा नारी र पुरुषका बीचमा दोहोरी गीत गाई वातावरणलाई मनोरञ्जन प्रदान गर्ने चलन छ । यसरी गाइने दोहोरीमा प्रतियोगितासमेत हुने हुँदा खास गरी तामाङ जातिका युवक-युवतीहरूको त प्रतियोगीका विजयीसँग उसको इच्छाअनुसार यसै दिन वैवाहिक सम्बन्धसमेत स्थापित हुने गर्दछ । धार्मिक मेलासँग यस्ता रसिक कार्य पनि संलग्न रहेको कारणले गर्दा यो धनेश्वरको मेलाको लोकप्रियता आजसम्म कायम देखिन्छ ।

भजन र अखण्ड धुनी : यस मन्दिरको पूर्वी भागको सत्तलको मूल ढोकाको उत्तरतर्फ अखण्ड धुनी रहेको छ । यो शिवधुनीमा एकजना साधु कहिल्यै पनि छट्‌ तैनन्‌ । त्यसैले पनि यो धुनी अखण्डित अवस्थामा प्रज्ज्वलित भइरहेको छ ।

यहाँको विशेषतामा भजनलाई पनि लिन सकिन्छ । भजन प्रत्येक दिन बिहान एक घन्टा अटुट रूपमा चलेको छ । केही वर्षपहिलेसम्म यहीँको सत्तलको दक्षिणतर्फ बिहान नित्य भजन हुने गर्दथ्यो । हाल सो भजनस्थल मन्दिरचोकको पश्चिमतर्फ स्थायी रूपले सरेको छ । बनेपा र श्रीखण्डपुरका भक्तजन आई नित्य बिहान ७ देखि ८ बजेसम्म भजन गर्ने चलन आजसम्म चलेको छ ।

भजनमा विभिन्न देवदेवीहरूका साथै अत्यन्त पुराना नेपाली, नेवारी र हिन्दीका भजनहरू गाइने गरिन्छ । भजनबाट यस धनेश्वर महादेवका बारेमा जानकारी हुने हुँदा दैनिक गाइने भजनहरूमध्ये केही भजनहरू नाइके गङ्गाप्रसाद पलाञ्चोकेबाट प्राप्त भएका छन्, जो निम्नानुसार छन् –

गणेशभजन

जय गणनायक मङ्गल गावे भक्त
भक्ति जन करत पुकार । ध्रु ।
ताल त ढोल मृदङ्ग बजावे शङ्खध्वनि
पर चँवर दुलावे । जय ॥१॥
जगमग ज्योतके फुलथी बाती ऐसे
ज्ञान थी करत पुकार । जय ॥२॥

ब्रह्मा विष्णु शिव वहे गणस्पति गावेथ
आरती तुमरिद गाउँ । जय ॥३॥
नृप गीर्वाणयुद्धविक्रम शाहदेव जुगभरि
राजकी लख पद गावे । जय ॥४॥

यो गणेश-भजन हिन्दीमा भएको र गीर्वाणयुद्धविक्रमको समयमा रचिएको देखिन्छ ।

नेवारी भाषामा गणेशको भजन :

जय जय आदिया देव इनार गणेश कुमार
सुर्जना न्हापा यास्य मुसुहुन न्हेसे थुगुली
रसिकल मनसं उदास
दृष्टिन पूर्व स्वसे मतुकन सिर पुसे
थास थास झंगहाली ससल नेङाव
जबसं वज्र जोसिं खवन पाँजोसे ऋद्धि
सिद्धि फल फोने भुवन हिलाव नेपाल
छत्रपति श्री रणबहादुर देवलोक
मुनकाव अभय वरदान जय जय ।

धनेश्वर महादेव र धनेश्वरक्षेत्रको परिचय दिने भजन :

भाव यामी शङ्कर धनेश्वर धनप्रदं । वन्दिकापुर
ग्रामस्थान विन्द्रवनवासित माथे गङ्गा विभूति रङ्गा
त्रिशूल डमरू वाजित ॥१॥
पुण्यवती, नीलवती, उग्रतीर्थ निकट ॥
रोजराज स्नान करके कोटि पाप वाहन ॥२॥
माई चण्डी जगदम्बे जगतरक्षाकारिनं ॥
शुम्भ-निशुम्भ रक्तविजय चण्डमुण्डक्षेदितं ॥३॥
भक्ति नाग शङ्कर यही पद जोरनं । भुक्तिमुक्ति
देहो शिव पद्म मुक्तिदायकं ॥४॥
भाव यामी शङ्कर धनेश्वर धनप्रदं ।

श्री ५ राजेन्द्रका समयमा कुलानन्दले रचेको भीमसेनको भजन :

जय जय भीमबली शरण तुमारी सङ्कष्ट तारनी नामबखानी
जय भीमसेन ऐंसे आजु महा विदान राजा विराज्यको राजा
बधाई जय ॥१॥

गुपतही बासमै किचक मारे दुष्ट
दुशासनको प्राण छुटाई जय ॥२॥
महाभारतमें दुर्योधन मारे यही सङ्ग्राममै
पृथ्वी कम्पमानी जय ॥३॥
श्री राजा राजेन्द्रविक्रमसाहेब
सेवक कुलानन्द कलके निसानी जय जय भीमराज ॥४॥

भक्तपुर राज्यका अन्तिम राजा रणजीत मल्लले रचेको भजन :

जननी याहुने जी उधार धरम करम मदु कुमातिया पाल अथे
वने माल । भावन जी अतिन अपाल ।
सत्यन तोलतकिव पापया भाव जननी ॥१॥
केवरन तय मफु चित्त सध्ये याव करुणा तयाव ।
नेहुने जी विनती जोहान । बनयो जनम थ्व
वेरथ जुयाव जननी ॥२॥ गथ जिन अकिरन
छि कथन जुइव करान । पेंगुली पदारथ
विव जित बास जननी ॥३॥
जयलक्ष्मीया पति ल्हाल रणजीत सुबुधी वियाव ।
तयकिव भजसं चित्त । हरमन मोहिनी
विहुने सुहित जननी ॥४॥ नेवारी भाषामा
रणबहादुर शाहले रचेको पनौती
इन्द्रेश्वरको गुणगानयुक्त भजन :

यहो इन्द्रेश्वरी छिविनानं मखु जिता आशा ।
निरवती पतमवती रुद्रावती तिरथ ।
नागराजा बसुकी तिरथ विज्याव । इन्द्रे ॥१॥ ब्रह्मायनी
बास याक परुव दिशा सरे ।
इता भेलु रानी भीमराज स्ववरे । इन्द्रे ॥२॥ कालीमाता
बास याक निरमल थास रे ।
श्री महालक्ष्मी मानेश्वरी रानी रे । इन्द्रे ॥३॥
कातन कुमारी देवी गणेश सहित रे । उन्मत्त
भैरव आगमस दिल रे । इन्द्रे ॥४॥
श्री रणबहादुर ल्हाल थ्व बखान रे
श्री पृथ्वीनारायण सकल उदार याक ॥
यहो इन्द्रेश्वरी छिविनानं मदु जिता आशा ॥५॥

उपसंहार :

श्री धनेश्वर महादेवका बारेमा माथि उल्लेख भएका ऐतिहासिक दस्तावेज, पौराणिक तथ्य, उपलब्ध भएका सामग्री र भेटिएका प्रमाणका आधारमा पहिलेको भन्दा केही बढी जानकारी त हुन आयो, तर जुन हिसाबले श्रीका बारेमा प्रस्तुत गर्न खोजिएको हो, सो भने स्पष्टसँग अझै आउन सकेको छैन । कारण यस क्षेत्रको विकास लिच्छविकालमा नै हुनुपर्ने अनुमानका साथ खोज तथा अनुसन्धान प्रारम्भ भएको हो, तर खोज र अनुसन्धानका क्रममा लिच्छविकालीन तथा मल्लकालीन कुनै अभिलेख भेटन सकिएन । अभिलेखहरू मन्दिरको चोकका सत्तलहरूमा रहेका छन् । तर ती अभिलेख पनि त्यति प्राचीन हुन् भनी भन्न सकिएन । त्यसकारण जेजति प्रमाण भेटिए, त्यसका आधारमा यसको प्राचीनतामा ठोकुवा गर्न सकिएन, तथापि महादेवको ख्याति, पौराणिक कथन, चलेका परम्परागत मेलापर्व र पुजारीको व्यवस्थाले भने यो महादेवस्थानको लामो इतिहास भएको अनुमान गर्न सकिन्छ । यसको केही अभिलेख मन्दिरको जीर्णोद्धारका समयमा लोप भएको हुनुपर्छ । कारण, जतिखेर यो मन्दिरको प्राङ्गणमा ढुङ्गा छाप्ने काम भयो वा सत्तल- निर्माण वा जीर्णोद्धार हुने काम भयो वा मन्दिरलाई आधुनिक चिनियाँ टायलले छोप्ने काम भयो, त्यसबखत अभिलेखको आवश्यकता नबुझेर छोपिएको वा मासिएको हुनुपर्छ । जुन समयमा श्री धनेश्वर मन्दिरको जीर्णोद्धार तथा परिसरको नवनिर्माण भएको प्रमाण भेटिएको छ, साँच्चै भनूँ भने त्यसबखत नेपाली समाजमा ऐतिहासिक महत्त्वको कुनै वस्तुको संरक्षण हुनुपर्छ भन्ने जनचेतना जागृत भइसकेको थिएन । त्यसै कारणले पनि सबै ऐतिहासिक महत्त्वका वस्तुहरू लोप भएको वा छोपिएको वा टुटफुट भएको अनुमान हुन्छ । यसरी किटानसाथ भन्ने वा बोल्ने कुनै प्रमाण नभए पनि हाल बाँचेका भौतिक संरचना, पर्वमेला, रीतिस्थिति र जनश्रुतिबाट यसको प्राचीनताको अड्कल गर्न सकिन्छ ।

श्री धनेश्वर महादेवको उत्पत्ति र विकास करिब एक हजार वर्षपूर्व नै भएको व्यहोरा निम्न प्रमाण र आधारले देखाउँछ –

१. नेपाली समाजको पहिचानका रूपमा स्थापित 'स्वस्थानी व्रतकथा' मा यसको उल्लेख भएको छ । यो कथामा करिब आठ सय वर्षपूर्व नेपाली समाजमा शिवशक्तिको महत्त्व झल्काउँदा माघ महिनाको महिमा वर्णन गरिएको छ । यो कथा नेपाली समाजमा धार्मिक- नैतिक व्यवहार तथा

आध्यात्मिक शिक्षा प्रदान गर्न चलाइएको थियो । त्यस पौराणिक ग्रन्थमा धनेश्वर महादेवको उल्लेख भएर रहेको हुँदा यो शिवलिङ्गको ख्याति तथा प्रभाव त्यसअघि नै भएको अनुमान हुन्छ ।

२. 'हिमवत्खण्ड' नेपालक्षेत्रको धार्मिक तथा आध्यात्मिक महत्त्वका बारेमा वर्णन गरिएको ऐतिहासिक दस्तावेज हो । त्यस ग्रन्थमा पनि धनेश्वर महादेवको उल्लेख भएको र दस दिक्पालमध्ये धनका स्वामी कुवेरजीले यो महादेवको स्थापना गरेको कुरा उल्लेख भएको कारणले पनि यसको पौराणिक महत्त्व र प्राचीनता कायम रहेको देखिन्छ ।

३. यस धनेश्वर महादेवको निकटमा रहेकी पुण्यमती नदीले पनि यसको प्राचीनता कायम गरेको छ । पुण्यमतीलाई पुण्यमाता पनि भनिन्छ । यी नदी लिच्छविकालमा ख्याति पाएको दोलाशिखर अर्थात् हालको महादेवपोखरी रहेको पर्वतको शिखरको पूर्व-दक्षिण भागबाट उत्पन्न भई नाला र बनेपा हुँदै पनौतीस्थित पवित्र त्रिवेणीमा गई मिसिएकी छन्, जहाँ मकरमेला लाग्छ । बाह्र वर्षमा एकपटक हुने मकरमेलाको विशेष महत्त्व छ । यी नदीको प्राचीनतासँग यो धनेश्वर महादेव स्पष्ट जोडिएका कारणले यसको विशेष पौराणिक तथा धार्मिक महत्त्व रहेको देखिन्छ ।

४. यस धनेश्वर महादेवको पुजारीका रूपमा आजसम्म पनि स्थापित रूपमा जङ्गमजाति रहेका हुँदा यो जातिको परिचय र नेपालमा शैवमतको प्रचारका दृष्टिकोणले पनि यसको विशेष ऐतिहासिक महत्त्व रहेको देखिन्छ ।

५. मन्दिरको चोकबाहिर पूर्वतर्फ एक चौतारामा रहेको पीपलको बोटबाट पनि अनुमान गर्न सकिन्छ । हाल पनि रहेको यो पीपलको बोट ६ सय वर्ष पुरानो हो भन्न सकिन्छ ।

६. श्री धनेश्वर महादेवको मन्दिर शिखरशैलीबाट निर्माण भएको देखिन्छ । यस किसिमको मन्दिर-निर्माणको शैली लिच्छविकालमा नै विकसित भएको हो ।

यी माथि उल्लिखित आधार र प्रमाणलाई हेर्दा यसको प्राचीनता स्पष्ट देखिन्छ । यो सानो लेखमा श्री धनेश्वर महादेवका बारेमा वर्णन हुन सक्तैन । त्यसैले पछिका अनुसन्धाता तथा अन्वेषकहरूले श्रीका बारेमा अझ खोज-अनुसन्धान गर्नुपर्ने आवश्यकता देखिन्छ । श्री धनेश्वर महादेवका बारेमा

सबै क्षेत्रबाट यसरी नै खोज-अनुसन्धान भएको खण्डमा यसभन्दा बढी जानकारी प्राप्त हुने छ भन्ने विश्वास लिएको छु ।

●

सन्दर्भसूची :
१. धनेश्वर महादेव, सं. हरि मञ्जुश्री, सुभाष स्मृति प्रतिष्ठान, काठमाडौँ, फागुन २०७२

# धार्मिक र सांस्कृतिक विकासमा जङ्गम जातिको भूमिका

नेपालमण्डल क्षेत्र नेवार जातिको बस्तीको बाहुल्य भएको क्षेत्र हो । यस क्षेत्रका आदिवासी नेवारीभाषी नै हुन् । बाहिरबाट जोसुकै जाति वा धर्म-सम्प्रदायका व्यक्ति वा समुदाय प्रवेश गरी बसोवास गरेपछि ती व्यक्ति वा समुदाय पनि नेवारी भाषाका अनुयायी भएको देखिन्छ । भाषाका कारणले एकै जाति देखिए पनि धर्म-सम्प्रदाय र संस्कृति भने अलग-अलग नै रहने गरेको छ । यस क्षेत्रको प्रमुख स्थान भनेको उपत्यकाभित्र बसेको बस्ती नै हो । पुरानो बस्तीको स्थानमा वर्तमानमा पनि आफ्नो पहिचान कायम राखेको देखिन्छ र आफ्ना जाति, धर्म र संस्कृतिभित्र रहेर जीवनयापन गरिरहेको देखिन्छ । उपत्यकाभित्रका प्रमुख बस्तीहरू, जस्तै : लुभू, सानागाउँ, चापागाउँ, ठैव, हरिसिद्धि, बुङ्मती, खोकना, फर्पिङ, कीर्तिपुर, टोखा, चुनिखेल, गोकर्ण, साँखु, नगदेश, बोडे, ठिमी, भादगाउँ, पाटन, हाँडीगाउँ र कान्तिपुर आदि उल्लेखनीय छन् । यस क्षेत्रमा विभिन्न समयमा विभिन्न शासक देखापरे, गोपालवंशी, किरातवंशी, लिच्छविवंशी, मल्लवंशी र शाहवंशी आदिले शासन-प्रशासन चलाए । त्यसै गरी धर्म-सम्प्रदायमा पनि विभिन्न समयमा विभिन्न धर्म- सम्प्रदायले यहाँको समाजमा बाहुल्य जमायो । यस भूमिमा शैव, शाक्त, वैष्णव र बौद्धमतले फुल्ने, फल्ने र विकसित हुने पनि मौका पाएकै हो । पशुपतिनाथ आदिज्योतिर्लिङ्ग भएको र भारतवर्षकै मूल शैवभूमि भएका कारणले शैवमतले नै बढी यस क्षत्रमा जरो गाडेको देखिन्छ । लिच्छविकालभन्दा अगाडिका गोपालवंश र किरातवंशको राजधानी नगर कहाँ थियो भनेर भन्न नसकिए पनि लिच्छविकालको राजधानी हंसगृह द्रङ (हालको हाँडीगाउँ) रहेको इतिहासले हामीलाई बताएको छ । त्यसपछि

मल्लकालको आरम्भमा नेपालमण्डलको राजधानी खोप्रिङ या भादगाउँ (हाल भक्तपुर) भएको देखिन्छ । लिच्छविकालमा शैव, वैष्णव र बौद्धमतको भरपुर प्रचार भएको र तत्सम्बन्धी मन्दिर तथा विहारहरू पनि यथेष्ट स्थापना भएको भेटिन्छ । यसबाट यो स्पष्ट हुन्छ कि यो क्षेत्रमा मिश्रित धर्म, संस्कृति र सम्प्रदायको प्रभावमा व्यक्ति, समुदाय र समाजलाई प्रभावित गरे पनि भाषालाई परिवर्तन गर्न नसकेको हुँदा नेवार जातिको बाहुल्य जमेर मात्र बसेन, बहुसामाजिक स्वरूप समन्वित समाजको स्थापना भएको देखियो ।

लिच्छविकालको लामो इतिहासमा नेपालमण्डलमा विभिन्न शैव सम्प्रदाय भित्रिएको देखिन्छ । उदाहरणका लागि पाशुपत, घण्टाकर्ण, कापालिक, लकुलीश, वैद्यलाई लिन सकिन्छ । यी माथि उल्लिखित शैवमतका अनुयायीहरू कापालिक र वैद्यबाहेक अरू टिक्न सकेनन् । यो नेवार समाजले घण्टाकर्ण अनुयायीहरूलाई राक्षसी उपनाम दिँदै लखेटेको देखियो भने कापालिक सम्प्रदायलाई अछुतका रूपमा रूपान्तर गरिदियो । त्यस्तै पाशुपत सम्प्रदायको नाश नै भयो । तर त्यतिखेर नै दक्षिण भारतबाट प्रवेश गरेको वीरशैव सम्प्रदायले भने तत्कालीन नेवार समुदायमा रहेका कमी-कमजोरीलाई नवीन संस्कृतिले घेराबन्दी गरी नेपालमण्डलमा जमेर बस्न समर्थ भयो ।

हरिसिंहदेव र शैवाचार्य :

ईश्वीको एघारौँ शताब्दीको प्रारम्भमा नै कर्णाटक वंशका ख्यातिप्राप्त राजा हरिसिंहदेव उत्तर भारतको मिथिला प्रदेशमा प्रवेश गरी सिम्रौनगढलाई राजधानी बनाई राज्य सञ्चालन गरेका थिए । उनको समयमा पूर्वतर्फको नेपालको भूभाग पनि मिथिला राज्यमा समावेश भएको थियो ।

नान्यदेवलगायत उनका सन्तानले २४० वर्ष राज्यसञ्चालन गरेपछि दिल्लीका सुल्तान गयाउद्दीन तुगलकले मिथिला राज्य कब्जा गरेपछि नान्यदेवका छैटौँ सन्तान हरिसिंहदेव सिम्रौनगढ छाडी नेपालमण्डलमा प्रवेश गरे । सोही समयमा राजा हरिसिंहदेवसँग इष्टदेवी तुलजा भवानी र शैवाचार्य (जङ्गम) राजगुरुसमेत भादगाउँमा प्रवेश गरेका हुन् ।

यसभन्दा अघि पनि वीरशैव मतका शिवाचार्यको सम्बन्ध नेपालमण्डलमा थियो भन्ने कुरा निम्न दुई प्रमाणबाट बुझ्न सकिन्छ ।

१. भक्तपुरको जङ्गम मठको प्रथम चोकको उत्तरतर्फ पूर्वाभिमुख भएको ने. सं. ६९२ को शिलापत्र देख्न सकिन्छ । सो शिलालेखमा यो रावल मठ रुद्रदेव मल्लले जीर्णोद्धार गरेको भनी लेखिएको छ । जयरुद्रदेव मल्लले नवनिर्माण गरेको नभई जीर्णोद्धार गरेको भनी लेखिएकाले भवन जीर्णोद्धार त दुई-तीन सय वर्षपछि मात्र गर्नुपर्छ, त्यसैले एघारौँ शताब्दीमा नै जङ्गमहरूको नेपालमण्डलमा अस्तित्व थियो भन्ने बुझाउँछ । नेपालमण्डलमा जयरुद्रदेवको कार्यकाल वि. सं. १२२४ – १२३२ हो । कर्णाटकवंशीय राजा नान्यदेव मिथिला प्रवेश गरेपछि नेपालमण्डलमा शैवाचार्यको प्रभाव परेको हुन सक्छ । उक्त ने. सं. ६९२ लगायत जङ्गम मठमा रहेका शिलापत्रहरूको उतार परिशिष्ट – १ मा दिइएको छ ।

२. भारत कर्णाटक विश्वविद्यालयका प्रोफेसर डा. चिदानन्दमूर्ति लेख्नुहुन्छ – हामी यकिनका साथ भन्न सक्तैनौँ कि जङ्गमहरू कर्णाटकबाट नेपाल कहिले गए । हामीसँग प्रमाण छ – बनेपाका (राजा जयराम सिंहको राजगुरु) श्रीपति आराध्य शर्माले सन् १३६० मा पशुपतिनाथको ( वर्तमानको) लिङ्ग बनाई पुनर्स्थापित गरेका हुन् । हामी भन्न सक्छौँ – चौधौँ शताब्दीभन्दा अगावै जङ्गमहरू त्यहाँ (नेपाल प्रवेश) गएका हुन् । उक्त लेखको एक अंश परिशिष्ट – २ मा दर्साइएको छ ।

वीरशैव मतको प्रवेश : वीरशैव मतका अर्थात् लिङ्गायत जातिका ब्राह्मण जङ्गम जातिको
भादगाउँ राज्यमा प्रवेशको यकिन तिथिमितिको किटान गर्न नसकिए पनि यसबारेमा चलेको किंवदन्ती र अन्य प्रमाण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

राजा यक्ष मल्ल नेपालका प्रभावशाली राजा हुन् र उनको राजधानी भादगाउँ थियो । त्यस बखतसम्म काठमाडौँ र पाटन राज्य थपिएको थिएन । उनी हिन्दू धर्मावलम्बी सनातनी राजा थिए । जनतामा बढ्दो बुद्धधर्मलाई निस्तेज गरी हिन्दूधर्मको उत्थानका लागि आफ्नो राज्यभित्र शैवमतको विकास गरेका थिए । प्रमाणका लागि उनले आफ्नो दरबार हाताभित्र पशुपतिनाथको हुबहु मन्दिर निर्माण गरी पूजाआजाको व्यवस्था गराएका थिए, जुन यक्षेश्वर महादेवको नाउँले परिचित छ । यस सम्बन्धमा एउटा रोचक किंवदन्ती छ – बढ्दो बुद्धधर्मको चापलाई घटाई कसरी देशमा सनातनीशैव हिन्दूधर्म स्थापना गर्न सकिन्छ भन्ने चिन्ता गरेका राजालाई एक दिन सपनामा देवाधिदेव महादेवको दर्शन दिएछन् र भनेछन् – 'तिम्रो राज्यमा शैवमत विस्तार गर्न र हिन्दूधर्मको स्थायित्व चाहन्छौ भने दक्षिण

भारतबाट लिङ्गायतहरूमध्ये जङ्गम जाति, जो त्यस सम्प्रदायको ब्राह्मण हुन्, लाई निम्त्याएर उनीहरूको सहयोग र सल्लाहद्वारा धर्म र संस्कृतिको विकास गर ।' यसरी साक्षात भगवान् शिवले दिएको आज्ञालाई पालना गर्दै राजाले भारतको नजिकको राज्य काशी राज्यका काशीनरेशकहाँ सोही कुराको अनुरोध गरेर पठाएपछि त्यस बखत काशीस्थित विश्वनाथको मन्दिरका पुजारी पनि लिङ्गायत सम्प्रदायकै जङ्गम जाति भएका हुँदा राजाको आग्रह र अनुरोधअनुसार विश्वनाथका पुजारीले नेपाल राज्यको यात्रा सुरु गरेका रहेछन्, भनिन्छ । टौमढीस्थित भैरवलाई विश्वनाथजीको शिर भन्ने चलन छ । यो तन्त्रविधिद्वारा विश्वनाथको शिरच्छेदन गरी भादगाउँमा राखिएको अर्को रोचक किंवदन्ती पनि छ । यसबारेमा अनुसन्धानकर्ता र इतिहासविद्ले छानबिन गर्ने नै छन् भन्ने मैले विश्वास लिएको छु ।

भादगाउँसँग प्रत्यक्ष सम्पर्कमा रहेर जङ्गम जातिले धर्म-संस्कृतिको विकास गर्दै भारतबाट यहाँ आउन-जान थालेको देखिन्छ । पछि (नेपाल सम्वत् ६९२ को शिलापत्रअनुसार) भादगाउँका मल्लराजाहरूले जङ्गमहरूको स्थायी बसोबासका लागि आफ्नै दरबारको छेउ टौमढी टोलमा जङ्गम जातिका कुलदेवता वीरभद्र र आगम देवीदेवताको स्थापना गर्न स्वीकृति प्रदान गरेर गुठी राखेपछि जङ्गमहरू भादगाउँमा स्थायी रूपले बसोबास गर्दै आएका छन् । त्यस गुठीलाई सहयोगका लागि विश्व मल्लकी रानी गङ्गा महारानी, जयजितामित्र मल्ल, जगज्ज्योति मल्ल र पछि रणजीत मल्लसमेतले गुठीलाई बढाउने काम गरेको शिलापत्र र ताम्रपत्रबाट प्रमाणित हुन्छ ।

भारतीय अनुसन्धानकर्ताका लागि पनि एउटा आवश्यक तथ्य यसै लेखद्वारा रहस्योद्घाटन गर्नु मनासिब सम्झेर लेख्तैछु । मुगलहरूले काशीनरेशलाई आफ्नो कब्जामा लिएपछि विश्वनाथजीको मन्दिरलाई तहसनहस गर्ने काम गरी मस्जिद बनाउने तरखर गरे, त्यहाँ पूजा गरिरहेको शिवलिङ्ग पुजारीले संरक्षणका लागि उठाई लगेर जङ्गमवाडीमा स्थापित गरे । कतै त्यही कारणले त होइन विश्वनाथजीको शिर जङ्गम जातिले वाराणसीबाट भादगाउँ ल्याएको भन्ने तथ्य जोडिएको ? परापूर्वकालदेखि पुजिँदै आएका विश्वनाथजीको लिङ्ग हाल विश्वनाथजीको मन्दिरमा नभएको व्यहोरा सर्वविदितै छ, अर्थात् काशीस्थित हालको विश्वनाथजीको मन्दिर र लिङ्ग दुवै पछि अलग्गै स्थापित गरिएका हुन् । भक्तपुर तथा नेपालका अन्य भागमा स्थापित अन्य संन्यासी मठभन्दा एउटा भिन्नै अस्तित्व र महत्त्व

लिएर रहेको भक्तपुरको टौमढी टोलस्थित जङ्गम मठमा वीरशैव मतका शैव ब्राह्मण जङ्गमहरूको आधिपत्य अद्यावधि कायम छ । त्यस बखतदेखि नै भादगाउँ राज्यअन्तर्गत स्थापित शिवालयहरूमा लिङ्गायत सम्प्रदायका जङ्गम जातिले नै नित्य- नैमित्य पूजाआजा गरिआएका छन्, जस्तै : पूर्वमा धुलिखेलस्थित गौखुरेश्वर महादेव, बनेपास्थित धनेश्वर महादेव र पनौतीस्थित भालेश्वर र इन्द्रेश्वर महादेवका मन्दिरहरूमा जङ्गम जाति नै आजसम्म पुजारी भई पूजा गरिआएका छन् । इन्द्रेश्वर महादेव (पनौती) मा त जङ्गमबाहेक अरू कुनै पनि जातिका लागि प्रवेश निषेध छ । त्यस्तै भादगाउँ सहरको दक्षिणमा पर्ने सिपाडोलमा डोलेश्वर महादेव र गुन्डूमा पर्ने अनन्तलिङ्गेश्वर महादेवस्थानमा पनि जङ्गम जातिले नै पूजाआजा गरिआएका छन् । उत्तरको वागेश्वरीमा वागेश्वर महादेवको पूजाआजा पनि जङ्गम मठबाट नै सञ्चालित भइरहेको छ । भादगाउँ नगरभित्र नासमनाका मङ्गलेश्वर र तःचपालका विश्वेश्वर महादेव त्यसभन्दा दक्षिणका मल्लिकार्जुन महादेवको नगर पश्चिमतर्फ रानीपोखरीको रुद्रेश्वर महादेवका अतिरिक्त जङ्गम मठभित्रका पशुपति, उमामहेश्वर, विश्वेश्वर, कोटिलिङ्गेश्वरलगायत वीरभद्रेश्वर महादेवको लिङ्गायत विधिविधानअन्तर्गत पूजाआजा आजसम्म चलेकै छ । यसरी तत्कालीन नेपाल र पछि भादगाउँ राज्यमा सनातन धर्मको रक्षा गर्न शिवालय स्थापना र शिवपूजा सञ्चालन गर्ने पूर्ण जिम्मेवारी वीरशैव मतका जङ्गमहरूले नै पाएको स्पष्ट देखिन्छ ।

यसरी शिवालय स्थापनामा राज्यबाट मात्र नभई रावल जङ्गमबाट पनि प्रतिस्पर्द्धामा शिवालयहरू निर्माण भएको हामीले सुनेका र देखेका छौँ । जस्तै हनुमानघाटस्थित कलात्मक ढुङ्गाद्वारा निर्मित दुई विशाल शिवलिङ्ग छन्, जुनमध्ये एक राजा भूपतीन्द्र मल्लले र अर्को रावल डम्बरलिङ्ग जङ्गमले निर्माण गरी स्थापना गरेका हुन् । यसका बारेमा जानकारीचाहिँ त्यहीँ र नजिकै जङ्गम सत्तलमा भएको शिलालेखले स्पष्ट गर्नेछ ।

यी माथिका शैवधर्मलाइ दिगो राख्न र धार्मिक विकासका बारेमा सङक्षेपमा उल्लेख गरियो । यसरी नै भक्तपुर नगरको सांस्कृतिक विकासमा पनि यस लिङ्गायत वीरशैव मतका जङ्गमहरूको विशेष भूमिका रहेको प्रमाण निम्नअनुसार प्रमाणित हुन आउँछ – भादगाउँमा नवदुर्गाको स्थापना सुवर्ण मल्ल (ने. सं. ६२१ – ६२८) ले गरेका हुन्, तापनि उनको शासनकाल छोटो भएको र उनको मृत्युपश्चात् राजकाजमा अस्थिरता आएका कारण प्राण मल्लले केही सुधार गरे पनि पछि विश्व मल्लकै पालामा नवदुर्गा संस्कृतिले

व्यवस्थित हुने मौका पायो । नवदुर्गा नृत्यलाई चौबीस टोलहरूमा अनिवार्य नचाउने र टोलका बासिन्दाले पूजाआजा गर्नुपर्ने चलन चल्यो । पछि सात गाउँमा जाने निर्णयले बनेपा र धुलिखेलसम्म र पच्छिमतर्फ टोखा र पशुपति देवपत्तनमा समेत लाने र नृत्य गराउने प्रचलन चल्यो ।

नवदुर्गाको उत्पत्ति तन्त्रविधिद्वारा विजयादशमीका दिन हुने र त्यसै दिन रात्रिमा विधिवत नगर परिक्रमा गर्ने क्रममा ब्रह्मायणी (नगरको पूर्वतर्फ) बाट निस्किएर सर्वप्रथम जङ्गम मठको मूल ढोकाअगाडिसम्म आएर फर्कंदा जङ्गम मठअगाडिको सभुङ्गा भैरव परिक्रमा गरेर नवदुर्गाको द्योछें भित्रिने चलन आजसम्म चलेकै छ। यस नवदुर्गाको स्वागत गर्न तलेजु स्वयं त्यस जङ्गम मठको ढोका अगाडि आउने (ल्याउने) चलन छ। लिखत प्रमाण केही नभए पनि चलिआएको चलन सबैभन्दा बलियो प्रमाण हो । त्यसैले अनुमान गर्न सकिन्छ कि नवदुर्गा नृत्य-संस्कृतिको विकास र स्थायित्वमा राजगुरुका रूपमा रहेका रावलको प्रमुखता थियो वा निजको सल्लाह र योजनाबाट नै यो नवदुर्गा नृत्यको चलन सुरु भएको थियो । यससम्बन्धी अनुसन्धानका लागि थप विषय जुटेको हुँदा यसलाई विद्वान् अनुसन्धानकर्ताहरूको जिम्मामा छोड्नु वेश होला । उदाहरणका लागि सिठी नःखमा चल्ने (वि. सं. २०१५ मा चलेको) चण्डी भगवतीको खट पनि जङ्गम मठको ढोकामा ल्याउने चलन चलेको छ ।

त्यस्तै बिस्केटजात्राको कुरा लिऊँ । यो जात्रा कसको पालामा कसरी सुरुवात भयो भनी किटानसाथ भन्न नसकिए तापनि यो जात्रा भक्तपुरको प्रमुख जात्राका रूपमा आजसम्म चलेकै छ । भादगाउँमा राज गर्ने विभिन्न राजाहरूले यस जात्रालाई महत्त्व दिँदै यसमा सुधार गर्दै आएको हामीलाई इतिहासले बताएको छ । वर्तमानका वर्षहरूमा जुन रूप र महत्त्व दिएर हामी भक्तपुरवासीले बिस्केटजात्रा मनाइरहेका छौँ, अर्थात् आठ दिन लगाएर घरघरमा जातीय चाडका रूपमा मनाइरहेका छौँ, यसको मूल श्रेय राजा भूपतीन्द्र मल्ल (ने. सं. ८१६ – ८४२) लाई जान्छ। यो बिस्केटलाई अन्तिम रूप दिएर राष्ट्रिय र जातीय चाडका रूपमा भूपतीन्द्र मल्लको पालादेखि चलिआएको हो ।

रथयात्रा नियन्त्रण विधि : विभिन्न राजाहरूले यो जात्रालाई सुधार र विकास गर्ने क्रममा विश्व मल्लले आफ्नो राज्यकालको अन्तिम समयमा केही सुधार गरे पनि मुख्य जगज्ज्योति मल्ल (ने. सं. ७२६ – ७५८) ले भैरवनाथका लागि ठूला-ठूला पाङ्ग्रा हालेर तीनतले रथ र भद्रकालीको दुईतले रथ बनाई

बिस्केट जात्रालाई भव्यता प्रदान गरेका हुन् । यो रथयात्रामा विघ्नबाधा नहोस् भन्ने उद्देश्य राखेर यो जात्रा सुरु भएदेखि अन्त नभएसम्म तन्त्रविधिद्वारा रथलाई सञ्चालित राख्न जङ्गम मठमा विशेष व्यवस्था मिलाइएको हुन्छ । यद्यपि धेरै भक्तपुरका बूढापाका, जानकार तथा अनुसन्धानकर्ताहरूलाई यो तथ्य थाहा छैन कि सम्पूर्ण रथयात्राको सञ्चालन जङ्गम मठबाट गोप्य रूपबाट रथयात्राको नियन्त्रण विधिअनुसार हुँदै आएको छ । जस्तै : रथयात्रा सुरु भएपछि दही-चिउरा र गोलको मिश्रण लिएर एकजना अटुट जङ्गम मठको प्रथम चोकको मूल दलानमा कसैले नछुने गरी बसेका हुन्छन् । त्यो मिश्रणलाई त्यही दलानको ठूलो ढुङ्गामा तामाको भाँडामा छोपेर राखिन्छ । जब बाहिर रथयात्रामा विघ्नबाधा आई रथ रोकिन्छ अर्थात् हजारौँ जवानले पनि रथलाई चलाउन नसक्ने अवस्था सिर्जना हुन्छ, तब त्यो जङ्गम मठमा राखिएको मिश्रण लगेर रथको अगाडि-पछाडि छरिदिने काम हुन्छ । त्यसपछि रथ पुनः चल्न थाल्छ । यसबाट यो स्पष्ट हुन्छ कि बिस्केटजस्तो महत्त्वपूर्ण जात्राको विकाससँग वीरशैव मतका जङ्गमहरूको प्रत्यक्ष सम्बन्ध छ । ती विशाल रथहरू जुधाउने महत्त्वपूर्ण कार्य पनि त्यसै जङ्गम

मठअगाडि गाहिटीमा हुन्छ । रथ जुधाउनुपर्ने आवश्यकता र यसको धार्मिक तथा सांस्कृतिक महत्त्वका बारेमा हामी बेग्लै विस्तार गरौँला, तर यो रथ जुधाउने कार्य जात्राको सबैभन्दा महत्त्वपूर्ण अङ्ग हो र यो महत्त्वपूर्ण स्थानमा मात्र सम्पन्न हुने गर्दछ । रथ जुधाउनेजस्तो प्रमुख कार्य नै आफ्नो नियन्त्रणमा राखेको जङ्गम मठले टौमढीबाट रथयात्रा सुरु गरी आफ्नै मठअगाडि 'देवता तल पाल्नुहुने' (द्यो क्वहँ विज्याइगु) व्यवस्था मिलाएर आफू र आफ्नो स्थानलाई केन्द्र बनाएको देखिन्छ । बिस्केट जात्रा अर्थात् भादगाउँलेहरूको स्थानीय (राष्ट्रिय) र जातीय जात्राका महत्त्वपूर्ण चार अङ्ग हुन् – १. विक्रमीय सम्वत्को नयाँ वर्ष, २. भैरवनाथ, ३. भैरवनाथ र भद्रकालीको रथयात्रा, ४. लिङ्गो खडा गर्ने जात्रा । यी चारै अङ्गसँग वीरशैव मतका जङ्गम जातिको प्रत्यक्ष सम्बन्ध जुटेको कुरा केही माथि उल्लेख भइसकेका छन्, तर पनि सङ्क्षेपमा दोहोऱ्याउनु मनासिब सम्झेको छु ।

१. विक्रमीय सम्वत्को नयाँ वर्ष :

त्यसताका नेपालमा तिथि नै मिति हुने गरेको र नेपाल सम्वत् (चन्द्रमान) लाई शासकहरूले स्वीकार गरे तापनि भारतबाट प्रवेश गरेका लिङ्गायती जङ्गमहरूले विक्रम सम्वत् चलाउने इरादा राखेर वि. सं. ले

स्वीकार गरेको वैशाखलाई वर्षको पहिलो महिना र नयाँ वर्ष मनाउँदा राम्रो हुने देखी विक्रम सम्वत्लाई महत्त्व दिएका देखिन्छ । त्यसताका भारतवर्षभरि विक्रम सम्वत् चलेको थियो । किनभने यो सौर्यमान हो । वर्षगणनामा समय निश्चित गर्ने भएकाले सौर्यवर्ष वैज्ञानिक छ ।

२. भैरवनाथ :

टौमढीस्थित भैरवनाथको शिर मात्र पुजिन्छ । भनिन्छ यो काशीस्थित विश्वनाथजीको शिर हो र वाराणसीमा केवल विश्वनाथजीका शरीर मात्र छ । यस सम्बन्धमा एउटा रोचक कथा छ, – विश्वमा नै नभएको लिङ्गो उभ्याउने जात्रा भादगाउँमा हुन्छ भन्ने कुरा काशीका विश्वनाथजीलाई जानकारी भएपछि उनी एक वर्ष बिस्केटको लिङ्गोको जात्रा हेर्न भनी भादगाउँ आएका रहेछन् । यो कुरा यहाँका तान्त्रिकले चाल पाएर यस्ता ठूला देवतालाई हाम्रै ठाउँमा राख्ता हाम्रो कल्याण हुनेछ भन्ने उद्देश्य राखी तन्त्रविदद्वारा विश्वनाथजीको गलामा पासो लगाइदिएछन् । विश्वनाथजी फुत्किने प्रयत्न गर्दा र तान्त्रिकले आफूतर्फ तान्न वा नियन्त्रण गर्न खोज्दा विश्वनाथजीको शिर छेदन भएछ र त्यही शिरलाई भैरवनाथका रूपमा संस्थापित गरेछन् । यो किंवदन्तीको आधार माथि उल्लेख भइसकेको छ । विश्वनाथजीको पुजारी जङ्गम नै भएका र यहाँ राजगुरु पनि जङ्गम नै भएका हुँदा यो विश्वनाथजीसँग जुट्न पुगेको हो । जङ्गम मठमा मूल देवताका रूपमा वीरभद्र रहेका हुँदा र वीरभद्र नै शिवको भयङ्कर रूप भएका हुँदा भैरव कहलिएका हुन् । भैरवको उत्पत्ति केन्द्र नै शिव भएका र शिवको रौद्र रूप भैरव भएका हुन् ।

३. भैरवनाथ र भद्रकालीको रथयात्रा : यी भैरवनाथ र भद्रकालीको रथको निर्माण फलामे किलाकाँटा प्रयोग नगरी काठ र बेतको मात्र प्रयोगबाट निर्माण हुन्छ । यो कुन प्राविधिक (इन्जिनियर) ले रचना (डिजाइन) गरे भन्ने कहीँ केही उल्लेख भएको पाइँदैन । काठ कहाँबाट काट्ने, कुन-कुन जातका कर्मी र शिल्पकारहरू जुट्नुपर्ने अनि कहिलेदेखि सुरु गर्ने भन्नेसम्मको उल्लेख गरिएको पाइन्छ । माथि नै उल्लेख गरिसकिएको छ कि वर्तमानको रथको निर्माण जगज्ज्योति मल्लले गरेका हुन् । रथयात्राभरि जङ्गम मठद्वारा गोप्य रूपमा सञ्चालन गराउने विधि अद्यावधि कायम नै रहेको छ ।

४. लिङ्गो खडा गर्ने जात्रा : लिङ्गो अर्थात् लिङ्ग । लिङ्ग अर्थात् लिङ्गायत अर्थात् साक्षात

शिवस्वरूप । हुन त लिङ्गोका बारेमा धेरै किंवदन्ती तथा जनश्रुतिहरू हाम्रो समाजमा चलका छन् । माथि भैरवनाथका बारेमा चलेको जस्तै यसका पनि अनेक कथाहरू सुन्न पाइएका छन् । सङ्क्षेपमा लिङ्गोमा शिवजीका जोडी ध्वजा 'हलिपट' को पनि दर्शन गर्न पाइन्छ । त्यसैले यो शिवको महिमालाई यो समाजमा कायम राख्न र शिवको विशालतालाई दर्शन गराउन शिवका भक्तहरूलाई विशाल लिङ्गको दर्शन गराइएको हो । यी सबै चतुर एवं भविष्यद्रष्टा हाम्रा पूर्वजले समाजको हित तथा भलो हुने सोचेर नै संस्कृति र सामाजिक व्यवस्थालाई स्थापित गरेका छन् ।

माथि उल्लिखित विक्रम सम्वत्, रथयात्रा र लिङ्गोका सम्बन्धमा सान्दर्भिक कथन परिशिष्ट – ३ मा दिइएको छ ।

राजपुरोहितका रूपमा राजोपाध्याय (सुवेदी थर भएका ब्राह्मण) छन् । यी ब्राह्मण व्यावसायिक भएका हुँदा समुदायका सबै किसिमका कर्मकाण्ड, तीर्थव्रतको निर्णय, यज्ञयग्यादि, मन्दिरको नित्य-नैमित्य पूजाआजाका साथै भइपरिआउने सबै धार्मिक कार्यको जिम्मा पाएका छन् । समाजलाई पछिसम्म सभ्य र सुसंस्कृत बनाउँदै पछिसम्म चल्न सक्ने किसिमको नीति निर्माण गरी समाजलाई एक सूत्रमा बाँधिराख्न सक्ने संस्कृतिको प्रादुर्भाव भने शैवाचार्यले नै गरेका छन् भन्ने कुरा माथि बिस्केट जात्रा र अन्य जात्रा चल्ने, चलाउने र चल्दै आएको जात्राले प्रमाणित गरेको छ ।

यति मात्र होइन, नगरलाई शिवमय बनाउने र सुसंस्कृति स्थापित गरेर संस्कृतिको विकास गरी नगरमा बस्ने सबै किसिमका जातजाति, जस्तै : नेवार जोशी, कर्माचार्य, प्रधानाङ्ग, हाडा, सैंजु, प्रधान, श्रेष्ठ, प्रजापति, ज्यापूलगायत स्थिति मल्लद्वारा वर्गीकृत नापित, चित्रकार, मानन्धर, कसाई, कुसले, पोडेसमेतलाई संस्कृतिमा ढाल्न शैवमतका संरक्षक तथा आराध्य गणेश र कुमारलाई नजानिँदो किसिमबाट नगरको जनजीवनमा घुलमिल गराउन सफल हुने पनि शैवाचार्य नै हुन् । भारतवर्षमा शिवको महिमालाई अक्षुण्ण राख्नका लागि गणेश र कुमारलाई अत्यधिक पूजा गर्ने स्थान दक्षिण भारत हो । शैव र वैष्णव दुवै सम्प्रदायका अनुयायीहरूले गणेश र कुमारलाई रक्षक र पालकका रूपमा मान्ने चलन अद्यावधि चलेको नै छ । जसरी भारतका वैष्णव र अन्य धर्मावलम्बीलाई गणेश र कुमार पूजनमा आकर्षण भएका छन, त्यस्तै् नेपाल र भारतमा पनि सनातनी शैव, वैष्णव र बौद्धमतका समुदायलाई गणेश र कुमारको संस्कृति स्थायी रूपमा कायम भएको देखिन्छ ।

श्री गणेश : नेवारी भाषामा गणेशलाई गनेद्यो भनिन्छ । नेपालमण्डलभित्र जहाँ-
जहाँ नेवार समुदायको बस्ती छ, त्यहाँ-त्यहाँ निश्चय नै गनेद्योको मन्दिर छ । गनेद्योलाई ऋद्धिसिद्धिदाताका रूपमा मान्यता दिने गरिएको देखिन्छ, कुलदेवता वा इष्टदेवता सम्झेर होइन । सबै जातजातिका आआफ्ना कुलदेवता तथा इष्टदेवता छन् । तर पनि गणेश देवता अर्थात् गनेद्योलाई क्षेत्रपालका रूपमा मान्ने चलन छ ।

माथि उल्लेख भएअनुसार सबै नेवार बस्तीमा गनेद्यो रहेका छन् । उदाहरणका लागि मध्यकालमा नेपालमण्डलको राजधानी रहेको भक्तपुरलाई हेरौँ । भक्तपुर नगरलाई त्रिकोणमा गनेद्यो बसेर रक्षा प्रदान गरेको देखिन्छ । पूर्वमा यातु गनेद्यो (कमलविनायक), पश्चिममा च्वगाँ गनेद्यो (सल्लाघारी) र दक्षिणमा इनारे गनेद्यो (सूर्यविनायक) रहेका छन् । त्यसका अतिरिक्त मूल नगरको एक क्षेत्रलाई घेरेर बसेका बालाखु, चलाखु र मुलाखु गणेशहरूलाई लिन सकिन्छ । प्रायः हरेक दस घरका बीचमा गणेश देवता स्थापित भएका छन् । मन्दिरभित्र र बाहिर पनि गणेश अनिवार्य स्थापित भएर बसेका छन् । यति मात्र होइन, बौद्ध विहारभित्र पनि गणेश स्थापित भएको देखिन्छ । गणेश चौथीका दिन दक्षिण भारतभरि धुमधाम गणेशजात्रा भएजस्तै भक्तपुरमा पनि बिस्केटमा छुमा गणेशको जात्रा चलाइन्छ । त्यस्तै सबै साना-ठूला नेवार बस्तीमा रहेका गणेशको वार्षिक जात्रा चलाउने चलन चलेको छ ।

श्री कुमार : कुमारलाई विभिन्न नाउँले चिनिन्छ, जस्तै : कुमार, कार्तिकेय, स्कन्द, सुब्रह्मण्यम्, मुर्गन (दक्षिण भारत) र पिकालाखु (नेपालमण्डल) । जुनसुकै नाउँले सम्बोधन हुने भए पनि कुमार देवाधिदेव महादेवका पुत्र हुन् । शिव परिवारका कान्छा सदस्य कुमार नै हुन् । जहाँ गणेश र कुमारको पूजन हुन्छ, त्यहाँ शैव सम्प्रदायको दर्शन र संस्कृतिले घेराबन्दी गरेको हुन्छ, चाहे ती वैष्णव हुन् वा बौद्ध । नेपालमण्डलका सबै धर्म र सम्प्रदायका नेवार जातिले कुमारलाई आफ्नो गृहद्वारमा 'पिकालाखु' स्थापना गरी दैनिक पूजा गर्ने गर्छन् । पिकालाखुलाई शुभलाभ, शान्ति र समृद्धिको प्रतीकका रूपमा मान्ने चलन चल्दै आएको छ । घरबाट बाहिर जाँदा र घरभित्र प्रवेश गर्दा पिकालाखुलाई नमन गर्ने प्रचलन छ । गणेशको जस्तो सार्वजनिक रूपमा मन्दिर स्थापना भएको देखिएको छैन, तर पनि कुमारलाई इष्टदेव र

क्षेत्रपालका रूपमा नै नेवार परिवारले स्वीकार गरेको देखिन्छ । त्यस पिकालाखुलाई प्रत्येक दिन बिहान पूजा गर्ने पनि चलन छ ।

यी माथि उल्लिखित गणेश र कुमारको प्रभाव कायम गर्ने एकै समयमा भएको भने होइन । विभिन्न समयमा विभिन्न शिवाचार्यहरूले शिवमहिमालाई मूर्त र अमूर्त रूपमा पछिसम्म नेपालमण्डलको समाजमा कायम रहन सकोस् भनेर स्थापित गरेका विधिविधान र सिद्धान्त निर्माण गरेका हुन् । यी प्रचलन समाजमा यसरी गढेका छन् कि यसलाई अलग्याउँदा जातीय अस्तित्व नै मासिने देखिन्छ । त्यसैले यो नेवार समुदायको अभिन्न स्थापित संस्कृति हो ।

नयाँ जात्रा : यी शैवधर्म-संस्कृतिको विकास प्राचीन एवं मध्यकालीन समयमा स्थापित भएका हुन् । मल्लकालपछि उपत्यकाको नेवार समुदायमा त्यस्तो कुनै नयाँ जात्रा तथा नयाँ संस्कृति भित्रिएको नदेखिए पनि हालै वि. सं. २०१५ सालमा भक्तपुर टौमढी टोल निकट रहेको चण्डी भगवती जात्रा प्रारम्भ भएको देखिएको छ । भक्तपुर जङ्गम मठका मठाधीश गोविन्दहरि जङ्गमद्वारा चलाइएको चण्डी भगवतीको जात्रा आजसम्म चलेको छ र पछिसम्म चल्नेछ भन्ने विश्वास लिन सकिन्छ । यसको विवरण परिशिष्ट – ४ मा दिइएको छ ।

वर्तमान अवस्थामा पनि जङ्गम मठबाट धर्म-संस्कृतिको संरक्षणका लागि विभिन्न कार्य हुने र भएका बारेमा इतिहास र संस्कृतिका अन्वेषक विनोदराज शर्माले जङ्गम मठ र मठाधीश गोविन्दहरि जङ्गमले गरेका कार्य उल्लेख भएको लेखको अंश परिशिष्ट – ५ मा प्रस्तुत गरिएको छ ।

वर्तमानमा संस्कृतिको संरक्षण : यो लेखकले पनि भक्तपुर जङ्गम मठका मठाधीशको एक सन्तानका रूपमा त्यसै मठमा जन्मने सौभाग्य पाएको हो । प्रत्यक्ष र परोक्ष रूपमा जङ्गम मठको अध्ययन गर्ने सौभाग्य पाएको हुँदा मेरो जीवनमा पनि नेपालको धर्म-संस्कृति र परम्पराको रक्षा गर्ने अवसर प्राप्त भयो, जो निम्नानुसार सारांशमा उल्लेख गरेको छु –

१. वि. सं. २०६५ सालमा राष्ट्रदेव श्री पशुपतिनाथको परम्परादेखि चलिआएको रीतिस्थिति र संस्कृतिमाथि बेदखल गर्ने नेकपा माओवादी सरकारका विरुद्धमा उत्रिएर प्राचीन कालदेखि चल्दै आएको धर्म-संस्कृतिको रक्षा गरेको ।

२. श्री डोलेश्वर महादेवलाई केदारनाथको शिरोभाग प्रमाणित गरेर डोलेश्वर क्षेत्रको धार्मिक महत्ता बढाई नयाँ संस्कृतिको विकास गरेको ।
३. भक्तपुर वागेश्वरीमा सरस्वती मन्दिर स्थापना गरी सनातनी शैवमतको संरक्षण गरेको ।
४. फर्पिङस्थित दक्षिण गोदावरीको महिमा बढाउन शिखरेश्वर महादेवको स्थापना गरेको ।
५. भक्तपुर वागेश्वरीस्थित वागेश्वर महादेवको पतनोन्मुख अवस्थालाई पुनर्स्थापना तथा परम्परागत रीतिस्थितिलाई कायम गरेको ।
६. बानेश्वर महादेवको लोपोन्मुख अवस्थालाई विधिविधानअनुसार दैनिक तथा पर्वपूजाको व्यवस्था गरी धर्मक्षेत्रमा सुधार गरेको ।

यी माथि उल्लेख भएका १ देखि ६ सम्मको विवरण परिशिष्ट – ६ मा दिइएको छ ।

नेपालमण्डलमा प्राचीन कालमा गोपालवंश र किरातवंशले शासन गरे पनि त्यसको लिखित दस्तावेज भेटिएको छैन । लिच्छविकालमा भए-गरेका सांस्कृतिक विकास भने केही कायम नै देखिन्छन् । मल्लवंशको सुरुको राजधानी तत्कालीन भादगाउँ भएको र वर्तमानमा चलेका धेरैजसो मूर्त र अमूर्त संस्कृति पनि भादगाउँबाट नै सुरु भई नेपालमण्डलको अन्य स्थानमा स्थानान्तर भएको देखिन्छ । त्यसैले यो लेखमा भक्तपुर नै केन्द्रित भई अध्ययन तथा व्याख्या गर्ने चेष्टा गरिएको छ । यो लेखको मूल उद्देश्य हो नेपालमण्डलमा धार्मिक र सांस्कृतिक विषयमा जङ्गम जातिको भूमिका, जो यस विषयको अध्ययनका लागि यो सानो लेख प्रवेशद्वारका रूपमा सावित हुन सकोस् ।

●

परिशिष्ट – १

जङ्गमठमा रहेका अभिलेखहरू

राजा विश्व मल्ल ने. सं. ६९२ र रणजीत मल्लसमेतको ने. सं. ८६२ को जङ्गम मठको मूल चोकमा रहेको शिलाभिलेख

यी तल दिएका ४ अभिलेखलाई डा. पुरुषोत्तमलोचन श्रेष्ठले भ्वाइस अफ हिस्टोरी २०५७ मा 'जङ्गम मठका अभिलेख' शीर्षकमा समेत प्रकाशित भएको छ।

अभिलेखको लम्बाइ १ फुट पौने ९ इन्च, चौडाइ माथि १ फुट पौने ४ इन्च, तल पौने १२ इन्च छ। अभिलेखमा ३७ पङक्ति् छन्। शिरोभागको बीचमा शिवलिङ्ग, त्यसको दायाँपट्टि चन्द्र र साँढे, बायाँपट्टि सूर्य र साँढे अङ्कित छन्। यस अभिलेखमा संस्कृत र नेवारी भाषाको प्रयोग भएको छ। राजा रुद्रदेव मल्लका पालामा बनेको रावल मठ जङ्गम मठ) लाई राजा विश्व मल्लका पालामा मर्मत र जीर्णोद्धारसमेत गरी शिवप्रीति गरी जग्गासमेत राखेको कुरा अभिलेखमा उल्लेख भएको छ। पछि राजा रणजीत मल्लले समेत जग्गा थप गरेको र पूजा कार्यविधिसमेत लेखिएको व्यहोरा पनि यस शिलालेखमा उल्लेख भएको छ।

अभिलेख :

१. ॐ नमः शिवाय ॥ चिद चिद् ग्रन्थि विभेत्ता, संछेता मोहपाशानाम्। करुणापारावरः सर्व्वाधा
२. रः शिवो जयति ॥ वेदान्तस्य रहस्यं, सर्व्वस्वं सकल योगानाम्। अज्ञान प्रतिकूलं, जग-
३. दनुकूलं शिव नमत ॥ मुरहरचरणसत्तिः प्रति पत्तिः सकल शास्त्रेषु। यस्याःसेयं ग-
४. ङ्गादेवी चिरञ्जयति ॥ यद्धानेन महेशपादकमले प्रमैकवर्द्धस्पृहाः काशीवासमु-
५. पासते सुवहवो विप्राः पवित्रशयाः। यत्तेजोदहन प्रतप्त हृदयः प्रत्यर्थि भूमीपति चा-
६. हारेषुरुविंदधाति नियेतेनाप्तातिनिद्रांनिशि ॥ श्री विश्वमल्लनृपते, गङ्गादेवी सुतौसु-
७. षुवे। त्रैलोकयमल्ल भूपं, त्रिभुवनमल्लञ्च भूपालम् ॥ विद्वत्मानसहसमान समर
८. प्रत्यर्थिदावानलः सरिद्यावनिताविलास भवनं भक्तैकचिन्तामणिः। नेपालक्षितिपाल
९. मौलिमुकुटालङ्कार हीनाङ्कुरः श्रीमानेष विराजते—त्ति सुकृती त्रैलोक्यामल्लानृपः ॥

१०. जयति त्रिभुवनमल्ल, त्रिभुवनमल्लाग्रगण्यता धारी शत्रुपरा भवकारी विनयनया-
११. स्यां मनोहारी ॥ पुत्रा भ्यां सह भक्तपत्तमधुरामस्या वहन्त्याः कृपां प्राप्य श्रीयुत म-
१२. ल्लिकार्जुन कृतीशैवः शिवप्रीतये । शैववृत्ति मिमाञ्च दैववशतोनुष्टां पुनः सृष्टवान,
१३. सृष्त्वा चापि शिवार्प्पिताचति शैक गमाचारतः ॥ शैवाचारकृतः शिवागमविधौ
१४. शैवाः शिवलम्वनाः । किम्वानैन वसन्ति हन्त जगति प्रख्यात संस्कीर्त्तयः । किन्तुक्षन्तिवि-
१५. वेक शान्ति परमान्दैक विश्रान्ति भू, र्व्येद श्रीयुत मल्लिकार्जुन कृत्ति शैर्वचतंत्वं प-
१६. र ॥ यानिहत्यादि पापानि, कुटसाज्यादि कानिच, सर्व्वभूमेः प्रदानेन, नरस्तरति
१७. सर्व्वदा ॥ यो—न्यदत्ता स्वदत्तावा हरेद्भूमि नराधमः । प्रपतत्यक्षयंकाम सरच्छेम
१८. क्रमेणसः श्री नीलकण्ठ शिवसंनिभ वीरभद्र, श्रीविश्वनाथमठमेतमतीवरत्न
१९. धर्मस्यश्येतु मतुल नरपालसंघा, मन्त्रिप्रधानसहिताः परिपालयन्तु ॥ पुनदेश भा-
२०. षा ॥ पूर्व्वकालस थ्वलावडमथ दयकव, जयरुद्रमल्लदेवस, मामजुस्य दुन्ता, ध्वनलि
२१. रत्नादेवीस्य तवचपाड यतास सतर दयकाव दुन्ता, न जयदेवरुन खेयकाव
२२. वुलिलाक रो व २००, थ्वते वुलिलाचकाव, श्रीनीलकण्ठेश्वर प्रीतिन मल्लिकार्जुन
२३. देवरुन दुंता जुरो ॥ श्री ३ विश्वेश्वर स्थापना याङा, नित्यकर्म्म पूजायात, निमित्ति-
२४. न, मल्लिकार्जुनदेवरुन दुंता, वु रोव २४ मकर संक्रान्तिन, घृतकं वनयाय माल
२५. कार्त्तिक, मकर, शिवरात्री, थ्व स्वंगु त्रिपर्वनं, खीरान्नं, घृतपाकवान्नादि दयक, मथ-

२६. स चोङलावडजतो, भोपयके माल, सरस्वती वुरोव २ दस निपोल, देवल, सं-
२७. खोलन पाय यातं ॥ दीपराजनदुता, वु रोव ४ देवपूजायाक लावड जुटो भोप
२८. यके यात ॥ सम्वत् ६९२ जेष्ठ शुक्ल षष्टयान्तिथौ ॥ श्री ॥ पूर्वकालस थ्व
२९. मथया व कचंगल दाङाव श्री २ जयरणजीतमल्ल महाराजया पर्य्यावस शि-
३०. वलिदेवरुण विचाल याङ वुरो १०५ वर्ष ३ वु अधिकर लुयकाव श्री ३ नील-
३१. कण्ठ श्री वीरभद्र प्रीतिन शिवलिङ्गदेवरुण सेवा याङा ॥ पूनर्भाखा शिवलिंदेवरुण
३२. श्री ३ मल्लिकार्जुन, श्री ३ कोतिलिङ्ग, श्री ३ सिद्धेश्वर, श्री ३ पशुपति, श्री ३ उमामहेश्वर, श्री ३ गणे-
३३. श, श्री ३ कुमार, थ्वते देवता प्रीतिन, रो १० जातिगाल वुं दुंता जुलो, थ्वते वुयावलसा-
३४. नन हाने अष्टवेदार्च्चन पूजा यायमाल, कृष्णपक्षया चतुर्द्धशी, कुन्हु मास प्रति
३५. कु ५ चेकं, कोटोखंम्वमता छोयेकेमाल सतिकुन्हु पर्द्धेशीदको भोजन याचकेमाल ॥ लक्ष्मी-
३६. पूजा कुन्हु क्षीरपकवान्न पर्द्देशी नकेमाल ॥ थ्व सर्व्वत्र मथपति प्रभृतिन विचाल यायमाल ॥ शिववव्वृत्ति
३७. दयस्तु नरोमोह समन्वितः वर्षकोटी सतदिव्यं विष्टायां जायते कृमि ॥ सं ८६२ पौष शुद्दि ६ ॥ शुभ

## परिशिष्ट – १ (क)

तामग्रधातुको पातामा स्वर्णजलप लगाइएको माथिल्लो भाग ८ अङ्गुल चौडा र तल्लो भाग ७ अङगुल् चौडा, १३ अङगुल् लामो, किनारा-भाग कलात्मक बुट्टाले सजाइएको ने. सं. ७८१ को यो अभिलेख मूलको पातलाको दोस्रो खम्बामा टाँसिएको थियो ।

मूल पाठ :

१. ॐ नमः शिवाय ॥ ब्रह्माण्डमिन्द्र जालं, हारं हारं हसनु
२. विभूरमते । सजयति जगन्निदानं, भक्त मनोमन्दिर श्शम्भुः
३. अर्ध्दयत्र भुजङ्गहार भसित द्वीपि, त्वगुहासितं चँ च च्वदन
४. चंद्र चर्च्चित कूचा भोगं तथा न्यद्दलं । अर्धदेवसरि द्विशोभित
५. जटं मूक्ताकलाप्रम्फूर ध्वग्निलेन्त्व परत्र पातु शिवयोस्या- ६.
देहयष्टिर्ज्जगत ॥ गाम्भीर्येण नदी पतीर तिपतिरूपेणसीता- ७.
पति, दूर्व्वारेन्द्रिय निग्रहेण परया कान्याच तारापतिः ।
९. मान् जयति प्रकाश नृपतिभूमी दिवौ कष्यति ॥ वेधो भे-
१०. विंधुवारणांचल मिते नेपाल शाके गुरौ, वारे वाहुलसंज्ञ-
११. मासिवन्हुले पक्ष द्वितिया तिथौ । भक्तायां पुरिवीर भद्र
१२. ममराराध्यं महद्वेवरु, भूतेश प्रिया पार्षदं पशुपति प्री- १३.
त्यै मठे स्थापयेत ॥ पून देशभाषा ॥ श्री ३ वीरभद्रेश्वर
१४. मठपति महद्वेवरुन प्रतिष्ठा याङान, भृर्धा वूरोव छ दुं
१५. ता, थ्वतेया वलसानन, वूसाधनकोन्हु, वर्षप्रति, पंचा- १६.
मृत, कु १ काप्वल, दं, शु १ विल्वपत्र दयकं पूजायाय, पु-
१७. जा वालि यातं, जु १ वस्त्र, विय, परदेशीदको खीरान्न,
१८. घेर साखर, माढि, के, दयकं, भोपयकेमाल ॥ गुठि
१९. पनि, दिनमसि, तुलसी, नेम्हं, थ्वपनिस्तं, शस, सू
२०. जु क्वथ्याक, थ्वते हाङानलि जाकि लेकोन श्री भाष्क-
२१. रराज उपाध्याजु, मठपति, प्रयागराम जोसि, द-
२२. यकान, प्रतिवर्ष, ल्यंखसयान, लेकोन, तिला
२३. हिला तने, धाको यातसा उत्तोत्तर पूण्य मया-
२४. तसा पंचमहापातक लाकजुरो ॥ सम्वत् ७८ २५.
१ कार्तिक कृष्ण, द्वितीया, रोहिणी, सिद्धि वृहस्प- २६.
तिवार, थ्वकुन्हु प्रतिष्ठा दिन ॥ वीरभद्र प्रीतिन ॥
२७. थ्व मठपति जुयान, थ्व संवाच्छलतोन, रो ५० खैका

संस्कृत र देशभाषा (नेपालभाषा) को यस अभिलेखमा उल्लिखित 'श्रीमान् जयतिप्रकाश नृपति' तात्कालिक भक्तपुर राज्यका राजा जगत्प्रकाश मल्ल हुन् । त्यति बेला (वि. सं १७१८ मा) उनी भक्तपुरमा राज्य गर्दै थिए । शासक वर्गले धारण गर्ने राजप्रशस्ति वा विशेष उपाधि तत्समयका दुनियाले राखेका अभिलेख आदिमा पनि देखापर्छन् । तर यस्तो चलनको एउटा

अपवादका रूपमा यो अभिलेख देखापरेको छ। यस अभिलेखमा जगत्प्रकाश मल्ललाई 'श्रीमान् नृपति' मात्र भनिएको छ। यो कुरा विचारणीय छ।

जङ्गम मठका प्रमुख देवदेवीहरू विश्वेश्वर, वीरभद्र, देवी, सिद्धेश्वर, नीलकण्ठ, पशुपति, श्मशानेश्वर, कोटिलिङ्गेश्वर, नन्दि, पाञ्चायनसहितका उमामहेश्वर आदि हुन्। तीमध्ये वीरभद्रेश्वर (वीरभद्र) को प्रतिष्ठा ने. सं. ७८१ मा तात्कालिक मठपति महद्धेवले गरेका थिए, सो देवताको पूजाआजाका लागि गुठी राखिएको थियो भन्ने कुरा यस अभिलेखबाट थाहा हुन्छ।

## परिशिष्ट – १ (ख)
## क्षेत्रपालको ढुङ्गेछानोको अभिलेख

जङ्गम मठको पूर्वतर्फको मूल प्रवेशद्वारबाट भित्र पस्नेबित्तिकै क्षेत्रपाललाई सुरक्षित रूपले ढाकिराख्नका निमित्त बनाइएको एउटा सानो चारकुने ढुङ्गेछाना हाम्रो सामुन्ने देखापर्न आउँछ। सो ढुङ्गेछानाको पूर्वपट्टिको भागमा यो अभिलेख कुँदिएको छ। घामपानी आदिका कारण यसका केही अक्षरहरू ठम्याउन गाह्रो परेको छ। यहाँ सम्वत् ७८३ दिइएको छ।

मूल पाठ :

१. ॐ स्वस्ति॥ श्री ३ विश्वेश्वरया-च-चतु-खस
२. ह-लिंगसलिलोहो दयका महद्वेवरुण प्र-
३. तिष्ठा याङा दिन जुरो॥ सम्वत ७८३ वैशा-
४. ख शुक्ल पञ्चमी तिथि वुधबार कोन्हु॥ शुभं॥

यस ढुङ्गेछानोमुनि रहेको क्षेत्रपाल सो ढुङ्गेछानो बनाई राख्नुपूर्व नै त्यहाँ स्थापित भएको थियो भन्ने कुरा यस अभिलेखबाट जानिन्छ। जङ्गम मठमा वीरभद्रेश्वर प्रतिष्ठा गर्ने तात्कालिक मठपति महद्धेवको नाम यस अभिलेखमा पनि परेको छ। यिनै महद्धेवले क्षेत्रपालको सुरक्षा र सजावटका निमित्त ने. सं. ७८३ (वि. सं. १७२०) मा सो चारकुने ढुङ्गेछाना बनाई प्रतिष्ठा गरी राख्न लगाएका थिए भन्ने कुरा यस अभिलेखले बुझाएको छ।

## परिशिष्ट – १ (ग) ने.
## सं. ८२५ को ताम्रपत्र

यो ताम्रपत्र पनि पहिले मठको उत्तरतर्फको दलानको निदालमा ठोकिएर राखिएको थियो । असुरक्षाका कारण अहिले त्यस ठाउँबाट झिकेर राखिएको छ । २ अङ्गुल चौडा र १४ अङ्गुल लामो यस ताम्रपत्रमा कुँदिएको अभिलेख प्रचलित नेवारी र कन्नड लिपिमा छ ।

मूल पाठ :

१. ? वाणवान्हुगजैः ख्याते, नेपालाव्दे तुरङ्गभे । चतुर्थ्यांकृष्णपक्षेच वृद्धियोगेमुदा—करोत् ॥ जीर्णचन्दा

२. तपोद्वारं नीलकण्ठेश तुष्टये रुद्राक्ष भूति जंभाद्रेचन्नवीरो विचक्षणः ॥ सं. ८२५ भाद्रपद वदि ४

३. शुभ ॥ ... ... ...

४. २००० जङ्गम मठको उत्तरपट्टिका दलिनमा रुद्राक्षमाला झुन्डयाइएका छन् । विभूतिसहित ती रुद्राक्षमाला चुन्नवीर नामक एक शैवानुयायी वीरशैव वा लिङ्गायत) ले ने. सं. ८२५ (वि. सं. १७६२) मा नीलकण्ठ इष्टदेवको सन्तुष्टिका लागि चढाएका थिए भन्ने कुरा यस अभिलेखबाट थाहा पाइन्छ । त्यति बेला भक्तपुरमा भूपतीन्द्र मल्ल राज्य गर्दै थिए ।

## परिशिष्ट – १ (घ)

मूल भान्छामा रहेको ढुङ्गामा लेखिएको अभिलेख जो कन्नड भाषामा छ – “चन्दवीर देवरु सं. ८१९ भाद्र शुदी २”

## परिशिष्ट – २

दक्षिण भारत कर्णाटक युनिभर्सिटीका प्रोफेसर डा. एम चिदानन्दमूर्तिले लेख्नुभएको A Living Cultural Link between Nepal and Karnatak को अंश, जो २०६३ सालमा ‘कालजयी व्यक्तित्व भरत जङ्गम’ को पेज नं. ८७८ मा प्रकाशित छ ।

The fourth and the pertinent cultural link is Shri Bharat Mani Jangam who belongs to the Jangam sect, the religious heads of Jangam Monasteries round about Kathmandu and Bhaktapur. 'Jangam' is a familiar sub-group of Virashaiva community in

Karnataka. They are the priestly class officiating in religious and social activities like the marriage. 'Jangam' literally means 'moving' and the Jangam is traditionally looked upon as the moving (human) form of Shiva or Shivalinga. We do not know when the Jangams of Nepal migrated from Karnataka to Nepal, but we have evidence to show that a Jangam by name Shripathi Aradhya Sharma of Banepa (1360 A. D.) took part in the rituals of re-installing Pashupatinath Linga in Kathmandu. It is clear that the Jangams had already migrated to Nepal by the fourteenth century, perhaps through the Jangambadi Matha at Varanasi, India. There are about fifty Jangam families in Nepal, a few of them heads of Shibalayas, who wear both the 'Ista-Linga', and the sacred thread (Yajyopavitha) on their bodies (The Jangams in Karnataka now wear only 'Ista-Linga', a miniature form of Shiva-Linga, although some of them were wearing sacred thread also earlier). The famous ancient Jangam Matha in Bhaktapur has two Kannada script belonging to 1699 A. D. They contain the priest's name Channavira Devaru, a name partly Kannada and partly Sanskrit, and the personal name is very common in Karnataka. There are more than thirty thousand published Kannada inscriptions in Karnataka, a few of them even outside Karnataka. The above two Kannada inscriptions are the farthest ones found outside Karnataka that too in a foreign country like Nepal. Besides, there are two huge stone sculptures of Jangam saints near the

Jangam Matha on the banks of the Hanuman Ghat in

Bhaktapur.

## परिशिष्ट – ३

कैलाश भण्डारीद्वारा लिखित ‘युगपुरुष गोविन्दहरि जङ्गम’ नामक पुस्तकको पेज नं. ६६ र ६७ मा प्रकाशित

परम्परागत रूपमा सौरमासबाट चल्ने सम्वत्सर विक्रम सम्वत्को पहिलो महिना वैशाखको दिन वैशाख सङ्क्रान्तिका दिनमा मनाइने विश्वजात्राका प्रमुख देवता लिङ्ग (विश्वनाथ-भैरव) हुन् । इन्द्रको ध्वजा इन्द्रध्वजा नामले प्रसिद्ध रहेझैँ यस लिङ्गमा फहराइने एक जोडी ध्वजा विश्वध्वजा, वीरध्वजा, विवकेतु नामले प्रसिद्ध रहँदै आएको कुरा यस विषयमा आभिलेखिक प्रमाणका आधारमा पनि ज्ञान हुन्छ। (झ्वाट्ट हेर्दा ती एक जोडी ध्वजा नागनागिनीझैँ लामो परेका र हावा चल्दा पनि नाग गुँडुल्किएझैँ देखिने हुनाले जनजीवनमा नागनागिनीकै प्रतीक हुन् भन्ने विश्वास प्रचलित हुन पुगेको अनुमान हुन पुग्छ । यथार्थमा यस जात्रामा नागनागिनीलाई दर्साइएको छैन, भैरवनाथका ध्वजाहरू फहराइएको छ । चैत्र महिनामा विश्वध्वजा फहराइने कुरा गौतमीतन्त्रमा पनि उल्लेख छ। ध्वजामा लेखिएका चित्रहरूमा पनि नागनागिनी देखापर्दैनन् । स्थानीय भाषामा हलिपता भनिने त्यस ध्वजामा शुभकर्म, कुशल-मङ्गल, सुरक्षा आदि अनेक भाव झल्कने सिंह, कमल, सूर्य, चन्द्र, गणेश, भैरव, बेताल, अष्टमङ्गल, खड्ग आदि मात्र चित्राङ्कित गरिएका छन् ।) लिङ्गमा फहराइने ती एक जोडी ध्वजा भैरव र शक्तिका प्रतीक मानिन्छन् । यो कुरा लिङ्गजात्रा हुने स्थल भद्रकाली पीठ नै रहेको आधारमा पनि खुल्छ। यसप्रकार यस जात्राको प्रमुख देवता विश्वनाथ-भैरव (लिङ्ग) र लिङ्गोको टुप्पामा फहराइने ध्वजा पनि विश्वनाथ-भैरवकै ध्वजाहरू हुन् भन्ने कुरा देखिन आएको छ । यस विशेषताका आधारमा विश्वजात्रा नाम तात्कालिक लौकिक जीवनमा प्रसिद्ध रहन गएको कुराको पुष्टि मिल्छ। (चैत्र मसान्तकै दिन तलेजुमा विश्वध्वजा पूजाविधान गरिन्छ । सो क्रममा सङ्कल्पवाक्य लिँदा 'विश्वजात्रा महापर्व' भनिन्छ । यस दिन तलेजुबाट लिङ्गस्थलमा खड्ग पुऱ्याएपछि लिङ्गो पनि ठड्याइन्छ ।)" जात्राताका लिङ्गजात्रा हुने स्थल (चुपिघाट) बाट भैरवको रथमाथि सवारी चलाइँदा जङ्गम मठभित्र स्थापित नन्दीसित बेताल सम्मुख भएपछि मात्र रथ लाने चलन छ। मठभित्र मकर सङ्क्रान्तिमा वीरभद्र, विश्वेश्वरलाई घिउले छोपेर राख्ने चलन छ । त्यही घिउले शिवरात्रिमा रोटी पकाइन्छ । यसरी रोटी पकाउँदाको बेलाको गोल र वीरभद्रको जलले दही-च्युरा मुछी भैरवनाथको रथ तान्ने बेलामा (विघ्नबाधा पन्छाउन) छर्ने चलन छ। त्यस्तै, भैरवनाथको रथ तान्दा उत्पन्न हुने भयानक आवाज काशी विश्वनाथमा पुग्छ भन्ने स्थानीय लोकभनाइ प्रचलित छ । वैशाख सङ्क्रान्तिमा लिङ्गो ढाल्ने विधान सकिएपछि जङ्गम मठअगाडि (गाःहिटी टोलमा) भैरव र भद्रकालीको 'द्यो खः ल्वाकेगु' देवरथ जुधाउने) जात्रा चलाइन्छ। खः ल्वाकेगु

जात्रा नियन्त्रित रूपले सञ्चालन होस् भन्नाका लागि जङ्गम मठबाट गुह्य विधि प्रयोगमा ल्याइएको हुन्छ । यसरी बिस्केट जात्राको विकासको क्रमसँगै वीरशैव मतका देवदेवीको महत्त्व, सांस्कृतिक गतिविधि, विधिविधान आदि बढ्दै गएको, राजकीय नेतृत्व एवं जनसहभागिता अपरिहार्य बन्न पुगेको र जात्रा सञ्चालनमा जङ्गम मठको तान्त्रिक दायित्व पनि अत्यावश्यक बन्न पुगेको आदि कुरा समग्रमा थाहा पाइन्छ ।

## परिशिष्ट – ४

## कैलाश भण्डारीले लेख्नुभएको 'युगपुरुष गोविन्दहरि जङ्गम' (२०६१) पुस्तकको पेज नं. ३६ र ३७ मा प्रकाशित अंश

टौमढी टोलदेखि पूर्वतर्फ पोडे टोल जाने बाटोमा भगवतीको एक मन्दिर छ । त्यो मन्दिर फोहोर स्थानमा भएका कारणले गर्दा मान्छेहरूको दृष्टिबाट पन्छन गएको थियो । सो भगवतीको मन्दिर धेरै वर्षदेखि फोहोर र जीर्णसमेत भइसकेको थियो । त्यसै कारणले गर्दा पनि त्यहाँ मान्छेहरू जान छाडिसकेका थिए । त्यहाँ पूजाआजा गर्ने चलन पनि छुटेको थियो । त्यो मन्दिरको यस्तो दुर्दशाले गर्दा गोविन्दहरि जङ्गमको मनमा भगवती र भगवती मन्दिरप्रति प्रेम जाग्यो । मन्दिरको दुर्गति देखेर मनमा चिन्ता लाग्यो र उनले त्यहाँको वातावरण आफ्नै पैसा लगाएर ठीक पारे, त्यहाँका फोहोरहरू सफा गर्न लगाई मन्दिरलाई दर्शनीय तुल्याए, बिग्रेको मन्दिरको जीर्णोद्धार गर्न लगाए । अनि त्यहाँ गुठी राखेर दैनिक पूजा गर्ने व्यवस्था मिलाइयो, भजन-कीर्तन गर्न त्यहाँ भजन-मण्डलको पनि स्थापना गरियो । आज पनि त्यहाँ साँझ-बिहान नित्य भजन गरिन्छ, साथै प्रत्येक वर्ष जेठ महिनाको सिठी नखःका दिन भगवतीको धुमधामसँग पूजा गरेर भक्तपुर सहरमा भगवतीको जात्रा गरिन्छ । यो चलन अद्यावधि यहाँ प्रत्येक वर्ष चल्दै आएको छ । यस कुराबाट के स्पष्ट हुन्छ भने गोविन्दहरि जङ्गमले मल्लकालपछि भक्तपुरमा भगवतीको जात्रा गर्ने एउटा नयाँ परम्पराको थालनी गरेका थिए ।

सिठी नखः अर्थात् कुमारषष्ठीका दिन नेवारहरू आ-आफ्ना कुलदेवताहरूको पूजा गर्छन् । त्यस दिन कुमारले आफ्ना साथीहरूसँग खेलेको दिनको सम्झना गरिन्छ । यस दिनलाई कृषकहरू विशेष रूपले मनाउँछन् । कुमार र गणेशको पूजा गर्नुका साथै कृषकहरूले जमिन खन्ने, कालिमाटी झिक्ने काम पनि यसै दिनदेखि बन्द गर्छन् । अनि आआफ्ना कुलदेवता र गणेश-कुमारको पूजा गरेर मीठो-मीठो खाई थकाइ मार्ने गरिन्छ

। उपत्यकामा भक्तपुर, ठिमी, बोडे, नगदेश, साँगा, नाला आदिका किसानहरू सूर्यविनायक, कार्यविनायक आदि ठाउँमा पूजा गरी मनाउँछन् भने पहाडतिर पनि यस दिन कुमारको मूर्ति नहुने ठाउँमा गणेशकै पूजा गर्ने गर्दछन् । आफ्नो मनलाई प्रसन्न राखेर कुमार, गणेशको पूजा गरी मीठो खाई यस दिन वीर-बलवान् युवकहरू कुस्ती खेल्ने र आफ्नो बल-पुरुषार्थ देखाउने पनि गर्दछन् ।

यसरी सिठी नखः महत्त्वपूर्ण दिन भएर पनि भक्तपुर नगरमा त्यस दिन कुनै जात्रा नभएको समयलाई समाई त्यस दिन भगवतीको जात्रा चलाउने चलन चलाएर त्यस दिनको गरिमालाई कायम राख्न गोविन्दहरि जङ्गमले अत्यन्तै चतुरतापूर्ण निर्णय गरी भक्तपुर नगरमा भगवतीको जात्रा गर्ने परम्पराको थालनी गरेका थिए । भगवतीको मन्दिर र त्यहाँ भएको बगैँचाबारे कुरा गर्दै भरत जङ्गमले बताए – “भगवतीको हाताभित्रको बगैँचा तहनहस भएर गएको थियो । सबै लुटेर खाएका
थिए । त्यो खाएको जग्गा सब मेरा पिताजीले कब्जा गरेर त्यहाँ मन्दिरमा पूजाआजा गर्न, दैनिक साँझ-बिहान भजन गराउन र जात्रा आदि चलाउनका लागि गुठी बनाएर आयस्रोतका रूपमा व्यवस्था मिलाइदिनुभएको थियो ।”

यस किसिमले गोविन्दहरि जङ्गमले आफ्नो प्रेम, श्रद्धा, भक्तिले गर्दा धेरै वर्षदेखि बेवास्ता गरिँदै आएको भगवतीको मन्दिर र भगवतीको उद्धार गरेर पुनः भगवतीप्रतिको श्रद्धा-भक्ति जनमानसमा फैलाउने कार्य गरी उनी भगवतीका सच्चा उपासक बनेका थिए भने भक्तपुरको धर्म- संस्कृतिका क्षेत्रमा एउटा नयाँ आयाम थपेका थिए ।

परिशिष्ट – ५

विनोदराज शर्माद्वारा लिखित तथा ‘कालजयी व्यक्तित्व भरत जङ्गम’ मा प्रकाशित (पेज नं. २४८ र २४९) लेखको अंश

भक्तपुरको जङ्गम मठ काशीको विश्वेश्वर लिङ्ग शिवको ऊर्ध्वस्वरूप ईशान मतसित सम्बद्ध रही भक्तपुरमा मात्र नभई नेपालकै एक मात्र जङ्गम मठका रूपमा रहेको मेरो अभिमत छ । नेपालमा वीरशैव मत कहिलेदेखि स्थापना भयो भन्ने तिथिमिति नपाइए तापनि सातौँ शताब्दीदेखि यसको अस्तित्व रहेको कुरा लेलेको वि. सं. ६६१ को शिवदेव – अंशुवर्माको अभिलेखबाट पुष्टि हुन्छ । वीरशैवहरू विश्वेश्वर महादेव वीरभद्रलाई प्रमुख देवता शिवका रूपमा र भद्रकालीलाई शक्तिका रूपमा मान्दछन् । यसको अभिप्राय ‘शक्तिं विना महेशानि सदाहं शिवरूपक’ भन्ने ‘पद्मपुराण’ को अर्धश्लोकबाट छर्लङ्ग हुन्छ । भारतको काशीस्थित जङ्गमवाडी मठको प्रभावमा विश्व मल्ल राजाले

वि. सं. १६२९ मा टौमढीमा यो मठमा जग्गा थप गरी स्थापना गरेको एक अभिलेख शिलापत्रबाट पुष्टि हुन्छ । सङ्कल्पवाक्य पढदा उहाँहरूको परिचय स्कान्देय् गोत्र र नामपछि देवरू उपाधि पनि जोड्ने चलन छ ।

मध्यकालमा नेपालमण्डलकै राजधानी नगर भक्तपुरमा स्थापित यो जङ्गम मठ नेपालकै मुख्य शैव केन्द्र (मठका रूपमा) बनेको मानिन्छ । तत्कालीन शासकहरू पनि शिवमार्गी भएकाले यो मठको राजकीय विशेष मान्यता र लोकप्रियता बढेको कुरा यो मठमा रहेका हालसम्मका शिलापत्र, स्वर्णपत्र आदि अभिलेखबाट जानिन्छ। देशको राजनीतिक विखण्डन भए पनि यसको लोकप्रियतामा कमी आएको थिएन । तर वि. सं. २०२१ सालको अवैज्ञानिक भूमिसुधार कार्यक्रमबाट यसको लोकप्रियता मात्र खस्केन, बरू मठको परम्परा धान्नै अप्ठ्यारो पर्न गएको पाइन्छ । २०४३ सालको गुठी ऐनले त गुठी नै समाप्त गरिदिएको छ । मैले माथि उल्लेख गरेअनुसार भरत जङ्गमलाई सानैदेखि चिनेको मात्र नभई मेरा पिताजी रत्नराज र बाजे मधुकुमार राजोपाध्याय दुवैको गोविन्दहरि जङ्गम (कान्छा महन्त) सँग गहिरो मित्रता भएको पनि पाएँ । वि. सं. २०१५ सालमा गीताज्ञानयज्ञका प्रचारक स्वामी ईश्वरानन्दले भक्तपुरको खौमाटोल (हाल महेन्द्रपार्क, श्रीपद्म हाइस्कुलको अगाडि) मा 'गीता लक्षाहुति यज्ञ' सम्पन्न गर्नुभएको थियो । 'गीतायज्ञ' नामले प्रख्यात भएको उक्त यज्ञ सम्पन्न गर्न मेरा बाजे र कान्छा महन्त महाराजको ठूलो योगदान रहेको कुरा मेरा पिताजी बताउनुहुन्छ । यस्तै भक्तपुरको चण्डी भगवतीको जात्रा चलाउन पनि उहाँहरू दुवैजनासहित अन्य व्यक्तिहरू लाग्नुभएको मलाई पनि थाहा छ । किनकि सो जात्रा चलाउन नवनिर्मित भगवतीको मूर्तिको प्राणप्रतिष्ठा बाजेले गर्नुभएको थियो र होम उहाँकै निर्देशनमा मैले गर्ने सौभाग्य पाएको थिएँ । त्यस्तै वि. सं. २०३३ सालमा १३ दिने पक्ष विश्वघस्र दोषशान्तिका लागि भक्तपुर दरबार स्क्वायरमा भएको शान्ति लक्ष्याहुति यज्ञमा पनि महन्त महाराजको ठूलो योगदान रहेको र उहाँकै चयनमा अनेक बाधा-अडचनहरू् पन्छाई पिताजीलाई होताका रूपमा काम गराउनुभएको यहाँ स्मरणीय हुन आउँछ । परिशिष्ट – ६

'अग्निचक्र' (वर्ष ११ अङ्क १० पूर्णाङ्क ११० असार २०७७) मा प्रकाशित 'आध्यात्मिक जागरणका उन्नायक भरतमणि जङ्गमका केही स्मृतिहरू' शीर्षकमा प्रकाशित सामग्रीहरू

# आराध्यदेव श्री पशुपतिनाथ

आराध्यदेव श्री पशुपतिनाथको कृपादृष्टिले नै नेपालीले विश्वमा नाम, काम र इज्जत कमाउन समर्थ भएका छन् । अझ उपत्यकावासी त भगवान् पशुपतिनाथको संरक्षकत्वमा सबै प्रकारका दुःखकष्टबाट उन्मुक्ति पाई सुख, शान्ति र समृद्धिले परिपूर्ण भएका छन् । विश्वमा अनेक किसिमका हावापानी, वातावरण र भूगोलका कारणले त्यहाँका प्राणीहरूलाई दुःखकष्ट र अनेक विपत्तिले सताएका हुन्छन् । उत्तर छिमेकी शीत मरुभूमिको घेरामा घेरिएको छ भने दक्षिणतर्फको भूमि उष्ण वायु र शीत वायु दुवैले अतिक्रमित छन् । तर यो नेपाल मात्र यस्तो भूमि हो, जो सबै ऋतुमा समान वातावरण कायम भएको हुन्छ । न बढी गर्मी, न बढी जाडो, न हिमपात, न सुख्खा, न असिना, न हुरीबतास, न समुद्री आँधी, सबै दिन सदावहार वातावरण भएकाले नै नेपाललाई पृथ्वीको स्वर्गलोक भनेर चिनिएको हो । यो पवित्र तथा पावन भूमि नेपालमा देवताको बसोबास छ र यस स्थानमा जन्मिएका सबै मनुष्य देवशक्ति प्राप्त गरेका हुँदा नै विश्वका अरू मान्छेभन्दा बेग्लै सुखी र शान्तमयी छन् । यो देवभूमिलाई आराध्यदेव श्री पशुपतिनाथको छत्रछाया प्राप्त भएकाले नै यहाँ जन्म भएका सबै मनुष्य देवतुल्य छन् भन्दा कुनै अत्युक्ति नहोला ।

आराध्यदेव श्री पशुपतिनाथलाई राष्ट्रदेव भन्ने पनि गरिन्छ, अर्थात् नेपाल राष्ट्रका पालकका रूपमा स्थापित नेपाली मात्रका अभिभावक देवता हुन् । जो हामी यस भूभागमा जन्म लिएका छौँ, उनका हामी सन्तान हौँ । हाम्रो पालनपोषण र संरक्षण उनै राष्ट्रदेवले नै गर्छन् भन्ने मेरो दृढ विश्वास छ ।

बाल्यकालदेखि नै पशुपतिनाथको लिङ्गको दर्शन पाएको म सात दशक पार गरिसकेँ । सबै समय सबै दर्शनका क्षणमा मभित्र एउटा आनन्दको अनुभूति हुन्छ । त्यही प्राप्तिका लागि मन त्यसतर्फ खिचिएको हुन्छ । साँझ, सबेर र दिन, समयको कुनै निश्चय हुँदैन, श्रीको दर्शनको अभिलाषा मेटिँदैन । श्रीबाट मैले सबैथोक पाएको छु, त्यसैले म धन्य छु ।

श्री पशुपतिनाथको नित्य दर्शनार्थी समूहको म एक सदस्य हुँ । वि. सं. २०४२ सालदेखि अर्थात् करिब २३ वर्षदेखि बिहान ४ बजे पशुपति प्राङ्गणमा पुग्ने र पश्चिमी ढोका खुलेपछि दर्शन गर्ने गरियो । यो कार्य वि.

सं. २०६५ सालको पौषसम्म कायम रह्यो । अनेक बाधा-व्यवधानका कारण नित्य दर्शन रोकिए पनि प्रत्येक सोमबार भने आजसम्म श्रीको दर्शन गर्दै आएको छु । वि. सं. २०६५ साल श्रावणको पहिलो हप्ताको एक दिन मन्दिरको प्रवेशको पहिलो ढोकाको मध्यभागमा बसेर मन्दिरको गजुरलाई आँखाको केन्द्र बनाई ॐ को उच्चारण गर्दै गर्दा अनायास श्रीबाट आज्ञा भयो – 'विपत पर्दैछ, तिमी सतर्क रहनू ।' म झस्किएँ र ॐ को उच्चारण बन्द गर्दै जिज्ञासा राखेँ – 'के विपत हुन सक्छ प्रभु ?' तुरुन्त जवाफ पाएँ – 'धर्म, संस्कृति र परम्परा टुट्ने अवस्था सृजना हुन सक्छ, चनाखो भएर हेर्दै जाऊ ।' प्रभुको आज्ञा पालन गर्ने निर्णय गर्दै मन्दिर परिक्रमा गरेँ र पश्चिमतर्फको ढोकाबाट श्रीको दर्शन गरेँ । तर्कविहीन मस्तिष्कले श्रीको आज्ञालाई शिरोधार्य गर्दै घर फर्किएँ । बिहानको गर्नुपर्ने घरको नित्यपूजा सम्पन्न गरेपछि धर्मक्षेत्रका केही व्यक्तिहरूलाई आजको घटना सुनाउने र सुझाव लिने मनसायका साथ सन्तशिरोमणि खेमराज केशवशरण, सनातन धर्म सेवा समितिका केन्द्रीय अध्यक्ष डा. हरिभक्त न्यौपाने र पण्डित कृष्णप्रसाद खनाललाई टेलिफोनबाट सम्पर्क गरी बिहान श्रीसँग भएको मौन संवादको घटना बताएँ । माथिका तीनजनामध्ये केशवशरणजी बढी जिज्ञासु हुनुभयो र अनेक प्रश्न राख्नुभयो । उहाँले प्रश्न गर्नुअगावै मेरो दिमागमा उत्तर तयार थिएन । तर उहाँको प्रश्नपछि मेरो मस्तिष्कमा जवाफ तयार भयो र मैले सोही कुरा उहाँलाई भनेँ – 'अहिलेको सरकार विधर्मी सरकार छ नेपालमा । त्यसले धर्मक्षेत्रलाई अतिक्रमण सुरु गर्छ । त्यो कार्यको सुरुको क्षेत्र पशुपतिक्षेत्र नै हुनेछ । पशुपतिनाथ अर्थात् श्रीको भण्डार फुटाउनेछन् । त्यहाँ भएका सम्पूर्ण हीरामोती, जवाहरात, सुनचाँदी र नीलमणिलगायत अनेक मणिमाणिक्य पनि लुट्नेछन् ।' 'यो कसरी सम्भव छ त ?' भन्ने केशवशरणजीको प्रश्नको जवाफमा भनेँ – 'विदेशी पुजारीलाई हटाएर नेपाली पुजारी भर्ना गर्ने राष्ट्रिय नारा दिँदै आफ्नो मान्छेलाई पुजारी भर्ना गर्ने र पुजारीद्वारा श्रीको सम्पत्ति संरक्षण गर्ने नाउँमा राज्यले हस्तक्षेप गर्ने-गराउने वातावरण बनाउने अनि श्रीको भण्डारको सम्पत्तिमा मनोमानी गर्ने ।' यति भन्दाभन्दै लुटाहा सत्ताधारीको भविष्यका सबै योजनालाई श्रीद्वारा मेरो मस्तिष्कमा एक-एक घटना स्पष्ट पारेको मैले महसुस गरेँ । यसपछि मलाई श्री पशुपतिनाथ र पशुपतिक्षेत्रमा हुन सक्ने सबै किसिमका सम्भावित दुर्घटनाहरूलाइ कसरी मुकाविला गर्ने भन्ने योजना मिलाउन सजिलो भयो । तर कसरी हुन्छ, कुन समयमा हुन्छ, मैले कसरी प्रतिकार गर्नुपर्छ भन्ने कुरामा भने अनभिज्ञ नै थिएँ ।

वि. सं. २०६५ पौष १३ गते सबेरै ४ बजे म श्रीको दर्शन गर्दै पश्चिम ढोकामा प्रार्थना गर्दै थिएँ । मेरो पीठपछाडि पशुपतिनाथकै भण्डारीमध्येका मुख्य शिवशरण राजभण्डारी उभिइरहेका रहेछन् । मेरो प्रार्थना सम्पन्न भएपछि उनले मसँग केही कुरा गर्न चाहे । हामी पश्चिमतर्फको हनुमानजीको समीपको खुला चोकमा पुग्यौं । 'बर्बाद भयो, नहुनुपर्ने कुरा भयो ।' एक्कासि दुःखित हुँदै उनले भने । 'के भयो त्यस्तो ?' भन्ने मेरो प्रश्नको उत्तरमा उनले सुनाए – 'मूल भट्ट महाबलेश्वरजीको राजिनामा स्वीकृत भयो । नेपाली भट्ट डा. विष्णुप्रसाद दाहाल श्रीको पुजारीका रूपमा नियुक्त भए' भन्दै आत्तिएर भने – 'अब के हुने हो भरतजी ? हिजो राति भएको घटना तपाईंलाई सुनाएँ । अब के गर्ने, विचार गरौं ।'

सुन्नुपर्ने कुरा सुनें – मेरो मनले भन्यो । शिवशरणजीलाई जवाफ दिएँ – 'म ७ बजे पश्चिम ढोकामा आइपुग्छु । तपाईंहरू पनि आउनुहोला' भनेर घर फर्किएँ ।

बाटोभरि योजनाको तरङ्गले चाँडै घर भित्र्यायो । बिहानको नित्यकर्म चाँडोचाँडो गर्दा पनि ७ झन्डै बज्न लागेको थियो । सर्वप्रथम कान्तिपुर टीभीका व्यवस्थापक तीर्थ कोइरालालाई फोन गरें र भनें – '७.३० देखि पशुपतिनाथको पश्चिम ढोकाबाहिर सरकारको निर्णयको विरोधस्वरूप धर्ना हुँदैछ, समाचार सङ्कलन गर्न प्रतिनिधि पठाइदिनुहोस् ।' यसै गरी ५ मिनेटभित्रमा नेपाल वन, इमेज च्यानल र एभी न्युज टीभीलगायत राससलाई पनि खबर गरें ।

म पुग्नुअगाडि नै कान्तिपुरको क्यामेरा पुगिसकेको रहेछ । म पुग्नेबित्तिकै केही मान्छे जम्मा भए । एकजना भण्डारीले श्रीको प्रसाद र माला लगाइदिए । म त्यस समूहको विशेष आकर्षक व्यक्ति बनें । जाडोको समय न्यानो लम्बकोटका साथमा कालो टोपीको पहिरनमा चन्दनको नेत्रको टीका लगाएको म पेटीको खाली ढुङ्गाको पेटीमा बसें । मेरो गलामा माला थपिँदै गए । मान्छेले पनि घेराबन्दी ठोके । त्यसै बखत कान्तिपुरको समाचार सङ्कलक मेरो नजिक आएर विरोधको औचित्य र आवश्यकताका बारेमा जिज्ञासा राखे । विनाविश्राम १५ मिनेट विरोधको औचित्य र आवश्यकताको पुष्टि गरें । त्यति मात्र होइन, धर्मनिरपेक्ष नीति अपनाएको सरकारले हिन्दू मन्दिरमा यसरी हस्तक्षेप गर्नु गैरकानुनी हो र गैरसंवैधानिक हो भनेर सरकारको निर्णयको खुलेर विरोध जनाएँ ।  अन्य टीभीका क्यामेरा पनि हामीसँग नजिकिए र अनेक सरकारी

नीतिको पक्ष र विपक्षमा प्रश्न गरे । प्रस्ट रूपमा आफ्नो विचार राख्ने मौका पाएँ । एक-दुई पत्रकारले त 'नेपाली पुजारी भएकोमा तपाईंहरूलाई केको आपत्ती ?' समेत भन्दै राष्ट्रियताको प्रश्न खडा गरे । मैले सङ्क्षेपमा भनें – 'धर्मक्षेत्रलाई राजनीतिक सीमाले कुण्ठित गर्न सक्तैन । भारतको काशीमा नेपाली पुजारी छन् । अमेरिका र युरोपका हिन्दू मन्दिरमा भारतीय र नेपाली पुजारी छन् । धर्म र संस्कृतिले स्वीकार गरेको परम्परालाई कसैले बेदखल गर्न मिल्दैन । जहाँ जुन रीतिस्थिति र परम्पराले स्वीकार गरेको प्रचलन छ, त्यो त्यहाँको संस्कृति हो, धर्म हो । यसलाई बदल्नु भनेको धर्मसंस्कृतिमाथिको हस्तक्षेप हो ।' बिहान समाचारमा नै कान्तिपुरले प्रसारण गरेको हुँदा ९ बजेदेखि ११ बजेसम्म हजारौँको सङ्ख्यामा समर्थकहरू जुटिसकेका थिए । त्यस दिन अपराह्नसम्म कार्यक्रम सञ्चालन भइराख्यो । हरेक दिन बिहान ७ बजे कार्यक्रमलाई निरन्तरता दिने निर्णय लियौँ । यसै गरी १४ गते पनि धर्ना कार्यक्रमलाई भव्यताका साथ सम्पन्न गरियो ।

पाँच महिनापहिले सल्लाह गरिएका सबैलाई १५ गतेको कार्यक्रममा उपस्थित हुन निम्तो दियौँ । केशवशरणजी दुई अनुयायीका साथ ७ बजे नै उपस्थित हुनुभयो । मेरै छेउमा बस्नुभएका केशवशरणजीले पशुपति भजन र नेपाल माताको वन्दना गायन गर्नुभयो । उपस्थित सबैले साथ दिए । त्यत्तिकैमा भारतका 'आज तक' र 'न्युज इन्डिया' टीभीका समाचार सङ्कलक आइपुगे । पहिले मेरो र त्यसपछि केशवशरणजीको विचार रेकर्ड गरे । करिब १५-१५ मिनेट हामीले हिन्दीमा नै बोल्यौँ । नेपाल र भारत दुवैतिरका सञ्चार-माध्यमले हाम्रो विरोध कार्यक्रमको खुलेर प्रचार गरे । १६ गते मुद्दा तयारी गर्ने काम भयो । म रिट निवेदक भएको एउटा रिट र भण्डारी समूहका तर्फबाट कृष्णमान भण्डारी भएको अर्को रिट निवेदन, दुइटा रिट १७ गते नै सर्वोच्च अदालतमा दायर भयो । त्यसै दिन ३ बजे सो रिटको सुनुवाइ भयो । पौष १७ गते नै बिहान नेपाली भट्टलाई मन्दिर प्रवेश गराउने सरकारी तयारीलाई हामीले बिथोल्ने कार्यक्रम गर्‍यौँ । नेपाली काङ्ग्रेसको ४ नं. क्षेत्रका सांसद सुप्रभा घिमिरे र युवा नेता गगन थापालगायत धेरै राजनीतिक व्यक्तिहरूको उपस्थिति थियो । मैले भाषण गर्दागर्दै ममाथि भौतिक हस्तक्षेप भयो । कुटपिट चल्यो । प्रहरीले लाठी प्रहार गरे । त्यस्तै विरोधका बीच नवनियुक्त भट्टलाई मन्दिर प्रवेश गराउन मन्दिरमा लगियो । मन्दिरमा हामी र हाम्रो समूहले तालाबन्दी गरेर साँचो हाम्रो नियन्त्रणमा राखेका थियौँ ।

सर्वोच्च अदालतको एकल इजलासले सरकारी निर्णयका विरुद्धमा श्रीको पूजा यथास्थितिमा राख्नू, राख्न लगाउनू भन्ने अन्तरिम आदेश दियो । त्यही समय अर्थात् साँझ ४.३० बजे मन्त्री गोपाल किरातीको नेतृत्वमा चार ट्रक प्रहरीको घेरामा श्रीको मन्दिरमा लागेको भोटेताल्चा फुटाउने काम भयो । सरकारले अदालतको आदेशको अवज्ञा गरेको समाचार फैलिएपछि भारतीय टीभी 'आज तक' ले मेरो घरमा नै आएर विशेष अन्तर्वार्ता लियो । त्यो अन्तर्वार्तालाई प्रत्येक तीन-तीन घन्टामा प्रसारण गर्ने काम गर्न थाल्यो 'आज तक' ले । त्यस्तै अरू देशी-विदेशी टीभी र अनलाइनले पनि प्रचारप्रसार सुरु गरेपछि नेपालको त्यस समयको माओवादी सरकार कमजोर हुँदै गयो ।

पौष २३ गते अपराह्न नरनारायण बाबा नामका एक सन्तले मलाई भेट्न खबर गरे । मैले पशुपति क्षेत्रमा नै भेटौँ भनेपछि हामीबीच ४ बजे भेट भयो । उहाँले भन्नुभयो – 'प्रधानमन्त्री पुष्पकमल दाहालजीले ५ बजे तपाईंसँग भेट गने समय निश्चित गर्नुभएको छ । तपाईं र म दुवै पाँच बजे बालुवाटार पुग्ने गरेर जाऊँ ।' उहाँ प्रसिद्ध सन्त हुनुहुन्थ्यो । म उहाँलाई सम्मान पनि गर्थें । तर उहाँको वचन पालन गर्नुपर्ने र सक्ने अवस्था मेरो थिएन । कारण उनै प्रचण्डलाई विपक्षी बनाई सर्वोच्चमा मुद्दा दायर गरेको छु, साथै उनले नै मन्दिरको ताल्चा फोडेर मनपर्दो गरिरहेका छन् भने म कसरी उनीसँग भेट गर्न सक्थेँ ! नरनारायण बाबाले मलाई अनेक किसिमबाट सम्झाउने कोसिस गर्नुभयो । सायद हुन सक्छ मलाई जसरी पनि भेट्टाइदिन्छु भनेर प्रचण्डलाई विश्वस्त बनाउनुभएको थियो होला । मुद्दा चलिरहेको अवस्थामा विपक्षी व्यक्तिसँग भेट्नु नीति र व्यवहार दुवैले वर्जित गरेको कुरालाई मैले अस्वीकार गर्ने स्थिति नै थिएन । त्यसैले उहाँ एक्लै बालुवाटार जानुभयो ।

साँझ ७ बजेको टेलिभिजन हेर्दै थिएँ । प्रधानमन्त्री पुष्पकमल दाहालले चलिरहेको संसद्मा पशुपतिसम्बन्धी लिएको सबै निर्णय फिर्ता लिए भनेको सुनेपछि मैले बोलेरै भनेँ – 'श्री पशुपतिनाथको जय होस् !'

त्यसपछि मेरो कर्तव्य थियो श्रीको पूजा यथास्थितिमा गराउने । पौष २४ गते बिहान ८ बजे पशुपति क्षेत्र पुगी मूल भट्ट महाबलेश्वरलाई मन्दिरमा जान तयारी हुन अनुरोध गरेँ । पौष १७ देखि २३ सम्म ७ दिन श्रीको पूजा रोकिएको थियो । यथासमय ८.३० बजे सबै भट्टजीहरूलाई मन्दिर प्रवेश

गराई ७ दिन रोकिएको पूजा सञ्चालन हुने अवस्था सृजना गरें। त्यसै दिन क्षमापूजाको पनि आयोजना भयो।

सन् १३६० मा भारत डिल्लीका सुल्तान गयाउद्दीन तुगलक र बङ्गालका समसुद्दीनले भारतमा भएका हिन्दू मन्दिरहरू नष्ट गर्दै हिँड्ने क्रममा बङ्गालबाट नेपाल प्रवेश गरी श्रीको लिङ्ग क्षतविक्षत गरी नष्ट गरेका थिए। तत्कालीन बनेपाका राजा जयरामसिंह वर्द्धनको अगुवाइमा श्रीपति आराध्य शर्मा (जङ्गमका पुर्खा) ले वर्तमानको लिङ्ग निर्माण गरी स्थापना गरेका र रोकिएको पूजा सञ्चालन गरेका थिए। त्यसै गरी ६४८ वर्षपछि जङ्गमकै सन्तानले श्रीको रोकिएको पूजा सञ्चालन गर्न पाउने मौका पायो। यो मप्रतिको श्री पशुपतिनाथको कृपा हो।

विधर्मी कम्युनिस्टहरूको योजनाअनुसार श्रीको मूल ढुकुटी खोल्ने योजना पछि सुरु भयो। मूल योजना त ढुकुटी खोली हजारौँ वर्षदेखि सङ्कलित सम्पत्ति हात पार्नु थियो। सो योजना माओवादीले तयार गरे पनि माधवकुमार नेपालको समयमा लागू गर्ने कोसिस भयो। मूल ढुकुटी खोल्न २७ सदस्य भएको उच्च स्तरको समिति गठन गरियो। ढुकुटीमा भएको सम्पत्तिलाई तीन ठाउँमा राख्ने पनि निर्णय भयो। दैनिक काममा प्रयोग हुने सामान पशुपति भण्डारमै राख्ने, पुरातत्त्वसँग सम्बन्धित वस्तु म्युजियममा राख्ने र गहकिला र मूल्यवान् सामान राष्ट्रबैङ्कमा दाखिला गर्ने। राष्ट्रबैङ्क सरकारी ढुकुटी हो, आवश्यकताअनुसार राज्यले चलाउन पाउने। राज्य विधर्मीको कब्जामा रहेको हुँदा श्रीको सम्पत्ति जे पनि हुन सक्ने ठहर गरेपछि म आफैँ रिट निवेदक भएर सर्वोच्च अदालतमा मुद्दा दायर गर्ने काम भयो। यो निवेदनमा पनि नगर्नू-नगराउनू भन्ने अन्तरिम आदेश प्राप्त भयो। यसरी मूल ढुकुटी खोल्ने काम रोकियो।

मृगस्थली क्षेत्रको करिब ९००० रोपनी जमिनमा क्रिस्चियनहरूको लास गाड्ने कार्य सुरु भयो। यिनीहरूको धर्मग्रन्थअनुसार 'मृतक व्यक्ति एक दिन जीवित हुन्छ' भनिन्छ। त्यसैले त्यो लासलाई सुरक्षित नै राख्नुपर्ने भएकाले एक लासले करिब १५० वर्गफुट ओगटेको हुन्छ। त्यहाँ सिमेन्टको स्ल्याब बनाई लासको बाकस छोपिएको हुन्छ। यसरी मृगस्थलीजस्तो हिन्दूहरूको पावन एवं पवित्र भूमि कालान्तरमा क्रिस्चियन ग्रेभयार्डमा परिणत हुने देखिसकेपछि त्यसका विरुद्ध पनि सर्वोच्च अदालतमा मुद्दा दायर गरेर मृगस्थलीलाई सुरक्षित गरियो। माथिका कार्य एकपछि अर्कोले सफलता प्राप्त गरेपछि 'पशुपतिनाथ बोल्दैनन' भन्ने कहावत मिथ्या सावित

भयो । त्यस बखत पशुपतिनाथ ् क्षेत्रका वरपर रहेका सबै सत्तलहरूमा माओवादीको योङ कम्युनिस्ट लिग (वाईसीएल) ले डेरा जमाइसकेका थिए । तिनीहरूले वनकाली क्षेत्रलाई कवाज खेल्ने थलो बनाइसकेका थिए । पशुपति क्षेत्र सञ्चालन गर्ने मुख्य कार्यालय पशुपति क्षेत्र विकास कोषमा पनि सदस्य-सचिव, कोषाध्यक्ष, सदस्यलगायतका पदाधिकारीहरूमा पनि माओवादीका कार्यकर्ता भर्ती भइसकेका थिए । पशुपतिनाथजी माओवादीको जन्जिरभित्र जकडिइसकेका थिए, त्यसबाट छुटकारा दिलाउन मुस्किल नै देखिन्थ्यो तर अति सरल ढङ्गबाट पशुपति क्षेत्रलाई माओवादीको कब्जाबाट उन्मुक्ति दिलाउने काम
सम्पन्न भयो । त्यसपछिका दिनहरूमा पशुपति सेवक सङ्घ (
भण्डारीहरूको सङ्गठन) खोल्ने काम भयो । त्यस सङ्गठनले मलाई प्रमुख सल्लाहकारमा मनोनयन गऱ्यो । त्यसै गरी भट्टजीहरूले अभिभावकविहीन भएको महसुस गर्नुपरेन । जे परे पनि, जुनसुकै मुस्किल आइपरे पनि त्यहाँका रकमी पुजारीहरूले मबाट पूर्ण सहयोग पाए, जतिखेर सङ्कटको समय थियो । आजभोलि भने त्यहाँ कुनै नराम्रो अवस्था छैन । सबै तौरतरिका सरल ढङ्गबाट नै चलिरहेको छ ।

उल्लिखित सबै कार्य पशुपतिनाथजीकै कृपा र अनुग्रहबाट मद्वारा पूरा गरिएका हुन् । म त एक अकिञ्चन पात्र हुँ, जसद्वारा कार्य सञ्चालन मात्र भएको हो । गर्ने-गराउने उनै आराध्यदेव श्री पशुपतिनाथ हुन् ।

## श्री डोलेश्वर महादेव

इतिहास, संस्कृति र धार्मिक क्षेत्रको अध्ययन र अनुसन्धानका क्रममा भक्तपुर सिपाडोलस्थित डोलेश्वर महादेवस्थानमा पुगियो । यो २०५८ सालको हिउँदको कुरा हो । छोरा अनुप जङ्गमलाई मुभी क्यामेरा बोकाई त्यस स्थानमा पुगेको थिएँ । दिनभर बसेर सोधखोज, कुराकानी, भिडियो खिच्ने कार्य गरियो । मन्दिरको भित्र-बाहिर परिसर र क्षेत्रलाई क्यामेरामा कैद गरियो । तर घरमा आएर क्यामेरा खोल्न खोज्दा कुनै पनि तस्बिर नआएको देखेर छोरा र म दुवै जिल्ल पऱ्यौँ । मैले उसलाई दोष दिने र उसले क्यामेरालाई दोष दिने कार्य भयो । हाम्रो डोलेश्वर महादेव यात्रा असफल भयो । फेरि ३-४ महिनापछि स्टिल क्यामेरा लिएर गएँ । त्यो

क्यामेरा पनि बिग्रेर फोटो नै आएन । अब मलाई झस्कायो । दुइटा क्यामेरा बिग्रियो, फोटो आएन ।

त्यतिखेर डा. पुरुषोत्तमलोचन श्रेष्ठसँग मेरो भेटघाट हुने र इतिहास, संस्कृति र पुरातत्त्वका बारेमा छलफल र कुराकानी हुने गर्थ्यो । मैले एक दिन उनलाई प्रस्ताव राखेँ डोलेश्वर महादेवस्थान जाने । जाँदा उनलाई क्यामेरा बोक्नसमेत भनेँ । हामी निर्धारित समयमा श्रीको मन्दिरमा गयौँ । उनले आफ्नो क्यामेरामा २५-३० वटा फोटा खिचे । म उनको क्यामेराको फोटो हेर्न चाहन्थेँ । तर उनको क्यामेराबाट पनि फोटो आएन । त्यसपछि डोलेश्वर महादेवको रहस्यमय शक्ति देखी नतमस्तक भएँ, कसैलाई भनिनँ । तर मेरो मनमस्तिष्कमा भने ठूलो बोझ परेको अनुभव गरेँ, साथै जिम्मेवारीको पनि । त्यसताका म पशुपतिनाथजीको नित्य दर्शनार्थीमध्येको एक थिएँ ।

श्री डोलेश्वर महादेवले मभित्र एउटा कौतुहलता जगाए, मनभरि जिज्ञासा भरिदिए अनि एउटा निश्चित सङ्कल्प गर्नुपर्ने वातावरण तयार गरिदिए । महादेवस्थानमा जाने-आउने कार्य जारी रह्यो । त्यहाँका जागरुक युवाहरूले श्री विमलेश्वर महादेव विकास तथा संरक्षण समिति गठन गरेर क्रियाशील हुन थाले । श्री बालहरि चालिसे, राजन थापा, बच्चुराम जङ्गम र सूर्य खाइतू जस्ता युवकहरू त्यस क्षेत्रको विकासमा लागि लागिपर्दा म पनि एक सहयोगीका रूपमा सहभागी हुँदै गएँ । उनीहरूले विमलेश्वर भनेकोमा मेरो मतभिन्नता थियो, जो उनीहरूले पनि बिस्तारै बुझ्दै गए । मन्दिरको प्रवेशद्वार अतिक्रमित भएको थियो । दक्षिणतर्फको पुरानो सत्तलकै जगमा सानो भवन निर्माण गर्न सहयोग जुटाउने काम पनि तिनै युवकहरूले गर्दै गए ।

वि. सं. २०५९ सालको हिउँदको महिना थियो । करिब ४ बजेतिर मन्दिर प्राङ्गणमा रहेको पारिजातको रूखको छेउमा उभिएर श्रीको लिङ्गलाई जिज्ञासापूर्वक नियालिरहेको थिएँ । श्रीको लिङ्गको करिब २०-२२ फिटको दूरीमा पूर्वाभिमुख भई उभिएर म लिङ्गको रहस्य बुझ्ने कोसिस गर्दै थिएँ । एकाएक हावाको झोक्कामा मेरो कानमा 'केदारनाथ...?' भन्ने आवाज प्रवेश गऱ्यो र मेरो ध्यान पनि एक्कासि स्वर्गवासी मेरी हजुरआमा हरिप्रिया जङ्गमको कोठामा झुन्ड्याइरहेको केदारनाथजीको फोटोमा केन्द्रित भयो । त्यो फोटो मैले वि. सं. २००८ सालदेखि २०१४ सालसम्म देखेकाले बालसुलभ मस्तिष्कमा कैद भएको थियो । करिब ५० वर्षको अन्तरालमा देखेको फोटो

र श्रीको लिङ्ग सम्मिश्रित हुँदै गयो, मेरो मस्तिष्कमा । कानमा गुन्जिएको केदारनाथको आवाजले मूर्त रूप लिँदै गयो । इतिहास सम्झेँ । पुराण सम्झेँ । चल्दै आएको संस्कृति सम्झेँ – 'केदारखण्डे नेपालक्षेत्रे ।' केही समयअघिको हावाको ध्वनिरूपी श्रीको आदेशले बनाएको अर्धचेतनाले छाड्यो । मन हल्का भयो, स्फूर्ति आयो । विगतका दुःख सबै बिर्सिएँ र त्यहाँ नजिकै रहेका मित्रहरूलाई बोलाएँ । बालहरि चालिसे, राजन थापा, बच्चुराम जङ्गम र सूर्य खाइतू मेरा अगाडि उपस्थित भए । तिनैका अगाडि मैले भनेँ – 'यी डोलेश्वर महादेव भारत उत्तराञ्चलका केदारनाथका शिरोभाग हुन् ।' सुनेर सबै अचम्ममा परे । केही साथीहरू यो सुनेर खुसी भए, केहीले प्रतिकार गरे । तर उनीहरूले मेरो भनाइलाई त्यति गम्भीरता प्रदान गरेनन् । मैले तत्काल महसुस गरेँ – यो कुरामा अल्झिनु वा विवाद गर्नु बेकार हो । यसको प्रमाण जुटाई निर्णय गर्ने-गराउने काम मेरो मात्र हो भन्ने सम्झी आफ्नो जिम्मामा आएको काम गर्ने निश्चय गर्दै घर फर्किएँ ।

सर्वप्रथम श्रीको मन्दिरमा दैनिक रुद्राभिषेक गर्ने कार्य प्रारम्भ गरियो । स्थायी रूपमा मन्दिर परिसरमा मान्छे बस्ने व्यवस्था गर्न सुरु भयो । चन्दा, मुठीदान र आजीवन सदस्य बनाउने कार्य पनि सुरु भयो । वि. सं. २०६१ सालको 'खोपृङ' नामक पत्रिकामा 'डोलेश्वर महादेव केदारनाथको शिरोभाग' भन्ने लेख प्रकाशित गरियो । त्यही लेखलाई सयौँ थान फोटोकपी गरेर वितरण गर्ने काम सुरु भयो । यसरी बिस्तारै प्रचारमा आउन थालेपछि २०५७ सालमा स्थापित समितिका लागि 'विमलेश्वर' नाम गौण हुँदै गयो र त्यसको स्थानमा डोलेश्वर महादेव रहन गयो अर्थात् समितिको नाउँबाटै विमलेश्वरलाई हटाउने कार्य भयो ।

श्री डोलेश्वर महादेव केदारनाथको शिरोभाग हो भन्नेमा प्रचारप्रसार कार्यमा जुटियो । भारतबाट आएका धार्मिक व्यक्तिहरूलाई मन्दिरको यात्रा गराउने र लिङ्गको दर्शन गराउने कार्य जोडतोडका साथ अगाडि बढ्दै गयो । रुद्राभिषेक अटुट रूपमा सञ्चालन हुन थालेपछि दिन दुगुना रात चौगुनाको हिसाबले श्रीको प्रचार हुन थाल्यो । दर्शनार्थीहरूको सङ्ख्या बढ्दै गयो, साथै सार्वजनिक पूजा पनि बढ्दै गएको अनुभव भयो । सर्वप्रथम नेपाल टेलिभिजनबाट शारदा उपाध्यायले सञ्चालन गरेको धार्मिक कार्यक्रममा श्रीको कार्यक्रम प्रस्तुत भयो । यसै गरी अरू टेलिभिजन र एफएम रेडियोहरूमा पनि श्रीका बारेमा प्रचार सुरु भयो ।

२०६५ साल वैशाख महिनामा भारत काशीस्थित जङ्गमबाडी मठमा विशेष धार्मिक सभामा उपस्थित हुने मौका पाएँ । त्यस सभामा भाग लिन दिदी सावित्री जङ्गम थापा, म र मेरी श्रीमती इन्दिरा जङ्गम गएका थियौँ । त्रिदिवसीय कार्यक्रमको पहिलो दिन नै मैले बोल्ने मौका पाएँ । मैले बीस मिनेट बोल्ने मौका पाएकोमा १५ मिनेट त श्री डोलेश्वर महादेवका बारेमा बोलेँ । केदारनाथजीको शिरोभाग पशुपतिनाथ नभएर डोलेश्वर भएको सत्यलाई प्रमाणित गर्न पुराणका तथ्य, प्राचीन इतिहासका सत्य, साथै दुवै स्थानका लिङ्गको आकारप्रकार र रूपको वर्णन गरेँ । भारत उत्तराञ्चल केदारपीठका पीठाधीश श्री १००८ जगद्गुरु भीमाशङ्कर लिङ्ग शिवाचार्य महास्वामी पनि त्यस कार्यक्रममा उपस्थित हुनुहुन्थ्यो । उहाँका लागि पनि नौलो भयो मेरो भनाइ । त्यसैले साँझ मलाई उहाँले भेट गर्न बोलाउनुभयो र श्री डोलेश्वर महादेवका बारेमा विस्तृत जानकारी लिनुभयो । दोस्रो वर्ष नेपाल आउँदा डोलेश्वरको दर्शन गर्ने निर्णय लिनुभयो ।

२०६६ सालको श्रावण मास पूजाका लागि जगद्गुरु श्री भीमाशङ्कर लिङ्ग महास्वामीजी काठमाडौँ आउनुभयो । पशुपति क्षेत्रको वनकाली धर्मशालामा श्रावणी पूजा सुरु गर्नुभयो । पुजा सुरु गरेपछि त्यो क्षेत्र छोड्न नहुने कारणले गर्दा उहाँ श्रीको दर्शनका लागि डोलेश्वर जान सक्नुभएन । तर हरेक दिन मसँग श्रीको चर्चा चल्दै गयो । महास्वामीजी डोलेश्वर नपुगे पनि केदारनाथको शिरोभाग डोलेश्वर नै हो भन्ने निर्णयमा पुग्नुभयो । उहाँको श्रावणी पूजा भाद्रको ५ गते सकिने र भाद्रको ७ गते बेङलोर फर्कने जहाजको टिकट कन्फर्म भएको हुँदा उहाँसँग भाद्र ६ गते मात्र एक दिन समय रह्यो । भाद्र ६ गतेका दिन नै घोषणा गर्ने निर्णय भएअनुसार श्रावण २५ गते सगरमाथा टेलिभिजन र एभिन्युज टेलिभिजनमा जगदगुरुले बोल्ने कार्यक्रम तय गरी पशुपति ‸ वनकाली धर्मशालामा टेलिभिजन र अन्य पत्रकारलाई खबर गरियो ।  जगदगुरु श्री भीमाशङ्कर लिङ्ग महास्वामीलाई डोलेश्वर महादेवबाट ‸ केकस्तो प्रेरणा भयो, म भन्न सक्तिनँ । तर उहाँले वर्षौंदेखि देखेको, भोगेको र पूजासमेत गरेको जस्तो गरी मरै` सान्निध्यमा डोलेश्वर महादेवको वर्णन गर्नुभयो र भन्नुभयो – ‘केदारनाथजीको शिर पशुपतिनाथ नभई डोलेश्वर महादेव नै हो’ भनेर किटानसाथ भन्नुभयो । उहाँले अनेक कोणबाट पुष्टि हुने गरी प्रमाण दिनुभयो । पत्रकार र श्रोताहरूका लागि नौलो तथ्य पत्ता लागेको महसुस गरेँ । वर्षौंको मिहिनेत सफलीभूत हुने भएकोमा म आनन्दित भएँ । रेडियो, टेलिभिजन र पत्रिकाबाट प्रचार सुरु भयो । भारतीय पत्रिकाले पनि यो समाचार प्रकाशित गऱ्यो ।

श्रावणको २८ र २९ गते इमेज च्यानलबाट 'खबरभित्रको खबर' भन्ने कार्यक्रमले दुई दिन प्रसारण गरेपछि डोलेश्वर महादेव मन्दिरमा हजारौँको सङ्ख्यामा मान्छेहरू उपस्थित हुन थाले ।

यही मौकामा भक्तपुर नगरमा अनन्तप्रसाद धौभडेलको संयोजकत्वमा एउटा स्वागत समिति र स्थानीय मन्दिरमा मेरै संयोजनमा स्वागत समिति गठन गरेर मन्दिर परिसर सफासुग्घर गराई फूल आदिले सजाउने कार्य सुरु भयो । हामीसँग समय ज्यादै नै कम थियो, तापनि सबै क्षेत्रबाट सहयोग प्राप्त भयो । हामीले निर्धारित समय अर्थात् वि. सं. २०६६ साल भाद्र ६ गते तदनुसार ९ अगस्ट सन् २००९ का दिन बीसौँ हजार जनसमुदायको उपस्थितिमा 'डोलेश्वर महादेव उत्तराञ्चलस्थित केदारनाथको शिरोभाग हो' भनेर विधिवत शिलापत्र अनावरण गरी केदारनाथजीका पीठाधीश जगद्‌गुरु श्री भीमाशङ्कर लिङ्ग महास्वामीद्वारा

घोषणा गर्ने-गराउने काम भयो । शिलापत्रको व्यहोरा यस्तो छ – भारत उत्तराञ्चलका केदारपीठाधीश्वर जगद्‌गुरु श्री श्री श्री १००८ श्री भीमाशङ्कर लिङ्ग शिवाचार्य महास्वामीबाट डोलेश्वर, विमलेश्वर, सिपारे भनिने यस शैव मन्दिरलाई श्री केदारनाथजीको शिरोभागका रूपमा प्रमाणित एवं घोषणा गर्दै यस शिलापत्रलाई अनावरण गरियो ।

विषयोत्थापक : भरतमणि जङ्गम, अध्यक्ष : जङ्गम प्रतिष्ठान, रावलमठ, टौमढी, भक्तपुर ।

सम्वत् २०६६ साल भाद्र ६ गते शनिश्चरबार शुभम् ।

त्यसपछिका दिनहरूमा धेरै मान्छेहरू त्यस क्षत्रको उन्नति र प्रगतिमा जुटे । उत्सव मिडियाका खेम गुरुङ र ॐकारध्वनिका मुकन्द शर्माबाट टेलिभिजन कार्यक्रमका लागि सहयोग जुट्यो । बिस्तारै सबै क्षेत्रको सहयोग जुट्तै गयो । मन्दिर परिसरभित्र मुस्किलले १२ आना जमिन थियो । तर हाल १६ रोपनीको क्षेत्रफलमा मन्दिरको गुरुयोजनाअनुसार निर्माण कार्य भइरहेको छ । अझ कति हुने हो, त्यो भन्न सकिने अवस्था छैन । निचोडमा भन्नुपर्दा देवशक्तिलाई आफ्नै जीवनमा देखेँ, भोगेँ र बुझेँ ।

श्री डोलेश्वर महादेव मन्दिरको दक्षिणतर्फ रहेको वि. सं. १७६४ को शिलालेख भन्छ – त्यस बखत श्रीको ख्याति प्रशस्त थियो । तत्कालीन भक्तपुरका राजा भूपतीन्द्र मल्लले दैनिक भजन गर्ने र पूजन गर्ने गरिएको व्यहोरा शिलालेखमा उल्लेख भएको छ । करिब ३०० वर्ष छायामा पर्नुभएका श्री डोलेश्वर महादेव यतिखेर फेरि विश्वप्रसिद्धि प्राप्त गर्न थाल्नुभएको मैले

अनुभव गरेको छु । त्यहाँका साना वा ठूला आवश्यकता श्रीकै इच्छाअनुसार पूर्ण हुने गरेको छ ।

केदारनाथको शिर नै डोलेश्वर महादेव हुन् भन्ने घोषणापछि नाम चलेका हिन्दू धर्मका अनुयायीहरू धेरैले मलाई खुलेर विरोध गरे – केदारनाथजीको शिरोभाग पशुपतिनाथ हुनुपर्नेमा भरतजीले डोलेश्वर भनेर पशुपतिनाथको अपहेलना गर्नुभयो । डोलेश्वर महादेव कुनै हालतमा पनि केदारनाथको शिर हुनै सक्तैन भन्ने प्रचारले प्रमुखता पायो । मेरो विरोधमा आएका स्वरहरू टेलिभिजन कार्यक्रममा प्रसारण हुनेदेखि पत्रपत्रिकामा पनि प्रकाशित भए । भरत जङ्गमको त्यस क्षेत्रमा जग्गा छ, जग्गाको भाउ बढाएर बेच्न यसरी नचाहिने काम गरेका हुन् भन्नेजस्ता दुष्प्रचार गर्न पनि बाँकी राखेनन् । अझ पनि विरोध गर्नेहरूको विरोधी आवाज रोकिएको छैन । तर पशुपति क्षेत्रको अपहेलना भयो, अवमूल्यन भयो भन्ने भनाइको जवाफमा म भन्छु – डोलेश्वर महादेवको परिवर्तित नाउँ श्री पशुपतिनाथजीबाट मलाई प्राप्त भएको प्रसाद हो । किनभने मैले डोलेश्वर महादेव क्षेत्रलाई भन्दा धेरै गुणा बढी श्री पशुपतिनाथ क्षेत्रलाई सेवा पुऱ्याएको छु ।

## श्री सरस्वतीस्थान, वागेश्वरी

भक्तपुर जिल्लाको पूर्व-उत्तर कोणमा रत्नागिरी पर्वत छ, जसलाई वागेश्वरी भनिन्छ । वागेश्वरी भनेकी सरस्वती हुन् । वागेश्वरीको मध्य भागमा सरस्वतीस्थान छ, जसलाई भक्तपुर नगरका नेवारहरूले 'लासापा सस्वद्यो' भन्छन् । लासापा सस्वद्योलाई महामञ्जुश्री पनि भनिन्छ । त्यो सरस्वतीस्थानलाई हिन्दूहरूले सरस्वती र बौद्धमार्गीहरूले महामञ्जुश्रीका रूपमा सम्मान तथा पूजन गर्ने चलन चल्दै आएको छ । प्रत्येक वर्ष पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म एक महिना मेला लाग्छ । त्यसैबीच पर्ने श्रीपञ्चमीका दिन विशेष मेला लाग्ने गरेको छ ।

उपत्यकाको विशेषता हो हिन्दू र बौद्ध मिश्रित धार्मिक क्षेत्रको विकास गर्नु । धेरै धार्मिक क्षेत्रहरू दुवै सम्प्रदायले स्वीकार गरेर शताब्दीयौंदेखि नै चल्दै आएका छन् । अतिबौद्धमार्गी र अतिहिन्दूमार्गीहरू लिच्छविकालमा समन्वयात्मक रूपमा स्थापित भएका हुन् । त्यसैले नेपाल उपत्यकामा बौद्ध र हिन्दूदर्शनमा अतिवादको अन्त भएको हो । यसै क्रममा लासापा सस्वद्यो स्थापित भएको हो ।

ढुङ्गाको ओडार, जहाँबाट हावा सुसाउँदा ॐ को ब्रह्मध्वनि निस्कन्छ । त्यसैले हिन्दूहरूले यसलाई सरस्वती भने, अनि बौद्धमार्गीले ल्हासाबाट मञ्जुश्री आएको मार्ग । त्यसैले हिन्दू र बौद्ध दुवै सम्प्रदायका लागि पवित्र स्थल बन्यो । वि. सं. २००४ सालमा त्यस ओडारलाई मध्यविन्दुमा राखेर मन्दिर निर्माण भयो । मन्दिर निर्माण गर्दा बौद्धमार्गीले गरेका कारण त्यहाँको पूजाआजाको जिम्मा पनि शाक्य जातिले पाए । मन्दिरको नाम भने सरस्वतीस्थान रह्यो । यस मन्दिरको माथिल्लो भाग जो थलीजस्तो छ, त्यस भागलाई थाकल माथ भनिन्छ । यो क्षेत्रलाई
सरस्वतीस्थान, लासापा सस्वद्यो, थाकल माथ र वागेश्वरी भनी भनिन्छ ।

वि. सं. २०६० सालमा त्यस क्षेत्रको अध्ययनका क्रममा
सरस्वतीस्थान पुग्दा ओडारलाई छोपिने गरी मूर्ति राखिएको देखियो । वि. सं. २०१४ सालमा सरस्वतीको दर्शन गर्न जाँदा ओडारको दर्शन गरिएको थियो र त्यसै ओडारमा कान थापेर सुन्दा हावा सुसाएको आवाज गुन्जिएको थियो । तर मूर्ति राखिसकेपछि त्यो ओडारबाट आउने ध्वनि सुन्न सकिने अवस्थामा थिएन । सोधखोज गर्दा जानकारीमा आयो कि काठमाडौँ ढोकाटोल बस्ने मुक्ति मानन्धरका बाजेले सो मञ्जुश्रीको मूर्ति बनाई वि. सं. २०२४ सालमा स्थापित गरेका रहेछन् । स्थानीयवासीहरू भने त्यो मञ्जुश्रीको मूर्ति नै सरस्वतीको मूर्ति हो भन्ने भ्रममा रहेछन् । भ्रमलाई हटाउनुपर्ने र सरस्वतीस्थानमा सरस्वतीको मूर्ति पनि राख्नुपर्ने मैले प्रस्ताव राखेपछि विवाद उत्पन्न भयो । शाक्य र वज्राचार्यहरूको समूहले जिल्ला प्रशासन कार्यालय भक्तपुरमा लिखित उजुरी नै दिए – भरत जङ्गमले मञ्जुश्रीको मूर्ति फ्याँक्ने र मन्दिरसमेत भत्काउने भएकाले कावाही गरिपाऊँ । वा्स्तवमा मैले त्यो भनेको थिइनँ । मैले भनेको थिएँ – मन्दिरभित्रको मुख्य स्थान ओडार भएको हुँदा त्यसलाई २०२४ सालअघिकै रूपमा कायम राखौँ । मन्दिर दायाँ-बायाँ ससाना मन्दिर बनाई मञ्जुश्री र सरस्वतीको मूर्ति स्थापना गरौँ । यसो गर्दा दुवै सम्प्रदायको धर्मको रक्षा हुने र परम्परादेखि रहेको ओडार पनि कायम रहने थियो । तर विवादले यति ठूलो रूप लिन खोज्यो कि एक सम्प्रदायको मान्छेलाई अर्को सम्प्रदायको मान्छेबाट भौतिक हमला हुनेजस्तो अवस्था सृजना भयो । यस्तो अवस्था ६ वर्ष कायम रह्यो । मञ्जुश्रीको मूर्ति करिब १८” को थियो । मेरो मनमा आयो सरस्वतीको मूर्ति कमसेकम ५४” को बनाउने र त्यही स्थानमा स्थापित गर्ने । मनमनै यो सङ्कल्प गरियो । तर गर्ने कसरी र कहिले ?

एक दिन अचानक मध्यरातमा निद्रा छुट्यो । सरस्वतीस्थानको समस्याले मनमस्तिष्क बिथोलियो । बिहानै उठेँ । रातमा बनेको योजनाअनुसार बिहान ७ बजे भारत वाराणसीमा एक मित्रलाई फोन गरेर एक मूर्तिकारको सम्पर्क नम्बर लिएँ र फोन गरेँ । तयारी ५४ इन्चको सरस्वतीदेवीको कमल आसन बैठकी मूर्ति आवश्यक भयो । '१५-१६ वर्षकी युवतीको नाक, कान, हात, पाउको साइज भएको मूर्ति कहिलेसम्म बनाउन सकिन्छ ?' भन्ने मेरो प्रश्नको उत्तरमा मूर्तिकार भन्छन् – 'यो यति चाँडो सम्भव छैन । ५४ इन्चको मूर्ति तयार गर्न साठी-पैँसट्ठी इन्च लम्बाइ र त्यति नै चौडाइ भएको ढुङ्गाको आवश्यकता पर्छ । त्यो ढुङ्गा आठ क्विन्टलभन्दा कम हुँदैन । त्यसैले पहिले ढुङ्गा जुटाउँछु । त्यसपछि गर्न सक्ने कि नसक्ने, पछि खबर गर्छु ।' सुनेर होस नै गुम भयो । माता
सरस्वतीलाई प्रार्थना गरेँ – किन यो असम्भव नै छ र ? भोलिपल्ट बिहान फोन आयो बनारसबाट – 'भनेको जस्तो नभए पनि भनेकोभन्दा ८-९ इन्च सानो ढुङ्गा आफ्नै गोदामको कुनामा फेला पऱ्यो । यदि बीचमा नसा नभएको साबुत ढुङ्गा भयो भने तपाईंले भनेजस्तो मूर्ति बनाउन सकिन्छ । तीनदेखि चार महिना लाग्छ र खर्च यति हजार रुपियाँ लाग्छ ।' मैले माता सरस्वतीलाई धन्यवाद दिँदै मूर्तिकारलाई भनेँ – 'बस्, तिमी आजैदेखि काम सुरु गर । पैसाको फिक्री नगर ।' उनले भने – 'जति चाँडो तपाईं एडभान्स रकम पठाउनुहुन्छ, म त्यसै दिनदेखि कालिगढ लगाउँछु ।' उनको मागअनुसारको रकम त्यसै दिन पुग्ने गरी व्यवस्था गरेँ र मूर्तिकारलाई काम गर्न हात फुकाइदिएँ । करिब ४५ दिनपछि मूर्तिकारले सूचना गरे – 'मूर्ति बन्यो । लिन आउनुहोस् । तीन महिना लाग्छ भनेको, मूर्ति डेढ महिनामै बन्यो ।' म अचम्ममा परेँ । 'फोटो पठाउनुहोस' ‸ भन्ने मेरो भनाइको उत्तरमा मूर्तिकारले भने – 'हेर्नैपर्दैन, आउनुहोस् लिन । कालिगढ नै खुसी भएका छन ‸ आँखा खोलेपछि अनुपम मूर्तिको दर्शन पाएर । हामी सबै खुसी छौँ ।' मेरो आग्रहअनुसार उनले फोटो पठाए । साँच्चि नै मैले कल्पना गरेको भन्दा अति नै सुन्दर ।

भारत बनारस यात्राको कार्यक्रम बनाएर श्रीमती इन्दिरा जङ्गमलाई साथमा लिएर गएँ । माता सरस्वतीको मूर्ति कारखानामा भएका अन्य सयकडौँ मूर्तिमा आकर्षक थियो । मूर्तिकारले यो भनेर देखाउनुपर्ने आवश्यकता नै थिएन । हामी मूर्तिको नजिक गएर माता सरस्वतीको दर्शन गऱ्यौँ । साँच्चै नै सोचेको भन्दा राम्रो तथा आकर्षक देख्यौँ – मानव जीवन कदको ।

मूर्तिलाई काठमाडौँ ल्याउन एउटा टाटा मोबाइल गाडी बन्दोवस्त गरियो । साना अरू ९ मूर्तिसमेत गाडीमा सुरक्षित ढङ्गले बाँधेर पठाइयो । साथै आफू रेल, जहाज हुँदै काठमाडौँ आयौँ । बनारसबाट गाडीमा राखिएको मूर्ति वानेश्वर स्थित जङ्गम निवासमा पुग्यो । फेरि चिन्ता बढ्यो – कसरी र कहिले सरस्वतीस्थानमा मूर्ति स्थापना गर्ने ? गाउँमा राजनीतिक विवाद, धार्मिक मतको भिन्नता, अर्थको अभाव आदि अनेक समस्याले गर्दा मूर्ति गन्तव्यमा पुग्न सकेन । मेरो प्रयासले थकाइ मारेन । धेरै मिटिङ र जमघटपछि सरस्वतीस्थान विकास तथा संरक्षण समिति गठन भयो । त्यस समितिको नेतृत्वमा सप्ताह श्रीमद्भागवत महापुराण लगाइयो वि. सं. २०६८ सालमा । त्यो धार्मिक अनुष्ठानबाट करिब २८ लाख रुपियाँ आर्जन भयो । त्यसै कोषबाट पश्चिमतर्फ छुट्टै मन्दिर निर्माण भयो माता सरस्वतीका लागि ।

यो मूर्ति मेरो घरको बरन्डामा करिब २ वर्ष रह्यो । मूर्तिलाई हामीले माता सरस्वती जीवन्त रहेको महसुस गरेका हुँदा मूर्तिको छेउमा गई नमन गर्ने गरेका थियौँ । हामी र हाम्रो परिवारका सदस्यलाई व्यक्तिगत रूपमा कति लाभ भयो, म भन्न सक्तिनँ । मैले व्यक्तिगत अनुभव गरेको सत्यलाई भन्नु नै पर्छ । ती हुन् – १. कल्पना तिमिल्सिनाले बाह्र पास गरिन्, २. बुहारी निशा स्नातकोत्तर एमबीए उत्तीर्ण भइन्, ३. छोरा अनुप जङ्गमले एमफिल गऱ्यो, ४. म स्वयंले भ्रष्टविरोधी विज्ञान (एन्टिकरप्टोलोजी) लेखी विश्व प्राज्ञिक जगत्मा समाजशास्त्रको एक अङ्गका रूपमा स्थापित हुन सक्ने नयाँ विषयलाई परिचित गराउने मौका पाएँ ।

माता सरस्वतीको मन्दिरको गर्भगृहमा हामी हाम्रो परिवारका तर्फबाट कृतज्ञतास्वरूप अखण्डदीप प्रज्ज्वलित भएको छ । माता सरस्वतीका भक्तहरूको सहयोगबाट सुन्दर प्राङ्गण तयार भएको छ । दिन परदिन दर्शनार्थीको सङ्ख्या बढ्दो छ ।

संयोग हो वा माता सरस्वतीको इच्छा, म भन्न सक्तिनँ । रत्नागिरी पहाडमा पञ्चायत कालमा दुई गाउँ पञ्चायतको नाउँ थियो – १. सुडाल सरस्वती गाउँ पञ्चायत, २. वागेश्वरी गाउँ पञ्चायत । दुवैको अर्थ सरस्वती हो । तर ती दुवै क्षेत्रमा सरस्वतीका मूर्ति भने थिएनन् । सरस्वतीस्थान भनिए पनि मञ्जुश्रीको नाउँबाट गुठी रहेको र पूजा पनि बौद्धमार्गी शाक्य जातका बाँडा थिए । त्यस क्षेत्रको सामाजिक अवस्थालाई हेर्ने हो भने पनि सनातनी हिन्दूहरूको बसोबास भएको देखिन्छ । स्थायी रूपमा कुनै

बौद्धमार्गीको घरवास देखिँदैन, मात्र अस्थायी रूपमा बसोवास गर्ने पुजारीको बसोवास देखिन्छ। यसरी बौद्धमार्गीको बस्ती नभए पनि सरस्वतीस्थानलाई बौद्धमार्गीले कब्जा गरेको देखियो । यो किन र कसरी भयो ? सरस्वतीले किन स्थान पाइनन् ? महामञ्जुश्रीलाई बुद्धसत्व प्राप्तगरेको बुद्धका रूपमा पुजिन्छ। काठमाडौँ उपत्यकामा जमेको पानी मञ्जुश्रीले नै चोभारको डाँडो काटेर पानी सुकाई बस्ती बसाएका हुन् भन्ने नेवार समुदायमा कथन छ। यसै सन्दर्भमा सनातनी हिन्दूहरूको अर्को कथन छ । त्यो हो नेपाल उपत्यकाको पहिलो शासक गोपालवंशका थिए। श्रीकृष्णले सुदर्शन चक्रद्वारा चोभारको डाँडोलाई काटेर उपत्यकाको पानी निकास गरेपछि गोपालवंशीलाई ल्याई बस्ती बसाले। यी दुवै कथन हुन, मान्न वा् नमान्न सकिन्छ । वास्तवमा नेपाल उपत्यकाको बस्ती विकास हजारौँ वर्ष पहिलेदेखिको हो, जहाँ सृष्टिको सुरुमा नै आदिज्योतिर्लिङ्गका रूपमा भगवान् पशुपतिको उत्पत्ति भयो । पशु (प्राणी) का पति (मालिक) प्राणी मात्रका पालक, संरक्षक पशुपतिलाई द्वापरयुगका कृष्ण वा कलियुगका बुद्धसँग जोडन नै मिल्दैन। मञ्जुश्री एक बुद्धदर्शनका अनुयायी हुन्। विक्रमको पाँचौँ शताब्दीमा बुद्धधर्ममा आचार्य भएका मञ्जुश्रीको नाउँ मञ्जुघोष हो । मञ्जुश्रीले आचार्यत्व प्राप्त गरेपछि बुद्धधर्मको प्रचार भारतवर्षको उत्तरतर्फको जिम्मा पाए। त्यस्ता अरू चार आचार्यले पनि बुद्धधर्म र ज्ञानमा समर्पित भएपछि मञ्जुश्रीसमेत पञ्चबुद्धका रूपमा स्थापित भए । यसरी मञ्जुघोष मञ्जुश्री हुँदै महामञ्जुश्रीका रूपमा बुद्धधर्ममा देखिए । तर बुद्ध धर्मावलम्बीहरूका अलिखित तथा लिखित शास्त्रमा दसौँ हजार वर्ष पहिलेदेखि नै बुद्धधर्म यो विश्वमा थियो भनेर भन्ने गरिएको छ, जबकि द्वापरयुगको अन्त भएको दुई हजार वर्षपछि सिद्धार्थको जन्म भएको हो । यो बेग्लै अध्ययनको विषय हो ।

सरस्वतीस्थान जनजनको बोली भएको हुँदा यसको अतिक्रमणको समय लामो नरहेको अनुमान गर्न सकिन्छ। लिच्छविकालमा बुद्धविहार धेरै बने र बुद्धधर्मको प्रचार पनि नेपालमण्डलमा त्यही समयमा भएको हो भन्ने बुझ्न सकिन्छ।

भारतलगायत अन्य देशमा चलेका बुद्धसंस्कृति र धर्म नेपालमण्डलमा स्थापित हुँदा सनातनी हिन्दूको संस्कृतिसँग मिल्दो अलग्गै किसिमको स्थापित भयो । यो पनि अलग्गै अध्ययनको विषय हो । करिब १५०० वर्षसम्म वागेश्वरी, सरस्वतीस्थान र लासापा सस्वद्यो

भन्ने नाम बाँचेको हुँदा मूर्त रूममै माता सरस्वती स्थापित हुन खोजेको प्रसङ्गलाई म स्पष्ट पार्न चाहन्छु ।

मेरो कार्य यसरी विकास हुँदै गयो –

१. वि. सं. २०१४ सालमा म प्राथमिक तहको कक्षामा पढ्दै गर्दा स्कुलबाट सरस्वतीको दर्शन गराउन लग्नु,
२. वि. सं. २०६० साल अर्थात् ५६ वर्षपछि पहिलेको अवस्था नपाएपछि जिज्ञासा जाग्नु,
३. केही गर्न सकिन्छ कि भनी छलफल गर्न खोज्दा शत्रुभावले मप्रति आक्रमण गर्नु,
४. प्रतिक्रियास्वरूप सरस्वतीको मूर्ति तयार गर्न-गराउन प्रेरणा मिल्नु,
५. वर्षौंदेखि दबिएर बसेको ढुङ्गा मूर्तिकारले फेला पार्नु,
६. कुन बाधौ -व्यवधानविना सुरक्षित रूपमा थपक्क आएर मेरो घरको बरन्डामा बस्नु,
७. सबैको साथ जुटेर मन्दिर निर्माण हुनु अनि आफैँ खुरुखुरु आएर मन्दिरमा स्थापित भएर बस्नु र वागेश्वरी नामले सार्थकता पाउनु ।

म यकिनसाथ यही हो भन्न सक्ने अवस्थामा छैन । केवल भन्न सक्छु – यो माता सरस्वतीको इच्छाशक्तिको परिणाम हो ।

## श्री अनन्तलिङ्गेश्वर महादेव

भक्तपुर जिल्लाको दक्षिण भेगमा गुन्डू गाउँ छ । त्यस गाउँको दक्षिणतर्फ अन्तलिङ नामको डाँडो छ । पूर्व-उत्तर फर्केको त्यस डाँडोमा गुराँसलगायत विभिन्न वनफूलले भरिएको रमणीय वन छ । त्यसैको बीच भागमा अनन्तलिङ्गेश्वर महादेवको मन्दिर छ । पानीको मूलयुक्त कुवा र चिनेको ढुङ्गाले घेरिएको सानो जलकुण्ड छन् । मन्दिर परिसर सानो भए पनि शान्त एवं रमणीय छ । देवशक्तिले वातावरणलाई ढाकेको हुँदा एक्लै बस्ता पनि आनन्दको महसुस हुन्छ । यस्तो दिव्य आनन्द प्राप्त हुने भएकाले नै होला यस क्षेत्रलाई ऋषि आरण्य पनि भनिन्छ ।

यस क्षेत्रमा ऋषिहरू आई तपस्या गरी ध्यानको माध्यमले ज्ञान हासिल गर्दै सिद्धि प्राप्त गर्ने र ज्ञान एवं विज्ञानको पारखी बन्न सक्ने स्थान भएकाले नै यो क्षेत्र तपोभूमिका रूपमा प्रख्यात भयो । आज पनि त्यहाँ त्यागी पुरुषहरू

आई एकान्तवास गर्ने र सिद्धि प्राप्त गर्ने चलन चलि नै रहेको छ । त्यसैले पनि यो क्षेत्र ऋषि आश्रम र ऋषि अरण्यको नाउँले परिचित छ ।

परापूर्वकालमा ऋषिहरू आई तपस्या गर्दा जल आपूर्तिका लागि कुवा खन्ने काम भयो । यसै क्रममा एक लिङ्ग भेटियो । त्यो लिङ्गको फेद कुन गहिराइमा छ भन्ने जिज्ञासाका साथ खन्दै जाँदा तीस हात गहिरो खनिसक्ता पनि लिङ्गको फेद नभेटेपछि तिनै ऋषिहरूले यो लिङ्ग अनन्त रहेछ भनेर त्यस लिङ्गलाई नामकरण गरे । लिङ्गको अन्त पछयाउने् क्रममा जल उत्पन्न भयो, जसलाई गङ्गाका रूपमा स्वीकार गरियो । वर्तमानमा पनि मन्दिरको ठीक पश्चिमतर्फ अमृतमय जलकुण्ड छ, जो नेपालमण्डलका पवित्र जलका रूपमा ख्याति पाएको छ । लिच्छवि र मल्ल राजाहरूको समयमा यो कुण्डकै जल दैनिक रूपमा ती राजाले सेवन गर्दथे भन्ने भनाइ छ । भनिन्छ, विक्रमको अठाह्रौं शताब्दीको सुरुमा कान्तिपुरका राजा प्रताप मल्लले रानीपोखरी निर्माण गर्दा पोखरीमा जलको स्थायित्वका लागि सात ठाउँको पवित्र जल सङ्कलन गरी जलशक्ति प्राप्त गर्न यस कुण्डको जलसमेत राखी पूजन गरिएको थियो ।

मन्दिर परिसर प्रवेश गर्ने स्थानमा प्राचीन कलायुक्त पूर्व अभिमुख एक भैरवको मूर्ति छ । त्यसैको समीपमा दुई शिलापत्र छन् । ती दुईमध्ये एक शिलापत्रको अक्षर बुझ्न सकिने अवस्थामा छैन भने अर्को शिलालेख आधा बढी बुझ्न सकिने अवस्थाको छ । प्राचीन एवं मध्यकालीन नेपालको इतिहास तथा पुरातात्त्विक अन्वेषक धनवज्र वज्राचार्यद्वारा लिखित ‘लिच्छविकालीन अभिलेख’ मा यो शिलापत्रको पनि उल्लेख भएको छ । शिलापत्र लिच्छविराजा नरेन्द्रदेवको भनी भनिएको छ । शिलापत्रको सारांश यसप्रकार छ – यो लोकपाल स्वामीको क्षेत्र हो । यसका सञ्चालक कुलपति हुन् । वार्षिक रूपमा बाटो सफा र तयार गर्न, भोजन गराउन र वृषध्वज जात्रा सञ्चालन गर्न अनेक जग्गाहरू राखी गुठी स्थापित भएको छ । स्मरण रहोस् त्यस बखत गोवर्धनको उद्देश्यले नन्दी (गोरु) छनोट गर्न साँढे लडाउने कार्य हुने कुरा उल्लेख भएको छ । त्यस शिलामा ‘हंसगृह द्रङ्ग’ को नाउँ उल्लेख भएको छ । हंसगृह द्रङ्ग लिच्छविकालीन राजधानीको नाउँ हो, जहाँ विश्वप्रसिद्ध ‘कैलाशकुट भवन’ निर्माण भएको थियो ।

यसबाट प्रमाणित हुन्छ – अनन्तलिङ्गेश्वर क्षेत्रको ख्याति लिच्छविकालमा नै बढेको थियो । हिन्दू सनातन धर्मको मूल थलो थियो भन्ने पनि देखिन्छ । यद्यपि वर्तमानमा यो क्षेत्र उपेक्षित रूपमा रहेको छ । यो

क्षेत्रलाई कसरी विकास गर्न सकिन्छ भन्ने चिन्ता मभित्र स्थायी रूपमै रहेको थियो र आजसम्म पनि छ । वि. सं. २०५० सालमा उत्तरतर्फबाट उक्लने सिँढी पुनर्निर्माण गर्ने काम भयो । त्यस बखत स्थानीय युवाहरूको सहयोग र हातेमालोको परिणामस्वरूप करिब २५० खुड्किला भएको मन्दिर पुग्ने बाटो निर्माण भयो । वि. सं. २०६० सालमा श्री अनन्तलिङ्गेश्वर महादेव प्रीति गरी भक्तपुर कटुन्जे सृजनानगरमा धान्याञ्चल महायज्ञ आयोजना गरियो । व्यासाचार्य किशोर गौतमको अगुवाइमा भएको अनुष्ठान सम्पन्न त भयो, तर मन्दिरलाई ठोस सहयोग पुग्न सकेन ।

यसैबीच डोलेश्वर महादेवको तीव्र रूपले विकास हुँदै थियो । वि. सं. २०६८ सालमा श्री त्रिनेत्र आध्यात्मिक चिन्तन केन्द्र र श्री डोलेश्वर महादेव विकास तथा संरक्षण समितिको संयुक्त आयोजनामा शिवपुराणको आयोजना गरियो । त्यस अनुष्ठानका व्यासाचार्य त्रिनेत्र आध्यात्मिक चिन्तन केन्द्रका प्रमुख संरक्षक श्री दिवाकर भण्डारी हुनुहुन्थ्यो । त्यस अनुष्ठानमा 'नेपालमा वृन्दावन' निर्माण गर्ने स्थानको खोजी हुन थालेको जानकारी मैले पाएँ । अनुष्ठानको अन्तिम दिन त्रिनेत्र आध्यात्मिक चिन्तन केन्द्रलाई वृन्दावन निर्माण गर्ने अनन्तलिङ्गेश्वर क्षेत्रको ५ सय रोपनी वन क्षेत्र उपलब्ध गराउन सकिने जानकारी दिएँ । त्यसपछि अनन्तलिङ्गेश्वर क्षेत्र विकासका लागि 'त्रिनेत्र' को ध्यान आकर्षित भयो ।

त्रिनेत्र र डोलेश्वरका सम्बन्धित साथीहरूसमेत डोलेश्वरको प्रसादका रूपमा अनन्तलिङ्गेश्वरको वन प्राप्त भएको स्वीकार गर्दै यसतर्फ आकर्षित भयौँ । क्षेत्र विकासका लागि संस्था दर्ता गर्ने काम भयो । दैनिक पूजा ( रुद्राभिषेकसहित) को व्यवस्था गरियो । पूजामा कुनै कमी-कमजोरी नहोस् भनेर पुजारीहरूलाई थोरै भए पनि मासिक पारिश्रमिकको व्यवस्था गर्ने काम भयो । वि. सं. २०६९ साल श्रावणमा शिवपुराण लगाई केही आर्थिक सङ्कलन गर्ने काम भयो । त्यस अनुष्ठानबाट प्राप्त रकम रु. १२ लाख अक्षयकोषमा राखी आएको ब्याजबाट दैनिक खर्च चलाउन थालियो । वि. सं. २०७० सालमा श्री त्रिनेत्र आध्यात्मिक चिन्तन केन्द्र र अनन्तलिङ्गेश्वर संरक्षण तथा विकास समितिको संयुक्त आयोजनामा श्रीमद्भागवत महापुराण तथा धान्याञ्चल महायज्ञ पं. दिवाकर भण्डारीको नेतृत्वमा सम्पन्न भयो । त्यसबाट पनि आर्थिक लाभ भयो । मूल समितिका अध्यक्ष सालिकराम न्यौपाने र सचिवमा रामप्रसाद न्यौपाने हुनुहुन्थ्यो । उपाध्यक्ष देवीप्रसाद न्यौपानेलाई निर्माण तथा विकास कार्यको संयोजक बनाई अत्यावश्यक

निर्माणको कार्य सुरु भयो । इन्जिनियर कुमार उप्रेतीको पूर्ण सहयोगमा श्रीगणेश मन्दिर निर्माण भयो । श्रीको मन्दिरको गर्भगृहमा अखण्डदीप प्रज्ज्वलन पनि कुमार उप्रेतीबाट भइरहेको छ। वि. सं. २०७२ साल वैशाखमा गएको महाभूकम्पले मन्दिर क्षतविक्षत भएपछि पुरातत्त्व विभागको सहयोगमा दुईतले छानायुक्त मन्दिर निर्माण भयो ।

प्राचीन कालमा यस्तै दुईतले छानायुक्त मन्दिर थियो । वि. सं. १९९० सालको भूकम्पले मन्दिर भत्केको हुँदा त्यस मन्दिरलाई गुम्बज शैलीबाट बनाइएको थियो । बयासी वर्षपछि गएको अर्को भूकम्पले गर्दा मन्दिर पूर्ववत् अवस्थामा खडा भयो । प्राचीन कालदेखि जङ्गम जातिले पूजा गरिआएको यस मन्दिरमा हाल नवराज जङ्गम मूल पुजारीका रूपमा कार्यरत छन् । मन्दिर विकास तथा संरक्षण समितिले मलाई संरक्षक
स्वीकार गरेको हुँदा मेरो जिम्मेवारी बढेको छ ।

वृन्दावन निर्माणमा नेपाल सरकार वन विभागबाट केही अवरोध आएको हुँदा केही ढिलो र सुस्त भइरहेको छ । मन्दिरबाट र स्थानीय समुदायबाट ‘अनन्तलिङ्गवन’ लाई ‘वृन्दावन’ बनाई सर्वसम्मत स्वीकृति प्रदान भइसकेको छ। वास्तवमा त्यहाँ वृन्दावन निर्माण भएमा वनको सुरक्षा हुनुका साथै धार्मिक पर्यटकको आकर्षण बढाउन सकिने थियो । वन ऐनले मागेका केही कार्यहरूलाई अगाडि बढाउँदै वृन्दावन निर्माण गर्न सकिन्छ भन्नेमा म विश्वस्त छु ।

त्रिनेत्र आध्यात्मिक चिन्तन केन्द्रका अध्यक्षका हैसियतले श्री रेखा अर्यालले धेरै मिहिनेत गर्नुभएको छ । साथै मैले पनि त्रिनेत्रको विशेष सल्लाहकारका हैसियतले उहाँको काममा पूर्ण सहयोग पुऱ्याएको छु । त्रिनेत्रको अध्यक्षको कार्यकाल रेखाजीको नरहे पनि वृन्दावन निर्माणमा उहाँको सहयोगमा अपेक्षा गर्छु। मलाई विश्वास त्रिनेत्रले रेखा अर्यालजीलाई यो अधुरो कार्य सुम्पेर सम्पन्न गर्न-गराउन मद्दत गर्नेछ । अनन्तलिङ्गेश्वर क्षेत्रको विकासमा म संलग्न भए तापनि अरू धार्मिक क्षेत्रको तुलनामा अपेक्षाकृत विकास हुन सकेको छैन। पूर्वाधार तयार भइसकेको र सहयोगी हातहरू जुटिसकेको अवस्था भएको हुँदा बिस्तारै विकासको कार्य अगाडि बढनेछ् भन्नेमा म ढुक्क छु। म
हृदयदेखि नै श्री अनन्तलिङ्गेश्वर महादेवसँग प्रार्थना गर्छु कि आफ्नो क्षेत्रको विकासमा कृपादृष्टि पुगोस् ।

# दक्षिण गोदावरी, शिखरेश्वर महादेव

काठमाडौँ जिल्लाको फर्पिङस्थित साविक सतीदेवी गा.वि.स. हाल दक्षिणकाली नगरपालिका क्षेत्रमा दक्षिण गोदावरी छ, जहाँ बाह्र वर्षमा एक महिना स्नान गर्ने मेला लाग्छ । ललितपुर जिल्लामा रहेको गोदावरीमा र यहाँ एकैपटक मेला सुरु हुन्छ । ललितपुरको गोदावरी खुला
स्थान, सयौँ वर्षअगाडि बनेको कुण्ड, सत्तल र मेलाको समयमा पनि यथेष्ट पानी ल्याउने व्यवस्था र यातायातको सुविधा पुगेको हुँदा 'गोदावरी मेला' भन्नेबित्तिकै हाम्रो ध्यान ललितपुरको गोदावरीतर्फ खिचिन्छ । तर काठमाडौँ जिल्लामा पनि गोदावरी मेला परापूर्व कालदेखि नै लाग्ने गरेको रहेछ, जसलाई दक्षिण गोदावरी भनिदो रहेछ । त्यो पवित्र स्थानमा पुगेपछि त्यसका बारेमा धेरै जानकारी भयो ।

वि. सं. २०७२ साल भदौको मेला लाग्नुपूर्व नै उत्सव मिडियाका प्रमुख खेम गुरुङजीले मलाई दक्षिण गोदावरी जानुपर्छ भनेर अनुरोध गर्नुभयो । उहाँलाई स्थानीय गौतम केसीले खबर गर्नुभएको रहेछ । धार्मिक थलो भएको र मेरा लागि 'दक्षिण गोदावरी' नौलो नाम लागेको हुँदा यात्रा गर्ने सहमति भयो । निश्चित गरेको समयमा मसमेत इन्दिरा जङ्गम र उत्सव मिडियाका खेम गुरुङसमेत उहाँको टिम दक्षिण गोदावरीमा पुग्यौँ ।

एसियाकै पहिलो जलविद्युत योजनाको (वि. सं. १९६४ मा निर्माण भएको) जलाशयसम्म त राम्रै बाटो थियो, त्यसपछिको करिब ३०० मिटर पनि ठिकठिकैको बाटो रहेछ । करिब २०० मिटर भने भीरको बाटो स्वतन्त्रपूर्वक हिँड्न नसकिने, ठाडो भिरालो पार गरेर तल नदीमा पुग्नुपर्ने रहेछ । भाद्र महिना (वर्षात), भिजेको माटो, हामीलाई गन्तव्यसम्म पुग्न मुस्किल नै भयो । पुगिसकेपछि खोच नै भए पनि रमाइलो रहेछ । मैले अनुमान गरेँ – यो स्थान कान्तिपुरका राजा प्रताप मल्लले दक्षिणकाली मन्दिर स्थापना तथा विकास गर्दा गोदावरी स्नान गर्न तोकिएको स्थान हो । विक्रमीय सत्रको पहिलो दशकमै माता दक्षिणकालीको महिमा बढेको र त्यस भेगमा यथेष्ट पानीका मूलहरू भएका कारणले गोदावरी स्थानको व्यवस्था भएको अनुमान गर्न सकिन्छ । भारतवर्षमा रहेको मूल गोदावरी दक्षिण भारतमा छ भने ससाना गोदावरी स्नान गर्ने ठाउँ भारतमा दर्जनौँ स्थानमा छन् । जो मूल गोदावरी पुग्न सक्तैनन्, तिनीहरूले आफ्नो पायक पर्ने स्थानमा स्नान गर्ने चलन छ । त्यसैअनुसार कान्तिपुरका राजा प्रताप मल्लले फर्पिङको दक्षिणकालीनजिकै स्नान गर्ने व्यवस्था मिलाए भने पछि

राजा श्रीनिवास मल्लले पानी यथेष्ट पाइने स्थान फूलचोकीको उत्तर पाउमा स्नान गर्ने व्यवस्था मिलाए ।

ज्योतिषशास्त्रअनुसार सिंह राशीमा सूर्य र वृहस्पति पुगेको समयलाई 'सिंहस्थ योग' भनिन्छ । सनातनी हिन्दूहरूले सिंहस्थ योगको समयमा जलाशयमा गई महिनाभरि नै स्नान गर्नुपर्ने भनिएको छ । त्यसैअनुसार गोदावरी मेला चल्न थालेको हो । यो मेला बाह्र वर्षमा एकपटक आउँछ । अब विक्रमको २०८४ मा गोदावरी मेला लाग्छ । वि. सं. २०७२ को मेलामा हामी जम्मा भएका र मेलाका बारेमा मेरा व्यक्तिगत केही विचार सो कार्यक्रमको भोलिपल्ट नै उत्सव मिडियाले हिमालय टीभीद्वारा रिपोर्ट प्रसारण गऱ्यो । यसबारेमा ललितपुर गोदावरीमा खैलाबैला चलेछ । सोको जानकारी मलाई आयो । स्नानका लागि मलाई पनि ललितपुरको गोदावरी जानु थियो, ३-४ दिनपछि गएँ । एउटा धार्मिक अनुष्ठान चल्दै गरेको स्थानमा मलाई बोलाइयो । गएर व्यासासनको नजिकै बसेँ । त्यहाँ पण्डितजीले मलाई लक्षित गर्दै कसैको नाम नलिई धर्मविरोधीहरूले दक्षिण गोदावरी चलाउन खोजे, यो हजारौँ वर्षदेखि चलिआएको गोदावरी मेलाको हुर्मत लिन खोजे, दक्षिण गोदावरी भन्नेहरू पाखण्डी हुन् भन्नेसम्मको निन्दनीय वचन सुन्नुपऱ्यो । त्यहाँ मैले बोल्नु र गर्नुपर्ने केही थिएन । त्यसैले चुपचाप सुनेँ र सहेर बसेँ । केही बेरपछि त्यहाँबाट अर्का अनुष्ठानमा गएर काठमाडौँको गोदावरी र ललितपुरको गोदावरीको सुरुवात एकै समयमा भएको यथार्थताको जानकारी दिएँ । वास्तवमा यो अनुसन्धानको विषय हो । अरू विज्ञहरूले पनि वास्तविकताको पहिचान गरेर जनसमक्ष ल्याउन म हार्दिक अनुरोध पनि गर्छु ।

दक्षिण गोदावरीमा त्यस क्षेत्रको विकास गर्न त्यही समयमा एक तदर्थ समिति बन्यो । अध्यक्ष केशवप्रसाद पौडेल, उपाध्यक्ष रामप्रसाद पौडेल र सचिवमा बद्री कार्कीसमेत ९ सदस्यीय समिति बनेर त्यस क्षेत्रको विकासका लागि समर्पित हुनुभयो । केही दिनपछि मकहाँ रामप्रसादजी आएर 'त्यहाँ पहिले मूर्ति थियो । हाल केही पनि छैन । गौमाताको कुण्ड मात्र छ । त्यो पनि गौमाताको ढाडजस्तो देखिने शिला छ । कुनै मूर्ति स्थापना गर्न पाए हुन्थ्यो' भन्ने विचारको उत्तरमा मैले 'शिवलिङ्ग स्थापना गरौँ न त' भनेँ ।

मेरो घरमा रहेको शिवलिङ्गलाई सम्झेँ । नाम के राख्ने भन्ने पनि प्रश्न उठ्यो । एउटा कागजमा शिवलिङ्गको नाम लेखेँ दक्षिणकाली र शेषनारायणलाई सम्झेर । अनि रामप्रसादजीलाई दिँदै भनेँ – "तुरुन्त ब्यानर

बनाउनुहोस्, एउटा खट पनि तयार गर्नुहोस् । फर्पिङ पोखरीबाट बाजागाजासहित मेलास्थलमा लानुपर्छ। हामी भोलि बिहान ९ बजे आइपुग्छौँ शिवलिङ्ग लिएर ।" दक्षिण भारतबाट एकजना स्वामी डा. विश्वासानन्द आउनुभएको थियो । उहाँलाई पनि सम्मिलित गराउने मनसायले खबर गरेँ । एकजना मित्र गायत्री परिवारका अध्यक्ष श्री केशव मराठाजीलाई पनि साथमा जानका लागि भनेँ । उत्सव मिडियाका खेम गुरुङसमेतलाई लिएर निश्चित समयमा फर्पिङ जलाशयमा पुग्यौँ । म अचम्ममा परेँ देखेर – 'शिखरेश्वर महादेवको जय' लेखिएको ब्यानर बोकेका युवतीहरू नेपाली परम्परागत बाजाका साथ दुईजनाले काँधमा राख्न मिल्ने सानो खट लिएर करिब एक सयजना भक्त गाउँलेहरू बसिरहेका रहेछन् । म अचम्ममा पर्नुको अर्थ थियो 'शिखरेश्वर महादेव' को नाउँ ब्यानरमा देखेर । मैले रामप्रसादजीलाई सोध्ने कुरा पनि भएन, किनभने मैले ब्यानर लेख्न भनेर दिएको कागजका आधारमा नै ब्यानर तयार भएको हो भन्नेमा म ढुक्क थिएँ । तैपनि मैले मनमनै भनेँ – शिखरेश्वर महादेव भन्ने नाउँ त मैले लेखेजस्तो लाग्दैन, कसरी यस्तो लेखियो होला ?

त्यसको पाँच वर्षपछि एउटा पुस्तक पढदै जाँदा मैले फर्पिङको प्राचीन नाउँ शिखरपुर रहेछ भन्ने थाहा पाएँ । अनि पो मैले थाहा पाएँ – शिखरेश्वर महादेवले नै मेरो कलमद्वारा आफ्नो नामकरण गर्नुभएको रहेछ, म त निमित्त मात्रै बनेको रहेछु । जे होस्, शिखरेश्वरको लिङ्ग स्थापित हुन बाजागाजासहित दक्षिण गोदावरी स्थलमा पुग्ने काम भयो । श्रीको प्राङ्गणमा प्राणप्रतिष्ठापनका लागि यज्ञ आयोजना गरिएको थियो ।

सबै भक्तहरू, समितिका पदाधिकारी र हामी गएका व्यक्तिहरूको उपस्थितिमा लिङ्ग स्थापित गरेर विधिवत अनुष्ठान पूर्ण गरियो । त्यसपछिका दिनहरूमा त्यस क्षेत्रको विकास सुरु भयो । हाल श्री शिखरेश्वर महादेव, गौमाता र पवित्र गोदावरी नदीको दैनिक पूजा हुन्छ । भक्तजनको आवागमनका लागि सिँढी तयार भएको र साथै नदीवारि र नदीपारि प्राङ्गण विस्तार हुने काम जारी छ ।

दायाँ-बायाँ दुवैतिर भीर भएको, खोचमा रहेको यो दक्षिण गोदावरी तीर्थ २०७२ सालसम्म केही थिएन । बाह्र वर्षमा एकपटक मात्र मेला लाग्ने भएकाले मेला समयमा बाटो मर्मत गरी मेला लाग्ने व्यवस्था थियो । तर अहिले मेला लाग्नु चार वर्षपूर्व नै सुगम बाटो निर्माण, प्राङ्गण परिसरमा भक्तजन जम्मा भएर धार्मिक अनुष्ठान सञ्चालन गर्न सक्ने व्यवस्था, नदीको

तटबन्धन आदि निर्माणले दक्षिण गोदावरीको नयाँ परिचय कायम हुन आएको छ। त्यस क्षेत्रको विकास निर्माण र धार्मिक निर्णयको जिम्मा लिएको स्थानीय समितिले मलाई संरक्षकका रूपमा मनोनयन गरेको हुँदा त्यस क्षेत्रको विकासका लागि मेरो जिम्मेवारी बढेको छ।

## वागेश्वर महादेव

भक्तपुर जिल्लाको साविक वागेश्वरी गा. वि. स. हाल चाँगुनारायण नगरपालिका वडा नं. ४ मा वागेश्वर महादेवस्थान छ। त्यस वागेश्वर महादेवस्थानलाई करिब ५० वर्षयता वाल्मीकेश्वर महादेव भन्न थालियो। यो भ्रम हिमवतखण्ड पढ्ने कुनै ब्राह्मणले वाल्मीकेश्वर महादेव हुन्, वागेश्वर महादेव होइनन् भनेपछि त्यस क्षेत्रका बसोवासीले वाल्मीकेश्वर महादेव भन्न थाले। स्थानीय स्कुलको नाउँ पनि वाल्मीकेश्वर राखे। यसरी नाउँ नै परिवर्तनको अवस्था रहेको समयमा पहिलोपटक वि. सं. २०५७ मा म पुगेँ। मन्दिर परिसरमा मूल मन्दिर वागेश्वर महादेवको रहे पनि मूल लिङ्ग हराएको हुँदा अन्य लिङ्ग राखी पूजा गरेको देखेँ। त्यहाँ भएको मन्दिरमा अर्धनारीश्वरको मूर्ति मन्दिरबाट झिकी सत्तलको पहिलो तलामा राखिएको थियो। उमामहेश्वरको मूर्ति दुई टुक्रा भई मन्दिरमा त्यसै राखिएको थियो। साथै, गणेशको मूर्तिको छत भत्केर बसेको थियो। मूल मन्दिरको पश्चिमतर्फ ढुङ्गा कुँदेर चार पाटा मिलाइएको राम्रो ढुङ्गाले चिनेको सानो पोखरी र त्यस पोखरीको उत्तरतर्फ टुटफुट भएको धारा, त्यसको दुवैतर्फ ढुङ्गाका सिंहको जोडी राखिएको देखेँ। पोखरीको ठीक पश्चिमतर्फ भत्केको एकनाले पाटी, उत्तरतर्फ एकतले सत्तल देखेँ। मन्दिरको परिसर जोडिएको केही अग्लो भाग कैलाश भनिने दुई-तीन रोपनी सम्म मिलेको स्थानको दक्षिणतर्फ त्रिवेणीघाट रहेछ, जो त्यस भेगको मूल मसान हो।

मसान प्रयोग गर्ने गाउँलेलाई वागेश्वर महादेवले आकर्षण गर्न सकेको अवस्था देखिएन। मन्दिरको जग्गा मोहीद्वारा अतिक्रमित भएको, भूमिसुधार लागी मोहीको हक कायम भएको र गुठी ऐन संशोधन भई मोहीको नाउँको गुठी जग्गा रैतानी भएको हुँदा पूजाआजा प्रायः बन्द अवस्थामा रहेको समयमा म पुनः वि. सं. २०६० सालमा पुगेँ र त्यहाँका बारेमा एक लेख लेखेर २०६१ सालमा 'खोपृङ' नामक पत्रिकामा प्रकाशित गर्ने काम गरेँ। त्यसपछि दुई-तीनपटक गएर त्यहाँका भद्रभलादमीहरू प्रेमप्रसाद काफ्ले, रामकृष्णलगायत नेपाल परिवारलाई मन्दिरको विकासका बारेमा केही गर्नुपर्ने बारेमा कुराकानी गरेँ। श्रीको पूजा सञ्चालन होस् भनेर अनुरोध गरेँ। मैले

जोसक्ने सहयोग जुटाउँदै गएँ । स्थानीयवासी पनि अलि जागरुक भएपछि सप्ताह महायज्ञ लाग्यो ।
त्यसबाट उठेको रकमबाट घाटमा सत्तलको नवनिर्माण भयो भने मन्दिर क्षेत्रको पश्चिमतर्फको पाटीको जीर्णोद्धार भयो ।

वागेश्वर महादेव जान तीनतर्फबाट बाटो खुलेको छ । खरिपाटीको बाँसबारीबाट गुरुङ गाउँ हुँदै नेवार गाउँबाट उक्लेपछि पुगिन्छ । यो बाटो भक्तपुर कमलविनायकबाट करिब ५ कि.मि.को छ । सबैभन्दा छोटो बाटो यही हो । अर्को खरिपाटीबाट पानीमुहान हुँदै मन्दिर पुग्ने । तेस्रो सुडाल जीतपुरको सिरानीबाट जाने । यो बाटो नै लास ल्याउने मुख्य बाटो हो । हाल यी तीनैतर्फका बाटा मोटर चल्ने कच्ची बाटाहरू हुन् ।

घाट क्षेत्र अति नै राम्रो र सुविधायुक्त छ । किनभने त्यस भेगको मूल मसान भएको हुँदा वार्षिक रूपमा नै घाट क्षेत्र जीर्णोद्धार र केही न केही नवनिर्माण गर्ने गरिएको छ। साना-ठूला गरी तीन सत्तल छन् । एउटा सत्तल त करिब एक सयजना बसी भजन-कीर्तन गर्न सकिने किसिमको ठुलै छ । त्यस स्थानमा वाल्मीकि ऋषिले तपस्या गरेको स्थान भनेर वाल्मीकेश्वरको लिङ्ग स्थापित गरिएको साथै एकजना भक्त प्रेमप्रसाद काफ्लेजीले वाल्मीकि ऋषिको मूर्ति पनि स्थापित गरेका छन् । यसबाट मूल वागेश्वर लिङ्गलाई नै वाल्मीकेश्वर भन्ने भ्रम निवारण भएको छ ।

वागेश्वर महादेवको साविक लिङ्ग नभएको अवस्थालाई धेरै समय पर्खने अवस्था रहेन । स्थानीयहरूको सहमति नपाई मन्दिरमा रहेको लिङ्ग परिवर्तन गर्न पनि सकिएन । यसबारेमा धेरैपटक वागेश्वर पुगेँ, कुनै ठोस निर्णय हुन सकेन । मैले केही मूर्ति र लिङ्गहरू भारत काशीबाट ल्याएर बानेश्वर जङ्गम निवासमा राखेको थिएँ । अलि जोड नगरी भएन भन्ने विचारले एक दिन स्थानीय साथीहरूलाई बानेश्वर आफ्नै निवासमा आउन अनुरोध गरेँ । त्यसअनुसार प्रेमप्रसाद काफ्ले, रामकृष्ण नेपाल र भक्त नायभा तीनजना आउनुभयो । सयौँ वर्षपहिले हाम्रा पुर्खाले स्थापित गरेका मूर्तिहरू हाम्रा अगाडि नै केही हराएका र केही तहसनहस भएका हुँदा हामीले हेरेर वा निच मारेर बस्नु हुँदैन भनेर साथीहरूलाई जिम्मेवारीको बोध गराएँ । नेवार टोलको प्रतिनिधिका रूपमा भक्त नायभा आएका हुँदा निर्णय गर्न सजिलो भयो । मकहाँ ढुङ्गाका तीन थान ठूला र तीन थान साना गरी छ थान शिवलिङ्ग थिए । त्यसमध्ये एक थान ठूलो र एक थान सानो गरी दुई थान लिङ्ग छान्न लगाएँ । खुसी भएर शिवलिङ्ग दुई थान छाने । दुवै गर्दा

करिब एक सय केजीभन्दा बढी भएकाले तुरुन्त लाने स्थितिमा थिएन । अर्धनारीश्वरको मूर्ति पनि हराएको हुँदा सो मूर्ति भक्त नायभाका तर्फबाट बनाउन जिम्मा पनि दिने काम भयो । साथै मैले उमामहेश्वरको जिम्मा लिएँ । यसरी चार स्थानमा मूर्ति राख्ने निर्णय भयो । प्राणप्रतिष्ठाको कार्य शास्त्रअनुसार तीन दिन लगाएर गर्नुपर्ने विधि भएको हुँदा प्रा. डा. देवमणि भट्टराईलाई आवश्यक सामग्री र ब्राह्मणको जिम्मा दिने काम भयो । ज्योतिषशास्त्रअनुसार सुलग्न ठहर गरी वि. सं. २०७४ साल वैशाख महिनाको २३ देखि २५ गतेसम्म प्राणप्रतिष्ठा कार्य सम्पन्न गरी मूल मन्दिरमा ठूलो लिङ्ग, अर्धनारीश्वर र उमामहेश्वर साविककै मन्दिरमा र सानो लिङ्ग पोखरी (कुण्ड) का बीचमा जलेश्वरका नाउँमा स्थापित गरियो । शिलापत्रको व्यहोरा निम्नानुसार छ –

श्री श्री श्री वागेश्वर महादेव प्रीति गरी सं. २०७४ साल वैशाख २३, २४ र २५ गते श्रीको जप, पाठ, पूजा, हवन, लक्ष्यदीप प्रज्ज्वलन एवं रुद्राभिषेक गरी प्राणप्रतिष्ठा तथा क्षमापूजा भयो । यो पवित्र कार्यमा जङ्गम प्रतिष्ठानका अध्यक्ष वीरशैवभास्कर भरतमणि जङ्गमको नेतृत्वमा जङ्गम मठका महन्त ज्योति जङ्गम र अनुप जङ्गमको सहभागिता तथा स्थानीय भक्तजन प्रेमप्रसाद काफ्ले, वैकुण्ठ श्रेष्ठ, शङ्खनारायण नायजू, भक्त नायजू, टीका लामिछाने, रामकृष्ण नेपाल, रविचन्द्र नेपाल, मिठाराम पुडासैनी, केदार काफ्ले, ध्रुव फुँयाल आदि स्थानीयवासीको सक्रियतामा यो त्रिदिवसीय धार्मिक अनुष्ठान प्रा. डा. देवमणि भट्टराईद्वारा सम्पन्न भयो । सम्वत् २०७४ साल वैशाख २५ गते सोमबार शुभम् ।

त्यसपछिका दिनहरू श्रीको पूजा-अर्चना, नित्य-नैमित्य पूजा, वार्षिक मेला-जात्राको व्यवस्था गर्नका लागि धेरैपटक सरसल्लाह भयो । पूजाका लागि श्री कृष्ण सापकोटाले जिम्मा लिनुभएको छ । पूजा जुन रूपमा हुनुपर्ने हो, त्यस किसिमबाट हुन सकेको छैन । दैनिक रुद्राभिषेक गर्ने लक्ष्य राखिएको थियो, त्यो पनि पूरा हुन सकेको छैन । पूजाको व्यवस्था सुचारु रूपमा चल्न नसकेकोमा चिन्तित छु ।

हाल आएर केही जागरुक युवाहरूले मन्दिर र मन्दिरको परिसरमा केही विकासका कार्य गर्न थालेका छन् । यस कार्यमा सक्रिय रूपमा लाग्नेमा भुवन काफ्ले, हरिशरण लामिछाने, श्याम श्रेष्ठ, केदार काफ्ले, भरत काफ्ले, दीनानाथ श्रेष्ठ, बाबुकाजी नायजू र श्यामकाजी नायजू आदि युवाहरूको नाउँ उल्लेख्य छ । अब त्यस क्षेत्रको विकास हुन्छ भन्नेमा म ढुक्क छु ।

## बानेश्वर
## महादेव

काठमाडौँ जिल्ला साविक महादेवस्थान गाउँ पञ्चायत हाल काठमाडौँ महानगरपालिका वडा नं. १० मध्यबानेश्वरस्थित बानेश्वरमा रहेको महादेवस्थान प्राचीन मन्दिर हो । वाणेश्वर वा बानेश्वर भनिने यस मन्दिर परिसरको पूर्वतर्फ वाणगङ्गाको नाउँले ख्याति पाएको, पूर्व र पश्चिम अभिमुख भएका दुई धारा छन् । यसको परिसरमा रत्नराज्य माध्यमिक विद्यालयका तीन ठूला भवन छन् भने रत्न पुस्तकालयको एक र पुजारीको बासस्थान भएको हुँदा मन्दिर परिसर पूरा घर-भवनहरूले
घेरिएको छ । महादेवको मन्दिर दुईमध्ये प्राचीन बानेश्वर महादेवको एक र त्यसभन्दा सानो चित्रेश्वर महादेवको मन्दिर छ । दक्षिणतर्फ ललितादेवीको मन्दिर भने उत्तरतर्फ जलनारायणयुक्त पोखरी छ । विद्यालयका ठूला-ठूला भवनले घेरेको हुँदा महादेव मन्दिर भने सानो साथै होचो देखिन्छ ।

भक्तपुरबाट बानेश्वर बस्न थालेपछि वि. सं. २०१३-१४ सालदेखि मैले त्यस महादेवस्थानको दर्शन पाएको हुँ । मेरो बसोवास बानेश्वर भएपछि भीमसेनगोला क्षेत्रमा पर्ने भए पनि खेल्न र घुम्न महादेव परिसर बेलाबखत जाने गरिन्थ्यो । करिब चारैतर्फ सत्तल तथा पाटी (जिर्ण अवस्थाका) थिए । वाणगङ्गा क्षेत्र त पूरा जङ्गल नै थियो । त्यहीँबाट खहरे
सुरु हुन्थ्यो र त्यो खहरे (हालको वडा कार्यालय जाने बाटो) उजाड जङ्गल हुँदै धोबीखोला पुग्थ्यो । केटाकेटीहरू गुलेली खेल्ने, बालुवामा घिस्रने ठाउँ थियो । साँच्चै भनूँ भने त्यो खहरे पूरा छिचोल्न सकिने अवस्था थिएन, अर्थात् बाँझो जग्गा (महादेवको क्षेत्र) थियो ।

राजा महेन्द्रको समयमा हरेक गाउँ पञ्चायतलाई एउटा प्राथमिक स्कुल दिने क्रममा महादेवस्थान गाउँ पञ्चायतमा पनि स्कुल आयो (दुई शिक्षक र स्कुलको छाप) । तत्कालीन प्रधानपञ्च फत्तेबहादुर पाण्डेजीले पश्चिमतर्फको पाटीमा महादेवस्थान प्रा.वि. सञ्चालन गराउनुभयो । यसै गरी २०२० सालमा रत्न पुस्तकालयको स्थापना पनि त्यही परिसरमा भयो । यो महादेवस्थान क्षेत्रको पूर्व-इतिहास हो ।

वि. सं. २०७१ साल माघ महिनाको कुरा हो । महादेवस्थान सम्बन्धमा केही कुरा गर्न डा. श्रीराम बाँस्कोटाले घरमा सानो मिटिङ डाक्नुभएको छ, मुख्य तपाईंसँगै सल्लाह गर्नुपर्ने भएकाले आइदिनुहोला भनी राजेन्द्र मराठाजीले सूचना गर्नुभयो । निर्धारित समयमा पुगेँ । त्यहाँ श्रीरामजीको घरमा राजेन्द्रजी, शङ्कर पौडेल, ऋषभ खनाल र प्रकाश आचार्य उपस्थित भइसक्नुभएको रहेछ । मेरो नै प्रतीक्षामा रहेका हुँदा विलम्ब नगरी कुराकानी सुरु भयो । विद्यालयले मन्दिर पूर्ण नियन्त्रणमा राखेको र दर्शनार्थीलाई पनि परीक्षा चलेको भनी बाहिर गेटबाट नै प्रवेश निषेध गराउने काम बढ्दै गएको हुँदा हाम्रो आस्थामा आँच आयो भन्ने मूख्य विषय रहेछ । महादेव मन्दिरभित्र पस्न र देवताको दर्शन गर्न कठिन हुन थालेको हुँदा निराकरण खोजिएको रहेछ । उपस्थित सबैको विचार सुनेँ । श्रीरामजीले भन्नुभयो – “भरतजी ! तपाईंले पशुपतिलगायत धेरै मन्दिरको व्यवस्था तथा विकास गर्नुभएको छ । त्यसैले तपाईंको सहयोगको पूर्ण अपेक्षा राखेका छौँ ।” यति सुनेपछि ममाथि आएको जिम्मेवारीको बोध गर्दै उहाँहरूको साथमा रहने वचन दिएँ । देवस्थलभित्र जानै रोक लाग्नु भनेको व्यक्तिको आस्थामाथि नै कुठाराघात हो भन्ने बुझेँ । यसलाई सहजीकरण गर्न र देवालयमा खुला आवतजावत गराउन केही प्रविधि अपनाउनुपर्ने आवश्यक ठानेँ ।

त्यस वर्ष चैत्रमा राजेन्द्र मराठाको अध्यक्षतामा जिल्ला प्रशासन कार्यालयमा संस्था दर्ता हुने काम सम्पन्न भयो । बिस्तारै संस्थालाई सक्रिय गराउँदै लाने काम भयो । हिजोसम्म महादेवस्थानको जिम्मेवारी कसैले नलिएको अवस्था थियो । अब संस्थाले जिम्मेवारी बोध गर्दै कागजी प्रमाण सङ्कलन गर्ने काम गर्न थाल्यौँ ।

वि. सं. २०२१ सालको नापीका बखत प्रमाण धुलिएको हामीले महसुस गर्‍यौँ । नापीका बखत पुजारीकी श्रीमतीको नाउँमा मोहियानी लेखिन गएछ । २०४४ सालको नापीमा भने चित्रेश्वर महादेव स्थापना गर्ने जयमानसिंह बस्नेतका सन्तानले निजी गुठी भनी दावी गरी कित्ता नं. ९० र ९१ लाई आफ्नो नाउँमा लालपुर्जा बनाउन समर्थ भइसकेका रहेछन् । पश्चिमतर्फ स्कुल भएको कित्ता नै बस्नेतको लालपुर्जा बनेपछि त्यो दुई कित्तालाई रु. ५० लाख तिरी स्कुलको नाउँमा ल्याउने काम भएको रहेछ । बाँकी कित्ता नं. १९२ भने कसैको नाउँमा गइनसकेको अवस्था रहेछ ।

जब मन्दिर क्षेत्रमा स्थानीय व्यक्तिहरूको सक्रियता सुरु भयो, विद्यालय व्यवस्थापन पक्ष र प्राचार्य मन्दिरको विरोधमा जान थाले । मन्दिरको ठीक अगाडि मन्दिरको परिसर मिचेर भवन बनाउन थालेपछि भने विद्यालय र मन्दिरका बीच ठूलो विवाद सुरु भयो । राष्ट्रिय भूकम्प प्राधिकरणअन्तर्गत बन्न लागेको भवन भए पनि मन्दिरको दक्षिणतर्फको ललितादेवी मन्दिर अतिक्रमित हुन लागेको देखेपछि मन्दिर, पुस्तकालय र वडा कार्यालयसमेत विद्यालयको विरुद्धमा देखियो । अन्ततः निर्माण कार्य रोकिने भयो । यो विद्यालयसँगको द्वन्द्व अन्त हुने स्थिति देखिएन । मन्दिरकै जग्गामा वि. सं. २०१८ सालमा पसेको प्राथमिक विद्यालय यतिखेर उच्चमाध्यमिक विद्यालय चल्न थाल्यो । शिशु कक्षादेखि १२ कक्षासम्म करिब २००० विद्यार्थी पठनपाठन गर्दछन् । त्यसै कारणले पनि विद्यालयको पक्षमा सरकारसमेत उभिएको छ । नबोल्ने महादेवका पक्षमा बोल्ने कोही भएनन् । बोल्नेको पनि स्वर सानो भयो । एक सय रोपनीभन्दा बढी जमिन भएको बानेश्वर महादेव क्षेत्र खुम्चिएर ३ रोपनीमा आएको छ । त्यसमा पनि विद्यालयको उत्तरतर्फको भवनले आधा जमिन ढाक्न पुगेको छ । विद्यालयले श्रीको जमिनमा भवन बनाएर सटर भाडामा दिई वार्षिक रु. १८ लाख कमाउँछ भने मन्दिरलाई महिनाको ५ हजारका दरले जम्मा रु. ६० हजार दिँदै आएको रहेछ । यसरी ठाडै मन्दिर अतिक्रमण हुँदा मन्दिरका पक्षमा खुलेर बोल्ने मान्छे अति नै न्यून देखिए ।

श्रीको शक्तिवर्धन गर्ने एक मात्र उपायका रूपमा श्रीको पूजा- अर्चना विधिवत सञ्चालन गर्ने, प्रत्येक दिन पञ्चामृत स्नान गरी रुद्राभिषेक गर्ने, मासिक र वार्षिक पूजाका कार्यक्रमहरू उत्सवका रूपमा मनाउने निर्णय भयो । वि. सं. २०७५ साल असोज ७ गतेदेखि दैनिक रुद्राभिषेकसहितको पूजन सुरु भयो । त्यसै गरी प्रत्येक पहिलो सोमबार साँझ श्रीको आरती कार्यक्रम धुमधामका साथ गर्न थालियो । रुद्राभिषेक वा आरती वा अन्य पूजा गर्न चाहनेलाई न्यूनतम मूल्य तोकियो । त्यसबाट ब्राह्मण, पुजारी र अन्य सहयोगीलाई केही पारिश्रमिक दिन सक्ने अवस्था सृजना भयो । यसरी भक्तजनको सङख्या बढ्दै गयो भने विद्यालय कित्तामा उभिएर मन्दिरलाई पेल्नेको सङख्या् बिस्तारै घटतै गयो । वि. सं. २०२१ सालका नापीदेखिकै जग्गाको अधिकार कमजोर भएको हुँदा यसको सुदृढीकरणको आवश्यकता महसुस भयो । राजेन्द्र मराठाजीसँग रहेका कागजपत्रहरू प्राप्त गरिरहेकै समयमा अचानक एउटा फोन आयो मेरो अफिसमा । त्यो फोन थियो गुठी संस्थानका सहप्रशासक दीपकबहादुर पाण्डेको । 'के खोज्छस् कानो ? आँखो'

भनेझैँ आवश्यक व्यक्ति पाएँ । मेरो अफिसको नजिकै हुनुहुँदो रहेछ । एकपटक मेरो अफिसमा पस्न अनुरोध गरेँ । नभन्दै १० मिनेटभित्र उहाँ आइपुग्नुभयो । भएका सबै कागजपत्र देखाउने काम भयो । उहाँले ठोकेर भन्नुभयो – "यो कागज-प्रमाणले बानेश्वर महादेवस्थान परिसरभित्रको कित्ता नं २९०, २९१ र २९२ तीनै कित्ता बानेश्वर महादेवस्थानको गुठी जग्गा ठहर्न सक्छ, यो राजगुठी हो । कित्ता नं. २९० र २९१ विद्यालयको नाउँमा लालपुर्जा बने पनि बदर हुन सक्छ ढिलो र चाँडो । कित्ता नं. २९२ कमे जग्गा ३-११-० भने चाँडै नै गुठी कायम गर्न सकिन्छ । गुठी संस्थानमा आउनुहोस् ।" त्यस बखत मेरो अफिसमा राजेन्द्र मराठा, प्रकाश आचार्य, शङ्कर पौडेल र वैकुण्ठप्रसाद गौतम पनि हुनुहुन्थ्यो – जो माहादेवस्थान संरक्षण समितिका पदाधिकारी हुनुहुन्थ्यो ।

मन्दिरसँग सम्बन्धित साथीहरूलाई गुठी संस्थानमा पठाउने काम भयो । तत्कालै कित्ता नं. २९२ को ३-११-० जग्गा महादेवस्थान राजगुठी कायम भई लालपुर्जा बनाइदिन मालपोत कार्यालयमा पुग्यो । जग्गाविहीन बानेश्वर महादेवको नाउँमा लालपुर्जा बन्ने भएपछि मन्दिरतर्फका साथीहरू खुसी भए ।

विद्यालय स्थानान्तर गर्न सकिन्छ, तर मन्दिर सार्न मिल्दैन भन्ने नारालाई घनीभूत गर्ने कामले मन्दिरप्रति मान्छेको आस्था बढ्दै गया । विद्यालयको व्यवस्थापन र शिक्षकबीच मनमुटाव सुरु भयो । तत्कालीन प्राचार्यले एकलौटी रूपमा चलाएको विद्यालयको हानि-नोक्सानीको पर्दाफास भयो । हेर्दाहेर्दै व्यवस्थापन समिति परिवर्तन भयो । प्राचार्य बदलिए । बिस्तारै-बिस्तारै विद्यालय र मन्दिरका बीच राम्रो सम्बन्ध स्थापित हुन लाग्यो । महादेवस्थान?परिसरभित्र रहेको विद्यालय, पुस्तकालय र मन्दिर व्यवस्थापन समितिका व्यक्तिहरूमा सहयोगी भावना जागृत भयो । आधा शताब्दीदेखि चिसिएको व्यवहारमा न्यानोपन आउन लाग्यो । विद्यालयले त्यस क्षेत्रको आमदानी मन्दिर व्यवस्थापन समितिलाई कुनै पनि प्रतिशत दिएको छैन, तापनि हाल मन्दिरको आफ्नै आमदानीको रकम करिब २० लाख रुपियाँ अक्षयकोषमा बचत गरेको छ । विद्यालयले प्रयोग गरेको जमिनको आउने भाडामा ४० प्रतिशत मात्र दिए पनि वार्षिक दस लाख रुपियाँभन्दा बढी मन्दिरको कोषमा दाखिल हुन सक्छ । मन्दिर परिसरमा रहेको जलशयन नारायण (बुढानीलकण्ठ) को मर्मत-सम्भार गरी पानीलाई कुण्डमा स्थायित्व दिनुपर्नेछ । ललितादेवीको अग्रभागमा रहेको त्रिपुर (ललितपुर, कान्तिपुर र

भक्तपुर) राज्यको प्रतीकका रूपमा स्थापना भएको कुण्डको खोजी गरी स्थापित गर्नुछ । तत्कालीन ललितपुर राज्यका राजा श्रीनिवास मल्लले आफूलाई
'नेपालेश्वर' घोषित गरी ललितत्रिपुरासुन्दरीको स्थापना गरेका हुँदा सोको संरक्षण गर्न बाँकी छ । वाणगङ्गाको नाउँले विख्यात पूर्वतर्फका दुई धाराको पानीको मूल संरक्षण गरी धारालाई निरन्तर चल्न सक्ने अवस्था प्रदान गर्नुछ । मन्दिरको गर्भभागमा अखण्डदीप प्रज्ज्वलित त भयो, अब आवश्यकता छ – मन्दिर परिसरमा स्थायी रूपमा अखण्ड धुनी सञ्चालन गर्नुपर्ने । यी सबै कार्य हुन्छन् र हुन सक्छन् भन्नेमा हामी विश्वस्त छौं । बानेश्वर महादेवलाई मान्छेहरूले विभिन्न नाउँ दिन थाले । प्रायः लुप्त हुन थालेको महादेवलाई विभिन्न नाउँले चिन्नु स्वाभाविक पनि हो । बीस-तीस वर्षदेखि बानेश्वर क्षेत्रमा बसोवास गर्ने धेरै मान्छेलाई बानेश्वर भनेको महादेवको नाउँ त हो, तर कहाँ छ त्यो, धेरैलाई थाहा छैन । मैले नै धेरैलाई प्रश्न गर्दा बानेश्वर महादेवको मन्दिर कहाँ छ भन्ने थाहा नभएको पाएँ । रत्नराज्य स्कुल थाहा छ, तर बानेश्वर महादेवका बारेमा चाहिँ जानकारी छैन । जानकार मान्छेले पनि यसलाई वाणेश्वर, मातेश्वर, चित्रेश्वर, एकादश रुद्र र रत्नराज्यको महादेव भन्ने गरेका हुँदा बानेश्वर महादेवको नाउँप्रति नै सङ्कट परेको देखियो । साविकमा बानेश्वर महादेवस्थान गाउँ पञ्चायत र भीमसेनगोला गाउँ पञ्चायतको क्षेत्र हाल काठमाडौं महानगरपालिकाको वडा नं. १० र ३१ मा विभाजित यस क्षेत्रमा हाल करिब ३ लाख जनसङ्ख्याले ढाकेको छ । यस्तो विशाल क्षेत्रको क्षेत्रपालका रूपमा बसेका महादेवबारे यसै क्षेत्रमा बस्ने बसोवासीलाई थाहा-जानकारी नहुनु दुःखपूर्ण हो ।

यो बानेश्वर महादेवको एक नाउँ दिनुपर्ने आवश्यकता महसुस भई यसै बानेश्वर क्षेत्रमा जन्मनुभएका र यहीं बसोवास गरिराख्नुभएका विद्वान् डा. जनार्दनप्रसाद लामिछानेको संयोजकत्वमा समिति गठन भई 'बानेश्वर महादेव' ठहर गरी प्रचारप्रसार हुन थालेको छ ।

आधा शताब्दीभन्दा बढी बानेश्वरमा बसोवास गरे पनि स्थानीय देवता र यस क्षेत्रकै क्षेत्रपालका रूपमा रहेका महादेवका निम्ति जीवनको उत्तरार्धमा भए पनि श्रीको कृपादृष्टि पाई केही गर्ने मौका पाएकोमा मैले आफूलाई धन्य सम्झेको छु ।

# धनेश्वर महादेव

साविक पूर्व १ नं. काभ्रेपलान्चोक जिल्लाको हाल काभ्रे बनेपा क्षेत्रमा धनेश्वर महादेवको मन्दिर छ । यो महादेवलाई पूर्वको पशुपति भनिन्छ । यस मन्दिरमा दैनिक पूजा अविच्छिन्न रूपमा भइरहेको छ । हरेक महिनाको एकादशी, औँसी र पूर्णिमाका दिन विशेष पूजा हुन्छ भने श्रावण र माघ महिनामा यस क्षेत्रमा मेला नै लाग्छ । अझ बढी धान्यपूर्णिमा र पञ्चमीमा वार्षिक मेला लाग्छ । यी मेलाहरूमा सिन्धुपाल्चोक, रामेछाप, ओखलढुङ्गा, सिन्धुली र मकवानपुरदेखिका भक्तजनहरू आई दीप प्रज्ज्वलन गर्ने-गराउने गर्छन् । सुखसमृद्धि र सन्तानप्राप्तिका लागि यो धनेश्वर महादेवले ख्याति पाएको छ ।

शैवमतका ब्राह्मण, क्षत्री र नेवार जातिका अतिरिक्त तामाङ लामाजातिका पनि आराध्यदेव हुन् धनेश्वर महादेव । बनेपा, श्रीखण्डपुर, धुलिखेल र पनौतीमा बसोबास गर्ने नेवार जातिका पनि क्षेत्रपालका रूपमा रहेका छन् । अझ बढी श्रीखण्डपुर र बनेपाका भक्तहरूले मन्दिर र मन्दिर परिसर विकासका लागि धेरै नै सहयोग जुटाएको देखिन्छ । जङ्गम जातिले पूजा गर्ने यो शैवस्थानमा रहेको लिङ्ग स्वयम्भूलिङ्ग हो । लिङ्गको बीच भागमा जलकुण्ड (गङ्गानदीको मूल) भएकाले पनि यो ज्योतिर्लिङ्ग अन्य शैवलिङ्गभन्दा फरक भएकाले यसको महत्त्व बढेको हो ।

विक्रमको २०१२-१३ सालदेखि नै आवतजावत भए पनि यस क्षेत्रको विकाससँग मैले व्यक्तिगत रूपमा जुट्ने सौभाग्य पाएको थिइनँ । बेलाबेलामा दर्शनका लागि जाने काम त जारी नै थियो । सानातिना सल्लाह-सुझावबाहेक मैले केही दिन सकेको थिइनँ ।

वि. सं. २०६० सालको कुरा हो । एक दिन त्यहाँका युवाहरूको प्रतिनिधिका रूपमा सकुल थापा आउनुभयो । हाम्रा पुर्खाले त्यहाँ ढुङ्गेधारा बनाउनुभएको र त्यो धारामा धेरै वर्षदेखि पानी नआएको जानकारी पाएँ । उहाँहरूको भनाइ थियो – जीर्णोद्धार गरी पानी चलाइदिनुपर्‍यो । मलाई जानकारी थियो – हाम्रा पुर्खा श्री डम्बरलिङ्ग देवरूले जलधारा निर्माण गरी स्थापित गरेका थिए । त्यस धाराको सफाइ गरी रुद्रीपूजन गर्न प्रत्येक वर्षको विवाहपञ्चमीका दिन भक्तपुर जङ्गम मठबाट एउटा समूह गई पूजा-अर्चना

गर्ने र गाउँका सबैलाई बोलाई दहीच्युराको भोजनसमेत गराउने चलन थियो । बाल्यकालमा त्यस पूजा कार्यक्रममा म पनि धेरैपटक सम्मिलित भएको थिएँ ।

युवा साथीहरूको आग्रहअनुसार त्यहाँ गएर हेरेँ । वरपर छापिएका ढुङ्गा टुटेफुटेका, केही हराइसकेका, पानीविनाको जीर्ण धारा देखेर दुःखित भएँ । सक्तो सहयोग गर्ने वचन दिएँ र जीर्णोद्धारको थालनी गरेँ । स्थानीय युवाहरूलाई पनि सहयोग गर्न अनुरोध गरेँ । केही समयमा नै जीर्णोद्धार भयो र पानी चल्यो । धारा उद्घाटन डा. स्वामी प्रपन्नाचार्यज्यूका करकमलबाट सुसम्पन्न भयो । दिनभरि चलेको कार्यक्रममा स्थानीय व्यक्तिहरूको बाक्लो उपस्थिति थियो ।

शिलापत्रको व्यहोरा निम्नानुसार छ –

'बानेश्वरनिवासी श्री भरत जङ्गमसमेतको सहयोगमा धनेश्वर विकास युवा समितिको समन्वयमा जीर्णोद्धार, धनेश्वर कैलाश ढुङ्गेधारा तथा सफा चौतारा । २०६१ साल कृष्णजन्माष्टमी ।'

धनेश्वर महादेव क्षेत्रमा मेरो आवतजावत बढ्दै गयो । युवाहरूले गरेको कार्यक्रममा मेरो प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग जुट्तै गयो । महिला समूहले एक मन्दिर निर्माण गरी श्रीकृष्णको मूर्ति स्थापना गर्ने कार्यमा मेरो पनि सहभागिता कायम रह्यो । यसरी म बिस्तारै जुट्तै गएँ, साना-ठूला समस्यामा सहभागी हुँदै गएँ ।

श्रीकृष्णमन्दिरको शिलापत्र यसप्रकार छ –

'श्रीगणेशाय नमः । सच्चिदानन्दरूपाय विश्वोत्पत्यादि हेतवे । तापत्रयविनाशाय श्रीकृष्णाय वयं नुमः ॥ मानव जातिमा दीर्घकालसम्म धार्मिक चेतनाको जागरण भइरहोस् भन्ने उद्देश्यले श्रीमती तारा थापाको नेतृत्व रहेको उग्रेश्वर सामुदायिक महिला समूहको सक्रियता एवं धनेश्वरवासी महिलाहरू, धनेश्वर विकास युवा समिति, भरत जङ्गम बानेश्वर) र हरि मञ्जुश्री (बनेपा) को विशेष सहयोग, विभिन्न भक्तजनबाट भएको रु. १०००।- भन्दा कम रकमको सहयोग तथा रु. १०००।- भन्दा बढी रकमको सहयोग गर्ने निम्नलिखित भक्तजनको आर्थिक सहयोगमा यो श्रीकृष्णमन्दिरको निर्माण गरी वि. सं. २०६२ साल भाद्र १० गते शुक्रबार श्रीकृष्णजन्माष्टमीको पावन अवसरमा समुद्घाटन गरियो । ..... वि. सं. २०७६ सालको कार्तिक महिनाको सुरुमै त्यहाँका पुजारी प्रह्लाद जङ्गमले

फोनबाट सूचना गरे कि श्रीको लिङ्गको माथ भाग चोइटियो, अब के गर्ने ? त्यसै दिन र भोलिपल्ट पनि अरू दुई-तीनजनाले फोन गरेर समाधानको बाटो खोजे । कुरा धेरै अगाडि बढिसकेको रहेछ । जिल्ला प्रशासन कार्यालय र प्रहरीमा उजुरी परिसकेको रहेछ । स्थानीय गुठी कार्यालय पनि अन्योलमा परेको रहेछ । पुरातत्वको हिसाबले कारवाही चलाउने या सार्वजनिक सम्पत्ति मासेको सम्बन्धमा पुजारीलाई कारवाही चलाउने भन्नेमा सरकारी स्तरमा मतैक्यता नभएको अवस्थामा पुगेको बेला स्थानीय व्यक्तिहरू दुई पक्षमा विभाजित हुन पुगेका रहेछन् । एकतर्फका समूहको भनाइ भवितव्य हो भन्ने थियो भने अर्काथरिको भनाइ नियोजित हो भन्ने मत विभाजन भएपछि प्रहरी कार्यालयलगायत सम्बन्धित कार्यालय अन्योलमा परेको अवस्थामा संयुक्त भेला बोलाउने निर्णय भएछ । सबैको भनाइमा मेरो उपस्थितिको माग भएछ । टेलिफोनबाट नै सबै कुरा सुनेँ । म के गर्न सक्छु ? त्यो मलाई पनि यकिन थिएन ।

निर्धारित समयमा धनेश्वर महादेवको प्राङ्गणबाहिर पीपलको रूखमुनि खुला ठाउँमा करिब एक सय मान्छेहरू जम्मा भएका रहेछन् । जिल्ला प्रशासनका प्रतिनिधि, गुठी संस्थानका स्थानीय हाकिम, बनेपा प्रहरी वृत्तका प्रमुख, बनेपा नगरपालिका र पनौती नगरपालिकाका वडाअध्यक्षहरू, धनेश्वर महादेव विकास कोषका अध्यक्ष र महासचिव लगायतका पदाधिकारीहरू र पुजारी परिवारसमेत उपस्थित भएका थिए । माइकको प्रयोगले गर्दा सभा विशेष किसिमको देखिन्थ्यो । म र छोरा ज्योति जङ्गम सभामा उपस्थित हुँदा सभा सञ्चालित अवस्थामा नै थियो । मन्तव्य व्यक्त गर्ने क्रममा आरोप-प्रत्यारोप चलिरहेको हुँदा सभासँग स्वीकृति लिई श्रीको दर्शन गर्न मन्दिरमा गएँ । लिङ्गको माथि चोइटिएको भाग हेरेँ । चोइटिएको लिङ्गको टुक्रो एक पहेँलो वस्त्रले छोपेको थियो, त्यसको पनि दर्शन गरेँ । अन्योल मनस्थितिमै म सभामा उपस्थित भएँ ।  पुजारीको भनाइअनुसार श्रावणको महिनामा भीडबाट नरिवल फ्याँकिएको थियो, पछि हेर्दा लिङ्गको माथ भाग चोइटिएको देखेँ, तर डरले गर्दा कसैलाई नभनेको हो । असोजमा मात्र चोइटिएको खबर सार्वजनिक भएको हुँदा पुजारीको गल्ती हो भन्ने सबैको भनाइ रह्यो । सभामा पुजारीले थरथर काम्दै बयान दिए र भने – 'म जेसुकै दण्डसजाय भोग्न तयार छु ।'  उनको भनाइले सभाको आक्रोश केही मत्थर भयो । मेरो मस्तिष्कमा पनि केही उपाय निस्कियो । मेरो निर्णायक वक्तव्य हुने आभास पाएपछि समाधानको उपाय बताएँ । सबैले मुखामुख गरे । होइन र हुन्न भन्न पनि कसैले सकेनन् । पुरातत्व विभाग र गुठी संस्थानलाई मैले नै

जानकारी दिने निर्णय लिएँ । प्रहरी र स्थानीय प्रशासनका साथै नगरपालिकाका वडाअध्यक्षहरू त्यहीँ उपस्थित थिए । सबैको मत एकै भयो । धनेश्वर महादेवको पूरा कृपादृष्टि परेको मैले महसुस गरेँ ।

श्रीको क्षमापूजा गर्न प्रस्ताव गरेँ । विधिवत भव्य रूपमा गर्नुपर्ने भएकाले, एक लाखभन्दा बढी नै खर्च लाग्ने भएकाले दुवै नगरपालिकालाई सहयोग गर्न आग्रह भयो । दाताहरूबाट सहयोगको माग गर्ने, नपुग धनेश्वर महादेव क्षेत्र विकास कोषले व्यहोर्ने, चोइटिएको श्रीको सानो भागलाई चाँदीको लिङ्ग आकारको बट्टा बनाएर चाँदीकै सिक्रीले मालाजस्तो पहिऱ्याउन मिल्ने गरी जङ्गम प्रतिष्ठानले तयार गर्ने निर्णय गरेँ । सधैँ र सबै दिन श्रीको साथमा रहेपछि यसमा कुनै दोष नरहने कुरालाई पनि उपस्थित सबैमा निवेदन गरेँ । सबैको मन्जुरीमा श्रीको क्षमापूजाको तिथि निर्धारण भयो । त्यसै दिन बसेको बैठकले मलाई धनेश्वर महादेव क्षेत्र विकास कोषको संरक्षकका रूपमा ग्रहण गर्ने प्रस्ताव पारित गऱ्यो । मप्रति आराध्यदेव श्री धनेश्वर महादेवको कृपादृष्टि प्राप्त भएको मैले महसुस गरेँ ।

२०७६ साल कार्तिक महिनाको ३० गते सोमबार क्षमापूजाको आयोजना भयो । लघुरुद्री, लक्ष्यदीप प्रज्ज्वलन, हवन, जप र चण्डीपाठ लगायत आवश्यक धार्मिक कार्य गर्ने काम भयो । सो पवित्र अनुष्ठानमा भाग लिन श्री डोलेश्वर महादेव, श्री वागेश्वर महादेव, श्री सरस्वती स्थान वागेश्वरी, श्री अनन्तलिङ्गेश्वर महादेव, श्री भालेश्वर महादेव, श्री इन्द्रेश्वर महादेव, श्री कोटेश्वर महादेव र श्री बानेश्वर महादेवबाट पनि श्रीका लागि पूजा लिएर त्यहाँको समितिका पदाधिकारीहरू पनि उपस्थित भएका थिए । जिल्लाका राजनीतिक पार्टीका व्यक्तिहरू र नगरपालिकाका प्रमुखहरूको पनि बाक्लो उपस्थिति थियो ।

यसरी श्रीको लिङ्ग टुक्रिनु र श्रीको विकासकार्यमा म जुट्न पुग्नु, यो संयोग हो वा श्रीको कृपा ? मैले निर्णय लिन सकेको छैन । अब मेरो जीवनपर्यन्त श्रीको विकासका लागि समर्पित हुनेछु भन्ने प्रण गरेको छु ।

## उग्रेश्वर महादेव

काभ्रेपलान्चोक जिल्ला मण्डन देउपुर नगरपालिका वडा नं. ११ जैसीथोकको फेदीमा केही वर्षअगाडि उग्रेश्वर महादेवको स्थापना भएको हो । स्थानीयवासी चिरञ्जीवी नाउँले चिनिने ध्रुवप्रसाद दाहालको अगुवाइमा सो

महादेव मन्दिर वि. सं. २०७० सालको शिवरात्रिका दिन स्थापना भएको र स्थापनाकालदेखि नै आजसम्म उनले नै पूजा गर्दै आएका छन् । वि. सं. २०७५ साल मङ्सिरतिर त्यस भेगमा पुगेको थिएँ । मन्दिरको खुला प्राङ्गण भए पनि मन्दिरको बनोट, पूर्व र पश्चिमतर्फ काठका कलात्मक ढोका जडिएको देखेँ । मन्दिर परिक्रमाका क्रममा नन्दीलाई ईशान कोणमा पूर्व फर्काई राखेको देखेँ, जो स्थानीय भक्तको अनभिज्ञता थियो । मन्दिरका पुजारीलाई मन्दिर खोल्न लगाई चतुर्मुख लिङ्गको दर्शन गरेँ । केही वर्षअघि वि. सं.२०६८ सालमा स्थानीय भक्तजनले भागवत लगाई उठेको रकमबाट मन्दिर निर्माण गरेको पनि जानकारी पाएँ । नामकरण कसरी भयो भन्ने मेरो जिज्ञासाको उत्तरमा चिरञ्जीवीले भने – यही स्थानमा श्री महादेवको उपासना गरेँ, एक महिना उपवास बसेँ । त्यसै बखत उग्रेश्वरको नाउँको आभास भयो । त्यसैको परिणामस्वरूप उग्रेश्वर महादेवको नामकरण भएको हो भन्ने सरलसँगले विस्तार गरे ।

वि. सं. २०७५ साल माघ महिनामा वडाअध्यक्ष माधव न्यौपानेको सक्रियतामा नन्दी (बसाहा) लाई मन्दिरको पश्चिमतर्फ नन्दीको मुख पूर्वतर्फ फर्काई स्थापना गर्ने काम भयो । त्यसै दिन रुद्राभिषेक, हवन, जपका साथै क्षमापूजा गर्ने कार्य सम्पन्न भयो । गाउँभरिका महिला (५०- ६० जना) को सहभागिता थियो । धार्मिक अनुष्ठानमा पुरुषभन्दा महिलाहरू नै जुट्ने गरेको देखेको छु, त्यहाँ पनि त्यही देखेँ ।

नदीको त्रिवेणीमा अवस्थित मन्दिर अति सुन्दर छ । भित्रको लिङ्ग पनि पशुपतिको सानो रूपको चतुर्मुखयुक्त पञ्चमुखी लिङ्ग स्थापित भएको छ । मन्दिरको स्थापनापछि जुन किसिमबाट पूजा सञ्चालन हुनुपर्ने हो, त्यस किसिमबाट भएको छैन । भक्तजनलाई आकर्षण गर्ने कार्य भगवान्‌कै हो । समय आएपछि त्यो पनि हुन सक्छ भन्ने विश्वास छ । मन्दिरको बाहिर प्राङ्गण बनिसकेको छैन । बसाहा नै ठीक ठाउँमा
स्थापित नगरिएको अवस्था भएकाले मन्दिर प्राङ्गणमा आवश्यक त्रिशूल र घण्ट पनि थिएनन् । त्रिशूल र घण्ट चढाउने सङ्कल्प गरेपछि वि. सं. २०७६ सालको शिवरात्रिका दिन २७ फुट अग्लो त्रिशूल बनाई मन्दिरको उत्तरतर्फ त्रिशूल साथै पूर्वतर्फ घण्ट स्थापित गर्ने काम भयो । २७ फुटको अर्थ २७ नक्षत्रको प्रतीक हो भने त्रिशूल र घण्ट मन्दिरका गहना हुन् । सो स्थापना भएको दिन शिलापत्र पनि अनावरण भयो ।

शिलापत्रको व्यहोरा यसप्रकार छ –

ॐ नमः शिवाय । श्री श्री श्री उग्रेश्वर महादेव परिसरमा घण्ट तथा त्रिशूल स्थापना गरियो । शिवभक्त भरतमणि जङ्गम तथा श्रीमती इन्दिरा जङ्गम, छोरा-बुहारी अनुप तथा निशा जङ्गम, नातिहरू आरभ तथा निवेन जङ्गम । सम्वत् २०७६ साल फागुन १ शिवरात्रि शुक्रबार ।

## नीलकण्ठेश्वर परिसरमा शारदाको मूर्ति स्थापना

काभ्रे जिल्लाको बनेपा र धुलिखेलको बीच भागमा रहेको बनेपा नगरपालिका वडा नं. ६ को अक्षरधामसँगै नीलकण्ठेश्वर महादेवको मन्दिर छ । मूल बाटोबाट करिब १०० फुट उचाइको रहेको यस मन्दिरको क्षेत्र करिब ७ रोपनीमा फैलिएको छ । यथेष्ट पानीको मुहान भएको यो धार्मिक क्षेत्रमा मूल देवताका रूपमा नीलकण्ठेश्वर नामको शिवालय छ । श्रीगणेश, हनुमान र देवीका मूर्तिहरू पनि स्थापित छन् । दक्षिणतर्फ यसै महादेवस्थानको स्वामित्वमा रहेको एकतले भवन छ । त्यस भवनमा शब्दयात्रा प्रकाशनको कार्यालय छ । त्यसको ठीक दक्षिणतर्फ दाता कृष्णमणि कुइँकेलले दिएको शब्दयात्रा प्रकाशनको नाउँमा दर्ता भएको पाँच आना जमिन छ । त्यसमा षडानन्द अधिकारी, देवीप्रसाद सापकोटा, नरबहादुर भारती, कृष्णलाल अधिकारी र मेलवादेवी गुरुङका अर्धकदका सालिकहरू स्थापित भएका छन् । शब्दयात्रा प्रकाशनले 'पहिलो' व्यक्तिको मूर्ति स्थापना गर्ने अभियान सञ्चालन गरेको छ । त्यसभन्दा दक्षिण सभा भवन बनाउने तयारी गरिएको छ । प्रायः शब्दयात्रा प्रकाशनका अनुष्ठानहरू त्यही क्षेत्रमा हुने गरेका छन् । किनभने त्यहाँ शब्दयात्रा प्रकाशनको आफ्नै जमिन छ । शब्दयात्रा प्रकाशनका संस्थापक अध्यक्ष हरि मञ्जुश्रीले एक दिन भन्नुभयो – "त्यस क्षेत्रमा पुस्तकालय र माता शारदाको मूर्ति स्थापना गर्ने इच्छा छ । हजुरले सहयोग गर्नुपर्‍यो ।" मैले तुरुन्तै सहमति जनाएँ । वास्तवमा शब्दयात्रा प्रकाशनको क्षेत्र अक्षरधाममा यी दुवै जरुरी थिए ।

मन्दिरहरूलाई सहयोग गर्ने हेतुले मैले केही मूर्तिहरू मेरो निजी घर बानेश्वरमा राखेको छु । मसँग एक ठूलो र एक सानो शारदादेवीका मूर्ति थिए । ठूलो मूर्तिलाई काभ्रेकै शारदाबतासे डाँडामा रहेको देवीस्थानमा चढाउने निर्णय गरिसकेको हुँदा सानो करिब २४ इन्च अग्लो मूर्ति हरि मञ्जुश्रीलाई देखाएँ । त्यो सानो मूर्ति नै स्वीकार्य भएपछि पुस्तकालयका लागि मेरी दिदी सावित्री जङ्गम थापासँग कुरा गरेँ । उहाँले आफूसँग भएका पुस्तक र काठको र्‍याक दिने निर्णय गर्नुभयो । नपुग दुई थान र्‍याक पनि

बनाइदिन मन्जुरी जनाउनुभयो । वि. सं. २०७५ साल माघ महिनाको २७ गते आइतबारका दिन शब्दयात्रा प्रकाशनले भव्य कार्यक्रम आयोजना गरी शारदाको मूर्तिको स्थापना र पुस्तकालयको उद्‌घाटन गर्न सफल भयो । त्यस दिन धेरै साहित्यिक विद्वान्‌हरूको उपस्थितिका बीच यस क्षेत्रलाई साहित्यिक वाटिकाका रूपमा विकास गर्नुपर्ने प्रस्ताव राख्ने कार्य पनि सम्पन्न भयो । सरस्वतीको मूर्ति अनावरणको शिलापत्र : शब्दयात्रा प्रकाशनद्वारा निर्मित शब्दयात्रा शारदा मन्दिरमा माता सरस्वतीको मूर्तिको विधिवत प्राणप्रतिष्ठा गरी वीरशैवभास्कर श्री भरतमणि जङ्गम शिवाचार्यबाट २०७५ साल माघ २७ गते आइतबार श्रीपञ्चमीका दिन अनावरण गरियो ।

पुस्तकालयको उद्‌घाटनको शिलापत्र :

शब्दयात्रा प्रकाशनद्वारा शब्दयात्रा प्रकाशन पुस्तकालयको वरिष्ठ समाजसेवी तथा साहित्यकार श्रीमती सावित्री जङ्गम थापाबाट २०७५ साल माघ २७ गते आइतबार श्रीपञ्चमीका दिन समुद्‌घाटन भयो ।

सन्दर्भसूची :


१. जङ्गम, भरतमणि, खोपृङ, २०५५, भक्तपुर विकास सहयोग सङ्घ

२. शर्मा, रमापति, ऐ. ऐ.

३. भण्डारी, कैलाश, युगपुरुष गोविन्दहरि जङ्गम, पेज नं. ३६, ३७, ६६, ६७, १६६, १६७, १६९ (वि. सं. २०६१), जङ्गम प्रतिष्ठान

४. शर्मा, विनोदराज, कालजयी व्यक्तित्व भरत जङ्गम (वि. सं. २०६३), जङ्गम प्रतिष्ठान

५. मूर्ति, डा. चिदानन्द, ऐ. ऐ.

६. जङ्गम, ज्योति, मठाधीश, जङ्गम मठ, भक्तपुर (लिखित-अलिखित दस्तावेज)

७. नेपालमण्डलभित्र रहेका र चलेका मूर्त र अमूर्त सम्पदाहरु

८. श्रेष्ठ, पुरुषोत्तमलोचन, भ्वाइस अफ हिस्टोरी, २०५७, इतिहास विभाग, त्रिभुवन विश्वविद्यालय

९. अग्निचक्र मासिक, वर्ष ११ अङ्क १० पूर्णाङ्क ११०, असार २०७७


●